वार्षिकोत्सव विशेषाङ्क

२०८३



विविध लेख, रचनाको सँगालो

नेपालको पहिलो बैंक
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय: धर्मपथ, काठमाडौं
कल सेन्टर: ०१-५९७१२२२
टोल फ्री नं.: १६६००१३७३७३
नेपालको पहिलो बैंक
www.nepalbank.com.np

आउनुहोस् तपाईं हामी जस्ता सृजनशीलहरुको सोचमा उर्जा भरिरहेको छ, नेपाल बैंक लिमिटेड

सरल प्रक्रिया तथा सुलभ ब्याजदरको साथमा विभिन्न आकर्षक कर्जा सुविधाहरु

आकर्षक ब्याजदरको साथमा विभिन्न बचत तथा मुद्दती खाताको सुविधाहरु



अत्याधुनिक कार्ड तथा डिजिटल बैंकिङको सम्पूर्ण सुविधाहरु

देशभर शाखा सञ्जाल रहेको नेपालको पहिलो तथा उत्कृष्ट बैंक

कल सेन्टर
०१-५९७१२२२ (२४/७)

वि.सं. १५५४ देखि...
अनवरत बैंकिङ सेवामा

समयसँगै अघि बढ्दै...
नेपालको पहिलो बैंक

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय: धर्मपथ, काठमाडौं
कल सेन्टर: ०१-५९७१२२२
टोल फ्री नं.: १६६००१३७३७३

नेपालको पहिलो बैंक
www.nepalbank.com.np

वार्षिकोत्सव विशेषाङ्क
२०८३



विविध लेख, रचनाको सँगालो

नेपालको पहिलो बैंक
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
प्रधान कार्यालय: धर्मपथ, काठमाडौं
कल सेन्टर: ०१-५९७१२२२
टोल फ्री नं.: १६६००१३७३७३
नेपालको पहिलो बैंक
www.nepalbank.com.np

प्रकाशक : नेपाल बैंक लिमिटेड
प्रधान कार्यालय,
धर्मपथ, काठमाडौँ
फोन नं. : ०१-५९७१२२२
टोल फ्रि नं.: १६६००१३७३७३
इमेल : info@nepalbank.com.np
वेभ : www.nepalbank.com.np

प्रमुख सल्लाहकार : तिलकराज पाण्डेय
प्रमुख कार्यकारी अधिकृत

सल्लाहकार : होमबहादुर खड्का
नायव प्रमुख कार्यकारी अधिकृत

सम्पादन समूह :
संयोजक : दीपेन्द्रराज काफ्ले, सहायक प्रमुख कार्यकारी अधिकृत
सदस्य : सचिता पराजुली, मुख्य प्रबन्धक
सुशिलकुमार नेपाल, मुख्य प्रबन्धक
निर्मल कृष्ण पाण्डे, मुख्य प्रबन्धक
विश्वराज भण्डारी, वरिष्ठ प्रबन्धक
कृष्णहरी गौतम, उप-प्रबन्धक
अरुण बटाला, उपप्रबन्धक
सदस्य सचिव : निर्मल सुवेदी, वरिष्ठ प्रबन्धक

प्रुफरिडिङ : डा. लेखराज खतिवडा
डोरप्रसाद भण्डारी

©सर्वाधिकार : नेपाल बैंक लिमिटेड

सज्जा : राम कुमार कार्की (मो. ९८४१७६०६६६)

मुद्रण : क्लासी प्रिन्टिङ प्रेस
राधे राधे, भक्तपुर



प्रधानमन्त्री

काठमाडौँ, नेपाल

शुभकामना

नेपाल बैंक लिमिटेडको ९०औं वार्षिकोत्सवको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु । व्यावसायिक र प्रभावकारी कार्यसम्पादनको गौरवशाली इतिहास बोकेको यो संस्थाले नेपालको आर्थिक विकासमा पुऱ्याएको योगदान अतुलनीय छ । देशको पहिलो वाणिज्य बैंकको रुपमा स्थापित यस संस्थाले नेपालीहरुलाई आधुनिक बैंकिङ्ग सेवासंग जोड्दै राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

नेपाल बैंक लिमिटेडले आधुनिक बैंकिङ प्रणालीको विकास, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि, वित्तीय सेवामा सर्वसाधारणको सहज पहुँच सुनिश्चित तथा वातावरणमैत्री आर्थिक गतिविधिलाई प्रोत्साहन गर्दै मुलुकको समग्र आर्थिक रूपान्तरण र समृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा गरेको छु।

दिगो आर्थिक विकास र समृद्धिको आकांक्षा पुरा गर्न वित्तीय क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ । वित्तीय समावेशीकरणलाई थप सुदृढ गर्दै डिजिटल बैंकिङ सेवाको विस्तार एवम नवीन वित्तीय सेवाहरूको विकासमार्फत नेपाल बैंक लिमिटेडले मुलुकको आर्थिक विकास, समृद्धि र नागरिकको जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु ।

अन्त्यमा, नेपाल बैंक लिमिटेडको उत्तरोत्तर प्रगति र सफलताको कामना गर्दै यस संस्थाको ९०औं वार्षिकोत्सवको अवसरमा सम्पूर्ण ग्राहक, शुभेच्छुक लगायत सरोकारवालाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कार्तिक, २०८३

बालेन्द्र शाह

नेपाल सरकार
अर्थ मन्त्रालय

डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री



सिंहदरबार, काठमाडौं
नेपाल

शुभकामना

नेपालको पहिलो वाणिज्य बैंकका रूपमा स्थापित नेपाल बैंक लिमिटेडको ९०औं वार्षिकोत्सवको सुखद अवसरमा बैंकका सम्पूर्ण कर्मचारी, ग्राहक तथा शुभेच्छुकहरूमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछु।

विगत ८९ वर्षदेखि यस संस्थाले वित्तीय समावेशीकरण, उद्यमशीलताको विकास र राष्ट्रिय बचत प्रवर्द्धनमार्फत मुलुकको आर्थिक रूपान्तरणमा पुऱ्याएको योगदान प्रशंसनीय छ। आगामी दिनमा डिजिटल बैंकिङको विस्तार, लघु, साना तथा मझौला उद्यममा सहज वित्तीय पहुँच, हरित अर्थतन्त्रको प्रवर्द्धन तथा वित्तीय साक्षरता अभिवृद्धिमा बैंकले प्रभावकारी र नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छु।

बैंकलाई उचाइमा पुऱ्याउन समर्पित सम्पूर्ण बैंक परिवारको सराहना गर्दै नेपाल बैंक लिमिटेडको निरन्तर प्रगति र सफलताको कामना गर्दछु।

डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री

टेलिफोन नं: +९७७-१-४२११८०९ ; इमेल: swarnim.wagle@mof.gov.np ; वेबसाईट: www.mof.gov.np

गभर्नर
Governor

नेपाल राष्ट्र बैंक
NEPAL RASTRA BANK

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
Central Office
Baluwatar, Kathmandu



शुभकामना

नेपाल बैंक लिमिटेडले आफ्नो स्थापनाको ८९औँ वर्ष पूरा गरी ९०औँ वर्षमा प्रवेश गरेको सुखद अवसरमा बैंकको उज्ज्वल भविष्यको कामनासहित हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछु।

वि.सं. १९९४ कात्तिक ३० गते नेपालको पहिलो बैंकको रुपमा स्थापना भई नेपालमा आधुनिक बैंकिङ प्रणालीको थालनी गर्दै मुलुकको आर्थिक विकास, वित्तीय सेवाको विस्तार, वित्तीय साक्षरता अभिवृद्धि र पुँजी निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। मुलुकले भोगेका विभिन्न राजनीतिक, आर्थिक तथा सामाजिक उतारचढावका बाबजुद पनि आम नागरिकमा वित्तीय सेवा पुऱ्याउन र बैंकिङ प्रणालीप्रति जनविश्वास कायम राख्न यस बैंकले खेलेकी भूमिका प्रशंसनीय छ।

प्रविधिमा भइरहेको तीव्र विकाससँगै आधुनिक डिजिटल बैंकिङ, ग्राहकमैत्री सेवा, चुस्त जोखिम व्यवस्थापन र सुदृढ संस्थागत सुशासनलाई अझ सशक्त बनाउँदै यस बैंकले आगामी दिनमा पनि मुलुकको वित्तीय स्थायित्व र आर्थिक समृद्धिको यात्रालाई निरन्तरता दिने विश्वास लिएको छु।

अन्त्यमा, वर्तमान प्रतिस्पर्धात्मक बैंकिङ वातावरणमा बैंकलाई सफलतापूर्वक आजको यस अवस्थासम्म पुऱ्याउन योगदान गर्नुहुने संस्थापक, बैंक व्यवस्थापन, कर्मचारीवर्ग, सेयरधनी, ग्राहकलगायत सम्पूर्ण सरोकारवालामा पुनः हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछु।

कात्तिक ३०, २०८३

प्रा.डा. विश्वनाथ पौडेल

नेपाल सरकार

अर्थ मन्त्रालय



पत्र संख्या :-

च. नं. :-

सिंहदरबार, काठमाडौं
नेपाल ।

शुभकामना ।

नेपाल सरकार र निजी क्षेत्रको साझेदारीमा स्थापना भई अविच्छिन्न रूपमा नेपालमा बैंकिङ्ग सेवा प्रवाह गर्दै आएको नेपाल बैंक लिमिटेड ९० औं वर्ष प्रवेश गरेको शुभ अवसरमा शुभकामना दिन चाहान्छु। देशको आर्थिक विकासमा विशेष योगदान र महत्व रहेको यस बैंकको बैंकिङ्ग इतिहास अविस्मरणीय रहेको छ।

देशको दुर्गम तथा ग्रामिण क्षेत्रसम्म आफ्ना शाखाहरू विस्तार गरी विश्वासिलो एवम् शुलभ डिजिटल बैंकिङ्ग सेवा उपलब्ध गराउन सफल नेपालको पहिलो बैंकका रूपमा यसको आफ्नो छुट्टै पहिचान र गौरवमय पृष्ठभूमी हुनुको साथै उपयुक्त आर्थिक लगानीको माध्यमबाट देशको व्यापार,व्यवसाय, उद्योगधन्दा तथा कलकारखानाको श्रीवृद्धिमा टेवा दिँदै देशको राजस्व संकलनमा समेत यस बैंकले पुऱ्याएको योगदानलाई बिर्सन्न सकिन्न।

आर्थिक एवम् सामाजिक विकासका लागि सबै नेपालीहरूको वित्तीय पहुँच एवं वित्तीय साक्षरता अभिवृद्धि गर्नमा योगदान गरिरहेको बैंकले आफ्नो सेवालाई थप सूचना प्रविधिमैत्री बनाउँदै आगामी दिनमा नेपालभर सेवा सुविधाहरूलाई थप परिस्कृत एवं विश्वसनीय बनाउँदै सेवा प्रदान गर्न बैंकलाई थप सफलता मिल्ने विश्वास व्यक्त गर्दछु। बैंकको ९० औं वर्ष प्रवेशको अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना !!!

कार्तिक ३०, २०८३।

(डा. घनश्याम उपाध्याय)
सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.मं. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.) ४२११९६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट : www.mof.gov.np

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
धर्मपथ, काठमाडौं

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय



शुभकामना एवम् प्रतिवद्धता

विक्रम सम्बत् १९९४ साल कार्तिक ३० गते स्थापना भएको नेपालको पहिलो बैंक, नेपाल बैंक लिमिटेडले बैंकिङ सेवाको अविच्छिन्न ८९ वर्ष पूरा गरी ९० औं वर्ष प्रवेश गरेको यस ऐतिहासिक अवसरमा सेवाग्राही, नेपाल सरकार लगायत सम्पूर्ण सेयरधनी, नेपाल राष्ट्र बैंक, अन्य नियामक निकाय, कर्मचारी तथा सम्बद्ध सबै सरोकारवालासमक्ष शुभकामना व्यक्त गर्दछु ।

नेपालमा बैंकिङ इतिहासको प्रारम्भ गर्दै स्थापना भएको यस बैंकले देशमा बचत संस्कृतिको विकास सँगसँगै आर्थिक श्रोत परिचालन र पूँजी निर्माण साथै मुलुकको औद्योगिक एवम् व्यापार व्यावसायको विकास र विस्तारमा समेत उल्लेख्य भूमिका निर्वाह गर्दै आएको छ । बैंक सञ्चालन र व्यवस्थापनको क्रममा विगतमा विभिन्न आरोह अवरोहको सामना गरेको बैंकले हालको प्रतिस्पर्धात्मक बैंकिङ परिवेशमा समेत निरन्तर रूपमा सबल, सक्षम र प्रभावकारी बैंकिङ्ग सेवा प्रवाह गरिरहेको छ ।

यस बैंकलाई बैंकिङ सेवा प्रदान गर्ने अवसर प्रदान गर्नुहुने सम्पूर्ण सेवाग्राही तथा ग्राहकवर्गप्रति उच्च सम्मान व्यक्त गर्दै आगामी दिनमा समेत नवीनतम प्रविधिमा आधारित बैंकिङ सेवा प्रदान गर्ने, संस्थागत सुशासनलाई मजबुत बनाउँदै लैजाने तथा सरोकारवालाहरूको हित संरक्षणमा कटिबद्ध रहने प्रण गर्दछु ।

बैंकको गौरवपूर्ण यात्रामा निरन्तर साथ र सहयोग प्रदान गर्नुहुने ग्राहकवर्ग, शेयरधनी महानुभावहरू, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, अन्य नियामक निकाय, बैंक व्यवस्थापन, कर्मचारीवर्ग तथा सम्पूर्ण सरोकारवालाप्रति हृदयदेखि शुभकामना व्यक्त गर्दै समयानुकूल आधुनिक बैंकिङ सेवा प्रवाह गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछु ।

२०८३ कार्तिक ३० गते ।

(तिलक राज पाण्डेय)
प्रमुख कार्यकारी अधिकृत

सम्पादकीय

नेपाल बैंक लिमिटेड ९०औँ वर्षमा

वि.सं. १९९४ सालको कार्तिक ३० गतेका दिन नेपालमा बैंकिङ सेवाको सुरुवात गरेको नेपाल बैंक लिमिटेड वि.सं. २०८३ कार्तिक ३० गते आफ्नो स्थापनाको ९०औँ वर्षमा प्रवेश गरेको छ । ऐतिहासिक पृष्ठभूमिलाई नियाल्दा औपचारिक बैंकिङ प्रणालीको अभावमा सुस्त रहेको अर्थतन्त्रलाई उकास्न आधार स्तम्भका रूपमा नेपाल बैंक लिमिटेड खडा भएको थियो । स्थापनाकालदेखि नै वित्तीय पहुँच अभिवृद्धि गर्दै जाने उद्देश्यका साथ निक्षेप सङ्कलन, कर्जा प्रवाह लगायतका बैंकिङ सेवाका माध्यमबाट नेपाली जनतालाई बैंकिङ प्रणालीमा आबद्ध गर्दै मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणमा उल्लेख्य योगदान पुऱ्याउँदै आएको यस बैंकले पछिल्ला दिनहरूमा परिष्कृत प्रविधिलाई आत्मसात् गर्दै डिजिटल बैंकिङमार्फत समेत सहज र समयानुकूल सेवा प्रवाह गर्दै आइरहेको छ । नियामकीय व्यवस्था, त्यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्डहरूको समेत परिपालना हुनेगरी जोखिम व्यवस्थापन, समयानुकूल सेवा विस्तार र ग्राहक सन्तुष्टिमा केन्द्रित रहँदै बैंकिङ सेवा प्रवाहमा उल्लेखनीय सुधार ल्याएको छ । वित्तीय पहुँच विस्तार गर्ने अभियानको नेतृत्व गर्दै बैंकले देशका दुर्गमदेखि सुगम ठाउँसम्म फैलिएका २३० शाखा, ५८ एक्सटेन्सन काउन्टर, २५२ एटिएम आउटलेटमार्फत निरन्तर सेवा सुविधा प्रदान गर्दै आइरहेको छ ।

झन्डै शताब्दीसम्म अविच्छिन्न रूपमा बैंकिङ सेवा प्रवाह गर्दै मुलुकका उद्योग, व्यापार, व्यवसाय, पूर्वाधार, कृषि, पर्यटन, विपन्न वर्ग, प्राथमिकता प्राप्त क्षेत्र लगाायत समग्र आर्थिक तथा सामाजिक उन्नयनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै सर्वसाधारणहरूलाई समेत आर्थिक एवं वित्तीय साझेदारीमा सहभागी गराउँदै अनि सुरक्षाको अनुभूति दिँदै ग्राहक तथा सेवाग्राहीहरूको विश्वास र भरोसासहितको छवि प्राप्त गरेको यस संस्थाका लागि वार्षिकोत्सव भनेको उपलब्धिहरूको खुसियाली मनाउने र आगामी दिनमा अझै उत्कृष्ट ढङ्गले कार्यसम्पादन गर्नका लागि संस्थागत प्रतिबद्धता व्यक्त गर्ने अवसर पनि हो ।

विगत केही वर्षदिखि मुलुकको अर्थतन्त्रमा आएको शिथिलताले गर्दा तरलतामा आएको वृद्धि, लगानीको मागमा आएको सङ्कुचन, निष्कृय कर्जा व्यवस्थापनमा देखिएका चुनौती लगायत समग्र बैंकिङ प्रणालीमा परेको प्रभाव र त्यसबाट सिर्जित जोखिमलाई न्यूनीकरण गर्दै स्वस्थ लगानी तथा चुस्त बैंकिङ सेवाको विस्तारका लागि नेपाल बैंकले रणनीतिक योजनामार्फत व्यावसायिक विकास र संस्थागत सुदृढीकरणका क्रियाकलापहरू सञ्चालन गरिरहेको छ । डिजिटल माध्यमबाट समेत चुस्त बैंकिङ सेवा प्रवाह गर्नुका साथै हालैका वर्षहरूमा चासो र प्रयोगको विषय बनेको आर्टिफिसियल इन्टेलिजेन्स (AI) को चुनौती तथा अवसरको तुलनात्मक लाभको पहिचान तथा आवश्यक सदुपयोग गर्दै उच्च प्रतिस्पर्धात्मक वातावरणमा सदैव अब्बल संस्थाका रूपमा अघि बढाउन बैंक क्रियाशील रहेको छ ।

नेपाल बैंक ९०औँ वर्ष प्रवेश गरेको सुअवसरमा सङ्गठनात्मक संस्कारकै निरन्तरता स्वरूप हामीले आर्थिक, वित्तीय, व्यवस्थापन एवम् समसामयिक विषयवस्तुसँग सम्बन्धित लेख रचनाहरूको सङ्ग्रह प्रकाशन गरेका छौँ । यस प्रकाशनभित्र अर्थतन्त्र एवं वित्तीय क्षेत्रका समकालीन सवालहरू, प्रविधि, सुशासन, वित्तीय समावेशिता तथा संस्थागत विकास, कृत्रिम बुद्धिमत्ता, साइबर सुरक्षा, डिजिटल बैंकिङ, कर्जा व्यवस्थापन, सार्वजनिक खरिद, अन्तर्राष्ट्रिय व्यापार, जलवायु जोखिम, विपद् व्यवस्थापन तथा बैंकिङ क्षेत्रका समसामयिक चुनौती र अवसरलगायतका विविध विषयमा नेपाली र अङ्ग्रेजी भाषामा लेखिएका ३२ लेखरचना समावेश गरिएका छन् । यस सङ्ग्रहले नेपालको आर्थिक तथा वित्तीय क्षेत्रको विकास, सुशासन, नवप्रवर्तन र समृद्धिका लागि महत्त्वपूर्ण विचार तथा दृष्टिकोण एवं ज्ञान तथा अनुभवलाई आदानप्रदान गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस विशेषाङ्कका लागि आफ्ना लेख रचना उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । विशेषाङ्क प्रकाशन कार्यमा महत्त्वपूर्ण सल्लाह एवं सुझाव दिनुहुने उच्च व्यवस्थापनप्रति हार्दिक आभार व्यक्त गर्दछौँ । यस विशेषाङ्कलाई सार्थक बनाउन आफ्नो अमूल्य समय, ज्ञान, अनुभव र सिर्जनशीलता प्रदान गर्नुहुने सम्पूर्ण लेखक तथा योगदानकर्ताप्रति हार्दिक आभार व्यक्त गर्दछौँ । प्रकाशनको तयारी, सामग्री सङ्कलन, सम्पादन तथा व्यवस्थापनमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण व्यक्ति र संस्थाप्रति कृतज्ञता व्यक्त गर्दछौँ ।

यस प्रकाशनमा सङ्गृहीत लेखहरूलाई शीर्षकको वर्णानुक्रमअनुसार राखिएको छ । लेख रचनामा अभिव्यक्त विचारहरू लेखकका निजी हुन्, बैंकको संस्थागत दृष्टिकोण होइनन् । सोही अनुरूप ग्रहण गरिदिनुहुन पाठकवर्गमा अनुरोध छ । ज्ञान एवम् जानकारीको सँगालोका रूपमा रहेको यस विशेषाङ्क पाठकवर्गका लागि उपयोगी हुनेछ भन्ने विश्वास लिएका छौँ । विषयवस्तुको विविधताले पाठकलाई नयाँ दृष्टिकोण, थप अध्ययन, अनुसन्धान तथा रचनात्मक बहसका लागि प्रेरित गर्नेछ भन्ने हाम्रो विश्वास रहेको छ ।

विशेषाङ्क सम्पादन एवम् प्रकाशन समूह

विषयसूची

१. **प्रमुख कार्यकारी अधिकृत श्री तिलकराज पाण्डेयसँगको अन्तर्वार्ता** i

२. **ऋण असुलीमा देखिएका चुनौतीहरू**
रामेश्वर सेढाई १

३. **निष्क्रिय बैंक खाताको रकमको उपयोग : अन्तर्राष्ट्रिय अभ्यास, कानुनी व्यवस्था र नेपालको सन्दर्भ**
टिका प्रसाद ढुंगाना ६

४. **नुवाकोट त्रिशूली डायरीः २०८३ भदौ १० गते....!!**
लक्ष्मी पण्डित १२

५. **नेपाली बीमा बजारः विस्तारदेखि परिपक्वताको क्षितिजसम्म**
सुशील देव सुवेदी १७

६. **नेपालको अर्थतन्त्रमा कर्जा विरोधाभास (Credit Conundrum) : समस्या, कारण र समाधानका उपाय**
अर्जुन बहादुर कडेल २३

७. **नेपालको सार्वजनिक खरिद प्रणाली : समस्या, चुनौती र समाधानको मार्गदर्शन**
कमल पराजुली २९

८. **नेपालको संरचनात्मक आर्थिक रूपान्तरणमा बैंक तथा वित्तीय संस्थाहरूको भूमिका**
प्रा.डा. अर्जुनकुमार बराल ३५

९. **नेपालमा केन्द्रीय बैंक डिजिटल मुद्रा (CBDC) को सम्भाव्यता तथा उपयोगिता**
सुरेन्द्र श्रेष्ठ ४०

१०. **नेपालमा वर्तमान समष्टिगत आर्थिक चुनौती र बजेट सुधारको आवश्यकता**
प्रा. डा. सञ्जय आचार्य ४८

११. **बीमित हित संरक्षण कोषसम्बन्धी विश्वव्यापी अभ्यास र नेपाली परिप्रेक्ष्य**
सुनिल पौड्याल ५४

१२. **भन्सार प्रशासन, वैदेशिक व्यापार र बैंकिङ प्रणालीको अन्तरसम्बन्धः राजस्व परिचालन, व्यापार सहजीकरण र वित्तीय सुशासनको विश्लेषण**
विमला अधिकारी ५९

१३. **राष्ट्रिय लघुवित्त नीति २०६४ : समालोचना र नयाँ लघुवित्त नीतिको आवश्यकता**
डा. बलराम दुवाल ६६

१४. **वित्तीय कारबाही कार्यदल र अनुगमन सूची (ग्रे लिस्ट)**
वासुदेव भट्टराई ७५

१५. **सङ्घीय अर्थतन्त्रमा अन्तर सरकार वित्तीय सम्बन्धमा भएका व्यवस्था, व्यावहारिक चुनौती र सुधारका उपायहरू**
रामबहादुर के.सी. ८२

१६. सार्वजनिक खरिद ऐन, २०६३ (सं.स) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (सं.स) का मुख्य मुख्य प्रावधानको विश्लेषण
रामचन्द्र दंगाल ८८

१७. सुशासनका सन्दर्भमा नेपाली अभ्यास
सफल पोर्तेल ९६

18. **A Conceptual Framework for Digital and Resilient Sustainable Mountain Rural Communities of Nepal**
Dr. Babu R. Dawadi, Er. Roshani Ghimire ***105***

19. **AI Governance in Nepal and the Developing World**
Subas Chandra Khanal ***113***

20. **AI in Nepalese Banking: Opportunities and Implementation Challenges .**
Chandra Bilash Bhurtel ***121***

21. **Climate Change and Just Transition in the World of Work: Policy Responses in Nepal**
Keshab Prasad Adhikari, PhD.1 ..... ***127***

22. **From Climate Risk to Credit Risk: Implications of Physical Climate Hazards for Nepal's Financial Sector**
Shambhu Dangal, PhD ***135***

23. **From Digital Lending to Credit Intelligence**
Uddav Sigdyal ***141***

24. **From Disaster to Digital Resilience: The Role of Banking and Information Technology in Nepal's Flood Recovery**
Er. Uttam Karki ***147***

25. **Lessons from Bad Incidents: A Learning Perspective**
Shikhar Nath Khanal ***158***

26. **MSME Financing in Nepal: Role, Challenges and the Road Ahead**
Surya Prakash Bhatta ***163***

27. **Navigating Banking Sector Challenges in Nepal**
Prakash Kumar Shrestha, PhD ***168***

28. **Reconciliation of Digital Transactions in Banking**
Madan Krishna Sainju ***175***

29. **Remodeling Nepal's Development Strategy from Reconstruction to Regional Transformation: What Nepal's Banking System Can Do for a More Resilient Economy**
Dr. Shankar Prasad Acharya ***181***

30. **Securing the Digital Vault: Why Information Systems Audit Matters for Banks in Nepal?**
CA Bikash Adhikari ***188***

31. **Sustainability and the Preparedness of Banks: Building Resilience for Nepal's Financial Future**
CA. Bidur Luitel 197

32. **The Missing Link in Nepal's Remittance Economy: From Migrant Earnings to Sustainable Livelihoods**
Dipendra Bhatt ***208***

33. **Theories of international trade and Nepal's trade position: A critical assessment**
Basudev Sharma, (PHD) ***216***

प्रमुख कार्यकारी अधिकृत श्री तिलकराज पाण्डेयसँगको अन्तर्वार्ता



नेपाल बैंक लिमिटेड नेपालको पहिलो बैंकका रूपमा वि.सं. १९९४ कात्तिक ३० गते स्थापित पुरानो बैंक हो । नौ दशकको बैंकिङ यात्रालाई फर्केर हेर्दा नेपालको अर्थतन्त्र, वित्तीय प्रणालीको विकास र बैंकिङ संस्कृतिको संस्थागत विकासमा बैंकले पुऱ्याएको योगदानलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

नेपाल बैंक लिमिटेडको स्थापना नेपालको आधुनिक बैंकिङ इतिहासको एउटा ऐतिहासिक प्रस्थानविन्दु हो । बैंक स्थापना हुनुअघि औपचारिक बैंकिङ प्रणालीको अभावमा सर्वसाधारणको वित्तीय कारोबार निजी साहुकार तथा परम्परागत व्यापारिक केन्द्रमार्फत हुने गर्दथ्यो । यस्तो अवस्थामा बैंकको स्थापनाले सर्वसाधारणमा बचत गर्ने, औपचारिक वित्तीय कारोबार गर्ने र संस्थागत ऋण प्राप्त गर्ने संस्कृतिको विकासमा आधार तयार गऱ्यो । बैंकले आफ्नो स्थापनाकालदेखि नै उद्योग, व्यापार, कृषि, पूर्वाधार तथा निजी क्षेत्रको विकासमा वित्तीय सहयोग गर्दै राष्ट्र निर्माणमा सक्रिय भूमिका निर्वाह गरिआएको छ । नेपालको वित्तीय प्रणालीको विस्तार, संस्थागत बैंकिङ अभ्यासको विकास र वित्तीय पहुँच विस्तारमा पनि बैंकको ऐतिहासिक योगदान रहेको छ ।

पछिल्लो समय नेपाली बैंकिङ क्षेत्रमा पर्याप्त तरलता उपलब्ध भए पनि निजी क्षेत्रमा कर्जाको माग अपेक्षाकृत कमजोर देखिएको छ । निक्षेपका तुलनामा कर्जा विस्तार अपेक्षित गतिमा हुन नसक्दा बैंकहरूको लगानीयोग्य रकम न्यून प्रतिफलमा बस्नुपर्ने अवस्था छ । नेपाल बैंकले यस्तो परिस्थितिमा कर्जा विस्तार र लगानी व्यवस्थापनका लागि के कस्तो रणनीति अवलम्बन गरिरहेको छ ?

हालको बैंकिङ क्षेत्रको प्रमुख चुनौती उत्पादनशील तथा गुणस्तरीय कर्जाको मागमा कमी आउनु हो । अर्थतन्त्रमा लगानीको वातावरण अपेक्षाकृत उत्साहजनक बन्न नसक्दा उद्योग, व्यापार, निर्माण तथा अन्य क्षेत्रमा नयाँ कर्जाको माग सीमित भएको छ । अर्कातर्फ बैंकहरूले निक्षेपकर्तालाई ब्याज प्रदान गरिरहनुपर्ने तर लगानीयोग्य रकमले अपेक्षित प्रतिफल दिन नसक्ने अवस्थाले ब्याज आम्दानी र नाफामा दबाब सिर्जना गरेको छ । नेपाल बैंकले यस परिस्थितिमा कर्जाको गुणस्तरलाई प्राथमिकता दिँदै उत्पादनशील क्षेत्र, कृषि, ऊर्जा, पर्यटन, साना तथा मझौला उद्यम, निर्यातमूलक उद्योग र रोजगारी सिर्जना गर्ने परियोजनामा जोखिम मूल्याङ्कन गरी कर्जा विस्तार गर्ने नीति लिएको छ । साथै सरकारी ऋणपत्र तथा अन्य सुरक्षित वित्तीय उपकरणमा लगानी विविधीकरण गर्दै सम्पत्ति तथा दायित्व व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रयास निरन्तर गरिरहेको छ । हाम्रो उद्देश्य कर्जा विस्तारको सङ्ख्या मात्र बढाउनु नभई जोखिमअनुरूप प्रतिफल दिने र अर्थतन्त्रमा वास्तविक योगदान पुऱ्याउने कर्जा प्रवाह गर्नु हो ।

बैंकिङ क्षेत्रमा डिजिटल रूपान्तरण तीव्र गतिमा अगाडि बढिरहेको छ । प्रतिस्पर्धी बैंकहरूले आधुनिक Core Banking System, Artificial Intelligence, Data Analytics, Automation तथा अन्य नवीन प्रविधि प्रयोग गरिरहेका छन् । आगामी दिनमा बैंकलाई प्रविधिगत रूपमा प्रतिस्पर्धी बनाउने योजना के छ ?

प्रविधि अहिले बैंकिङ व्यवसायको सहायक पक्षमात्र नभई प्रतिस्पर्धात्मक क्षमताको प्रमुख आधार बनिसकेको छ । ग्राहकको अपेक्षा, डिजिटल कारोबारको विस्तार, साइबर सुरक्षाको आवश्यकता र सञ्चालन लागत न्यूनीकरणका लागि आधुनिक प्रविधि अनिवार्य भएको छ । नेपाल बैंकले पनि विगतमा आफ्नो बैंकिङ प्रणालीलाई कम्प्युटराइज्ड बनाउँदै विभिन्न चरणमा प्रविधिगत सुधार गरेको छ । तर प्रविधिको विकास र बजारको परिवर्तनको गतिसँगै संस्थागत प्रणालीलाई निरन्तर अद्यावधिक गर्नुपर्ने आवश्यकता रहन्छ । पुरानो प्रणालीबाट नयाँ प्रणालीमा रूपान्तरण गर्दा तथ्याङ्कको सुरक्षा, प्रणालीको एकीकरण, लागत, कर्मचारीको क्षमता विकास, खरिद प्रक्रिया र कारोबार अवरुद्ध नहुने सुनिश्चितता महत्त्वपूर्ण विषय हुन्छन् । सबैभन्दा महत्त्वपूर्ण विषय नेपाल बैंक अर्धसरकारी बैंक भएकाले सार्वजनिक खरिद प्रणाली लगायतका प्रकृयागत तथा प्राविधिक समस्याका कारण खरिद प्रकृया समयमा नै सम्पन्न गर्न कठिनाइ महसुस भएको छ ।

आगामी दिनमा आधुनिक Core Banking System (CBS), डिजिटल बैंकिङ, विभिन्न डिजिटल प्रोडक्टका API आधारित सेवा, डेटा विश्लेषण, साइबर सुरक्षा तथा स्वचालित बैंकिङ सेवामा लगानी बढाउनु हाम्रो प्राथमिकता हुनेछ । प्रविधिगत रूपान्तरणलाई परियोजना मात्र नभई संस्थागत रूपान्तरणको अभियानका रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता छ ।

बैंकको खराब कर्जा घटाउने र कर्जा असुली प्रभावकारी बनाउने ठोस कार्ययोजना के छ ?

बैंकको वास्तविक वित्तीय स्वास्थ्य नाफाको आकारबाट मात्र मापन हुँदैन । नाफाको स्रोत, कर्जाको गुणस्तर, सम्पत्तिको प्रतिफल, पुँजी पर्याप्तता र भविष्यमा सम्भावित जोखिम बहन गर्ने क्षमतालाई समेत हेर्नुपर्छ । नेपाल बैंकले वित्तीय

सूचकहरूमा सुधार गर्दै दिगो नाफा अभिवृद्धि गर्ने रणनीति लिएको छ । विगतमा प्रवाह भएका कर्जाको गुणस्तरमा देखिएका चुनौती समाधान गर्न नियमित अनुगमन, कर्जा पुनर्संरचना तथा पुनर्तालिकीकरणको नियामकीय व्यवस्था, कानुनी असुली प्रक्रिया र सम्बन्धित ऋणीसँगको समन्वयलाई प्राथमिकता दिइएको छ । साथै नयाँ कर्जा प्रवाह गर्दा ऋणीको नगद प्रवाह, परियोजनाको सम्भाव्यता, धितोको गुणस्तर र भुक्तानी क्षमताको गहन विश्लेषण गरिरहेका छौं । भविष्यमा खराब कर्जा नियन्त्रणलाई प्रतिक्रियात्मक नभई पूर्वसक्रिय जोखिम व्यवस्थापनको विषय बनाउनु हाम्रो लक्ष्य हो ।

निजी क्षेत्रका बैंकहरूका तुलनामा नेपाल बैंकलाई प्रतिस्पर्धा गर्न के कस्ता सहजता र असहजता छन् ? सार्वजनिक स्वामित्वको विशेषतालाई प्रतिस्पर्धात्मक लाभमा कसरी रूपान्तरण गर्न सकिन्छ ?

ऐतिहासिक पहिचान र नेपाल सरकारको स्वामित्व नेपाल बैंकको महत्त्वपूर्ण सबल पक्ष हुन् । लामो समयदेखि सर्वसाधारणको विश्वास आर्जन गरेको संस्थाका रूपमा बैंकको आफ्नै प्रतिष्ठा, व्यापक ग्राहक आधार र संस्थागत अनुभव छ । तर प्रतिस्पर्धी बजारमा ऐतिहासिक विरासत मात्र पर्याप्त हुँदैन । निर्णय प्रक्रियाको चुस्तता, सेवाको गुणस्तर, प्रविधिको प्रयोग, कर्मचारीको उत्पादकत्व र ग्राहक सन्तुष्टिमा राम्रो प्रदर्शन गर्नुपर्छ ।

सार्वजनिक संस्थाका रूपमा पालना गर्नुपर्ने पारदर्शिता, जवाफदेहिता र कानुनी प्रक्रियालाई कायम राख्दै निर्णय प्रणालीलाई व्यावसायिक र परिणाममुखी बनाउन सकिन्छ । यति हुँदाहुँदै पनि निर्णय प्रकृयामा हामीले केवल नाफामुखी भएर निर्णय गर्न सक्दैनौं, सरकारको नीति तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्नुपर्दछ साथै निजी क्षेत्रले हाम्रो जस्तो सार्वजनिक खरिदको प्रकृया पूर्णरूपमा पालना गर्नुपर्दैन जसले गर्दा उनीहरूले उपलब्ध अवसरलाई तुरुन्त प्राप्त गर्न सक्दछन् । हाम्रो मुख्य प्रयास संस्थागत सुशासनमा सम्झौता नगरी व्यावसायिक गतिशीलता बढाउनु हो ।

बैंकको व्यावसायिक सफलता कर्मचारीको क्षमता, उत्प्रेरणा र कार्यसम्पादनसँग प्रत्यक्ष जोडिएको हुन्छ । कर्मचारीको मनोबल, उत्पादकत्व, उत्तरदायित्व र कार्यसम्पादनलाई निजी बैंकहरूको प्रतिस्पर्धी स्तरमा पुऱ्याउन व्यवस्थापनले कस्तो मानव संसाधन नीति अवलम्बन गरेको छ ?

कर्मचारी बैंकका सबैभन्दा महत्त्वपूर्ण मानवपुँजी हुन् । प्रविधि, पुँजी र भौतिक पूर्वाधारको उपलब्धता भए पनि त्यसलाई प्रभावकारी रूपमा परिचालन गर्ने कर्मचारीको क्षमता र प्रतिबद्धताविना अपेक्षित परिणाम प्राप्त गर्न सकिँदैन । नेपाल बैंकले कर्मचारीको सीपविकास, तालिम, नेतृत्व क्षमता अभिवृद्धि, डिजिटल बैंकिङसम्बन्धी ज्ञान र ग्राहक सेवा सुधारलाई प्राथमिकता दिएको छ । हामी कर्मचारीको मूल्याङ्कनलाई केवल ज्येष्ठता वा सेवाअवधिमा सीमित नराखी कार्यसम्पादन, सिर्जनशीलता, उत्तरदायित्व र संस्थागत लक्ष्य प्राप्तिमा गरेको योगदानसँग जोड्न चाहन्छौं । कर्मचारीलाई उत्प्रेरित गर्ने वातावरण, निष्पक्ष मूल्याङ्कन, योग्यतामा आधारित अवसर र परिणाममुखी कार्यसंस्कृतिको विकास नै हाम्रा प्राथमिकता हुन् ।

नेपाल बैंकले आगामी दिनमा आफ्नो आम्दानीको स्रोत विविधीकरण, सञ्चालन लागत न्यूनीकरण र सम्पत्तिको प्रतिफल बढाउन कस्तो रणनीति बनाएको छ ? आगामी पाँच वर्षमा बैंकलाई कुन स्तरमा पुऱ्याउने लक्ष्य राख्नुभएको छ ?

बैंकको दीर्घकालीन नाफा दिगो बनाउन ब्याज आम्दानीमा मात्र निर्भर रहनु उपयुक्त हुँदैन । डिजिटल कारोबार, रेमिट्यान्स, व्यापार वित्त, कार्ड सेवा, बैंक ग्यारेन्टी, ट्रेजरी कारोबार, विप्रेषण तथा अन्य शुल्कमा आधारित सेवाबाट आम्दानी बढाउन आवश्यक छ । नेपाल बैंकले ग्राहकको आवश्यकता अनुरूप नयाँ डिजिटल सेवा विस्तार, सेवा प्रक्रियाको स्वःचालन, सञ्चालन लागत नियन्त्रण र शाखा सञ्जालको प्रभावकारी उपयोगमा ध्यान दिइरहेको छ । त्यसैगरी जोखिमअनुरूप कर्जा विस्तार, खराब कर्जा न्यूनीकरण र उच्च प्रतिफल दिने उत्पादनशील क्षेत्रमा लगानीमार्फत सम्पत्तिको गुणस्तर र प्रतिफल सुधार गर्ने लक्ष्य लिएको छ । आगामी वर्षमा प्रविधिमैत्री, ग्राहकमैत्री, वित्तीय रूपमा सबल, सुशासित र प्रतिस्पर्धी बैंकका रूपमा नेपाल बैंकलाई स्थापित गर्नु हाम्रो दीर्घकालीन रणनीति रहेको छ ।

९०औं वार्षिकोत्सवका अवसरमा आम नागरिक, ग्राहक र भावी पुस्तालाई के सन्देश दिन चाहनुहुन्छ ?

नेपाल बैंकका लागि सरोकारवालाको विश्वास नै सबै भन्दा ठूलो पुँजी हो । म फेरि पनि दोहोऱ्याएर भन्छु नेपाल बैंकको सफलता केवल वित्तीय विवरणमा देखिने नाफा वा व्यवसायको आकारबाट मात्र मापन हुँदैन, यसले ग्राहक, सेयरधनी, कर्मचारी, सरकार र समाजलाई प्रदान गरेको समग्र मूल्यबाट पनि मापन हुन्छ । निक्षेपकर्ताको निक्षेपलाई सुरक्षित लगानीमा रूपान्तरण गर्नु, ऋणीलाई उत्पादनशील क्षेत्रमा आवश्यक वित्तीय स्रोत उपलब्ध गराउनु, सेयरधनीलाई दिगो प्रतिफल प्रदान गर्नु, कर्मचारीको क्षमता र मनोबल विकास गर्नु तथा नियामकीय निकायप्रतिको उत्तरदायित्व निर्वाह गर्नु बैंकको प्रमुख दायित्व हो । यसैगरी, वित्तीय साक्षरता, वित्तीय समावेशीकरण, उद्यमशीलता विकास, रोजगारी सिर्जना र वातावरणमैत्री लगानीलाई प्रोत्साहन गर्दै राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउनु हाम्रो सामाजिक उत्तरदायित्व पनि हो ।

९० वर्षको गौरवपूर्ण यात्रामा साथ र विश्वास प्रदान गर्ने सम्पूर्ण ग्राहक, सेयरधनी, कर्मचारी, नियामक निकाय, सरकार तथा अन्य सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछौं । आगामी दिनमा पनि नेपाल बैंकलाई आधुनिक प्रविधि, व्यावसायिक दक्षता, पारदर्शिता र ग्राहकको विश्वासमा आधारित अग्रणी बैंकका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । आगामी दिनमा समुदायमा आधारित सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई पनि थप विस्तार गर्ने हाम्रो योजना रहेको छ ।

—※※※—

ऋण असुलीमा देखिएका चुनौतीहरू



रामेश्वर सेढाई
वरिष्ठ अधिवक्ता

१. विषयप्रवेश

नेपालमा औपचारिक बैंकिङ इतिहासको आरम्भ वि.सं. १९९४ कात्तिक ३० गते नेपाल बैंकको स्थापनाबाट भएको मानिन्छ । यस बैंक स्थापनाको झन्डै दुई दशकमा २०१३ सालमा आएर नियामक निकायका रूपमा नेपाल राष्ट्र बैंकको स्थापना भएपछि नै नेपाली मुद्रा चलनचल्तीमा आउन थाले भने बैंकिङ प्रणाली विकास गर्ने महत्त्वपूर्ण कामहरू पनि अघि बढेको पाइन्छ । यस क्रममा तत्कालीन नेपाल औद्योगिक विकास निगम लिमिटेडको वि.सं. २०१६ सालमा स्थापना भएको र यसको ६ वर्षपछि वि.सं. २०२२ सालमा राष्ट्रिय वाणिज्य बैंक र २०२४ सालमा कृषि विकास बैंकको स्थापना हुन गयो । यसरी पहिलो बैंकका रूपमा गौरवपूर्ण इतिहास बोकेको नेपाल बैंक स्थापनापछिको ३० वर्षका अवधिमा नेपाल राष्ट्र बैंक, नेपाल औद्योगिक विकास निगम, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकको स्थापना हुनु नेपालको बैंकिङ प्रणालीको विकास र विस्तारमा महत्त्वपूर्ण फड्को थियो । वि.सं. २०४१ मा विदेशी बैंकको संयुक्त लगानीमा नेपाल अरब बैंक लिमिटेड (हालको नबिल बैंक) को स्थापनासँगै नेपालको बैंकिङ इतिहासले थप उचाइ प्राप्त गऱ्यो भने वि.सं. २०४६ मा नेपालमा प्रजातन्त्रको पुनर्बहाली भएपश्चात् देशले लिएको उदारीकरण र निजीकरणको नीतिले नेपालको बैंकिङ इतिहासमा निजी क्षेत्रको प्रवेश खुकुलो मात्र भएन, क्रमशः बैंक तथा वित्तीय संस्थाहरूको विस्तार र प्रतिस्पर्धा समेत आश्चर्यजनक रूपमा बढ्दै गयो । यसरी बैंक तथा वित्तीय संस्थाहरूको अपत्यारिलो विस्तारसँगै यस क्षेत्रमा बढेका चुनौतीहरूको सामना गर्न समयसापेक्ष विभिन्न कानुनी प्रबन्धहरू पनि हुँदै गए र अन्ततः नेपाल राष्ट्र बैंकले वित्तीय स्थायित्वका लागि लचिलोदेखि कसिलो मर्जरको नीति समेत लागु गर्नुपऱ्यो । त्यसयता बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या घट्दै जाँदा अहिले नेपालमा वाणिज्य बैंक २०, विकास बैंक १७, वित्त कम्पनी १६, लघुवित्त वित्तीय संस्था ५१ र पूर्वाधार विकास बैंक १ गरी १०५ वटा बैंक तथा वित्तीय संस्था सञ्चालनमा छन् ।

सशस्त्र द्वन्द्वकाललगायतका विभिन्न प्रतिकूल कालखण्ड हुँदै गुज्रेको नेपालको बैंकिङ क्षेत्रमा अनेक कारणहरूले गर्दा केही वर्ष यता खराब कर्जाको दबाब उच्च देखिँदै आएको छ । हुनत विगतमा पनि नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको वित्तीय स्वास्थ्य बिग्रँदा सघन उपचार गर्नुपरेको स्मृतिमा रहेकै छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको २०८३ साउन मसान्तसम्मको सूचकतर्फ दृष्टि दिने हो भने बैंक तथा वित्तीय संस्थाको कुल कर्जामध्ये ५.६६ प्रतिशत खराब कर्जा रहेको र त्यसमध्ये 'ग' वर्गका वित्त कम्पनीमा खराब कर्जाको अनुपात सबैभन्दा उच्च ९.८९ प्रतिशत पुगेकाले खराब कर्जाको दबाबले बैंक तथा वित्तीय संस्थालाई पिरोल्नु स्वाभाविक छ । यसैगरी 'ख' वर्गका विकास बैंकको खराब कर्जा ५.७७ प्रतिशत र 'क' वर्गका वाणिज्य बैंकको खराब कर्जा ५.५६ प्रतिशत रहेको मानिन्छ । यो समग्र तस्बिर हेर्दा बैंकिङ क्षेत्र अहिले ऋण असुलीका अग्ला चुनौतीहरूमाझ उभिएको प्रस्टै देख्न सकिन्छ । ती चुनौतीहरू अपरिचित पनि छैनन्, तर ती चुनौतीहरूलाई चिरेर जाने सामूहिक क्षमता र कौशल भने बैंकिङ क्षेत्रले अपेक्षित मात्रामा देखाउन सकिरहेको छैन । यदाकदा संस्थागत सुशासनसँग जोडिएका घटनाहरू हुन् वा मानवीय भुलवश भएका घटनाहरू हुन्, ती घटनाहरूलाई सामान्यीकरण गरेर देशमा बैंक तथा वित्तीय संस्था जस्तो संवेदनशील क्षेत्रका विरुद्ध निर्माण गरिएका भाष्य र समय समयमा विभिन्न नाममा सामाजिक सञ्जालका माध्यमबाट भइरहने दुष्प्रचारसहितका गतिविधि, दबाब, धम्की, आक्रमण र आक्रमण प्रयासले ऋण लिएर नियतवश नतिर्नेहरूको मनोबल बढाएको छ र बैंकिङ क्षेत्रमा कार्यरत जनशक्तिको मनोबल खस्किएको छ । आफ्नो

क्षमता भएर पनि कर्जाको सावाँ ब्याज नतिर्ने एकथरी छन् भने आफ्नो कर्जा तिर्नसक्ने क्षमतामा आएको कमीले गर्दा कर्जाको सावाँ ब्याजको किस्ता तिर्न नसक्ने अर्काथरी पनि छन् । तिर्न नचाहेर नतिर्नेहरू र तिर्न नसकेर नतिर्नेहरू निश्चय नै एउटै कोटिका होइनन् । कर्जाको ब्याजदर एकल अङ्कमा आइसक्दा पनि कर्जा विस्तारले गति लिन सकेको छैन । यद्यपि पछिल्लो समयमा कर्जा प्रवाहमा सुधार देखिएको भन्ने समाचार सार्वजनिक भएको छ । निजी क्षेत्र "पर्ख र हेर" को अवस्थामै रहेको छ । तीन खम्बे अर्थनीतिअन्तर्गतको एउटा खम्बा सहकारी क्षेत्र नै धरमराएको छ भने व्यापार व्यवसाय चलायमान हुन सकिरहेको छैन । यस्तै बेला प्राकृतिक विपत्तिको बज्रपातसमेत थपिएको छ । खरिद गर्ने व्यक्तिहरूको कमीले गैरबैंकिङ सम्पत्ति थुप्रिएर बसेकै कारण बैंकहरूले कर्जा नोक्सानी व्यवस्थाका लागि ठूलो रकम छुट्याउनुपरेको छ । तर सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्नेतर्फ धेरै वर्षअघिदेखि सुरु भएको छलफल/विमर्शले नीतिगत स्थान पाए पनि अझै जन्मिन भने सकिरहेको छैन । ऋण असुली प्रक्रिया आफैमा जटिल, संवेदनशील र संस्थागत सुशासनसँग जोडिएको प्रक्रिया पनि हो । यसर्थ ऋण असुलीका सन्दर्भमा पहिचान भएका चुनौतीहरूको लामै सूची हुन सक्ने भए पनि ती सबै चुनौतीहरूको यस सानो आलेखमा चर्चा गर्न सम्भव नभएकाले बैंक तथा वित्तीय संस्थाले आफैंले लिलाम बिक्री गरी ऋण असुल उपर गर्दाका केही चुनौतीहरूको सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

२. ऋण असुलीमा थरीथरीका चुनौती

२.१ धितो लिलाम बिक्रीको प्रक्रियामा अवरोध पुऱ्याउने प्रवृत्ति

सर्तबमोजिम ऋणीले कर्जा चुक्ता नगरेमा र कर्जा दुरुपयोग गरेमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ ले लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी कर्जा असुल उपर गर्न सक्ने अधिकार बैंक तथा वित्तीय संस्थालाई दिएको छ । यस क्रममा विभिन्न सूचनाहरू दिनुपर्ने हुन्छ । तर सकेसम्म ऋणीहरु असुली प्रयोजनका कुनै सूचनाहरू नै बुझ्न मान्दैनन् । सूचना बुझे वा नबुझे पनि खास गरेर बैंकले कर्जा असुल उपरका निम्ति तरताकेता सुरु गरेदेखि लिएर कर्जा चुक्ता गर्ने सूचना प्रकाशित गरेपछि होस् वा धितो लिलाम बिक्रीको सूचना प्रकाशित गरेपछि होस्, कर्जा चुक्ता गर्नेतर्फ भन्दा ऋणी स्वयं, धितो दाता वा निजका परिवारका सदस्यहरुबाट सो प्रक्रियामा अवरोध गर्न हरहिसाब, निषेधाज्ञा, अंश, धितो लिखत बदर आदि विभिन्न नामका मुद्दाहरूको साहारा लिने प्रवृत्ति छ । प्रथमतः बजारको अवस्थाले यसै पनि धितो लिलाम सकार गर्न/कबुल गर्न चाहनेकै कमी छ । द्वितीयतः कोही सकार गर्न तयार नै भए पनि डर, धाकधम्की र दबाब दिएर सकार गर्न दिइँदैन । केही गरी कसैले धितो सकार गरेमा पनि ऋणी वा ऋणीका परिवार खडा भएर लिलाम बदरसमेतका रिट/मुद्दाहरू दायर गरी सकार सम्पत्तिको हक हस्तान्तरणमा रोक लगाउने र भोगचलन गर्न नदिने समस्याहरू देखिँदै आएका छन् । जब कि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ (९) ले साविक धनीले भोगचलन गर्न दिन इन्कार गरेमा वा बाधा अवरोध गरेमा नेपाल सरकारको सम्बन्धित निकायले भोगचलन गराइदिनुपर्ने व्यवस्था भए पनि अदालतमा मुद्दा परेको वा अन्य कुनै बहाना देखाएर सम्बन्धित निकाय प्रायः पन्छिने र बेवास्ता गर्ने प्रचलनले गर्दा लामो समय पुँजी पनि फस्ने, सम्पत्तिको लाभ लिन नपाइने, ऋणी/ऋणीका परिवारले रिसइबी राख्ने र विवाद बोकेर तनावमा बाँच्नुपर्ने भयले हतपत्ती कोही सकार/खरिद गर्न तयार नै हुँदैनन् । बैंकको लिलामी नै सकार गर्नुहुँदैन भन्ने गलत सन्देश प्रवाहले खराब कर्जा असुलीमा अपेक्षित सफलता हासिल हुन सकिरहेको छैन ।

२.२ स्थानीय तहको सहयोगमा कमी

धितो लिलाम बिक्रीका क्रममा सकारकर्ताका नाममा दा खा नामसारी गरिदिन सम्बन्धित स्थानीय तहले घर बाटो र कानुनअनुसार भूउपयोग क्षेत्र वर्गीकरणसम्बन्धी सिफारिसलगायतका सिफारिस आवश्यक पर्ने हुन्छ । तर सम्बन्धित पालिका वा सोको वडा तहले लामो समय सिफारिस नै नगर्ने वा अल्झाएर राख्ने समस्या पनि भोग्नुपरिरहेको छ । यस्ता सिफारिस नपाएको समस्याबाट पीडित बैंकहरूले उच्च अदालतमा परमादेशसमेतको रिट नै लिएर जानुपरेको अनेक दृष्टान्त नभएका होइनन् । अर्कातिर धितो लिलाम बिक्रीका क्रममा कसैले नसकारेपछि नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम बैंक आफैंले सकार गरी दा खा गराउने प्रयोजनका लागि पञ्चकृते मोल कायम गर्ने क्रममा समेत अनुरोधपत्रका बाबजुद पालिकाका तर्फबाट नियतवश उपस्थित नभएर

लामो समय ऋण असुली प्रक्रिया अड्किएर बस्ने र बाँकी प्रक्रिया अघि बढाउन नसकिने अवस्थासमेत सामना गर्नुपरेकै छ । बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने कर्जा सर्वसाधारण जनताकै निक्षेप हो भन्ने यथार्थलाई आत्मसात् गरेर स्थानीय तहले छिटो छरितो सेवा प्रवाह गरी सहयोग गर्नुपर्नेमा अपेक्षित सहयोग प्राप्त नहुनु पनि ऋण असुलीका निम्ति एक चुनौती बन्ने गरेको छ ।

२.३ धितोको बजार मूल्यलाई लिएर हुने विवाद

कर्जा लगानी गर्दा स्वीकारिएको धितोको मूल्य कर्जा असुली गर्दा कम भयो भन्ने प्रायः विवाद आइरहेकै हुन्छ । यति धेरै मूल्य जाने सम्पत्ति यति कम मूल्यमा बैंक तथा वित्तीय संस्थाले लियो वा तेस्रो व्यक्तिलाई दियो भनेर सृजना हुने विवाद मिडिया र अदालतसम्म पुगिरहेको हुन्छ । लगानी गर्दा नै धितो मूल्याङ्कन सही भयो भएन भन्ने प्रश्न एकातिर उठिरहेको हुन्छ भने अर्कातिर असुली गर्दा अघि स्वीकारेको मूल्यभन्दा कममा किन तेस्रो पक्षलाई सकार गराइयो वा सुम्पियो भन्ने सदावहार विवाद आइरहेको हुन्छ । नेपाल राष्ट्र बैंकको संशोधित इ. प्रा. निर्देशन नं २ को बुँदा नं ११ को उपबुँदा (१) ले "कर्जा असुल गर्न कम्तीमा ३ पटकसम्म धितो लिलाम प्रक्रिया पूरा गर्दा समेत उक्त धितो बिक्री नभएका खण्डमा मात्र आफैँले सकार गर्नुपर्नेछ । सकार गर्दा धितोको प्रचलित बजार मूल्य वा धितो सकार गर्न अघिल्लो दिनसम्मको सम्पूर्ण लेना रकममध्ये जुन कम हुन्छ, सोही मूल्यमा मूल्याङ्कन गर्नुपर्नेछ" भनी गरेको व्यवस्था विपरीतका दाबी र विवादहरू पनि बारम्बार आउने गरेका छन् । लिलाम गर्दाको प्रचलित धितो बजार मूल्य यति नै हो भनेर मापन गर्ने कुनै वैज्ञानिक आधार देखिँदैन । यस सम्बन्धमा भावना श्रेष्ठ वि एन आइ सि एसिया बैंक लि. समेत भएको उत्प्रेषण मुद्दामा सर्वोच्च अदालतले "घरजग्गाको मूल्यले समग्र पक्षसँग सम्बन्ध राख्ने चलायमान प्रवृत्ति राख्ने हुन्छ, जसका कारण समयको अन्तरालसँगै मूल्याङ्कनमा पनि सामान्य घटीबढी भइरहने नै हुन्छ । यस्ता सामान्य घटीबढी मूल्याङ्कनलाई आधार बनाई कसैले पनि सकार नगरेको धितो सुरक्षण बैंक आफैले सकार गर्नबाट रोक लगाउने हो भने समग्र बैंकिङ प्रणालीमा नै प्रतिकूल असर पुग्न गई अन्ततोगत्वा सर्वसाधारणको निक्षेपको सुरक्षामा नै सङ्कट उत्पन्न हुने हुन्छ ।" भनी बोल्नुले पनि मूल्य घटबढ हुनै सक्दैन भन्ने बुझाइ खण्डित भएको छ । तर तेस्रो पक्षले धितो सकार/कबोल गर्दा यदाकदा मालपोतको मूल्याङ्कनभन्दा पनि न्यून हुने र त्यसलाई पनि स्वीकृत गरिदिने गरिएको पाइन्छ । बैंक तथा वित्तीय संस्था र सकारकर्ता मिलेर लिलामीको औपचारिकता पूरा गरी निकै सस्तोमा धितो सम्पत्ति खाइदिन्छ र बिचल्ली पारिदिन्छ भन्ने भाष्य बनेका र बनाइएका छन् । यही मूल्यको विषयले सामाजिक सञ्जाल रङ्गिने र अभियानका रूपमा समेत अनेक अवाञ्छित एवम् दबाबमूलक गतिविधि हुने हुँदा गलत सन्देश प्रवाह भई ऋण असुली प्रभावित हुने गरेको छ । ज्यादै न्यून मूल्यमा धितो लिलाम गरेको भनेर न्यायिक हस्तक्षेप भई बदरसमेत भएका छन् । धितोको प्रचलित बजार मूल्य यति नै हो भनेर ठ्याक्कै मिलाउन सम्भव नहुने यथार्थलाई आमरूपमा बुझाउन नसक्दा भ्रमको खेती चलिरहेको छ । सकारकर्ताको स्वार्थ मात्र नहेरी धितोदाताका पक्षमा पनि बैंक तथा वित्तीय संस्थाबाट निर्णय भइरहेकै हुन्छ, जुन प्रचारमा आउने विषय होइन ।

२.४ कार्यरत जनशक्तिको सुरक्षा चिन्ता

सुरक्षित र सम्मानित भएर बाँच्न चाहने मानवीय स्वभाव नै हो । कुनै पनि कर्जा प्रवाह गरिसकेपछि उक्त कर्जाको नियमित अनुगमनमार्फत उक्त कर्जा सदुपयोग भए नभएको, व्यवसायबाट हुने आम्दानीको सदुपयोग भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी ऋणीले समयमा सावाँ ब्याजको किस्ता बुझाएको नबुझाएको नियमित अनुगमन गर्नु आवश्यक हुन्छ । तर केही वर्ष यता सबै ठाउँमा बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरू नियमित परियोजना अनुगमनमा जान सक्ने वा असुलीका लागि ऋणीकहाँ नै ताकेताका लागि प्रत्यक्ष उपस्थित हुन सक्ने गरी सुरक्षाको भरपर्दो वातावरण छैन । कार्यस्थलमै पनि सुरक्षा खतरा मोलेर काम गर्नुपर्ने अवस्था छ । उच्च मनोबलका साथ कानुनले दिएको अधिकार प्रयोग गरी दैनिक काम कारबाही गर्न र कर्जा असुली प्रक्रिया समयमै अघि बढाउन सक्ने वातावरणको कमी छ । कर्जा दुरुपयोग गर्ने तथा समयमा सावाँ ब्याजको किस्ता नतिर्ने ऋणीहरूको चल, अचल सम्पत्ति लिलामी र कब्जा गर्ने प्रक्रियामा विभिन्न डर र धाकधम्की दिने, राजनीतिक दबाब दिने, दुर्व्यवहार गर्ने, घेराउ गर्ने, कर्जा नतिर्न उक्साउने, बैंक तथा वित्तीय संस्थाका बारेमा विभिन्न दुष्प्रचारहरू गर्ने,

सामाजिक सञ्जालमा भ्रम फैलाउने र भीड जम्मा गरेर कर्मचारीलाई तर्साउने जस्ता अवाञ्छित क्रियाकलापले गर्दा डरको छायाँमुनि बसेर कर्मचारीहरूले काम गर्नुपर्ने बाध्यता छ ।

साथै, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ आकर्षित हुने कसुर र काम गर्ने क्रममा अनुभवको तथा ज्ञानको कमी, अत्यधिक कार्यबोझसमेतले हुने त्रुटिहरूलाई पनि मुलुकी अपराध संहिता, २०७४ जारी भए यता बैकिङ क्षेत्र लक्षित ठगी र आपराधिक विश्वासघात जस्ता मुद्दाहरू प्रहरीमा दर्ता हुने प्रवृत्ति डरलाग्दो ढङ्गले बढिरहेको छ । आकर्षित नै नहुने कानुनको प्रयोग गरेर अनुसन्धान र अभियोजन गरिँदा जीवनभर लगाएर व्यक्तिले आर्जन गरेको प्रतिष्ठा क्षणभरमा खरानी भई अपूरणीय क्षति पुगेको पीडादायी दृष्टान्तहरू दोहोरिन छाडेका छैनन् । कानुनको दुरुपयोग गरी यस्तो असुरक्षित, उकुसमुकुसयुक्त र अन्योलपूर्ण वातावरणले राम्रा जनशक्तिहरू पनि सेवाबाट पलायन भएर वैकल्पिक रोजगारी वा विदेश रोजिरहेका छन् भने उत्कृष्ट जनशक्ति पनि यस क्षेत्रमा अपेक्षित मात्रामा आकर्षित हुन सकिरहेको छैन ।

२.५ सम्पत्ति व्यवस्थापन कम्पनीको अभाव

लामो समयदेखि सम्पत्ति व्यवस्थापन कम्पनीको आवश्यकतालाई लिएर बैंक तथा वित्तीय क्षेत्रमा चर्चा र बहस हुँदै आएको भए पनि हालसम्म पनि यसले मूर्त रूप लिन सकेको छैन । बैंक तथा वित्तीय संस्थाको ऋण असुली कमजोर रहेपछि खराब कर्जा बढेको र यसले गर्दा गैरबैंकिङ सम्पत्तिको दबाब पनि बढ्दै गएका सन्दर्भमा सम्पत्ति व्यवस्थापन कम्पनीको खोजी हुनु अस्वाभाविक होइन । बैंक तथा वित्तीय संस्थाको कर्जामा घरजग्गा धितोको हिस्सा ठूलो रहेपछि कर्जा असुलीका क्रममा आफैंले सकार गरेको गैरबैंकिङ सम्पत्तिमा पनि घरजग्गाको हिस्सा बढी हुने भएकाले यस्तो सम्पत्ति बिक्री नभई त्यसै थुप्रिएर बस्दा बैंक तथा वित्तीय संस्थाको पुँजी तथा स्रोत परिचालनमा समेत दबाब पर्ने हुन्छ । नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमै सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने प्रयोजनका लागि सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा तर्जुमा गरी सरकारलाई बुझाउने घोषणा गरेको र चालु आ व को बजेटमा पनि समयसीमासहित यस्तो कम्पनी स्थापना गर्ने बुँदा समावेश भएकाले यसको प्रतीक्षा भइरहेको छ । हुनत यो मौसमी माग जस्तो बेला बेलामा उठ्ने र सेलाउने पनि गरेको छ । धितो लिलाम गरेर ऋण असुल गर्न नसकेपछि निष्क्रिय कर्जाको दर (एनपीएल) र लिलाम नभएर बैंकहरूमा थन्किएको निष्क्रिय सम्पत्ति (एनपीए) बढ्दो छ । घरजग्गा कारोबारमा आएको मन्दी, आर्थिक शिथिलता, विपत्तिजन्य घटना, राजनीतिक उथलपुथल, सहकारी क्षेत्रका समस्या आदि कारणहरुले गैरबैंकिङ सम्पत्ति बिक्री गर्न कठिनाइ भइरहेको छ । भारतमा "ब्याड बैंक" पनि भनिने यसप्रकारको कम्पनीको स्थापनाले नेपालमा निष्कृय कर्जा/निष्क्रिय सम्पत्तिको विद्यमान समस्यालाई कुन हदसम्म समाधान गर्न सकिएला भन्ने विषयमा कस्तो कानुन आउँछ, कसरी काम गर्छ र कति बलियो बन्छ भन्ने लगायतका विषयमा निर्भर रहला । हुनत विगतमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन र नियमावलीको निर्माण भएर ऋण असुली न्यायाधिकरण स्थापना हुँदा पनि खराब ऋणको आकार जुन मात्रामा घट्छ भन्ने अपेक्षा गरिएको थियो, त्यस अनुरुप परिणाम आउन नसकेको अनुभव नभएको होइन । ऋण असुलीमा हाल रहेको प्रक्रियागत उल्झन सम्पत्ति व्यवस्थापन कम्पनीतिर पनि सर्ने भयो भने प्रभावकारी नहुने जोखिम छ । तर यस्ता कम्पनीको बाह्य अनुभव र असल अभ्यासलाई समेत ध्यानमा राख्ने हो भने पक्कै पनि थुप्रिएर बसेको गैरबैंकिङ सम्पत्तिको आकार घटाउन योगदान पुग्दछ । बैंक तथा वित्तीय संस्थाले बैंकिङ सेवामै केन्द्रित भएर लगाउनुपर्ने समय र ऊर्जा कर्जा असुली र गैरबैंकिङ सम्पत्तिको व्यवस्थापनका निम्ति पनि लगाउनुपर्ने बाध्यतालाई यस्तो कम्पनीको स्थापनाले कम गर्न सक्ने हुन्छ । खराब कर्जाको बोझ उठाउनै नसकिने विन्दुमा पुग्नु अगावै यसप्रकारको कम्पनीको जन्म भई सञ्चालनमा आउनुपर्नेमा हालसम्म यस कम्पनीको स्थापना र सञ्चालनमा आउन नसकेकाले ऋण असुली प्रक्रिया चुनौतीपूर्ण हुन पुगेको छ ।

२.६ कर्जा लगानीका समयमा तयार गरिने लिखतहरू

मुलुकी ऐनलाई विस्थापित गरेर संहिताबद्ध कानुनहरू जारी भई प्रचलनमा रहिआएको छ । संहिता र अन्य कानुनहरूमा आएको परिवर्तनसँग मेल खाने गरी लिखतका ढाँचा र बेहोरालाई आवश्यक परिमार्जन गरी तयार गर्नेदेखि लिएर लिखतहरूमा पुऱ्याउनुपर्ने रीतसमेतमा पर्याप्त

ध्यान जानु आवश्यक हुन्छ । व्यक्तिगत जमानत दिनेको दायित्व सीमित वा असीमित के हुने भन्ने प्रश्न न्याय र कानुनका क्षेत्रमा समेत बारम्बार उठिरहेको पाइन्छ। यस्तो जमानत एकाघर परिवारका सदस्यका रूपमा वा तेस्रो पक्षका रूपमा दिँदा होस् वा संस्थागत कर्जा प्रवाह हुँदा सञ्चालक/एकल सञ्चालक/ आधारभूत सेयरधनीले दिँदा होस्, लिखतमा कानुनबमोजिम दायित्व परिभाषित हुने गरी बोलिनुपर्छ । यस्तो दायित्वपश्चात् दर्शी वा भविष्यदर्शी के हो खुल्नुपर्छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुनी व्यवस्था र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनबमोजिम गर्नुपर्ने विभिन्न लिखत, तमसुक, मञ्जुरीनामा, धितो जमानी आदिमा नछुटाउनुपर्ने बेहोरा, मिति, ठेगाना र सहीछाप आदि छुट्न जाँदा तथा माग गर्नुपर्ने कागजातहरू माग गर्न छुट हुँदा कर्जा असुली गर्ने प्रक्रियामा प्रवेश गरेपछि त्यसका प्रभावहरू प्रकट हुन थाल्छन् र यस्ता कमजोरी/छिद्रहरूको लाभ उठाएर ऋणी, धितोदाता वा व्यक्तिगत जमानतकर्ताले खेल्ने, उम्किने वा कानुनी उल्झन बढ्ने जोखिमसमेत हुन्छ। कतिपय लिखतहरूमा बेहोरा लेखिनुपर्ने ठाउँ खाली रहने, मिति खाली छोडिदिने र दस्तखत र छाप हुनुपर्ने ठाउँमा दस्तखत नै छुट्ने, तयार भएको लिखत राम्ररी रुजु नगर्ने, साक्षीको नाम लेखेर दस्तखत गराउन बिर्सने जस्ता कर्जा लगानीका बखत हुने मानवीय त्रुटिहरू पनि ऋण असुलीका क्रममा बाधक हुन्छन् । कर्जा लगानीकै समयमा नै त्रुटिरहित लिखतहरू तयार नहुने हो भने असुलीको प्रक्रियामा प्रवेश गरेपछि यसको प्रभाव देखिन गई असुलीको अपेक्षित गति र परिणाम हासिल हुन कठिन हुन्छ ।

४. निष्कर्ष

समय सधैँ एकनास हुँदैन । हिजो असल कोटिमा रहेको कर्जा विभिन्न परिस्थितिजन्य बाध्यताले पछि खराब कर्जामा परिणत भएका दृष्टान्तहरू पनि छन् । सबै रोगको एउटै उपचार सम्भव नभएजस्तै सबै खराब कर्जा असुलीका निम्ति लिलाम बिक्री मात्रै एउटै अचूक उपाय नहुन पनि सक्दछ। अर्कातिर कर्जा स्वीकृत हुँदाकै समयमा ग्राहकको वित्तीय अवस्था कमजोर रहेको, कर्जा तिर्ने क्षमता पर्याप्त नभएको वा धितो तथा कारोबारसम्बन्धी आवश्यक परीक्षण अपर्याप्त रहेको अवस्था उपर ध्यान नदिई वा नपुगी कर्जा प्रवाह भएको छ भने असुलीमा जटिलता हुन्छ नै । तरलता बढेका बेला परियोजनाको आवश्यकताभन्दा बढी कर्जा प्रवाह भएका कारण पनि कर्जा असुलीमा कठिनाइ हुने गरेको छ ।

तसर्थ संस्थागत सुशासन थप बलियो बनाएर बैंक तथा वित्तीय क्षेत्रका विरुद्ध भइरहेका अनेक दुष्प्रचार र विभिन्न नाममा भइरहेका दबाबमूलक गतिविधिबाट सृजित चुनौतीपूर्ण परिस्थितिलाई कुशलता, संयमता र सुझबुझका साथ सम्हाल्दै र सर्वसाधारणको विश्वासलाई निरन्तर कायम राख्दै बैंक तथा वित्तीय संस्थाले आपसी एकता र समन्वयका साथ अघि बढ्न सकेमा खराब कर्जाको बोझलाई क्रमशः घटाउनै नसकिने होइन किनभने चुनौतीरहित व्यवसाय कुनै पनि छैन र यसबाट भागेर कहीँ पुगिने पनि होइन । चुनौतीका जे जस्ता चाङ भए पनि विगतका दिनहरूमा प्राप्त अनुभवबाट यथोचित शिक्षा लिँदै खराब ऋण असुल उपर गर्न दृढ इच्छाशक्ति देखाउनुपर्ने र सर्वसाधारणको बैंक तथा वित्तीय संस्था उपरको अटुट विश्वासको कडी टुट्न दिन नहुने खाँचो रहेको छ ।

—※※※—

निष्क्रिय बैंक खाताको रकमको उपयोग : अन्तर्राष्ट्रिय अभ्यास, कानुनी व्यवस्था र नेपालको सन्दर्भ



टिका प्रसाद ढुंगाना
नेपाल बैंक लि.
सहायक

विषयप्रवेश

विश्वभरको बैंकिङ प्रणालीमा निष्क्रिय रूपमा बैंक खातामा थन्किएको रकमको परिमाण दशौँ अर्ब अमेरिकी डलर बराबर रहेको अनुमान गरिन्छ । खातावाला व्यक्तिले खाता बिर्सनु, विदेश जानु, बसाइँ सर्नु वा मृत्यु हुनुजस्ता कारणले लामो समयसम्म कुनै कारोबार नगर्दा यस्ता खाता निष्क्रिय बन्न सक्छन् । यस्ता खाताको कानुनी अवस्थासम्बन्धी अस्पष्टताका कारण वित्तीय संस्था, नियामक निकाय तथा सम्भावित हकदारबीचको अधिकार र दायित्व लामो समयसम्म स्पष्ट हुन नसक्ने अवस्था देखिन्छ ।

पछिल्ला वर्षहरूमा विभिन्न देशले विशेष कानुनी व्यवस्था निर्माण गर्दै यस्ता निष्क्रिय रकमलाई सामाजिक कल्याण तथा वित्तीय समावेशिताका क्षेत्रमा परिचालन गर्ने अभ्यास सुरु गरेका छन् । यसले व्यक्तिगत रूपमा बिर्सिएको पुँजीलाई सार्वजनिक उपयोगका वस्तु तथा सेवामा रूपान्तरण गर्ने एउटा विशिष्ट संयन्त्रको विकास गरेको छ ।

नेपालमा निष्क्रिय बैंक खातामा रहेको रकम व्यवस्थापनसम्बन्धी व्यवस्था मुख्यतः बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकले आफ्नो कानुनी अधिकारअन्तर्गत जारी गरेका निर्देशनहरूबाट निर्देशित हुँदै आएको छ । यसअन्तर्गत निष्क्रिय खाताको विवरण पेस गर्ने, खातावाला लाई सूचना दिने तथा दाबी नगरिएको रकम अन्ततः तोकिएको कोषमा हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ११२ बमोजिम लगातार १० वर्षसम्म कारोबार नभएका खाताको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र नेपाल राष्ट्र बैंकमा पेस गर्नुपर्ने, प्रत्येक पाँच वर्षमा कम्तीमा एकपटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नुपर्ने तथा सम्बन्धित विवरण बैंक तथा वित्तीय संस्थाको वेबसाइटमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । यस्ता खातामा रहेको रकम २० वर्षसम्म पनि दाबी नभएमा नेपाल राष्ट्र बैंकमा रहेको बैंकिङ विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ र उक्त रकम बैंकिङ क्षेत्रको विकासमा मात्र प्रयोग गर्न सकिनेछ । हाल विद्यमान यस कानुनी व्यवस्थामार्फि नेपाल सरकारको १०० दिने सुशासन सुधार कार्यसूचीको बुँदा नं. ७८ ले थप ध्यानाकर्षण गराएको छ । उक्त बुँदामा १० वर्ष वा सोभन्दा बढी समयदेखि निष्क्रिय रहेका खाताको विवरण सङ्कलन गरी दाबी नगरिएको रकम ९० दिनभित्र राज्यकोषमा जम्मा गर्ने प्रस्ताव गरिएको छ । तर बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ११२ (३) ले त्यस्तो रकम राज्यकोषमा नभई नेपाल राष्ट्र बैंकको बैंकिङ विकास कोषमा जम्मा गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको तथा दफा १११ (४) ले खातावालाको स्वीकृतिविना खातामा जम्मा भएको रकम अन्यत्र हस्तान्तरण गर्न रोक लगाएका कारण उक्त सरकारी प्रस्ताव कार्यान्वयन गर्न विद्यमान ऐन संशोधनको अवस्था देखिएका सन्दर्भमा यस लेखमार्फत निष्क्रिय बैंक खाताको रकमको उपयोग : अन्तर्राष्ट्रिय अभ्यास, कानुनी व्यवस्था र नेपालका सन्दर्भमा तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ ।

निष्क्रिय बैंक खाताको रकमको उपयोगसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

निष्क्रिय खाताको रकम व्यवस्थापन सम्बन्धमा विभिन्न देशका व्यवस्थाबीच ठूलो भिन्नता पाइन्छ । कतिपय देशमा निष्क्रियताको अवधि तीन वर्षदेखि सुरु हुन्छ भने कतिपय देशमा २० वर्षसम्मको अवधि तोकिएको छ । रकमको अन्तिम उपयोग पनि राज्यको सामान्य बजेट, विशेष सार्वजनिक हित कोष, सामाजिक लगानी संस्था वा वित्तीय संस्थाकै आम्दानीसम्म फरक-फरक रहेको पाइन्छ । निष्क्रिय खाताको रकम व्यवस्थापनबारे अध्ययन गर्दा मुख्य गरी तीन प्रमुख संस्थागत ढाँचाहरू प्रचलनमा रहेको पाइन्छ । पहिलो, बेलायत र आयरल्यान्डमा प्रयोग भएको "सार्वजनिक हित कोष मोडेल"; दोस्रो, दक्षिण कोरिया र जापानमा प्रयोग भएको "सामाजिक वित्त मोडेल"; र तेस्रो, अमेरिकामा प्रचलित "राज्यस्तरीय सरकारी अधिग्रहण मोडेल" मुख्य ढाँचाहरू रहेका पाइन्छन् । रकमको उपयोग हुने क्षेत्र, मूल हकदारको

अधिकार संरक्षण तथा शासन प्रणालीको प्रकृतिका आधारमा प्रमुख देशका निष्क्रिय खाता व्यवस्थालाई तीन आदर्श प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

सार्वजनिक हित कोष मोडेल

यस मोडेलको उपयोग मुख्य गरी बेलायत र आयरल्यान्डले उपयोग गरेको पाइन्छ । बेलायतको Dormant Bank and Building Society Accounts Act 2008 लाई निष्क्रिय सम्पत्तिको व्यवस्थापनका लागि विश्वकै विस्तृत कानुनी संरचनाका रूपमा लिने गरिएको पाइन्छ । यस कानुनअन्तर्गत Reclaim Fund लाई मुख्य संयन्त्रका रूपमा स्थापना गरिएको छ । बैंकहरूले निष्क्रिय खाताको रकम Reclaim Fund मा हस्तान्तरण गरेपछि बैंकको ग्राहकप्रतिको दायित्व समाप्त हुन्छ । तर ग्राहकको रकम फिर्ता माग्ने अधिकार भने कानुनी रूपमा समाप्त हुँदैन र यसमा कुनै निश्चित समयसीमा तोकिएको छैन । Reclaim Fund ले भविष्यमा आउन सक्ने रकम फिर्ताको दाबी पूरा गर्न आवश्यक रकम छुट्याएपछि बाँकी रकम Big Lottery Fund मार्फत सामाजिक तथा वातावरणीय उद्देश्यमा प्रयोग गरिन्छ ।

यस प्रणालीको महत्त्वपूर्ण विशेषता भनेको दायित्व समाप्त नभई स्थानान्तरण हुनु हो अर्थात् रकमधनीको अधिकार हराउँदैन; उसको अधिकार व्यावसायिक बैंकबाट विशेष सार्वजनिक कोषमा स्थानान्तरण हुन्छ ।

आयरल्यान्डको Dormant Accounts Act 2001 ले पनि लगभग यस्तै व्यवस्था गरेको छ । बैंक तथा अन्य क्रेडिट संस्थामा १५ वर्षसम्म कुनै कारोबार नभएका खातालाई निष्क्रिय खाता मानिन्छ ।

त्यसपछि रकम National Treasury Management Agency -NTMA द्वारा व्यवस्थापन गरिने Dormant Accounts Fund मा स्थानान्तरण हुन्छ। विशेष समितिमार्फत आर्थिक, शैक्षिक तथा सामाजिक रूपमा कमजोर वर्गको सहयोग, अपाङ्गता भएका व्यक्तिको समर्थन तथा प्राथमिक तहका सिकाइ कठिनाइ भएका विद्यार्थीका लागि कार्यक्रम सञ्चालन गर्नका लागि उक्त रकमको प्रयोग गरिन्छ ।

आयरल्यान्डको केन्द्रीय बैंकका अनुसार रकम कोषमा स्थानान्तरण भए पनि मूल खातावालाको अधिकार समाप्त हुँदैन । खातावालाले आफ्नो रकम ब्याजसहित सम्बन्धित संस्थामार्फत जुनसुकै समयमा फिर्ता लिन सक्छ ।

आयरल्यान्डको अर्को महत्त्वपूर्ण विशेषता भनेको सूचना दिने कडा कानुनी दायित्व हो । वित्तीय संस्थाले प्रत्येक वर्ष अक्टोबरमा राष्ट्रिय स्तरका दुईवटा पत्रिका तथा Irish Gazette मा निष्क्रिय खातासम्बन्धी सूचना प्रकाशित गर्नुपर्छ। साथै सम्बन्धित संस्थाको कार्यालयमा पनि सूचना स्थायी रूपमा देखिने गरी राख्नुपर्छ । दुवै देशको मूल अवधारणा समान छ–रकमको अन्तिम उपयोग सामाजिक हितमा गर्ने तर मूल हकदारको स्थायी फिर्ता अधिकार सुरक्षित राख्ने तर बेलायतको प्रणालीमा Reclaim Fund एउटा वित्तीय मध्यस्थजस्तो देखिन्छ भने आयरल्यान्डको प्रणाली प्रत्यक्ष "सार्वजनिक वित्तीय ट्रस्ट" को अवधारणासँग बढी नजिक देखिन्छ ।

सामाजिक वित्त मोडेल

दक्षिण कोरिया र जापानले मुख्य रूपमा यस मोडेलको प्रयोग गरेको पाइन्छ। पूर्वी एसियाका दक्षिण कोरिया र जापानले अर्को प्रकारको मोडेल विकास गरेका छन् । यहाँ निष्क्रिय रकमलाई सामान्य सरकारी वा सामाजिक सहायता कार्यक्रममा मात्र खर्च नगरी वित्तीय समावेशिता तथा सामाजिक लगानीमा केन्द्रित गरिएको छ ।

दक्षिण कोरियाको प्रणालीको आधार Act on Support for the Financial Life या Ordinary Citizens मा रहेको छ । निष्क्रिय निक्षेप, बीमा रकम तथा केही अन्य वित्तीय सम्पत्तिलाई वित्तीय संस्थाहरूले Korea Inclusive Finance Agency मा योगदान गर्छन् । उक्त संस्थाले रकम व्यवस्थापन गर्नाका साथै निष्क्रिय रकम खोजी तथा फिर्ता गर्ने सेवा सञ्चालन गर्छ ।

सन् २०२५ मा गरिएको सुधारपछि नागरिकले आफ्नो निष्क्रिय रकम खोज्न, फिर्ता लिन वा चाहेमा दान गर्न सक्ने व्यवस्था गरिएको छ। २०२५ को पहिलो छ महिनामा सम्बन्धित संस्थाले करिब १,६३५ अर्ब कोरियन वन बराबरको निष्क्रिय रकम फिर्ता गरेको थियो, जुन अघिल्लो वर्षको सोही अवधिभन्दा करिब २० प्रतिशत बढी थियो । त्यसमध्ये करिब ७६.६ प्रतिशत रकम गैर-प्रत्यक्ष माध्यमबाट फिर्ता भएको थियो ।

दक्षिण कोरियाली प्रणालीको विशेष पक्ष भनेको यसको दुई-खाता संरचना हो । निष्क्रिय रकमको मूल धनलाई मूल हकदारले जुनसुकै समयमा फिर्ता लिन सक्ने अधिकार सुनिश्चित गर्न राखिन्छ भने त्यसबाट प्राप्त सञ्चालन आम्दानीलाई Self–Support Account मा पठाइन्छ । यसबाट कमजोर आर्थिक अवस्थाका व्यक्तिलाई लघुवित्त तथा साना व्यवसाय सञ्चालनका लागि वित्तीय सहयोग प्रदान गरिन्छ । सन् २०२३ को अन्त्यसम्म निष्क्रिय खातामा करिब २.३३ ट्रिलियन कोरियन वन रहेको थियो । सो वर्ष करिब १५ अर्ब वन Self–Support Account मा स्थानान्तरण गरिएको थियो । यस व्यवस्थाले मूल धनलाई सुरक्षित राख्दै त्यसबाट प्राप्त समयको मूल्य (Time Value) लाई सामाजिक मूल्यमा रूपान्तरण गर्ने प्रयास गरेको देखिन्छ । यसैगरी सन् २०२६ अप्रिलमा प्रस्तावित कानुनी संशोधनले वित्तीय संस्थाको योगदानलाई हालको स्वैच्छिक व्यवस्थाबाट

अनिवार्य व्यवस्थामा लैजाने प्रस्ताव गरेको छ । साथै निष्क्रिय निक्षेपमा १० वर्षको limitation period लागु गर्ने प्रस्ताव गर्दै मूल हकदारको अधिकार सुनिश्चित गर्न रिजर्भ प्रणाली कायम राख्ने प्रस्ताव गरिएको छ ।

जापानको Dormant Deposits Act 2016 ले बैंकमा रहेको निष्क्रिय खाताको रकमलाई गैरसरकारी तथा सार्वजनिक हितमा काम गर्ने संस्थाहरूलाई सहयोग गर्न प्रयोग गर्ने व्यवस्था गरेको छ ।

यसका लागि Dormant Deposits Utilization Council स्थापना गरिएको छ। जसमा प्रधानमन्त्री स्तरमै आधारभूत नीति तथा वार्षिक योजना निर्धारण गरिन्छ । रकम Designated Utilization Organizations मार्फत स्थानीय समुदायमा कार्यरत सहयोगी संस्थाहरूलाई वितरण गरिन्छ । विशेषगरी युवा सशक्तीकरण, समुदायमा समावेशिता तथा संयुक्त राष्ट्रसंघको Sustainable Development Goals (SDGs) सम्बन्धी गतिविधिलाई प्राथमिकता दिइन्छ ।

जापानी प्रणालीको महत्त्वपूर्ण पक्ष भनेको स्वतन्त्रता र दोहोरो निगरानी हो । Designated Utilization Organization सरकार तथा बैंकिङ प्रणालीबाट स्वतन्त्र रूपमा काम गर्छ र अनुदानसम्बन्धी निर्णय गर्छ । त्यसपछि स्थानीय संस्थाहरूले रकम कार्यान्वयन गर्छन् । यसले स्वार्थको द्वन्द्व कम गर्नाका साथै स्थानीय आवश्यकता बुझ्ने संस्थासम्म रकम पुऱ्याउने उद्देश्य राख्छ ।

दक्षिण कोरिया र जापानको साझा अवधारणा भनेको निष्क्रिय रकमलाई "सामाजिक वित्तको धैर्यशील पुँजी (Patient Capital)" का रूपमा प्रयोग गर्नु हो । यसको उद्देश्य केवल राहत वा परोपकार होइन, ऋण तथा लगानीमार्फत लाभग्राहीको आर्थिक आत्मनिर्भरता बढाउनु हो ।

राज्यस्तरीय सरकारी अधिग्रहण मोडेल

अमेरिकामा निष्क्रिय सम्पत्तिको व्यवस्थापन मुख्यतः State-level Escheat प्रणालीमा आधारित छ ।

यसको ऐतिहासिक आधार Common Law मा रहेको बेवास्ता गरिएको वा हकदार नभएको सम्पत्ति राज्यमा जाने सिद्धान्तसँग सम्बन्धित छ । अमेरिकाका विभिन्न राज्यले Unclaimed Property Law बनाएका छन् । सामान्यतया बैंक खातामा तीनदेखि पाँच वर्षसम्म कुनै गतिविधि नभएपछि वित्तीय संस्थाले रकम राज्य सरकारलाई हस्तान्तरण गर्नुपर्छ । राज्य सरकार त्यस रकमको स्थायी संरक्षक (Permanent Custodian) का रूपमा रहन्छ र MissingMoney.com जस्ता प्लेटफर्ममार्फत वास्तविक हकदारलाई आफ्नो रकम खोज्न सहयोग गर्छ । तर पछिल्ला वर्षमा यस प्रणालीको आलोचना हुन थालेको छ । अमेरिकी सिनेटको Banking Committee ले अप्रिल २०२६ मा पठाएको निगरानीसम्बन्धी पत्रमा धेरै राज्यले निष्क्रियताको अवधि पाँच वर्षबाट तीन वर्षमा झार्दै गएको तथा "Inactive" को परिभाषा थप कडा बनाउँदै गएको उल्लेख गरिएको छ । यसले विशेषगरी लामो समयसम्म लगानी कायम राख्ने तथा अवकाशका लागि बचत गर्ने व्यक्तिको Buy-and-Hold रणनीतिमा जोखिम सिर्जना गर्न सक्ने चिन्ता व्यक्त गरिएको छ । उक्त पत्रअनुसार २०२४ सम्म विभिन्न राज्यसँग करिब ७० अर्ब अमेरिकी डलर बराबरको Unclaimed Property रहेको थियो । २००४ देखि २०२० सम्म १७ वटा क्षेत्राधिकारले बैंकसम्बन्धी सम्पत्तिको निष्क्रिय अवधि घटाएका थिए ।

यसको प्रतिक्रियास्वरूप २०२६ मा प्रस्ताव गरिएको SAFER Act ले संघीय न्यूनतम मापदण्ड निर्माण गर्ने प्रयास गरेको छ । प्रस्तावअनुसार व्यक्तिगत खाता खातावालाको मृत्यु पुष्टि भएको तीन वर्षपछि मात्र राज्यले अधिग्रहण गर्न सक्ने, संयुक्त खातामा सबै खातावालाको मृत्यु पुष्टि हुनुपर्ने तथा संस्थागत खातामा पाँच वर्षसम्म सम्पर्क नभएपछि मात्र प्रक्रिया अघि बढाउन सकिने व्यवस्था प्रस्ताव गरिएको छ ।

अमेरिकी प्रणालीको प्रमुख विवाद भनेको राज्यको आर्थिक प्रोत्साहनसँग सम्बन्धित सम्भावित स्वार्थको द्वन्द्व हो । राज्य एकातर्फ सम्पत्तिको संरक्षक हुन्छ भने अर्कातर्फ रकम सामान्य सरकारी आम्दानीमा समावेश भएपछि त्यसको आर्थिक लाभग्राही पनि बन्न सक्छ । यस कारण वास्तविक हकदार खोजेर रकम फिर्ता गर्ने राज्यको प्रोत्साहन कमजोर हुन सक्ने भनी आलोचना गरिएको छ ।

निष्क्रियताको अवधि निर्धारण गर्नु सम्पूर्ण प्रणालीको सुरुवाती आधार हो । बेलायत र आयरल्यान्डले १५ वर्षको अवधि अपनाएका छन् । यसले खातावालाले आफ्नो खाता बिर्सिएको हुन सक्ने अवस्थाप्रति तुलनात्मक रूपमा बढी सहनशीलता देखाउँछ । फ्रान्समा चालु खाताका लागि १० वर्ष र अन्य खाताका लागि ३० वर्षसम्मको अवधि लागु हुन्छ । अमेरिकाका अधिकांश राज्यमा तीनदेखि पाँच वर्षको अवधि लागु भएको पाइन्छ ।

दक्षिण कोरियाको प्रणाली limitation period सँग सम्बन्धित भए पनि मूल हकदारको रकम फिर्ता लिने अधिकारलाई स्थायी रूपमा कायम राखिएको छ । सूचना दिने दायित्वमा पनि ठूलो भिन्नता छ ।

आयरल्यान्डमा बैंकले रकम स्थानान्तरण गर्नुअघि खातावालालाई लिखित रूपमा जानकारी दिनुपर्छ । १०० युरोभन्दा बढी रकम भएका खाताका लागि विशेष सूचनाको व्यवस्था छ । बेलायतमा सूचना दिने दायित्व मुख्यतः वित्तीय संस्थाको स्वनियमनमा आधारित छ । अमेरिकाका राज्यहरूमा सूचना दिने मापदण्ड फरक-फरक छन् । जापानमा भने रकम

स्थानान्तरण गर्नुअघि वित्तीय संस्थाले हकदारसँग सम्पर्क गर्न "उचित प्रयास" गर्नुपर्ने व्यवस्था छ ।

लगभग सबै देशका व्यवस्थाले कुनै न कुनै रूपमा मूल हकदारलाई रकम फिर्ता लिन सक्ने अधिकार सुरक्षित गरेका छन् तर त्यसको व्यावहारिक सुरक्षा समान छैन । बेलायत र आयरल्यान्डमा रकम फिर्ता माग्ने अधिकार स्थायी रूपमा कायम रहन्छ ।

दक्षिण कोरियामा २०२४ को कानुनी सुधारपछि मूल हकदारको भुक्तानी माग गर्ने अधिकारमा निश्चित समयसीमा नलाग्ने व्यवस्था स्पष्ट गरिएको छ ।

अमेरिकाका राज्यहरूमा पनि रकम फिर्ता लिन सकिने भए पनि व्यवहारमा प्रक्रिया जटिल, सूचना असमान तथा रकम सामान्य सरकारी कोषमा प्रवेश गरेपछि फिर्ता प्रक्रिया थप कठिन हुन सक्ने समस्या देखिन्छ ।

युरोपेली संघमा भइरहेको सुधारसम्बन्धी छलफलमा स्थायी फिर्ता अधिकार (Permanent Reclaim Right) लाई सम्भावित एकीकृत प्रणालीको आधारभूत सिद्धान्तका रूपमा प्रस्तुत गरिएको छ । यसको कानुनी आधार स्पष्ट छ: निष्क्रिय हुनु भनेको कानुनी रूपमा सम्पत्ति त्याग्नु होइन । कुनै खाता लामो समयसम्म प्रयोग नभएको अवस्थालाई मात्र आधार बनाएर सम्पत्तिमाथिको स्वामित्व त्यागिएको निष्कर्ष निकाल्नु परम्परागत सम्पत्ति कानुनका दृष्टिले स्वत: स्थापित हुँदैन ।

नेपालका सन्दर्भमा निष्क्रिय बैंक खाताको रकम व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था

नेपालका सन्दर्भमा निष्क्रिय बैंक खाताको रकम व्यवस्थापन बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकले आफ्नो कानुनी अधिकारअन्तर्गत जारी गरेका निर्देशनहरूबाट निर्देशित हुँदै आएको छ । यसअन्तर्गत निष्क्रिय खाताको विवरण पेस गर्ने, खातावालालाई सूचना दिने तथा दाबी नगरिएको रकम अन्ततः तोकिएको कोषमा हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ । BAFIA को दफा ११२ बमोजिम लगातार १० वर्षसम्म कारोबार नभएका खाताको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र नेपाल राष्ट्र बैंकमा पेस गर्नुपर्ने, प्रत्येक पाँच वर्षमा कम्तीमा एकपटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नुपर्ने तथा सम्बन्धित विवरण बैंक तथा वित्तीय संस्थाको वेबसाइटमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । सामान्यतः लगातार तीन वर्षसम्म कुनै कारोबार नभएको बचत खाता निष्क्रिय मानिन्छ भने चल्ती खाताका हकमा कारोबार नभएको अवधि क्रमशः छ महिनादेखि एक वर्षसम्म पुगेपछि निष्क्रिय खाताका रूपमा वर्गीकरण गरिन्छ । यस्ता खातामा रहेको रकम २० वर्षसम्म पनि दाबी नभएमा नेपाल राष्ट्र बैंकमा रहेको बैंकिङ विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ र उक्त रकम बैंकिङ क्षेत्रको विकासमा मात्र प्रयोग गर्न सकिनेछ । तर रकम उक्त कोषमा हस्तान्तरण भइसकेपछि पनि वास्तविक खातावाला वा कानुनी हकदारले आवश्यक प्रमाण तथा सम्बन्धित बैंकको सिफारिससहित रकम फिर्ता माग गर्न सक्ने व्यवस्था छ; यद्यपि दाबी नगरिएको अवधिको ब्याज भने प्राप्त हुने छैन । यस २० वर्षे रकम हस्तान्तरणसम्बन्धी व्यवस्थालाई कार्यान्वयनमा ल्याउन नेपाल राष्ट्र बैंकले १३ जनवरी २०२२ मा निर्देशन जारी गरेको थियो र जुलाई २०२५ को मध्यसम्म बैंकिङ विकास कोषमा करिब ७ करोड रुपैयाँ रहेको उल्लेख छ । हाल विद्यमान यस किसिमको कानुनी व्यवस्थामाथि नेपाल सरकारको १०० दिने सुशासन सुधार कार्यसूचीको बुँदा नं. ७८, जुन मार्च २०२६ मा सार्वजनिक गरिएको थियो, ले थप ध्यानाकर्षण गराएको छ । उक्त बुँदामा १० वर्ष वा सोभन्दा बढी समयदेखि निष्क्रिय रहेका खाताको विवरण सङ्कलन गरी दाबी नगरिएको रकम ९० दिनभित्र राज्यकोषमा जम्मा गर्ने प्रस्ताव गरिएको छ । तर BAFIA को दफा ११२ (३) ले त्यस्तो रकम राज्यकोषमा नभई नेपाल राष्ट्र बैंकको बैंकिङ विकास कोषमा जम्मा गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको तथा दफा १११ (४) ले खातावालाको स्वीकृतिविना खातामा जम्मा भएको रकम अन्यत्र हस्तान्तरण गर्न रोक लगाएका कारण उक्त सरकारी प्रस्ताव कार्यान्वयन गर्न विद्यमान ऐन संशोधन गरी संसद्बाट पारित तथा राष्ट्रपतिबाट प्रमाणीकरण गराउनुपर्ने अवस्था देखिन्छ । यस प्रस्तावपछि लामो समयदेखि निष्क्रिय रहेका बैंक खाता पुनः सञ्चालन गराउन ग्राहकहरू बैंक पुग्ने क्रमसमेत बढेको देखिएको छ । साथै नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशनमार्फत बैंक तथा वित्तीय संस्थाहरूलाई निष्क्रिय खाताको संख्या घटाउने, कार्ययोजना बनाउने तथा निष्क्रिय खाताका रूपमा वर्गीकरण गर्नुअघि सम्बन्धित खातावालालाई पूर्वसूचना दिनुपर्ने व्यवस्थालाई समेत निरन्तरता दिएको छ ।

निष्कर्ष

निष्क्रिय बैंक खाताको रकमको व्यवस्थापन प्राविधिक वित्तीय नियमनको सीमित विषय होइन; यो निजी सम्पत्तिको संवैधानिक संरक्षण, वित्तीय प्रणालीप्रतिको जनविश्वास र राज्यको राजकोषीय आवश्यकताबीचको त्रिपक्षीय सन्तुलनको प्रश्न हो । विश्वका तीन प्रमुख ढाँचा–बेलायत-आयरल्यान्डको सार्वजनिक हित कोष, कोरिया-जापानको सामाजिक वित्त र अमेरिका-क्यानडाको राज्यस्तरीय जफत–मध्ये कुनै पनि ढाँचा आफैंमा पूर्ण छैन । बेलायतमा स्वैच्छिक स्थानान्तरणले अपेक्षित आधा रकम मात्र जुटाउँदा प्रणालीको कमजोर पक्ष उजागर भयो भने अमेरिकामा चाहिँ राज्यहरूले निष्क्रियता अवधि छोट्याउँदै जाँदा नागरिकहरूले मुद्दा हाल्न थालेका छन् । यसबाट के स्पष्ट हुन्छ भने मूल धनीको भरपर्दो फिर्ता

अधिकारविना कुनै पनि प्रणालीले दीर्घकालीन वैधता प्राप्त गर्न सक्दैन । नेपालका सन्दर्भमा बैकं तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ ले २० वर्षको सीमा र बैंकिङ विकास कोषको संरचना स्थापित गरी अधिकार संरक्षणको कानुनी आधार तयार गरेको छ । तर १० वर्षमै रकम राज्यकोषमा लैजाने बुँदा नं. ७८ को प्रस्तावले देखाएको छ । यसले नीतिगत बेमेलताका साथै संवैधानिक सम्पत्ति अधिकार र न्यायिक पुनरावलोकनको जोखिम निम्त्याउने सम्भावना रहन्छ । व्यावहारिक रूपमा नेपालले सूचना तथा पहुँच पुऱ्याउन वार्षिक सूचना प्रकाशन र डिजिटल खोज प्लेटफर्ममार्फत मूल धनीले सहजै आफ्नो रकम पहिचान गर्न सक्ने वातावरण बनाउनुपर्छ । बैंकिङ विकास कोषको उपयोगमा सार्वजनिक प्रतिवेदन र स्वतन्त्र लेखापरीक्षण अनिवार्य गर्नुपर्छ ।

अन्ततः निष्क्रिय रकम सरकारको गुप्त कर वा बैंकको गुप्त नाफा होइन । यो एउटा सामाजिक ट्रस्ट हो । जुन प्रणालीले बिर्सिएको रकमलाई सामाजिक हितमा परिणत गर्दै मूल धनीको सम्झनाको अधिकार पनि सुरक्षित राख्छ, त्यही प्रणालीले मात्र कानुनी वैधता र लोकतान्त्रिक विश्वसनीयता दुवै प्राप्त गर्न सक्छ ।

सन्दर्भ सामग्री

A comparative study on the scope of the use of dormant deposits between Korea and Japan. KCI.

Bank and Financial Institutions Act (BAFIA), 2017, Sections 111–112, Nepal.

DC Nepal. (2026, July 12). बैंक खाता बन्द र पुनः सञ्चालन गर्न जुनसुकै शाखा वा मोबाइल एप. https://dcnepal.com

Department of Rural and Community Development, Ireland. (2024). Disbursement of moneys from the Dormant Accounts Fund: Annual report 2024. Dublin: Government of Ireland.

Department of Rural and Community Development, Ireland. (2025). Disbursement of moneys from the Dormant Accounts Fund: Annual report 2025. Dublin: Government of Ireland.

Department of Rural and Community Development, Ireland. (2025). Dormant Accounts Fund disbursement scheme 2026–2028. Dublin: Government of Ireland.

Deposit Insurance Corporation of Japan. (n.d.). Dormant deposits management account. Tokyo: DICJ.

Dormant Accounts Act 2001, Ireland.

Dormant Bank and Building Society Accounts Act 2008, UK, Sections 1–2, 10.

Dormant Deposits Utilization Act (Act No. 101 of 2016), Japan, Articles 3, 7, 16–19.

Financial Services Commission, South Korea. (2026, September 27). Unclaimed financial assets top W1.5tr; regulators to publish refund data starting next year. Herald Corp. https://heraldcorp.com

Government of Nepal. (2026, March). 100-Point Governance Reform Agenda, Point No. 78. Kathmandu: Office of the Prime Minister and Council of Ministers.

HM Revenue & Customs. (n.d.). Dormant Accounts Scheme: Frequently asked questions. London: Government of the United Kingdom.

Huertas, M. (2025). Towards an EU-wide rulebook on dormant and unclaimed assets—A missing piece of the single market. Journal of International Banking Law and Regulation, Issue 12.

IMF eLibrary. (n.d.). Comparison to other countries: Dormant accounts in Germany, UK, France. Washington, DC: International Monetary Fund.

Japan Network for Public Interest Activities (JANPIA). (n.d.). Selection of designated utilization organization. Tokyo: JANPIA.

Laws on unclaimed savings accounts in France and the USA—Suggestions for Vietnam. VNUHCM Journal of Economics, Business and Law.

Loi Eckert, Law No. 2014-617, France.

MeroLagani. (2026, March 28). बालेन सरकार १०

वर्ष निष्क्रिय बैंक खाताको रकम उपयोग गर्दै. https://merolagani.com

MeroLagani. (2026, March 29). Implementation of Govt's decision to utilize funds in dormant accounts difficult without amending BAFIA Act. https://merolagani.com

MeroLagani. (2026, March 30). नागरिकको निक्षेपमाथि सरकारी दावी. https://merolagani.com

National Association of Unclaimed Property Administrators (NAUPA). (2023). Unclaimed property estimates. Lexington, KY: NAUPA.

National Bank of Kazakhstan. (n.d.). International experience in unclaimed accounts management. Almaty: National Bank of Kazakhstan.

Nepal Rastra Bank. (2013). Banking Development Fund. Nepal Rastra Bank Annual Report 2012/13. Kathmandu: Nepal Rastra Bank.

Nepal Rastra Bank. (2022, January 13). Directive on unclaimed deposits. Kathmandu: Nepal Rastra Bank.

Republica. (2026, July 11). NRB directs BFIs to cut dormant accounts, ensure timely customer notifications. https://myrepublica.nagariknetwork.com

SAFER Act (Proposed 2026), H.R. _____, 119th Congress, United States.

Swiss Banking Ombudsman. (n.d.). Dormant accounts in Switzerland. Zurich: Swiss Banking Ombudsman.

TheKathmanduPost.(2026,March30).Government move to seize dormant accounts hits legal wall. https://kathmandupost.com

Ujyaalo Online. (2026, July 10). निष्क्रिय खाता कार्य योजना बनाई न्यूनीकरण गर्न राष्ट्र बैङ्को निर्देशन. https://ujyaaloonline.com

UNESCAP. (n.d.). Innovative financing for development in Asia-Pacific: Japan's Dormant Deposits Act. Bangkok: United Nations Economic and Social Commission for Asia and the Pacific.

VitalLaw. (2026, April 16). State banking laws—Senate, House make moves on unclaimed property escheatment laws. https://vitalLaw.com

नुवाकोट त्रिशूली डायरी: २०८३ भदौ १० गते....!!



लक्ष्मी पण्डित
शाखा प्रबन्धक
नेपाल बैंक लिमिटेड
त्रिशूली शाखा

भागवत गीतामा भनिएको छ, "चिन्ता नगर जे हुन्छ राम्रैका लागि हुन्छ ।" मात्र हामीमा थाहा पाउने सामर्थ हुनुपर्छ । म २०८३ भदौ ९ गते नै अफिसपछि काठमाडौँ आएँ । सीधै बसपार्क गएर ४ वटा टिकट धुन्चेका लागि लिने सोचले बसपार्क नजिकै ओर्लिएँ । पौने आठ हुन लाग्दा काउन्टर बन्द भइसकेको थियो । सँगै जानुभएकी मेरी साथी अनीताले चालकलाई भनिदिन्छु भनेर त्यहींबाट फोन गर्नुभयो । उहाँले म पनि जाने हो मेरामै जाऊँ भनेपछि टिकट फिक्स भयो । चालक देवीघाटका रहेछन् । पछि मेरो पनि कुरा भयो र मिति २०८३ भदौ १० गते बिहान छ बजे हामी धुन्चेको इभी माइक्रोमा जाने भयौँ । हाम्रो अन्तिम गन्तव्य भने गोसाइँकुण्डको थियो । मेरा श्रीमान् र मेरा अफिसका २ जना बहिनीहरू जाने भएका थियौँ । बिहानै ५ बजेर २ मिनेट जाँदा त्यस भाइको फोन आयो र भन्यो दिदी ! समयमै आउनुस् है, यहाँ भीड भइसक्यो, हतारिदै ४ वटा टिकट चाहिँ राखिदिनू भनेपछि हुन्छ दिदी तर समयमै आउनुस् है भन्यो । गाडीभरि मान्छेको हल्ला राम्ररी सुनिइरहेको थियो । हुन्छ भन्दै हतार हतार तयार हुन थालें । बिहानको ५:४५ बजेतिर याङ्गोमा ट्याक्सीको व्यवस्था गर्न खोज्दा मोटरसाइकल परेछ, ३ पटकसम्म रद्द गर्नुपऱ्यो । यसै ढिला त भइगयो । ढिला भइसक्यो भनेर एक्ला एक्लै बसपार्क पुग्ने निर्णय गऱ्यौँ र हामीले आआफ्ना मोबाइलबाट याङ्गो बुक गऱ्यौँ । श्रीमान् मभन्दा अगाडि निस्कनुभयो । म भने पर्खाइमै थिएँ । याङ्गोवालाले भन्यो, "म आइसकेँ कता हुनुहुन्छ" भन्ने जवाफमा कुरा हुँदा भनेको स्थान फरक परेछ । फेरि रद्द गरेँ, अब चाहिँ मेरो मन आत्तिन थाल्यो, लोकेसन मिलाउनतिर नलागेर गुडिरहेको ट्याक्सीमा आँखा गयो अनि रोकेँ, ३ जना आमाहरू बसपार्क जाँदै हुनु हुँदो रहेछ । म बसिहालें अगाडिको सिटमा र भनें दाइ ! अलि छिटो, मेरो गाडी छुट्न लाग्यो, त्यसै समयका बीचमा चालकले ४,५ पटक कल गरिसकेको थियो । भनेको समयभन्दा आधा घण्टा ढिला भइसकेको थियो । अन्ततः बसपार्क पुगें । गाडीभरि मान्छे थिए, सबै मेरै पर्खाइमा थिए । कहिलेकाहीं ढिला पनि राम्रै हुन्छ, मैले सबैलाई कुराएँ, सरी है भन्दै मुस्कानसहित गाडीभित्र पसें । कसैकसैले केही छैन भने, कसैकसैले चाहिँ बोल्न पनि मन नगरेजस्तो बुझेँ, साँच्चै रिसाएका रहेछन्, नरिसाउन् पनि किन ? सबै समय अड्कलेर हिँडेका हुन्छन् । मैले भने मेरै पेवा जसरी मनमानी गरिदिएकी थिएँ, तर त्यस्तो हुन गएको हो, चाहेर भएको थिएन । जे होस् अब धुन्चे पुगिने भइयो भनेर ढुक्क हुँदै अगाडिको सिटमा हामी दुईजना बस्यौँ । चालक पनि साह्रै मिजासिला रहेछन् । गाडी पनि राम्ररी चलाउने अनि कुरा गर्ने तरिका सबै मिजासिलो । त्यसैले म भन्छु जातका आधारमा, पेसाका आधारमा अनि बस्ती एवम् ठेगानाका आधारमा कसैलाई पनि निर्णय गरिहाल्नु हुन्न । हरेक व्यक्तिमा विशेष खालका गुणहरू हुन्छन् । चालक हुँदैमा सबै चालकहरू उस्तै हुँदैनन्, चालकहरू पनि नितान्त विशेष वा फरक फरक हुन सक्छन्, मलाई लागेको कुरा ।

सायद शिव बाबाले हामीलाई नआउनलाई सङ्केत दिइरहनुभएको थियो । बहिनीहरुले टिकट त्रिशूलीबाट धुन्चेका लागि बुक गरिसकेका थिए तर म भने जाने वा नजाने भन्ने दोधारमै थिएँ । टिकट नपाउने सम्भावना भएकाले उनीहरूले जोहो गरिसकेका थिए तर मेरो जाने निधो नभएकाले टिकट निश्चित गरिएन । ९ गते बिहान निधो भएपछि म बेलुकै काठमाडौँ आएकी थिएँ, आफ्ना श्रीमान्लाई लिन । मेरा कारण बहिनीहरूले पनि टिकट रद्द गरेर मलाई पर्खनुपरेको थियो । गाडीका अगाडिकै सिटमा थिएँ म । आफैँ गाडी चलाउँदा केही नहुने तर अरूले चलाएको गाडीमा बस्नै नहुने मेरो श्रीमान् लाई, गाडी लागेर गाह्रो भइसकेको थियो उहाँलाई । मलाई भने बोल्न पाएन र खान पाएन भने गाह्रो हुने । म बोल्न थालें चालक भाइसँग । खानाको कुरा निकालें किनभने एक त शुद्ध र सफा हुनुपऱ्यो, अर्को बासी हुनुभएन । यही खानाका भरमा धुन्चेबाट हिँडेर चन्दनबारी पुग्नुछ वास बस्नुछ । मैले

सोध्ने क्रममा अघिपछि मैले जिम्बुमा रोक्थें, खाना खान र गाडी रिचार्ज गर्नका लागि । आज त सम्भव हुन्न लाइनमा कुर्नुपर्छ, आज त २०० भन्दा बढी गाडी निस्किसकेका छन् दिदी, तपाईंहरूलाई धुन्चे पनि त अलि छिटो पऱ्याउनुपऱ्यो । आज चाहिँ कि त ढुङ्गे, कि कालिका स्थानमा रोक्नुपर्ला भने चालक भाइले । चिनेको होटल हो र भाइ भन्ने मेरो सवालमा होइन दिदी भने । कुरा गर्दै जाँदा गुर्जे चेकपोस्ट आइपुग्यो, त्यहाँको प्रक्रिया सकेर हामी ओरालो लाग्दै गर्दा खानाका बारेमा मेरा मनमा कुरा खेलिरहेको थियो र यसै बीच मैले सोधें, खाना म अर्डर गरूँ भाइ, चिन्नुएको छ भने हुन्छ तर सबैलाई गरिदिनुस् भने । हो चिनेकै ठाउँमा, यतै विदुरमै हो गाडी पनि त्यतै रिचार्ज गर भाइ, खाना खाइसक्दा सकिन्छ पनि होला भनें । त्यसो भए हामी दुईजना चाहिँ इभी गाडी चार्ज गर्ने व्यवस्था भएको बसपार्कमा खान्छौं भनें । मैले तुरुन्तै फोन गरेर मेरै अफिस अगाडिको डाउन टाउन होटलमा १०-११ जनाका लागि भनें । हामी नौदेखि सवा नौका बीचमा आइपुग्छौं तयारी हुनुपर्छ भन्दै पछि साग र आलु अनि मोलेको अचार है भनेर पनि भन्न भ्याएँ । रूपा म्याडमले हुन्छ नि, भेजलाई स्पेसल भन्दै जिस्काउँदै जवाफ पनि दिनुभयो । हामी होटल आइपुग्दा ९:१० भएको थियो । १५ तिर खाना खान सुरु गऱ्यौं । सुरुमा टिमुरे स्याप्रुबेंसी सबै लग्यो भन्ने खबर आयो, होटेलका साहु भानु सरलाई । कसैले पत्याएनन्, पत्याउनु पनि कसरी ! पानी परेको छैन, हजारौं भक्तजनहरू लागेका छन् । झलमल घाम लागिरहेको बेलामा । पछि वेत्रावती र सोले गयो भनेर फोन आएपछि होटेलकी साहुनी रूपा म्याडमको माइती उतै भएकाले फोन गर्दा उहाँको माइती केही छैन, मान्छे माथि गाउँ भाग्न सफल भएको भन्ने खबरले सबैलाई सिरिङे बनायो । खाना खाइसकेको थिएन, कति मिठो है भन्दै सबै मस्तले खाँदै हुनुहुन्थ्यो, सब छाडेर बाहिर निस्क्यौं, मिनेटमै जमिनको थरथराहटसँगै ठूलो आवाज गर्दै आइपुगिगयो त त्रिशूली ढुङ्गे बजारमा । अलर्ट म्यासेज त छाडेको रैछ, नेटवर्कको समस्याले होला सबैकामा ९:१० तिर मात्र देखिएको थियो । त्यसपछि हामी सब तितरवितर भयौं, भागभाग मच्चियो । अफिस बन्द गरेर बैकका साथीहरू पनि बाहिर निस्किए अनि सबै जना आआफ्ना आफन्तहरूको खोजी गर्न थाल्नुभयो ।

गाडी चार्ज गर्न त्रिशूली बजार गएका चालक भाइलाई तुरुन्तै फोन गरें, चालक भाइ पनि स्टेसन नपुग्दै बाढीले भेटाउन खोजेकाले पछि पछि बाढी, आफू अघि अघि हुँदै सेकेन्डले भाग्न सफल भएछन् । त्यतिबेलासम्म फोन लाग्दै थियो नुवाकोटमा । हाम्रो टोलीकी अर्की बहिनी वेत्रावती आएर बस्ने कुरा थियो । उसको फोन नलाग्दा हामी तनावमा भयौं । क्षणभरमै सबै लाग्यो, सबै सकियो । अब हामी त्यही कहालीलाग्दो वातावरणमै सोध्ने र खोज्ने कार्य हुन थाल्यो । त्यही बीचमा चालक भाइले भने, दिदी ! मेरो देवीघाटको सबै लग्यो । मान्छेलाई चाहिँ केही भएन । फोन काटियो, त्यसपछि सम्पर्क हुन सकेन । बेलुकापख बल्ल थाहा हुन आयो अफिसकी बहिनीका सबैलाई लगे पनि उनी भने बाँच्न सफल भइछिन् ।

हेर्दा हेर्दै क्षणभरमै धर्तीको थर्काहट अनि कालो पानीको लेदो गोमन सर्पको जस्तो गति अनि गडगडाहट आवाजमा आएर सबै स्वाहा बनाइदियो । आँखाले एकोहोरो हेरिरहन पनि सकेनौं । बीच बीचमा आँखा चिम्लनुपर्ने अवस्था थियो । ठाउँ ठाउँमा भएका क्षतिका विवरण आउन थाले । कहीं मान्छेले थाहा नै पाएनन्, थाहा पाएकाले पनि भाग्न भ्याएनन्, घरमा भएका वृद्ध तथा स्कुलमा भएका बालकहरू निस्कन सकेनन्, सक्नेहरूले आफ्ना सामानहरू चोरीबाट जोगाउनका लागि ताल्चा-चाबी लगाउन थाले जसले गर्दा उनीहरूलाई केही समय लाग्यो, कतै केही बहुमूल्य सामान लिएर जान समय लाग्यो, कतै पत्याउन नै समय लाग्यो, कतै आफ्नालाई जोगाउन खोज्दा समय लाग्यो, कतै भिडियो बनाएर भाइरल हुने रहरले समय लाग्यो, खोला त उडेको थियो, खोलाले बाँकटे मारेको थियो, नक्सा कोरी कोरी झम्टेको जस्तो लाग्दथ्यो, भ्याउनु पनि कसरी, पत्याउनु पनि कसरी ? अविश्वासनीय र अकल्पनीय थियो । जे जे कारण होस् ठूलो क्षति भयो । ठूलो धनजनको क्षति भयो । धेरै शारीरिक रूपमा घाइते भए अनि धेरै मानसिक रूपमा पीडित भए । कैयौं वर्षमा उठ्न लागेको मेरो जन्मथलो अनि कर्मथलोको भूगोल मात्र होइन, ऐतिहासिक सभ्यता, भग्नावशेष, ऐतिहासिक स्थल अनि कहलिएका इतिहाससहितका धार्मिक स्थलहरू सबै सबै क्षणभरमै स्वाहा भए, क्षणभरमै कैयौं पुल, कैयौं स्कुल, कैयौं सार्वजनिक संरचना र सम्पत्ति, हजारौं घर र मानिसहरू माटामा विलीन भएको देख्यौं । गोसाइँकुण्ड र मानसरोवर तीर्थको महिना परेकाले त्यस दिन धेरै तीर्थालुहरू पनि परेको अनुमान गरिएको थियो । जाने त गए तर बाँच्नेलाई कति सकस ! भनिन्छ नि जसको भोग सकियो गए, जाने त गए, तर यस्तो परेर, देखेर अनि भोगेर बाँच्नु पनि बाँच्नेहरूको अभाग जस्तो लाग्यो मलाई । स्वार्थमा टिकेको यो संसार, लाग्छ सबै मौकाकै पर्खाइमा हुन्छन् । मौका पाउनुपर्छ तातो दिने त्यही अग्निले खरानी बनाइदिन्छ अनि तिर्खा मेट्ने त्यही पानीले बगाइदिन्छ । यस्तै भयो २०८३ भदौ १० गते । तिर्खामा प्यास मेटाउने त्यही पानी, मन्दिरमा चढ्ने त्यही जल, उसले मौका

पाउँदा सेकेन्डमै सहरलाई बगर बनाइदियो, प्रसिद्ध पौराणिक महत्त्व बोकेका बजारका बस्तीहरूलाई हजारौँ वर्ष पछाडि धकेलिदियो ।

भन्नलाई त मान्छेको जीवनका इच्छा एवम् आकाङ्क्षाहरू धेरै छन्, अनन्त छन् भनिन्छ तर वास्तवमा भन्ने हो भने इच्छा एवम् आकाङ्क्षा धेरै सीमित हुने रहेछन् । मान्छेका लागि आवश्यकता के हो, इच्छा के हो अनि चाहना के हो भन्ने कुरा उसको अफ्ना वशको कुरा होइन रहेछ अनि औकात र सामर्थ्यले पनि निर्धारण नगर्नेरहेछ, त्यो त उससँग भएको समय, समयले निम्त्याएको परिस्थिति अनि बाँच्न सक्ने इच्छाशक्तिले मापन गर्ने रहेछन् । अन्ततः बाँच्नका लागि मृत्युसँग सङ्घर्ष गर्न लाग्ने समयले जीवनका धेरै महत्त्वपूर्ण कुराको निर्धारण गरिदिने रहेछ भन्ने कुरा पनि यस घटनाले राम्ररी सिकाइदियो । विदुरवासीहरूलाई पनि अलि पर जानुपर्छ भन्न्ने अलर्ट भएपछि म त्यस दिन केही महत्त्वपूर्ण सामान निकाल्न अफिसभित्र छिरेँ । सायद मेरा लागि केही महत्त्वपूर्ण सामान त्यसभित्र थिए । एउटा, अर्को, अर्को गर्दा गर्दै सामानको त लर्को नै लाग्यो । फेरि अफिसका लागि महत्त्वपूर्ण सामानतिर पनि आँखा गए । कुन चाहिँ मात्र रोज्ने अनि बोक्ने, भएका सबै महत्त्वपूर्ण, अफिसको घर झनै महत्त्वपूर्ण, हनुमानजीले जडीबुटीको पहाड उचालेर लगे झैँ भवन नै लगूँ जस्तो भाव मनमा आयो तर मसँग न समय थियो न त हनुमानजीको जस्तो पहाड बोक्ने सामर्थ्य नै । अन्ततः त्यहीँ छाडेर हिडेँ सबै चीज, केही पनि बोकिनँ । मर्दै छु भन्ने थाहा भएको मान्छेले त्यो अन्तिमको दुई सेकेन्डमा कुन कुरा महत्त्वपूर्ण छ भनी सोचेर भन्न सक्छ र ! त्यतिबेला लाग्यो, मर्न लागेको मान्छेलाई के इच्छा छ भनेर सोध्नु मूर्खता रहेछ, त्यो सेकेन्ड मिनेटले इच्छालाई कदापि उजागर गर्न नसक्ने रहेछ ।

मान्छेमा हुने इच्छा र आकाङ्क्षा कतिसम्म खुम्चिन्छ र तन्किन्छ भन्ने कुरा मैले प्रत्यक्ष महसुस गरेँ । साँच्चै ! एक मिनेट अघिसम्म सुन पैसा जोगाउन खोज्दा खोज्दै, भाग्दा भाग्दै सेकेन्डले बाँचेकाहरू, सेकेन्डमै आफन्त मात्र बाँचिदिए हुन्थ्यो भन्नेमा पुगे, केही घण्टामै लास मात्र भेटिदिए हुन्थ्यो भन्नेमा पनि पुगे, केही दिनमा लास पहिचान मात्र भएदिए हुन्थ्यो भन्नेमा पुगे र महिना दिनमा डिएनए मात्र पनि मिले हुन्थ्यो भन्नेमा पनि पुगे । मन नै त रहेछ, नत्र करोडौँको सम्पत्ति अनि मुटुका टुकाका रूपमा रहेको परिवार सबै गुमाउँदा पनि एक बोरा चामल राहतका रूपमा थापेर बाँच्न कोसिस गर्नुपर्ने नै रहेछ, योभन्दा सजिलो र त्योभन्दा राम्रो भन्दै बाँचिरहेकाहरू ढुङ्गामाटामा एउटा पालमुनि जीवन गुजार्दै बाँच्न कोसिस गर्नुपर्ने नै रहेछ, सकिने त रहेछ त, फेरि किन यो भएन, त्यो भएन, यस्तै हुनुपर्छ भन्दै तँछाडमछाड, लुटपाट अनि अहम्ता । बाँच्नका लागि साथीभाइ, आफन्त अनि दाजुभाइहरूमा तँछाडछाड गर्दै एकले अर्कालाई सिध्याउन खोज्नेहरूका आफन्तहरू हेर्दा हेर्दै बगेका, फोन गर्दा गर्दै सम्पर्कविहीन भएका, एक कल आइदिए हुन्थ्यो अनि एक पटक फर्केर आइदिए हुन्थ्यो, अँगालो हाल्थेँ, माफी माग्थेँ, जे छ बाँडेर खान्थेँ भन्ने कल्पना गरेर पर्खाइमा बसे जस्तो बहानामा पनि त बाँच्ने कोसिस गर्न सकिने रहेछ त । लानेले के लगे ? आफूले गरेका कर्म लगे होलान् । बाँच्नेले के गर्न सके ? आफ्ना प्राणहरू, मुटुहरू बग्दा त्यही बाढीमा हामफाल्नुपर्ने होइन र ! तर बाँच्नका लागि सङ्घर्ष गर्न थाले, जे पर्छ बेहोर्न थाले । आज जे भयो त्यो सधैँ नरहने पनि रहेछ, बिस्तारै सहजताका साथ स्वीकार्दै जानुपर्ने रहेछ, भविष्य अनिश्चित रहेछ भन्ने थाहा पाउँदै गए । मान्छेलाई सत्कर्म गर्न कुनै तामझाम, तँछाडमछाड र अहम्ताको आवश्यकता नपर्ने रहेछ, अनगिन्ती इच्छा एवम् आकाङ्क्षाको आवश्यकता नपर्ने रहेछ, हिजो जे थियो आज नहुने रहेछ, आज जे छ त्यो भोलि त नरहने रहेछ, सत्य त यही नै हो नि, सबै मनकै खेल त रहेछ, सबै भावकै खेल त रहेछ, होइन र !

मोबाइलमा कैद हुनुपर्ने त्यो क्षण, मेरा भावहरूले नै कैद गरिदिए, मेरा आँखाहरू प्रत्यक्ष साक्षी भइदिए कसरी सुनाऊँ, के देखाएर मन बुझाऊँ म, मेरा भावी सन्ततिलाई । हेर्दा हेर्दै खरानी बनाइदियो, खरानीको रूप पनि यसरी परिवर्तन भयो हाम्रो पुस्ताका लागि । इतिहास मेटाइदियो अनि हाम्रा भावी सन्तानका लागि नयाँ इतिहास सृजना गरिदियो !

हामी आएको गाडीमा एकै परिवारका ठूलै ग्रुप हुनुहुन्थ्यो, बेलुका पख जाने बेलामा अँगालो हाल्दै भन्नुभयो, हजुरको खानाले हामीलाई बचायो, धन्यवाद बहिनी भन्दै विदा हुनुभयो । तर जस एउटाले पाउँछ, अपजस अर्काले । सब उहाँकै खेल हो, उहाँकै इच्छा हो, अरू त सब माध्यम मात्र हुन् । बाँच्ने पनि विभिन्न बहानाले बाँचेका छन्, अनि मर्ने पनि विभिन्न बहानाले मेरका छन् । वास्तवमा भगवान्लाई बचाउनुभयो भनेर धन्यवाद दिन पनि मन लागिरहेको थिएन, बाँचेर यस्तो विकराल विनाशको रूप देख्नु अनि महसुस गर्नु पनि अभाग नै लाग्यो मलाई । राम्रो कुरा सुन्न पाउनु, देख्न पाउनु र महसुस गर्न पाउनु पनि जीवनको भाग्य हो जस्तो लाग्छ मलाई । सयौँ सक्षम चालकहरू बगे, सयौँ इजिनियरहरू धरतीका काखमा विलीन भए । भौतिक क्षतिको पीडा सम्बन्धित ठाउँहरूले भोगे तर अन्य क्षतिको पीडा स्वदेशीलाई मात्र नभएर विदेशीलाई

पनि दियो । क्षति नबेहोर्ने कुनै जिल्ला थिएन, नपरेको कुनै पेसा थिएन, नपरेको कुनै जाति थिएन, नपरेको कुनै उमेर थिएन । पीडा सबैलाई नै दियो । पीडा सिङ्गो देशलाई नै दियो । हेर्दा हेर्दै सडकभरि सबै अचेत जस्ता देखिन्थे, ज्यान बचाएर भाग्नेहरू, आफ्नो सम्पत्ति पुरिएको-बगाएको हेर्नेहरू अनि लामो यात्रा तय गरी हिँडेका यात्रीहरू र विशेष गरी तीर्थथात्रीहरू । वास्तवमा त्यतिबेला सबै अचेत जस्ता भएका थियौँ । एक जना आमा सकी नसकी सडकमा कुदिरहँदा पनि हामीले केही गर्न सकेनौँ । उहाँको त्यसबेलाको स्थितिलाई सम्हाल्न सकेनौँ, अझ भनौँ होसै भएन । बेलुका पख सडकमै बसिरहेको देखेर मैले उहाँलाई भेटेर कुरा गरेपछि महसुस गरेँ मैले सह्मालिदिनुर्थ्यो । उहाँले भन्नुभयो म भर्खर घाँस काटेर घरमा छिरेकी थिएँ, बाढी त छिरिसकेछ बहिनी, जस्ती थिएँ भागिहालेँ, मलाई त होस पनि थिएन, बाँच्न लेखेको रैछ मलाई । वास्तवमा त्यहाँको माहोल हेरेर लाग्थ्यो, कसैलाई होस थिएन, होस थियो त केवल आर्मी र पुलिसहरूमा जो आफूलाई जोखिममा राखेर उद्धारकार्यमा खटिरहेका थिए, उहाँहरूको त्यो कुशलता, आँट र साहसलाई पनि सहृदय नमन !!

लेन्दे भोटेकोशीबाट अकल्पनीय र अविस्मरणीय रूपमा आएको त्यो विनाशकारीको रूप बाढी होइन, खोला बगेको होइन, त्यो त रौद्ररूप थियो शिव भगवान्को जस्तो, काली रूप थियो महाकालीको जस्तो ! जसले रसुवा जिल्लादेखि नुवाकोटको नाम चलेका, ऐतिहासिक एवम् पौराणिक गौरव बोकेका पुराना बजार वेत्रावती बजार, त्रिशूली बजार, ढुङ्गे बजार अनि ऐतिहासिक थलो देवीघाट जस्ता महत्त्वपूर्ण ठाउँहरूलाई आफैँमा मिलाउँदै लगेर वारपारका सबै बस्ती बगर बनाइदियो ।

केही दिनमा विस्तारै हामी क्षति पुगेका ग्राहकहरूको डाटा लिएर बीमा दाबीका लागि प्रक्रिया अघि बढाउन थाल्यौँ । आंशिक क्षति भएका र परिवार सकुशल रहेका केही ग्राहकहरू सम्पर्कमा आई बीमा तथा अन्य बैकिङ कार्यको प्रक्रिया अघि बढाइएको भए तापनि कैयौँ ग्राहकहरू जसको जनधन पूर्णत: क्षति भयो उहाँहरू त्यस परिस्थितिको असरबाट निस्कन सक्नुभएकै थिएन, जसका लागि हामी माध्यम भएर काम गरिरहेका थियौँ । हामीले गर्नुपर्ने पहिलो कर्तव्य र गर्न सक्ने काम पनि यही नै थियो । अहिलेसम्म ग्राहक, बीमा र बैकले बीमा गर्नका लागि मात्र बीमा गर्‍यौँ, बैंकिङ नियम पूरा गर्नका लागि मात्र बीमा गर्‍यौँ तर अबका दिनमा हामीले पूर्ण सम्पत्ति र वैधानिक बीमा दाबीका लागि बीमा गर्नुपर्छ । यसका लागि बीमा साक्षरता अभियान सञ्चालन गर्नु पनि अत्यन्त आवश्यक रहेको देखियो । यसै बीचमा हामीले बीमा कम्पनीहरूसँग छलफल गर्ने र गराउने काम पनि गर्‍यौँ । सहज अवस्थामा साथ लिन्छौँ र अप्ठ्यारो समयमा साथ दिन्छौँ । नेपाल बैंकले सदा गर्ने नै छ ।

भन्नलाई त सजिलो छ, मरेपछि के चाहिन्छ र ! तर मरेपछि मान्छेलाई झन् धेरै कुरा चाहिन्छ, धेरै आफन्तहरूको साथ र सहयोग पनि चाहिन्छ । तर त्यतिबेला परिवार रहेनन्, छिमेकी रहेनन्, आफन्त रहेनन्, बाँच्नेलाई साथ दिने कोही भएनन् अनि मरेकालाई मलामी जाने मान्छे समेत रहेनन् ।

हाम्रो अमूल्य ऐतिहासिक, धार्मिक सम्पत्ति अनि आफन्त र चिनेका मान्छे मात्र परेनन्, नेपाल बैक लिमिटेडका जो हाम्रा आदरणीय ग्राहक हुनुहुन्छ, उहाँहरूको ठूलो मात्रामा जनधन, संरचना, सम्पत्ति र व्यापार सबैमा अपूरणीय क्षति भयो । एक जना कर्मचारी बहिनीको घरबार लग्यो, कर्मचारीहरूका आफन्तहरू बगेर बेपत्ता भए, अफिस आएका साथीभाइहरू पुल जस्ता संरचना भत्किएर वारिको वारि हुन जाँदा महिनौँसम्म परिवारविहीन भए । यस्तो विषम परिस्थितिमा सरकार र ग्राहकलाई साथ दिनुपर्छ भनेर जेनेरेटर चलाएर तनमन शरीर तन्दुरुस्त भएजस्तो गरी निरन्तर बैंकबाट सेवाहरू प्रवाह गरिरह्यौँ । सार्वजनिक विदाहरूमा पनि हामी विदामा बसेनौँ । यसमा म मेरो शाखाको टिमसँग आभारी रहें । कैयौँ दिन बत्ती नआउँदा पानी र मोबाइलको समस्या बढ्दै गएको थियो । हामीले जेनेरेटर चलाएर सर्वसाधारण, प्रहरी, सेना र सशस्त्रका मोबाइल चार्ज गरिदिएर अनि पिउने पानीको व्यवस्था गरिदिएर हामीले सकेको सहयोग निरन्तर गरिरह्यौँ । नेपाल बैक सुखमा मात्र होइन दु:खमा पनि हजुरहरूकै साथमा हुन्छ भन्ने आभास दिन हाम्रा तर्फबाट निरन्तर सहयोगको प्रयास गरिरह्यौँ ।

यस्तो समयमा सबैले जहाँ छौँ त्यहींबाट आआफ्नो दक्षता र क्षमताले सकेको सहयोग गर्नु नै ठूलो कुरा हुँदो रहेछ । आर्मीहरूको भूमिका, सरकारको भूमिका अनि स्थानीय सरकार तथा स्थानीय निकायको भूमिका फरक फरक थिए ती सबै भूमिका उनीहरूले निभाइरहेका थिए । हामीले पनि आफ्ना तर्फबाट सक्दो कोसिस गरिरह्यौँ । साथीभाइहरू एक एक गरेर बिरामी हुन थाले तैपनि हामीले आलोपालो गरेर अफिस चलायौँ, बन्द हुन दिएनौँ । तर यस्तो महोलमा निरन्तर अफिस आए पनि काममा फोकस हुन नसकेको हामी सबैले महसुस गर्न थालेका थियौँ । हामी कर्मचारी सबैलाई केही समयका लागि ब्रेकको आवश्यकता महसुस हुन थालेको थियो । यति नराम्रो र गहिरो प्रत्यक्ष प्रभाव पर्‍यो कि साथीभाइहरू अब

यस शाखामा बसेर काम गर्न सकिन्न होला म्याम पनि भन्न थाल्नुभएको थियो। यसै बीच मिति २०८३।०५।२३ गते तालिम तथा विकास डिभिजनको टिम मनोपरामर्शदाता डा.केदार रायमाझी सरलाई साथमा लिएर नुवाकोट आइपुग्यो । यस परामर्श कार्यक्रमले वास्तवमा हामी कर्मचारीहरूले ठूलो राहत मिलेको महसुस गर्‍यौं । जजसले जे सक्छ, जोसँग जे छ, त्यही तरिकाले सहयोगको भाव राख्ने बेला थियो त्यो । उहाँहरूप्रति हामी आभारी रह्यौं । त्यस बीचमा हरेक विभाग अनि प्रदेशबाट भएको चासो र सहयोगप्रति हामी आभारी रह्यौं । यसका साथै मिति २०८३।०६।१६ गते भएको बैंकको उच्च व्यवस्थापनका तर्फबाट सिइओ सर र प्रमुख कर्जा अधिकृत तथा नेपाल इन्सुरेन्सका सञ्चालकको टिमका साथमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा क्षति पुगेका ग्राहकहरूका बीच भएको महत्त्वपूर्ण छलफलले हामी र हाम्रा ग्राहकहरूलाई पनि राहत मिलेको महसुस गर्‍यौं ।

कल, मिसकल अनि म्यासेजको लगातारको प्रवाहले साँच्चै त्यतिबेला थाहा भयो मलाई, मेरो सम्बन्धहरू देखावटी र नाजुक रहेनछन् । कतिलाई फोन गर्न नि डर लाग्यो रे, सम्पर्क हुन सकेन भन्छ कि भनेर । त्यसै कारण मैले फेसबुकमा त्यसबारे जानकारी गराएकी थिएँ, एउटा जानकारीका रूपमा कि हाम्रो शाखा र हामी सबै ठिक छौं भनेर । लगतै भएको शाखा प्रबन्धकहरूको बजेटसम्बन्धी छलफलमा साथीहरूसँग भेट्दा, उनीहरूले अँगालो हालेर आँखाभरि आँसु पारेको देख्दा बल्ल मलाई पनि महसुस भयो म पनि बाँचेर आएकी रहिछु ।

अधुरो रह्यो त्यो मेरो गोसाइँकुण्ड घुम्न जाने इच्छा अनि अपुरो रह्यो मेरो पहिलो गोसाइँकुण्डको यात्रा । धन्न जीवन छ, इच्छाशक्ति छ, फेरि भगवान्को इच्छाले कुनै दिन पुगूँला, मेरो अधुरो यात्रा पूरा गरूँला ।

घरहरू बन्लान्, बाटो र अन्य संरचनाहरू विस्तारै बन्लान्, बस्ती बस्लान र विस्तारै फेरि उठ्लान् तर ती लास नभेटाएर कुशको दाहसंस्कार गरेकाहरूले कसरी चित्त बुझाउलान् मेरो मान्छे छैन भनेर, अब कहिल्यै फर्केर आउँदैनन् भनेर । तर त्यो दिन फेरि दोहिरिएर कहिल्यै नआओस्, सबै पीडितहरूको आशा र विश्वाससँगै संरचनाहरू फेरि निर्माण होउन्, भरोसाहरू भविष्यप्रति उभिउन्, फेरि उठुन्, गुमाएका आफन्तहरू फर्केर नआए पनि उहाँहरूप्रति श्रद्धाञ्जली भाव छोड्दै, बाँच्ने शक्ति र अघि बढ्न सक्ने ऊर्जा भाव मिलोस्, यही छ मेरो प्रार्थना । बस्, यतिबेला संस्थागत, व्यक्तिगत, पारिवारिक र भाइचारामा एकअर्काको साथ, माया, प्रेम र सभानुभूतिको आवश्यक छ, उठ्नु छ अनि उठाउनु छ, सबैले यो मनन गरौं । यस्तो समयमा पनि सम्भावनाहरू खोज्ने र देख्नेहरू धेरै हुनुहुन्छ । बाँच्नेहरू भन्नुहुन्छ, "हामीलाई बचाएको नै योभन्दा धेरै कर्म गर्न हो, त्यसैले अझ धेरै गर्नुपर्छ, सडकमा पुर्‍यायो, सडकबाटै उठ्नुपर्छ" सलाम त्यो आँट, साहस अनि विश्वासलाई ।

हामी बिर्सन खोज्छौं तर हाम्रा ग्राहकहरू दिन प्रतिदिन ताजा भएर आइदिनुहुन्छ । आफ्नो त्यस दिनको फरक परिवेश तर एउटै दर्द पीडाको कहानी सुनाउँदै रुन थाल्नुहुन्छ, भक्कानिन थाल्नुहुन्छ, लाग्छ यो क्रम वर्षौं चलिरहनेछ । सायद त्यो २०८३ भदौको १० गते, त्यो कालो दिन हामी र हाम्रो त्रिशूली शाखाले कहिल्यै बिर्सने छैन । तीज मनाउन सकेनौं, यसको लगतै महान् पर्वहरू पनि नजिकिँदै छन् तर खल्लो, सुनसान र नरमाइलो छ । केही छैन, यस साल समवेदना बाँडौं, सहानुभूति राखौं, अर्को साल खुसी साट्दै रमाउँला । किनभने सधैं हाम्रा आदरणीय ग्राहकहरूको भीडभाडले भरिने नेपाल बैंक लिमिटेड, चाडपर्वका माहोलमा पनि सुनसान र खाली देख्दा शून्यताभित्र भीड खोजिरहेका छौ । अब बगेर गएका ती फर्किएर आउने आशा सायद गरिँदैन तर वारि र पारि छुटेको सम्बन्ध, विश्वास र आस्थाको डोरी छिट्टै जोडियोस्, फेरि नेपाल बैंक उहाँहरूको भीडभाड र साथले भरियोस्, यही कामना !

—※※※—

नेपाली बीमा बजार: विस्तारदेखि परिपक्वताको क्षितिजसम्म



सुशील देव सुवेदी
कार्यकारी निर्देशक,
नेपाल बीमा प्राधिकरण

१. प्राक्कथन

मानव सभ्यताको इतिहासलाई अनिश्चितताविरुद्धको अविराम सङ्घर्षको शृङ्खला भन्न सकिन्छ । बाढी, पहिरो, आगलागी, रोगव्याधी वा अकाल मृत्यु जस्ता अनपेक्षित घटना कुन बेला आइलाग्छन्, कसैलाई थाहा हुँदैन । तर तिनको आर्थिक भार एउटै परिवार वा संस्थाको काँधमा थुप्रिन नदिई धेरैमाझ बाँडिदिने सामर्थ्य समाजले बीमामार्फत आर्जन गरेको छ। "दु:ख बाँड्दा घट्छ" भन्ने हाम्रो जनभनाइ नै बीमाको दार्शनिक आधारशिला हो । गुठी तथा पर्मजस्ता परम्परागत सामुदायिक अभ्यासमा झल्किने पारस्परिक सहयोगको चेतनालाई आधुनिक अर्थतन्त्रमा वैज्ञानिक, संस्थागत र कानुनी स्वरूप दिने माध्यम पनि बीमा नै हो । शान्ति मन्त्रले कामना गरेको "मा कश्चिद् दु:खभाग्भवेत" अर्थात् कोही पनि दु:खको भागीदार नबनोस् भन्ने भावनाको व्यावहारिक रूप बीमामा भेटिन्छ ।

अर्थतन्त्रमा बीमाको भूमिका दुई तहमा बुझ्न सकिन्छ । पहिलो तहमा बीमा जोखिम बाँडफाँटको संयन्त्र हो, जसले विपत्तिपछि परिवार र उद्यमलाई पुन: उठ्ने आधार दिन्छ । दोस्रो तहमा बीमा दीर्घकालीन बचतको सशक्त माध्यम हो । वर्षौंसम्म नियमित रूपमा सङ्कलन हुने बीमाशुल्क पुँजी बजार, बैंकिङ प्रणाली र उत्पादनशील क्षेत्रसम्म पुगेर राष्ट्रिय पुँजी निर्माणको संवाहक बन्छ । त्यसैले बीमा क्षेत्रको अवस्थालाई कम्पनीहरूको व्यावसायिक नतिजाले मात्र नभई अर्थतन्त्रको जोखिम धान्ने क्षमता र बचत परिचालनको सूचकका रूपमा पनि हेरिनुपर्छ ।

यही दृष्टिले नियाल्दा पछिल्लो डेढ दशक नेपाली बीमा क्षेत्रका लागि उल्लेखनीय रूपान्तरणको कालखण्डका रूपमा रहेको छ । आर्थिक वर्ष २०६६/६७ मा रु. १५.२६ अर्ब रहेको कुल बीमाशुल्क करिब १४.८८ गुणाले वृद्धि भई आर्थिक वर्ष २०८१/८२ मा रु. २.२७ खर्ब पुगेको छ । सोही अवधिमा बीमा क्षेत्रको लगानी रु. ३५.८६ अर्बबाट रु. ८.७० खर्ब पुगेको छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा बीमाशुल्कको अनुपात अर्थात् बीमा पहुँच (Insurance Penetration) १.३० प्रतिशतबाट ३.६६ प्रतिशतमा उक्लिएको छ ।

तर आकारको विस्तारले मात्र विकासको सम्पूर्ण कथा भन्दैन । वृद्धि कुन स्रोतबाट आयो, कुन उत्पादनमा केन्द्रित भयो, बजारको बनावट कसरी बदलियो र जोखिम कहाँ थुप्रियो भन्ने प्रश्नले नै त्यसको गुणस्तर निर्धारण गर्छ । पछिल्ला तथ्याङ्कले यस सम्बन्धमा केही स्पष्ट सङ्केत दिएका छन् । वृद्धिको गति अघिल्लो दशकका तुलनामा स्थायित्वतर्फ रहेको छ । गाभ्ने-गाभिने प्रक्रियापछि बीमकको सङ्ख्या घटे पनि संस्थाहरू आकारमा ठूला र पुँजीमा सबल बनेका छन् । जीवन बीमामा नवीकरण बीमाशुल्कको भार बढेको छ भने एकल बीमाशुल्क तीव्र गतिमा फैलिएको छ । पुनर्बीमामा स्वदेशी संस्थाको अंश पनि उल्लेख्य रूपमा उकालो लागेको छ ।

२. ऐतिहासिक पृष्ठभूमि

नेपालमा स्वदेशी संस्थागत बीमाको बीजारोपण वि.सं. २००४ मा भएको हो । वि.सं. २००४ असोज ८ गते नेपाल बैंक लिमिटेडको पहलमा "नेपाल मालचलानी तथा बीमा कम्पनी लिमिटेड" स्थापना भयो, जुन कालान्तरमा नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडका रूपमा आज पनि बजारमा क्रियाशील छ । वि.सं. २०२४ पुस १ मा सरकारी स्वामित्वमा राष्ट्रिय बीमा संस्थान स्थापना भयो र राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ बमोजिम वि.सं. २०२५ पुस १ देखि औपचारिक रूपमा कारोबार सुरु गऱ्यो । यसरी स्वदेशी बीमाको जग झन्डै आठ

दशकअघि र सार्वजनिक क्षेत्रको बीमकको जग झन्डै छ दशकअघि नै बसालिएको थियो ।

बीमा ऐन, २०४९ पछि निजी क्षेत्रको सहभागिता बढ्दै जाँदा जीवन र निर्जीवन दुवैतर्फ बीमकको सङ्ख्या क्रमशः थपियो । फलस्वरूपः एकातर्फ राष्ट्रिय बीमा संस्थानको कारोबार जीवन र निर्जीवनतर्फ छुट्याइएर राष्ट्रिय बीमा कम्पनी लिमिटेड र राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडबाट हुने गरी सञ्चालनमा आयो भने अर्कातर्फ सशस्त्र द्वन्द्वकालमा हुलदङ्गा तथा आतङ्कवादजन्य जोखिम धान्न खडा गरिएको बीमा पुलको उत्तराधिकारीका रूपमा नेपाल पुनर्बीमा कम्पनी स्थापना भयो । वि.सं. २०७८ मा निजी क्षेत्रको हिमालयन रिइन्स्योरेन्सले इजाजत पाएपछि स्वदेशी पुनर्बीमा बजारले दोस्रो स्तम्भ पायो ।

संस्थागत यात्रामा वि.सं. २०७९ एउटा ऐतिहासिक मोड बन्यो । कात्तिक २२ गतेदेखि बीमा ऐन, २०७९ प्रारम्भ हुँदा बीमा ऐन, २०४९ र राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ खारेज भए । दशकौँ लामो नियामकीय विरासत बोकेको बीमा समिति स्वतः नेपाल बीमा प्राधिकरणमा रूपान्तरित भयो र राष्ट्रिय बीमा संस्थानलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गर्ने बाटो खुल्यो । त्यसपछि आएका राष्ट्रिय बीमा नीति, २०८० र बीमा नियमावली, २०८१ ले बीमा क्षेत्रको नीतिगत तथा कानुनी संरचनालाई थप सुदृढ बनाएका छन् ।

आ.व. २०६६/६७ लाई यस लेखको सुरुवाती बिन्दु मान्दा त्यसबेलाको बीमा बजार आकारमा सानो थियो तर त्यसमा निर्जीवन बीमाको उल्लेखनीय उपस्थिति थियो । त्यस वर्ष कुल बीमा शुल्कमा जीवन बीमाको अंश ५७.४३ प्रतिशत र निर्जीवन बीमाको अंश ४२.५७ प्रतिशत थियो । बीमकका शाखा कार्यालय ३४० वटा, कर्मचारी २,५८१ जना र अभिकर्ता ६६,७९९ जना थिए । क्षति मूल्याङ्कन गर्ने सर्भेयरको सङ्ख्या १३८ मात्र थियो ।

समयसँगै बजारको आकार मात्र नभई बनावट पनि फेरियो । आ.व. २०७७/७८ मा १९ जीवन र २० निर्जीवन बीमक सञ्चालनमा थिए । त्यसपछिको गाभ्ने-गाभिने (मर्जर) अभियानमा जीवनतर्फ ९ र निर्जीवनतर्फ १२ गरी २१ बीमक एकआपसमा गाभिएर १० संस्थामा रूपान्तरित भए । फलस्वरूप आज जीवन र निर्जीवन दुवैतर्फ १४/१४ बीमक कायम छन् । यसैबीच आर्थिक वर्ष आ.व. २०७९/८० र आ.व. २०८०/८१ मा तीन लघु जीवन र चार लघु निर्जीवन बीमकले इजाजत पाएपछि बजारमा नयाँ अध्याय थपिएको छ । यी सात लघुबीमकका केन्द्रीय कार्यालय सातै प्रदेशमा हुने गरी विराटनगर, जनकपुर, भरतपुर, पोखरा, बुटवल, वीरेन्द्रनगर र धनगढीमा रहनु बीमाको विकेन्द्रीकरणतर्फको सुखद सङ्केतका रूपमा रहेको छ । हाल स्वामित्वका आधारमा सरकारी ३, स्वदेशी लगानीका २९, विदेशी ३ र संयुक्त लगानीका २ बीमक छन् । बजार मूलतः स्वदेशी निजी पुँजीमा आधारित भए पनि सरकारी र विदेशी स्वामित्वका संस्थाको उपस्थितिले यसलाई मिश्रित र बहुआयामिक स्वरूप दिएको छ ।

३. डेढ दशकको बीमा बजार विश्लेषण

तथ्याङ्कलाई केवल अङ्क मात्र नभई कुनै क्षेत्रले हिँडेको बाटो कस्तो रह्यो भन्ने चित्रण गर्ने पदचिह्नका रूपमा लिन सकिन्छ । डेढ दशकको यात्रालाई केही प्रतिनिधि वर्षका प्रमुख सूचकमार्फत यसरी नियाल्न सकिन्छ :

तालिका १: डेढ दशकका प्रमुख सूचक (प्रतिनिधि वर्ष)

आर्थिक वर्ष	कुल बीमाशुल्क (रु. करोड)	जीवन बीमाको अंश (%)	बीमा पहुँच (जीडीपीको %)	कुल लगानी (रु. करोड)
२०६६/६७	१,५२६.२७	५७.४३	१.३०	३,५८६.७५
२०७१/७२	३,७८०.१२	६७.६७	१.५६	११,२०९.९३
२०७६/७७	१२,०७३.०६	७७.१०	३.१०	३४,३११.५२
२०७९/८०	१८,३२२.८४	७७.८९	३.४१	६२,८९५.५८
२०८१/८२	२२,७०८.७६	८०.२२	३.६६	८७,०४२.९१

स्रोत: नेपाल बीमा प्राधिकरण

३.१ दोब्बर वृद्धिको गति

पन्ध्र वर्षमा कुल बीमाशुल्क १४.८८ गुणा हुनुलाई औसत वार्षिक चक्रीय वृद्धिदर (CAGR) मा रूपान्तरण गर्दा १९.७२ प्रतिशत हुन आउँछ। सरल भाषामा भन्दा यस अवधिको तथ्याङ्का आधारमा बीमा बजार औसतमा झन्डै पाँच वर्षमा दोब्बर भएको देखिएको छ । पछिल्लो दस वर्ष आ.व. २०७१/७२ देखि आ.व. २०८१/८२ सम्म हेर्दा पनि बीमाशुल्क ६.०१ गुणा बढेको छ र औसत वार्षिक वृद्धिदर १९.६४ प्रतिशत रहेको छ ।

तर यो यात्रा सधैँ सिधा उकालो रहेन; यसमा आरोह र अवरोह दुवै देखिए । आ.व. २०७५/७६ मा कुल बीमाशुल्क ४५.५९ प्रतिशतले बढेर समग्र अवधिकै उच्चतम वृद्धि रहेको देखिएको छ भने आ.व. २०७९/८० मा वृद्धिदर २.९८ प्रतिशतमा

खुम्चिएको देखिएको छ । पाँच/पाँच वर्षका खण्डमा तुलना गर्दा आ.व. २०७१/७२ देखि आ.व. २०७६/७७ सम्म औसत वार्षिक वृद्धिदर २६.१४ प्रतिशत रहेकामा आ.व. २०७६/७७ देखि आ.व. २०८१/८२ सम्म यो १३.४७ प्रतिशतमा झरेको छ अर्थात् पछिल्लो पाँच वर्षको औसत वृद्धिदर अघिल्लो पाँच वर्षको झन्डै आधा रहेको छ ।

३.२ वृद्धिका चार चरणः आरोह-अवरोहको लय

डेढ दशकलाई समग्रमा नियाल्दा बीमा क्षेत्रको वृद्धिलाई चार स्पष्ट चरणमा बाँड्न सकिन्छ ।

पहिलो चरण (आ.व. २०६७/६८-आ.व. २०७४/७५): स्थिर विस्तार । यस अवधिका अधिकांश वर्षमा बीमाशुल्क २२ देखि ३० प्रतिशतको हाराहारीमा बढेको देखिएको छ ।

दोस्रो चरण (आ.व. २०७५/७६-आ.व. २०७८/७९): तीव्र उछाल । आ.व. २०७५/७६ मा एकै वर्षमा बीमाशुल्क ४५.५९ प्रतिशतले बढ्यो र कुल बीमाशुल्कमा जीवन बीमाको अंश ६८.७६ प्रतिशतबाट ७५.०६ प्रतिशत पुग्यो । त्यसपछिका तीन वर्षमा पनि वृद्धिदर १६ देखि २७ प्रतिशतका हाराहारीमा रह्यो ।

तेस्रो चरण (आ.व. २०७९/८०-आ.व. २०८०/८१): सुस्तता । यस अवधिमा वृद्धिदर क्रमशः २.९८ र ७.९१ प्रतिशतमा सीमित रहेको देखिन्छ भने जीवन बीमाको नयाँ व्यवसाय बीमाशुल्क समेत २४.७० प्रतिशतले घटेको देखिन्छ ।

चौथो चरण (आ.व. २०८१/८२ देखि हालसम्म): पुनरुत्थान । आ.व. २०८१/८२ मा वृद्धिदर १४.८५ प्रतिशत र आ.व. २०८२/८३ को चैत मसान्तसम्मको तुलनात्मक वृद्धि पनि १३.२८ प्रतिशत रहेको देखिन्छ । आ.व. २०८२/८३ मा जीवन बीमाशुल्कले पहिलो पटक रु. दुई खर्बको सीमा नाघेको देखिएको छ ।

यो चरणगत प्रवृत्तिले एउटा महत्त्वपूर्ण यथार्थ उजागर गरेको छ । नेपाली बीमा बजार अब सानो आधारमा हुने उच्च प्रतिशत वृद्धिको अवस्था पार गरिसकेको छ । वार्षिक बीमाशुल्क रु. २ खर्ब नाघेपछि पहिलेजस्तो तीव्र प्रतिशत वृद्धि कायम राख्नु स्वाभाविक रूपमा कठिन हुन्छ । त्यसैले अबको मूल प्रश्न वृद्धिदर कति छ भन्दा पनि त्यो वृद्धि कति दिगो, कति विविधीकृत र कति गुणस्तरीय छ भन्ने हो ।

३.३ जीवन बीमाको प्रभुत्व र बचतमुखी चरित्र

डेढ दशकको सबैभन्दा स्पष्ट संरचनात्मक परिवर्तन जीवन र निर्जीवन बीमाबीचको फराकिलो हुँदै गएको अन्तर हो । तालिका १ मा देखिएअनुसार जीवन बीमाशुल्कको अंश आ.व. २०६६/६७ मा ५७.४३ प्रतिशत रहेकामा आ.व. २०८१/८२ मा आइपुग्दा २०.७८ गुणाले बढेर ८०.२२ प्रतिशत पुगेको छ । उक्त तथ्याङ्कको विश्लेषण गर्दा जीवन बीमाको औसत वार्षिक वृद्धिदर २२.४२ प्रतिशत र निर्जीवन बीमाको १३.७६ प्रतिशत देखिन्छ । सरल भाषामा भन्नुपर्दा आज बीमा बजारमा सङ्कलन हुने हरेक पाँच रुपैयाँमध्ये चार रुपैयाँ जीवन बीमाबाट आउने देखिएको छ ।

यसरी जीवन बीमाको प्रभुत्वको जग बचतमुखी बीमा योजना रहेका छन् । आ.व. २०८१/८२ को कुल जीवन बीमाशुल्कमध्ये सावधिक जीवन बीमाको अंश ५६.३८ प्रतिशत, अग्रिम भुक्तानी सावधिक जीवन बीमाको १९.३१ प्रतिशत, सावधिक तथा आजीवन जीवन बीमाको १०.३८ प्रतिशत र बालबच्चासम्बन्धी सावधिक जीवन बीमाको १.६० प्रतिशत रहेको छ । यी चार बचतमुखी योजनाको संयुक्त अंश ८७.६८ प्रतिशत पुग्छ । आ.व. २०७७/७८ मा समेत यो अनुपात ८५.९८ प्रतिशत रहेको थियो । यसले नेपाली जीवन बीमा बजारको मूल चरित्र बचतमुखी रहँदै आएको र त्यसमा उल्लेख्य परिवर्तन नआएको देखिएको छ ।

पछिल्ला वर्षमा एकल बीमाशुल्क (Single Premium) को वृद्धिको नयाँ प्रवृत्ति देखिएको छ । आ.व. २०८०/८१ मा रु. ६.५ अर्ब रहेको एकल बीमाशुल्क आ.व. २०८१/८२ मा ७५.७६ प्रतिशतले बढेर रु. ११.५४ अर्ब पुगेको छ । पछिल्लो दुई वर्षमै यो झन्डै तीन गुणा वृद्धि भएको देखिएको छ । यस प्रवृत्तिका मूलतः दुई पाटा देखिन्छन् । एकातिर एकमुस्ट बचत भएका ग्राहकमाझ बीमालाई बचत र सुरक्षाको संयुक्त विकल्पका रूपमा रोज्ने चेतना बढेको छ भने अर्कातिर एकल बीमाशुल्क योजना बैंक निक्षेप र अन्य वित्तीय उपकरणको प्रतिफलसँग प्रत्यक्ष प्रतिस्पर्धामा रहेकाले वृद्धि हुँदै गएको देखिन्छ । त्यसैले यस्ता योजनामाथिको अत्यधिक निर्भरताले बीमकको सम्पत्ति-दायित्व व्यवस्थापन

(Asset–Liability Management) र प्रत्याभूत प्रतिफलसम्बन्धी जोखिम बढाउन सक्छ ।

३.४ परिपक्वताको प्रतिफलः बढ्दो दाबी र समर्पण

बीमाशुल्क सङ्कलनसँगै जीवन बीमाबाट हुने भुक्तानी पनि तीव्र गतिमा बढेको छ । जीवनतर्फका बीमकको कुल दाबी भुक्तानी आ.व. २०७७/७८ को रु. ३६.५६ अर्बबाट आ.व. २०८१/८२ मा रु. ७७.१९ अर्ब पुगी १११.११ प्रतिशतले वृद्धि हुँदै गर्दा सोही अवधिको बीमाशुल्कको वृद्धि भने ५०.४० प्रतिशत रहेको देखिन्छ ।

यस भुक्तानीमा मृत्यु दाबीको अंश करिब १० प्रतिशत मात्र रहनुले कुल भुक्तानीको ठूलो अंश अवधि पूरा भएका वा आंशिक भुक्तानी दिने बचतमुखी बीमालेखसँग सम्बन्धित रहेको देखिन्छ अर्थात् नेपाली जीवन बीमा पोर्टफोलियो परिपक्व हुँदै भुक्तानीको चरणमा प्रवेश गरिरहँदा बीमकको तरलता व्यवस्थापन र लगानीको अवधि मिलानतर्फ विशेष ध्यान दिनु आवश्यक रहेको छ ।

३.५ निर्जीवन बीमाः मोटरबाट सम्पत्ति र पूर्वाधारतर्फ

निर्जीवन बीमाको आन्तरिक बनावटमा पछिल्ला पाँच वर्षमा उल्लेखनीय परिवर्तन आएको छ । मोटरमा केन्द्रित परम्परागत बजार अब निर्माण, पूर्वाधार र सम्पत्तिको जोखिमतर्फ फैलिँदै गएको देखिन्छ ।

तालिका २: निर्जीवन बीमाको प्रत्यक्ष बीमाशुल्क

बीमाको प्रकार	२०७७/७८ (रु. करोड)	२०८१/८२ (रु. करोड)	परिवर्तन (%)	अंश २०७७/७८ (%)	अंश २०८१/८२ (%)
मोटर	१,०७३.९१	१,२९०.७८	२०.१९	३६.०१	२९.३७
सम्पत्ति	६७१.८७	१,१७५.८८	७५.०२	२२.५३	२६.७६
इन्जिनियरिङ तथा ठेक्का	३००.४०	७९५.७७	१६४.९०	१०.०७	१८.११
विविध	२९२.१९	४६९.१३	६०.५६	९.८०	१०.६८
सामुद्रिक	१७९.५९	२५६.३८	४२.७६	६.०२	५.८३
हवाई	२३३.३२	२३०.२६	-१.३१	७.८२	५.२४
कृषि तथा पशुपन्छी	१७४.७५	१७३.८९	-०.४९	५.८६	३.९६
जम्मा	२,९८२.६६	४,३९४.६६	४७.३४	१००	१००

स्रोतः नेपाल बीमा प्राधिकरण

कुल बीमाशुल्कमा मोटर बीमाको अंश आ.व. २०७७/७८ को ३६.०१ प्रतिशतबाट आ.व. २०८१/८२ मा २९.३७ प्रतिशतमा झरेको छ भने सबैभन्दा तीव्र वृद्धि इन्जिनियरिङ तथा ठेक्का जोखिम बीमामा देखिएको छ । सम्पत्तिको बीमा पनि ७५.०२ प्रतिशतले बढेर मोटरपछिको दोस्रो ठूलो खण्ड बनेको छ । यसले पछिल्ला वर्षहरूमा निर्जीवन बीमाको वृद्धि मोटरमा मात्र सीमित नरही निर्माण, पूर्वाधार र सम्पत्तिसँग सम्बन्धित जोखिमतर्फ विस्तार भएको देखिन्छ ।

३.६ लगानी, पुँजी र पूर्वाधारः दीर्घकालीन पुँजीको भण्डार

बीमाशुल्कभन्दा पनि तीव्र गतिमा बढेको सूचक लगानी हो । आ.व. २०६६/६७ मा रु. ३५.८६ अर्ब रहेको बीमा क्षेत्रको लगानी आ.व. २०८१/८२ मा करिब २४.२७ गुणाले बढी रु. ८.७० खर्ब पुगेको छ । कुल लगानीमा जीवन बीमकको अंश ८७.२७ प्रतिशत रहेको छ ।

पुँजीको आधार पनि बलियो बनेको छ । जीवनतर्फका बीमकको चुक्ता पुँजी आ.व. २०७७/७८ को रु. ४०.८४ अर्बबाट आ.व. २०८१/८२ मा ७५.६० प्रतिशतले वृद्धि भई रु. ७१.७१ अर्ब पुगेको छ । सोही अवधिमा निर्जीवनतर्फका बीमकको चुक्ता पुँजी रु. २१.०७ अर्बबाट ३९.२४ प्रतिशतले वृद्धि भई रु. २९.३४ अर्ब पुगेको छ ।

बजारको पूर्वाधार पनि उल्लेखनीय रूपमा फैलिएको छ । आ.व. २०६६/६७ देखि आ.व. २०८१/८२ सम्ममा शाखा कार्यालय ३४० बाट २,९९४, कर्मचारी २,५८१ बाट १२,३३६, अभिकर्ता ६६,७९९ बाट ४,०४,५६४ र सर्भेयर १३८ बाट १,३११ पुगेका छन् तर शाखा विस्तार सधैँ एकनास नरही आ.व. २०७८/७९ मा ३,३६६ पुगेको शाखा सङ्ख्या आ.व. २०७९/८० मा २,८०१ मा झरेको थियो । यो गिरावट गाभ्ने-गाभिने प्रक्रियाको फलस्वरूप भएको देखिन्छ ।

३.७ कम बीमक, सबल संस्थाः सुदृढीकरणपछिको बजार संरचना

गाभ्ने-गाभिने प्रक्रियापछि बीमकको सङ्ख्या घटेसँगै संस्थाको औसत आकार उल्लेख्य रूपमा बढेको छ । आ.व. २०७७/७८ मा १९ जीवन बीमकको औसत बीमाशुल्क रु. ६.३७ अर्ब रहेकामा आ.व. २०८१/८२ मा लघु जीवन बीमकबाहेक १४ जीवन

बीमकको औसत रु. १२.९३ अर्ब पुगेको छ । सोही अवधिमा निर्जीवनतर्फ प्रति बीमक औसत प्रत्यक्ष बीमाशुल्क रु. १.४९ अर्बबाट रु. ३.०७ अर्ब पुगेको छ ।

तर बजारको केन्द्रीकरणमा केही समस्या रहेको देखिएको छ । आ.व. २०८१/८२ मा कुल जीवन बीमाशुल्कमा सबैभन्दा ठूलो एक बीमकको अंश २६.४६ प्रतिशत, ठूला तीन बीमकको अंश ४९.८१ प्रतिशत र ठूला पाँच बीमकको अंश ६५.८१ प्रतिशत रहेको देखिएको छ । निर्जीवनतर्फ यी अनुपात क्रमशः १२.८०, ३३.६० र ५१.४८ प्रतिशत रहेको छ । यसरी जीवन बीमा बजार निर्जीवनको तुलनामा निकै बढी केन्द्रित रहेको छ ।

३.८ पुनर्बीमाः स्वदेशी धारण क्षमताको उदय

पछिल्ला पाँच वर्षमा सबैभन्दा स्पष्ट संरचनात्मक परिवर्तन पुनर्बीमामा रहेको देखिन्छ । जीवन बीमकले स्वदेशी पुनर्बीमकलाई हस्तान्तरण गरेको पुनर्बीमा शुल्क आ.व. २०७७/७८ को रु. ९७.८५ करोडबाट आ.व. २०८१/८२ मा रु. २.८८ अर्ब पुगेको छ । विदेशी बजारमा हस्तान्तरण गरिएको रकम भने रु. १.१९ अर्बबाट रु. ७४.११ करोडमा झरेको छ । फलस्वरूप जीवन बीमाको पुनर्बीमामा स्वदेशी अंश ४५.०७ प्रतिशतबाट ७९.५५ प्रतिशत पुगेको छ ।

ठूला जोखिमका लागि अन्तर्राष्ट्रिय बजारमाथिको निर्भरता अझै उल्लेख्य छ । निर्जीवन बीमकले आ.व. २०८१/८२ मा प्रत्यक्ष बीमाशुल्कको ५४.२४ प्रतिशत बराबर रकम पुनर्बीमामा हस्तान्तरण गरेका छन् । बीमकले आ.व. २०८२/८३ मा विदेशमा पुनर्बीमा शुल्क भुक्तानीका लागि दश प्रकारका मुद्रामा कुल १,६७३ कारोबारका लागि विदेशी मुद्रा सिफारिस माग गरिएको छ। यसरी स्वदेशी पुनर्बीमा क्षमताको विस्तारले बीमाशुल्कको ठूलो अंश देशभित्रै राख्न, विदेशी मुद्राको बहिर्गमन घटाउन र राष्ट्रिय जोखिम धारण क्षमता बलियो बनाउन मदत गरेको छ तर यसले जोखिमलाई दुई स्वदेशी पुनर्बीमकमा केन्द्रित पनि गर्छ । त्यसैले स्वदेशी धारण क्षमतासँगै पुनर्बीमकको पुँजी पर्याप्तता, पुनःपुनर्बीमा (Retrocession) व्यवस्था र ठूला विपद्जन्य दाबी धान्ने सामर्थ्यलाई समानान्तर रूपमा सुदृढ गर्नुपर्ने हुन्छ ।

४. वर्तमान चुनौती

बीमा बजारको विस्तार तथा परिपक्वताको यात्रामा केही चुनौतीहरू रहेका छन् । यस्ता चुनौतीलाई सम्बोधन गर्दै गर्दा ती भोलिका लागि अवसरमा रूपान्तरित हुन सक्छन् ।

- वृद्धिको गुणस्तर र दिगोपनः पछिल्ला पाँच वर्षको बीमाशुल्कको औसत वार्षिक वृद्धिदर १३.४७ प्रतिशत अघिल्लो पाँच वर्षको २६.१४ प्रतिशत झन्डै आधा रहेको देखिएको छ। जीवन बीमाशुल्कमा नवीकरणको अंश ७५ प्रतिशतको हाराहारीमा पुगेको छ र नयाँ व्यवसायको वृद्धि ठूलो मात्रामा एकल बीमाशुल्कमा निर्भर देखिन्छ । नियमित बीमाशुल्क तिर्ने नयाँ बीमालेखको सुस्त वृद्धि दीर्घकालीन वृद्धिका लागि चुनौतीपूर्ण रहेको छ ।

- जोखिम सुरक्षामा चुनौतीः जीवन बीमाशुल्कको ८७.६८ प्रतिशत बचतमुखी सावधिक समूहमा केन्द्रित रहनु बीमाको मूल उद्देश्य अर्थात् जोखिम सुरक्षाका दृष्टिले अझै गौण रहेको देखाउँछ । बचतमुखी योजनाको प्रभुत्वले बीमकलाई ब्याजदर र लगानी प्रतिफलको उतारचढावप्रति बढी संवेदनशील बनाउँने चुनौतीसमेत रहेको छ ।

- बीमालेखको निरन्तरताः समर्पण मूल्य भुक्तानी बीमाशुल्कको १०.८६ प्रतिशत पुग्नुले बिक्रीको गुणस्तर, ग्राहकको आवश्यकताअनुरूपको बीमा योजना र बिक्रीपछिको सेवामा गम्भीर सुधारको आवश्यकता देखिएको छ ।

- महाविपत्ति, दाबीको चाप र नाफाको दबाबः निर्जीवन बीमाको दाबी अनुपात ४५ देखि ६४ प्रतिशतबीच उतारचढावमा रहेको छ । साथै वि.सं. २०८२ भदौ २३ र २४ गते मुलुकमा सिर्जित असहज परिस्थितिमा भौतिक संरचनामा पुगेको क्षतिबापत बीमकमा रु. २३ अर्बभन्दा बढीको दाबी परेको छ । त्यस्तै त्रिशूली तथा भोटेकोशीमा आएको बाढीका कारण समेत ठूलो क्षति भई निर्जीवन बीमा क्षेत्रमा ठूलो दाबीको चाप बढेको छ । यसले आगामी अवधिमा बीमक र पुनर्बीमकको तरलता तथा नाफामा चाप पर्न सक्ने चुनौती बढेको छ ।

- सोल्भेन्सी र जोखिममा आधारित पुँजीः जीवन बीमकको सोल्भेन्सी अनुपातको मध्यिका (Median) आ.व. २०७८/७९ मा ३.४७ रहेकामा

आ.व. २०८१/८२ मा १.६६ मा झरेको छ । १३ जीवन बीमकमध्ये ९ वटाको अनुपात आ.व. २०८१/८२ मा २ भन्दा कम रहेको देखिएको छ । प्राधिकरणले २०८३ मा "रिस्क बेस्ड क्यापिटल एण्ड सोल्भेन्सी निर्देशिका" जारी गरी बीमकले आफ्ना जोखिमअनुसार पर्याप्त पुँजी कायम गर्नुपर्ने व्यवस्था सुनिश्चित गर्न खोजिएका सन्दर्भमा यो सूचक अझ निकट निगरानीको विषय बनेको छ ।

- अन्तर्राष्ट्रिय दूरी: सन् २०२४ मा नेपालको कुल बीमा पहुँच ३.४ प्रतिशत रहँदै गर्दा विश्वको भने औसत ७.३ प्रतिशत रहेको थियो । बीमा घनत्व (प्रतिव्यक्ति बीमाशुल्क) नेपालमा ४८ अमेरिकी डलर रहँदै गर्दा भारतको ९७ डलर र विश्वको औसत ९४३ डलर रहेको तथ्याङ्कले नेपालको बीमा बजारको अन्तर्राष्ट्रिय दूरी झन् बढ्दै गरेको देखिएको छ ।

- बदलिँदो नीतिगत परिवेश: आ.व. २०८३/८४ को बजेटमा नेपाली बीमकबाट जारी हुने बीमाङ्कको कम्तीमा २० प्रतिशत नेपाल पुनर्बीमा कम्पनीमार्फत गराउनुपर्ने, दीर्घकालीन प्रकृतिका बीमाको सामूहिक बीमा कोषको नेतृत्व तथा सञ्चालन नेपाल पुनर्बीमा कम्पनीबाट गर्ने र जोखिम न्यूनीकरणका लागि पुनर्बीमाको निश्चित अंश विदेशी पुनर्बीमकसँग पनि गराउनुपर्ने व्यवस्था उल्लेख रहेको छ । साथै लामो समयदेखि स्थिर रहेको तेस्रो पक्ष बीमाङ्क रु. १० लाख पुऱ्याउने, दुर्घटना, घातक रोग र ढुवानीजस्ता बीमा अनिवार्य गर्ने र सहरी क्षेत्रमा भवन निर्माणको नक्सा स्वीकृत गर्दा बीमा अनिवार्य गर्ने व्यवस्था पनि समेटिएको छ। यिनको प्रभावकारी कार्यान्वयनले बीमाको दायरा फराकिलो बनाउने र स्वदेशी धारण क्षमता बढाउने अपेक्षा गरिएको छ ।

५. निष्कर्ष

डेढ दशकको तथ्याङ्कले नेपाली बीमा क्षेत्रको अविराम यात्रालाई स्पष्ट रूपमा चित्रित गरेको छ । यस लेखमा औंल्याइएका तथ्याङ्क तथा विश्लेषणअनुसार बीमा अर्थतन्त्रको सबल वित्तीय स्तम्भ बनिसकेको छ। गाभ्ने-गाभिने प्रक्रियाले संस्थालाई ठूलो र पुँजीगत रूपमा बलियो बनाएको छ भने लघुबीमक र दोस्रो पुनर्बीमकको प्रवेशले बजारको संरचनालाई थप पूर्णता दिएको छ ।

तर बीमा विस्तारसँगै वृद्धिको गति केही कम हुनु, जीवन बीमा बचतमुखी उत्पादनमा केन्द्रित रहनु, नयाँ व्यवसाय एकल बीमाशुल्कमा निर्भर रहनु, समर्पण र व्यतीत बीमालेखको सङ्ख्या व्याप्त हुनु जस्ता समस्या तथा चुनौतीहरू बीमा बजारमा व्याप्त रहेका छन् । हाल निर्जीवन बीमा महाविपत्तिको चापमा रहेको छ भने जीवन बीमकको सोल्भेन्सी अनुपातमा गिरावट देखिएको छ। त्यसैले नेपाली बीमा बजार अहिले विस्तार र परिपक्वताको सँघारमा उभिएको छ भन्ने कुरा प्रस्ट हुन्छ ।

आगामी मार्गचित्रमा बचतमुखी योजनाको बलियो आधार कायम राख्दै म्यादी र कम लागतमा जोखिम सुरक्षा दिने योजनालाई प्रवर्द्धन गर्न सकिए बीमाशुल्ककको आधार मात्र नभई बीमाको सामाजिक उपयोगिता पनि बढ्न जान्छ । निर्माण र लगानीका गतिविधि बढ्दै जाँदा इन्जिनियरिङ र सम्पत्ति बीमा थप विस्तार हुने सम्भावना रहेको छ । यसका लागि ठूला जोखिमको सही मूल्याङ्कन, प्राविधिक सर्भेक्षण क्षमता र पर्याप्त पुनर्बीमा व्यवस्थाको क्षेत्रमा ध्यान दिनु महत्त्वपूर्ण रहेको छ । ठूला जोखिममा अन्तर्राष्ट्रिय बजारको साझेदारी आवश्यक रहे पनि स्वदेशी पुनर्बीमकको पुँजी र प्राविधिक क्षमता बढाउँदै विदेशी मुद्राको बहिर्गमन क्रमशः घटाउन सकिन्छ । पछिल्ला महाविपत्तिका अनुभवले विपद् जोखिम वित्तका नवीन उपकरण र सन्तुलित पुनःपुनर्बीमा संरचनाको आवश्यकता पनि औंल्याएका छन् । रु. ८.७० खर्बभन्दा बढीको लगानी कोषलाई दीर्घकालीन दायित्वअनुरूप सुरक्षित र उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिए बीमा क्षेत्रले राष्ट्रिय पुँजी निर्माण र पूर्वाधार विकासमा अझ ठूलो योगदान दिन सक्छ ।

सन्दर्भ सामग्री

नेपाल बीमा प्राधिकरण, बीमा तथ्याङ्क वार्षिक पुस्तिका २०८१/८२ (असार २०८३) ।

नेपाल बीमा प्राधिकरणका अन्य तथ्याङ्क, प्रतिवेदन, दस्तावेजहरू ।

बीमा ऐन, २०७९; राष्ट्रिय बीमा नीति, २०८०; बीमा नियमावली, २०८१; आर्थिक वर्ष २०८३/८४ को बजेटमा उल्लिखित बीमासम्बन्धी व्यवस्था; रिस्क बेस्ड क्यापिटल एण्ड सोल्भेन्सी निर्देशिका, २०८३ ।

राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय लेखा अनुमान ।

Swiss Re Institute, sigma No= २/२०२५; IRDAI Annual Report २०२४-२५ ।

नेपालको अर्थतन्त्रमा कर्जा विरोधाभास (Credit Conundrum) : समस्या, कारण र समाधानका उपाय



अर्जुन बहादुर कडेल
मुख्य प्रबन्धक
नेपाल बैंक लिमिटेड

१. पृष्ठभूमि

कुनै पनि अर्थतन्त्रको आर्थिक वृद्धि, रोजगारी सिर्जना, उत्पादन विस्तार र उद्यमशीलताको विकासमा कर्जाको महत्त्वपूर्ण भूमिका हुन्छ । बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणबाट सङ्कलित निक्षेप उद्योग, व्यापार, कृषि, पर्यटन, ऊर्जा तथा अन्य उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्दछन् । यस प्रक्रियाले बचतलाई लगानीमा रूपान्तरण गर्दै आर्थिक गतिविधिलाई गति प्रदान गर्दछ । बैंकिङ क्षेत्रमा निक्षेप बढिरहेको छ, ब्याजदर घटेको छ, वित्तीय प्रणालीमा पर्याप्त तरलता उपलब्ध छ तर निजी क्षेत्रले अपेक्षित रूपमा कर्जा लिइरहेको छैन । अर्कातर्फ उद्योगी, व्यवसायी र उद्यमीहरू आर्थिक गतिविधिमा सुस्तता, लगानीको अनिश्चितता, कमजोर बजार माग, सम्पत्तिको मूल्यमा आएको उतारचढाव तथा कर्जा प्राप्तिको कठिनाइबारे चिन्ता व्यक्त गरिरहेका छन् । नेपालको वर्तमान बैंकिङ तथा आर्थिक परिदृश्यमा देखिएको यही विरोधाभासलाई क्रेडिट कनन्ड्रम अर्थात् कर्जासम्बन्धी विरोधाभास वा जटिलता भन्न सकिन्छ ।

सामान्यतया कर्जा बजारमा दुईवटा अवस्था देखिन्छन् । पहिलो, कर्जाको माग उच्च तर आपूर्ति न्यून हुने अवस्था जसलाई कर्जा सङ्कुचन अर्थात् क्रेडिट क्रन्च भनिन्छ । सामान्यतया क्रेडिट क्रन्च भन्नाले कर्जा माग उच्च हुँदा हुँदै पनि र लिन चाहने योग्य ऋणीले पनि बैंकबाट पर्याप्त कर्जा प्राप्त गर्न नसक्ने अवस्था भन्ने बुझिन्छ । दोस्रो, बैंकमा कर्जा दिन सक्ने पर्याप्त रकम हुँदा हुँदै पनि कर्जाको माग र वास्तविक कर्जा प्रवाह अपेक्षाकृत कमजोर हुने अवस्था अर्थात् क्रेडिट कनन्ड्रम हो । नेपालको हालको अवस्थालाई दोस्रो प्रकारको समस्यासँग बढी सम्बन्धित मान्न सकिन्छ । यस्तो अवस्थामा बैंकसँग पर्याप्त कर्जा प्रदान गर्न सक्ने क्षमता भए तापनि कर्जाको माग, लगानीको अवसर वा ऋणीको कर्जा लिन सक्ने तत्परतामा कमजोरी देखिन्छ । नेपालको बैंकिङ क्षेत्रमा हाल उच्च तरलता रहेको, कर्जाको ब्याजदर न्यून रहेको तर निजी क्षेत्रबाट कर्जाको मागसमेत धेरै न्यून रहेको अवस्था बिद्यमान छ । बैंक तथा वित्तीय संस्थाहरूसँग कर्जा प्रदान गर्ने क्षमता पर्याप्त हुँदा हुँदै पनि कर्जा प्रवाहले गति लिन सकेको छैन । तसर्थ, वित्तीय प्रणालीमा तरलता पर्याप्त हुनु मात्र आर्थिक समृद्धिको सुनश्चितितता होइन, त्यसलाई कसरी लगानी, रोजगारी र आयवृद्धिमा रूपान्तरण गर्न सकिन्छ त्यो नै प्रमुख चुनौतीको विषय बनेको छ ।

२. नेपालको वर्तमान अवस्था : पर्याप्त तरलता, न्यून ब्याजदर र कमजोर कर्जा माग

वर्तमान अवस्थामा नेपालको वित्तीय प्रणालीमा कर्जा प्रवाह गर्न पर्याप्त स्रोत उपलब्ध छ, कर्जाको ब्याजदर न्यून छ तर कर्जाको माग, कर्जा लिन योग्य परियोजनाको उपलब्धता, ऋणीको जोखिम वहन क्षमता वा बैंकहरूको कर्जा दिने तत्परताबीच असन्तुलन देखिएको छ । यो समस्या केवल ब्याजदरको समस्यामात्र होइन । ब्याजदर घटाउँदा सामान्य अवस्थामा कर्जाको माग बढ्न सक्छ, तर व्यवसायको नाफा, उपभोक्ताको क्रयशक्ति, लगानीको प्रतिफल र भविष्यप्रतिको विश्वास कमजोर भएमा सस्तो कर्जाले मात्र लगानी बढाउन सक्दैन भन्ने तथ्य नेपालको वित्तीय क्षेत्रको हालको अवस्थाले पुष्टि गरेको छ ।

नेपालका सन्दर्भमा यसका निम्न तीनवटा प्रमुख पक्ष छन्:

क) आपूर्तिको पक्ष: बैंक तथा वित्तीय संस्थामा पर्याप्त तरलता छ ।

ख) मागको पक्ष: उद्योग, व्यापार, निर्माण, घरजग्गा तथा उपभोगसँग सम्बन्धित क्षेत्रमा नयाँ कर्जाको माग अपेक्षाकृत कमजोर छ ।

ग) जोखिमको पक्ष: बैंकहरू खराब कर्जा, धितोको गुणस्तर, ऋणीको भुक्तानी क्षमता र नियामकीय व्यवस्थाका कारण कर्जा विस्तारमा सावधानी अपनाइरहेका छन् ।

नेपालको बैंकिङ प्रणालीमा देखिएको यस किसिमको बिरोधाभासलाई हालका वित्तीय सूचकहरूले पनि उजागर गरेका छन् । विश्व बैंकको नेपाल विकाससम्बन्धी प्रतिवेदनले सन् २०२५/२६ मा पर्याप्त तरलता र घट्दो ब्याजदर हुँदा हुँदै पनि निजी क्षेत्रको कर्जा विस्तार अपेक्षाकृत कमजोर रहेको औँल्याएको छ । नेपाल राष्ट्र बैंकको म्याक्रोइकोनोमिक रिपोर्ट, २०२६ ले पनि पर्याप्त तरलता र ऐतिहासिक रूपमा न्यून ब्याजदर हुँदा हुँदै निजी क्षेत्रको कर्जावृद्धि सुस्त रहेको औँल्याएको छ । प्रतिवेदनअनुसार बैंकहरूको निष्क्रिय कर्जा बढ्नु, ऋणीको ऋण वहन क्षमता कमजोर हुनु, व्यवसायीको विश्वास घट्नु र सरकारको पुँजीगत खर्च सुस्त हुनु यसका महत्त्वपूर्ण कारण हुन् ।

नेपालमा क्रेडिट कनन्ड्रमको वास्तविक स्वरूप बुझ्न पछिल्ला पाँच आर्थिक वर्षका प्रवृत्तिको तुलना गर्नु बढी उपयोगी हुन्छ । नेपाल राष्ट्र बैंकको वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म निजी क्षेत्रको कर्जावृद्धि, निक्षेप परिचालन र विस्तृत मुद्रा आपूर्तिमा उल्लेखनीय उतारचढाव देखिन्छ ।

आर्थिक वर्ष	निक्षेप बृद्धिदर (प्रतिशत)	निजी क्षेत्रको कर्जा वृद्धिदर (प्रतिशत)	विस्तृत मुद्रा प्रदाय वृद्धिदर (प्रतिशत)	वाणिज्य बैंकको कर्जाको भारित औसत ब्याजदर (प्रतिशत)
२०७८/७९	९	१३.१	६.८	**११.६२**
२०७९/८०	१२.३	३.८	११.४	१२.३०
२०८०/८१	१३	५.८	१३	९.९३
२०८१/८२	१२.६	८.४	१२.५	७.८५
२०८२/८३	१३.९	६.६	१३.४	६.५५

पाँच वर्षको निक्षेप, कर्जा, मुद्राप्रदाय र ब्याजदर प्रवृत्तिले के उजागर गर्दछ ?

- पहिलो, आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म कर्जावृद्धि तीव्र रूपमा सुस्त भयो । आर्थिक वर्ष २०७८/७९ मा निजी क्षेत्रको कर्जावृद्धि १३.१ प्रतिशत थियो तर २०७९/८० मा यो घटेर ३.८ प्रतिशतमा पुग्यो । त्यसपछिका दुई वर्षमा क्रमशः ५.८ र ८.४ प्रतिशत पुगे पनि २०८२/८३ मा पुनः ६.६ प्रतिशतमा झर्‍यो ।
- दोस्रो, निक्षेपवृद्धि र कर्जावृद्धिबीच अन्तर देखियो । आर्थिक वर्ष २०७९/८० मा निक्षेप १२.३ प्रतिशतले बढ्दा निजी क्षेत्रको कर्जा ३.८ प्रतिशतले मात्र बढेको थियो । २०८०/८१ मा निक्षेप र विस्तृत मुद्रा आपूर्ति दुवै १३ प्रतिशतले बढे पनि निजी क्षेत्रको कर्जावृद्धि ५.८ प्रतिशत थियो । यसले वित्तीय स्रोतको उपलब्धता र वास्तविक कर्जा विस्तारबीच असन्तुलन रहेको देखाउँछ ।
- तेस्रो, २०८१/८२ मा कर्जावृद्धि ८.४ प्रतिशत पुगेको थियो तर २०८२/८३ मा ६.६ प्रतिशतमा झर्‍यो । सोही वर्ष विस्तृत मुद्रा आपूर्ति १३.४ प्रतिशतले बढ्यो । यसले कर्जा माग, ऋणीको जोखिम वहन क्षमता र लगानीको वातावरणमा प्रशस्त चुनौती रहेको सङ्केत गर्छ ।

नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०८२/८३ को वार्षिक तथ्याङ्कले क्रेडिट कनण्ड्रम बुझ्न उपयोगी आधार प्रदान गर्छ । प्रतिवेदनले २०८२/८३ मा निजी क्षेत्रको कर्जावृद्धि ६.६ प्रतिशत, विस्तृत मुद्रा आपूर्ति वृद्धि १३.४ प्रतिशत, वाणिज्य बैंकको भारित औसत निक्षेप ब्याजदर ३.२ प्रतिशत तथा वाणिज्य बैंकको भारित औसत कर्जा ब्याजदर ६.५५ प्रतिशत रहेको देखाएको छ । वाणिज्य बैंकको भारित औसत कर्जा ब्याजदर ६.५५ प्रतिशत रहेको तथ्यले कर्जा सस्तो भएको देखाउँछ तर सस्तो ब्याजदर हुँदा हुँदै पनि कर्जा वृद्धि सीमित हुनाको अर्थ लगानी निर्णयमा ब्याजदरबाहेक अन्य अवरोधहरू पनि निर्णायक छन् ।

यसबाट के स्पष्ट हुन्छ भने बैंकमा पैसा हुनु र अर्थतन्त्रमा लगानीको माग हुनु दुई फरक विषय हुन् । कर्जा प्रवाह बढाउन बैंकको वित्तीय क्षमता मात्र पर्याप्त हुँदैन; उद्यमीमा विश्वास, बजारमा वस्तु तथा सेवाको माग, लगानीको प्रतिफल र नीतिगत स्थिरता पनि आवश्यक हुन्छ । नेपालको हालको अवस्थालाई कर्जा प्रवाह ठप्प भएको सङ्कटभन्दा पनि अपेक्षित गतिमा विस्तार नभएको अवस्थाका रूपमा

बुझ्नुपर्ने हुन्छ । कमजोर कर्जा विस्तार, सीमित लगानी अवसर र जोखिमप्रति बढेको सतर्कताको संयुक्त समस्याका रूपमा बुझ्नु उपयुक्त हुन्छ ।

३. नेपालमा क्रेडिट कनन्ड्रमका प्रमुख कारणहरू

क) कमजोर समष्टिगत माग र लगानीको वातावरण

कर्जा माग व्यवसाय विस्तार, नयाँ उद्योग स्थापना, उत्पादन वृद्धि र उपभोगसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । बजारमा वस्तु तथा सेवाको माग कमजोर रहेको हुँदा व्यवसायीले नयाँ लगानीबाट अपेक्षित प्रतिफल प्राप्त नहुने अनुमान गर्छन् । यस्तो अवस्थामा बैंकले सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराए पनि उद्यमीले ऋण लिन हतार नगरेको देखिन्छ ।

ख) विगतको उच्च कर्जा विस्तार र ऋण वहन क्षमताको सीमा

नेपालमा विगतमा तीव्र कर्जा विस्तार भएको थियो । नेपाल राष्ट्र बैंकको प्रतिवेदनअनुसार वि.सं.२०७२ देखि २०७९ सम्म निजी क्षेत्रतर्फको कर्जा रु. १३७४ अर्बबाट रु. ४१४० अर्ब पुगेको थियो । यस अवधिमा औसत वार्षिक कर्जावृद्धि करिब १७ प्रतिशत थियो । कर्जा तथा कुल गार्हस्थ्य उत्पादनको अनुपात पनि उल्लेखनीय रूपमा बढेको थियो । तीव्र कर्जा विस्तारले अर्थतन्त्रमा तत्कालीन गतिविधि बढाए पनि कतिपय व्यवसाय तथा घरपरिवारको ऋण वहन क्षमतामा दबाब पारेको हुन सक्छ । पहिले नै ठूलो ऋण लिइसकेका ऋणीले थप ऋण लिन नसक्नु वा नचाहनु स्वाभाविक हो । यसलाई कर्जा 'डिक्लेरेसन इफेक्ट' अर्थात् विगतको तीव्र विस्तारपछि वृद्धिदर स्वाभाविक रूपमा सुस्त हुने प्रभावका रूपमा बुझ्न सकिन्छ ।

ग) निष्क्रिय कर्जा र बैंकहरूको जोखिमप्रतिको सतर्कता

बैंकको कर्जा प्रवाह केवल उपलब्ध निक्षेपमा निर्भर हुँदैन । कर्जा असुली, पुँजी पर्याप्तता, जोखिम व्यवस्थापन र नाफाले पनि कर्जा दिने क्षमतालाई प्रभाव पार्छन् । खराब कर्जा बढ्दा बैंकले कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने हुन्छ । यसले नाफा, पुँजी र नयाँ कर्जा दिने क्षमतामा दबाब पार्न सक्छ । बैंकले नयाँ व्यवसाय विस्तार गर्नुभन्दा पुरानो कर्जा असुलीलाई प्राथमिकता दिन थाल्छन् । नेपाल राष्ट्र बैंकको प्रतिवेदनले विगतका वर्षमा निष्क्रिय कर्जा बढ्नुले बैंकहरूको वासलात, पुँजी र नाफामा दबाब सिर्जना गरेको तथा बैंकहरूलाई कर्जा विस्तारभन्दा असुलीतर्फ केन्द्रित गरेको उल्लेख गरेको छ । विश्व बैंकले २०२६ अक्टोबरमा सार्वजनिक गरेको नेपाल डिभलपमेन्ट अपडेट प्रतिवेदनअनुसार सन् २०२६ को जुलाईसम्म नेपालका बैंक तथा वित्तीय संस्थाहरूमा निष्क्रिय कर्जाको अनुपात ५.७ प्रतिशत पुगेको उल्लेख छ ।

घ) निजी क्षेत्रको कमजोर लगानी विश्वास

राजनीतिक परिवर्तन, नीतिगत अनश्चितता, प्रशासनिक ढिलासुस्ती, करसम्बन्धी अन्योल र लगानीको सुरक्षित प्रत्याभूतिमा कमजोरी हुँदा निजी क्षेत्र नयाँ परियोजना सुरु गर्न हिचकिचाउँछ । लगानीकर्ताले भविष्यको माग र प्रतिफलबारे निश्चितता महसुस नगरेसम्म न्यून ब्याजदरले मात्र कर्जा माग बढाउन सक्दैन । यसैको फलस्वरुप हाल नेपालमा उपभोग्य कर्जाको मागका तुलनामा व्यवसायिक कर्जाको माग धेरै न्यून रहेको देखिन्छ ।

ङ) सरकारी पुँजीगत खर्चको सुस्तता

सरकारी विकास आयोजना, सडक, ऊर्जा, सिँचाइ र अन्य पूर्वाधारमा हुने खर्चले निजी क्षेत्रका लागि बजार सिर्जना गर्छ । सरकारले समयमै ठेक्का व्यवस्थापन, भुक्तानी र परियोजना कार्यान्वयन गर्न नसक्दा निर्माण व्यवसायी, आपूर्तिकर्ता, साना उद्योग र श्रमिकको आम्दानी प्रभावित हुन्छ ।

च) कर्जा जोखिम र खराब कर्जाको समस्या

विगतमा कर्जा असुलीमा देखिएका कठिनाइ, निष्क्रिय कर्जावृद्धि, धितोको मूल्यमा अनिश्चितता र ऋणीको कमजोर नगद प्रवाहले बैंकहरूलाई सतर्क बनाएको छ । नेपाल राष्ट्र बैंकको समष्टिगत आर्थिक प्रतिवेदनले पर्याप्त तरलता र न्यून ब्याजदर हुँदा हुँदै पनि कर्जा माग कमजोर रहेको तथा बैंकहरूको खराब कर्जाले कर्जाविस्तार गर्ने क्षमतामा दबाब परेको उल्लेख गरेको छ । यसले गर्दा बैंकसँग लगानीयोग्य रकम प्रशस्त भए तापनि सम्भावित ऋणीको जोखिम मूल्याङ्कन, कर्जा स्वीकृति र असुलीमा थप सावधानी अपनाउनुपर्ने अवस्था रहन्छ ।

छ) कालोसूची, ऋणको पुनर्संरचना र विश्वासको कमी

कालोसूचीमा परेका व्यवसायी तथा व्यक्तिको सङ्ख्या बढ्दा सम्भावित ऋणीको समूह साँघुरिन सक्छ । कतिपय अवस्थामा वास्तविक भुक्तान

असक्षमता, बजारको मन्दी र व्यावसायिक असफलता छुट्याउन कठिन हुन्छ । त्यसैगरी कर तथा नियामकीय अनिश्चितता, नीतिगत परिवर्तन, परियोजना स्वीकृतिमा ढिलाइ र राजनीतिक तथा आर्थिक अनिश्चततालेे पनि लगानी निर्णयलाई प्रभावित गर्न सक्छन् । यस्तो अवस्थामा व्यवसायीले नयाँ कर्जा लिनुभन्दा नगद जगेडा राख्न वा लगानी स्थगित गर्ने नीति लिन सक्दछन् ।

ज) भविष्यप्रतिको विश्वास

सन् २०२६ को अर्थशास्त्रतर्फको नोबेल पुरस्कार विजेताद्वय अमेरिकी अर्थशास्त्रीहरू रोबर्ट ई. हल र माइकल वुडफोर्डले बैंकहरूसँग प्रशस्त पैसा थुप्रिँदा र ऋणको ब्याजदर घटेर निकै तल झर्दा पनि किन कर्जाको माग बढ्न सकिरहेको छैन भन्ने सम्बन्धमा नयाँ सिद्धान्त 'माइक्रो इकोनोमिक फाउन्डेसन अफ म्याक्रोइकोनोमिक स्टाबिलाइजेसन' प्रतिपादन गरेका छन् । मानिसहरूले ऋण लिने, खर्च गर्ने वा नयाँ व्यवसायमा लगानी गर्ने निर्णय आजको ब्याजदर हेरेर मात्र गर्दैनन् । उनीहरू भविष्य हेरेर पनि निर्णय गर्दछन् । भविष्यमा आय कस्तो होला, व्यापार व्यवसाय चल्ला कि नचल्ला, बजारमा सामान बिक्री होला कि नहोला, देशको अर्थतन्त्र सुदृढ होला कि अझ बिग्रिएला भन्ने जस्ता भविष्यप्रतिको सोचले मानिसको खर्च गर्ने र लगानी गर्ने निर्णयमा असर गर्दछन् । रोवर्ट हलको अनुसन्धानले मानिस आजको आम्दानी मात्रै हेरेर खर्च गर्दैनन्; बरु भविष्यको नयाँ जानकारीले उसको खर्च गर्ने निर्णयमा परिवर्तन ल्याउन सक्दछ भन्ने तथ्यहरू पेस गरेको छ भने माइकल वुडफोर्डको अनुसन्धानले केन्द्रीय बैंकको मौद्रिक नीतिले भविष्यबारे के भन्छ भन्ने अनुमानले व्यक्ति र व्यवसायीको हालको लगानी निर्णय प्रभावित हुन्छ भन्ने तथ्यहरू पेस गरेको छ ।

४) क्रेडिट कनन्ड्रमका आर्थिक प्रभावहरू

क्रेडिट कनन्ड्रम लामो समयसम्म कायम रहेमा यसको प्रभाव बैंकिङ क्षेत्रमा मात्र सीमित हुँदैन । यसका प्रभाव निम्नानुसार हुन सक्दछन्:

- आर्थिक वृद्धि सुस्त हुन्छ : उत्पादनमूलक उद्योग, पर्यटन, निर्माण तथा सेवा क्षेत्रमा नयाँ लगानी घट्न सक्छ ।
- रोजगारी सिर्जना कमजोर हुन्छ : व्यवसाय विस्तार नहुँदा नयाँ रोजगारीका अवसर सीमित हुन्छन् ।
- बैंकको नाफामा दबाब पर्छ : ब्याज आम्दानीको वृद्धि कमजोर हुँदा र खराब कर्जाको लागत बढ्दा बैंकको वित्तीय कार्यसम्पादन प्रभावित हुन सक्छ ।
- सरकारी राजस्व प्रभावित हुन्छ : व्यवसायको कारोबार, आयात, उत्पादन र रोजगारी सुस्त हुँदा कर सङ्कलनमा प्रतिकूल असर पर्न सक्छ ।
- वित्तीय स्रोतको उपयोग कमजोर हुन्छ : निक्षेप परिचालन भए पनि ती स्रोत उत्पादनशील लगानीमा पर्याप्त रूपमा रूपान्तरण नहुन सक्छन् ।

५. नेपालमा क्रेडिट कनन्ड्रमका समाधानका उपायहरू

क) उत्पादनमूलक क्षेत्रमा लगानीको माग सिर्जना गर्ने

कर्जा प्रवाह बढाउने सबैभन्दा दिगो उपाय लगानी लाभदायक हुने वातावरण सिर्जना गर्नु हो । सरकारले जलविद्युत्, पर्यटन, कृषि प्रशोधन, सूचना प्रविधि, निर्यातमुखी उद्योग, औषधि उत्पादन र साना तथा मझौला उद्यममा लगानी विस्तार गर्न सक्ने नीति अपनाउनुपर्छ । निजी क्षेत्रले पनि बजारको वास्तविक माग, प्रतिस्पर्धात्मक क्षमता र नगद प्रवाहका आधारमा परियोजना तयार गर्नुपर्छ । यसबाट कर्जाको माग मात्र होइन, रोजगारी, उत्पादन र राष्ट्रिय आयसमेत बढ्न सक्छ ।

ख) सरकारी पुँजीगत खर्च प्रभावकारी बनाउने

विकास बजेटको प्रभावकारी कार्यान्वयन क्रेडिट कनन्ड्रम समाधानको महत्त्वपूर्ण उपाय हो । आयोजना छनोट, ठेक्का व्यवस्थापन, जग्गाप्राप्ति, वातावरणीय स्वीकृति र भुक्तानी प्रक्रियामा हुने ढिलाइ घटाउनुर्पछ । सरकारले सडक, सिँचाइ, ऊर्जा, औद्योगिक पूर्वाधार र डिजिटल कनेक्टिभिटीमा प्रभावकारी लगानी गर्दा निजी क्षेत्रको उत्पादन लागत घट्छ र नयाँ परियोजनाको व्यावसायिक सम्भाव्यता बढ्छ । सरकारी खर्चको गुणस्तर र कार्यान्वयन क्षमतामा सुधारले निजी क्षेत्रको कर्जा मागलाई अप्रत्यक्ष रूपमा बढाउन सक्छ । सरकारले विकास बजेटको समयमै कार्यान्वयन, ठेक्का व्यवस्थापन, जग्गाप्राप्ति, वातावरणीय स्वीकृति र निर्माण व्यवसायीलाई भुक्तानीमा हुने ढिलाइ घटाउनुपर्छ । विशेष गरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च केन्द्रित गर्ने प्रवृत्तिमा सुधार गरी वर्षभरि नियमित पुँजीगत खर्च गर्ने व्यवस्था आवश्यक छ । यसले निजी क्षेत्रको नगद प्रवाहमा सुधार गर्छ र बैंक कर्जाको माग बढाउन सहयोग पुऱ्याउँछ ।

ग) नगद प्रवाहमा आधारित कर्जा प्रणाली विकास गर्ने

बैंक तथा वित्तीय संस्थाहरूले परम्परागत धितोमा आधारित कर्जासँग ऋणीको व्यावसायिक सम्भावना, अनुमानित नगद प्रवाह, बजारको अवस्था र व्यवस्थापकीय क्षमतामा आधारित मूल्याङ्कनलाई प्राथमिकता दिनुपर्छ । यसका लागि निम्न उपाय उपयोगी हुन सक्छन्:

- साना तथा मझौला उद्यमका लागि नगद प्रवाहमा आधारित कर्जा मूल्याङ्कन ।
- डिजिटल कारोबार, कर विवरण र बैंक खाताको कारोबारलाई ऋणीको क्षमता मूल्याङ्कनमा प्रयोग गर्ने ।
- परियोजनाको सम्भाव्यता र जोखिमअनुसार कर्जा संरचना बनाउने ।
- धितोको अभाव भएका तर व्यावसायिक सम्भावना भएका उद्यमका लागि कर्जा प्रत्याभूति व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ तर नगद प्रवाहमा आधारित कर्जा पनि पर्याप्त जोखिम विश्लेषण र नियमित अनुगमनमा आधारित हुनुपर्छ ।

घ) निष्क्रिय कर्जा व्यवस्थापन र ऋणीको पुनर्स्थापना

बैंकहरूले निष्क्रिय कर्जा घटाउन प्रभावकारी असुली प्रणाली अपनाउनुपर्छ । तर वास्तविक आर्थिक कठिनाइमा परेका र दीर्घकालीन व्यावसायिक सम्भावना भएका ऋणीलाई सबै अवस्थामा एउटै दृष्टिकोणबाट हेर्नु उपयुक्त हुँदैन । व्यावहारिक उपायहरूमा निम्न विषय समावेश हुन सक्छन्:

- सम्भाव्य व्यवसायको कर्जा पुनर्संरचना वा पुनर्तालिकीकरण ।
- व्यवसायको वास्तविक वित्तीय अवस्थाको परीक्षण ।
- समस्याग्रस्त कर्जा र जानाजानी भुक्तानी नगर्ने ऋणीबीच स्पष्ट भिन्नता ।
- धितो बिक्री तथा असुली प्रक्रियालाई पारदर्शी र समयबद्ध बनाउने ।
- ऋणीको क्षमता र नियामकीय व्यवस्थाअनुसार कर्जा चुक्ता गर्ने व्यावहारिक योजना बनाउने ।

पुनर्संरचना भनेको खराब कर्जालाई लुकाउने माध्यम हुनुहुँदैन । यसको उद्देश्य सम्भाव्य व्यवसायलाई पुनर्जीवित गर्नु र बैंकको वास्तविक जोखिमलाई सही रूपमा पहिचान गर्नु हो ।

ङ) नेपाल राष्ट्र बैंकको नीतिगत भूमिका

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत तरलता व्यवस्थापन, ब्याजदर, कर्जा जोखिम र वित्तीय स्थिरताबीच सन्तुलन कायम गर्नुपर्छ । कर्जा माग कमजोर भएका अवस्थामा ब्याजदर घटाउने उपाय उपयोगी हुन सक्छ तर तिनको प्रभाव बजारको विश्वास र लगानीको सम्भावनामा निर्भर हुन्छ । मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयन, जोखिममा आधारित नियमन, वित्तीय स्थिरता र नीतिगत स्थिरताका माध्यमबाट क्रेडिट कनन्ड्रमको समस्या हल गर्न मदत पुग्दछ ।

च) साना तथा मझौला उद्यमलाई प्रोत्साहन

नेपालको रोजगारी र स्थानीय उत्पादनमा साना तथा मझौला उद्यमको भूमिका महत्त्वपूर्ण छ । यस्ता व्यवसायलाई सरल कर्जा प्रक्रिया, वित्तीय साक्षरता, व्यवसाय विकास सेवा, कर्जा प्रत्याभूति र उपयुक्त बीमा सुविधाबाट सहयोग गर्न सकिन्छ । स्टार्टअप, महिला उद्यमी, युवा व्यवसायी र ग्रामीण उत्पादनमूलक उद्यमका लागि पारदर्शी तथा परिणाममा आधारित सहायता कार्यक्रम विकास गर्नुपर्दछ । सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई वास्तविक उत्पादन, रोजगारी र व्यवसायको निरन्तरतासँग जोड्नुपर्छ ।

छ) कर्जा सूचना र जोखिम व्यवस्थापन सुधार

कर्जा सूचना प्रणालीलाई विश्वसनीय, समयसापेक्ष र पारदर्शी बनाउनुपर्छ । खराब कर्जा असुली, ऋणीको वित्तीय पुनर्संरचना र व्यापार व्यवसायलाई पुनः सञ्चालन गर्ने प्रक्रियामा सुधार आवश्यक छ । जानाजानी कर्जा नतिर्ने र अस्थायी आर्थिक समस्याका कारण कठिनाइमा परेका ऋणीबीचको भिन्नतालाई उचित किसिमले ठम्याउनुपर्दछ । कानुनसम्मत पुनर्संरचना, असुली र उत्तरदायित्वले बैंक तथा ऋणी दुवैको विश्वास बढाउँछ ।

ज) बैंकिङ सेवाको आधुनिकीरण

बैंकहरूले डिजिटल कर्जा मूल्याङ्कन, तथ्याङ्कमा आधारित ऋणी विश्लेषण र प्रभावकारी ग्राहक सेवामा लगानी बढाउनुपर्छ । कर्जा प्रक्रिया सरल बनाउँदा समय र लागत घट्छ । साथै बैंकका शाखा तथा प्रादेशिक कार्यालयले स्थानीय उद्योग, कृषि पर्यटन र व्यापारको आवश्यकता पहिचान गरी सम्भावित ऋणीसँग सक्रिय संवाद गर्नुपर्दछ । यसले कर्जा प्रवाहलाई वास्तविक बजारको मागसँग जोड्न सहयोग गर्छ ।

झ) बैंक, सरकार र निजी क्षेत्रबीच समन्वय

निजी क्षेत्रको विश्वास पुनःस्थापना गर्न, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय, बैंक तथा वित्तीय संस्था, उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र स्थानीय सरकारबीच नियमित संवाद आवश्यक छ। नीतिगत समस्या, कर्जा प्रक्रियाका अवरोध, लगानीयोग्य परियोजनाको अभाव र बजारको कमजोर मागबारे तथ्यमा आधारित छलफल गरी समयबद्ध समाधान कार्ययोजना बनाउनुपर्दछ।

ञ) प्राथमिकता प्राप्त क्षेत्रमा लक्षित कर्जा

कृषि, पर्यटन, ऊर्जा, निर्यात, सूचना प्रविधि र साना उद्योगमा लक्षित कर्जा कार्यक्रम विकास गर्न सकिन्छ तर क्षेत्र तोकेर कर्जा दिनु मात्र पर्याप्त हुँदैन। प्रत्येक परियोजनाको व्यावसायिक सम्भाव्यता, बजार पहुँच, व्यवस्थापकीय क्षमता र ऋण चुक्ता गर्ने क्षमताको मूल्याङ्कन अनिवार्य हुनुपर्छ। कर्जा प्रत्याभूति, प्राविधिक सहयोग र व्यवसाय विकास सेवासँग जोडिएका कार्यक्रमले विशेष साना उद्यमलाई वित्तीय पहुँच बढाउन सहयोग गर्न सक्छन्।

ट) वित्तीय साक्षरता र व्यावसायिक क्षमता अभिवृद्धि

धेरै साना उद्यमीले राम्रो व्यावसायिक अवधारणा भए पनि व्यवस्थित लेखा, कर विवरण, व्यवसाय योजना र वित्तीय अनुमान तयार गर्न नसक्दा कर्जा प्राप्त गर्न कठिनाइ भोग्न सक्छन्। बैंक, निजी क्षेत्रका संस्था र सरकारी निकायले संयुक्त रूपमा वित्तीय साक्षरता, व्यवसाय योजना निर्माण, डिजिटल लेखा प्रणाली र ऋण व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गर्नुपर्छ। यसले बैंकलाई ऋणीको क्षमता मूल्याङ्कन गर्न सहज बनाउँछ र व्यवसायीको कर्जा प्राप्त गर्ने सम्भावनामा सुधार गर्छ।

६) निष्कर्ष

नेपालको वित्तीय क्षेत्रको हालको कर्जा र निक्षेपसम्बन्धी तथ्याङ्कले के देखाउँछन् भने सस्तो कर्जा र पर्याप्त तरलतामात्र आर्थिक पुनरुत्थानका लागि पर्याप्त हुँदैनन्। उत्पादनशील कर्जा विस्तार आर्थिक समृद्धिको अपरिहार्य सर्त हो। अर्थशास्त्री रोबर्ट ई. हल र माइकल वुडफोर्डले भने जस्तै नेपालमा कर्जा माग न्यून हुनाका कारणहरूमध्ये व्यक्ति र व्यवसायीहरूको भविष्यप्रतिको सोचाइ र अपेक्षा बढी जिम्मेवार रहेको देखिन्छ। निजी क्षेत्रले नयाँ लगानीबाट उचित प्रतिफल प्राप्त गर्ने विश्वास, केन्द्रीय बैंकले जारी गर्ने अपेक्षित मौद्रिक नीति, व्यवसाय विस्तारका अवसर, प्रभावकारी सरकारी खर्च र बैंकिङ प्रणालीको कर्जा गुणस्तर कायम गर्न सकिएमा विद्यमान न्यून कर्जा मागको समस्यालाई हल गर्न सकिन्छ। अतः समाधानका केन्द्रमा मूलतः तीनवटा प्राथमिकता हुनुपर्दछ : उत्पादनशील कर्जाको माग सिर्जना गर्ने, बैंकिङ प्रणालीको जोखिम व्यवस्थापन सुधार गर्ने र लगानीमैत्री आर्थिक वातावरण निर्माण गर्ने। अर्थतन्त्रको वास्तविक चुनौती बैंकमा पैसा जम्मा हुनु होइन, त्यो पैसा उत्पादन, रोजगारी र समृद्धिको क्षेत्रमा सुरक्षित तथा प्रभावकारी रूपमा परिचालन गर्न सक्नु हो। अतः वित्तीय क्षेत्रमा रहेको अधिक तरलतालाई उद्यमशीलता र उत्पादन वृद्धिसँग जोड्न सकिएमा नेपालको क्रेडिट कनन्ड्रमलाई आर्थिक अवसरमा रूपान्तरण गर्न सकिन्छ।

सन्दर्भ सामग्री

Nepal Rastra Bank. (2083). *Monetary policy for fiscal year 2083/84.*

Nepal Rastra Bank. (2082). *Annual report 2081/82.*

Nepal Rastra Bank. (2082). *Current Macroeconomic and Financial Situation of Nepal, Based on Annual Data of 2081/82.*

Nepal Rastra Bank. (2083). *Current Macroeconomic and Financial Situation of Nepal, Based on Annual Data of 2082/83.*

International Monetary Fund. (2026). *Nepal: 2026 Article IV consultation and seventh review under the Extended Credit Facility arrangement.*

World Bank. (2026). *Nepal development update.*

Royal Swedish Academy of Sciences. (2026). *The prize in economic sciences 2026.*

Bernanke, B. S., & Gertler, M. (1995). *Inside the black box: The credit channel of monetary policy transmission.* Journal of Economic Perspectives, 9(4), 27–48.

Nakel Nikiema, *THE CREDIT CONUNDRUM: Psychological Principles of Personal Finance and Credit Management.*

नेपालको सार्वजनिक खरिद प्रणाली : समस्या, चुनौती र समाधानको मार्गदर्शन



कमल पराजुली
प्रबन्धक
नेपाल बैंक लिमिटेड

१. परिचय

सार्वजनिक खरिद भनेको सरकारी निकाय, सार्वजनिक संस्थान र स्थानीय तहले जनताको करबाट उठेको वा ऋण, अनुदान तथा अन्य सार्वजनिक स्रोतबाट प्राप्त रकम वा कोषबाट खर्च गरी वस्तु, परामर्श सेवा, अन्य सेवा र निर्माण कार्य प्राप्त गर्ने कानुनी तथा संस्थागत प्रक्रिया हो । खरिद प्रणाली मुलुक तथा सार्वजनिक संस्थाको आर्थिक विकास, सुशासन एवं सेवा प्रवाहसँग प्रत्यक्ष जोडिएको हुन्छ । नेपालमा खरिदलाई व्यवस्थित गर्ने कानुनी प्रयास आर्थिक ऐन र वित्तीय प्रशासनसम्बन्धी विभिन्न व्यवस्थाबाट सुरु भएको थियो । खरिदलाई एकीकृत र आधुनिक कानुनी संरचनामा ढाल्ने काम सार्वजनिक खरिद ऐन, २०६३ जारी भएपछि मात्र सम्भव भएको हो । नेपालले विश्व बैंक, एसियाली विकास बैंक जस्ता विकास साझेदार एवं दातृ निकायबाट सहयोग प्राप्त गर्ने गर्दछ । यसरी प्राप्त ऋण-अनुदान सहयोगको उच्चतम सदुपयोग भएको यकिन गर्न तथा प्रतिस्पर्धी खरिद प्रणाली अपनाउन अपरिहार्य भएकाले समेत नेपालले आधुनिक खरिद कानुन तर्जुमा गर्न थालेको हो ।

सार्वजनिक खरिद ऐन, २०६३ कानुन लागु भएको दुई दशकभन्दा बढी भइसक्दा पनि व्यवहारमा भ्रष्टाचार, मिलेमतो, ढिलासुस्ती, क्षमताको अभाव र प्रक्रियागत झन्झट जस्ता समस्या कायमै छन् । ठूलो रकमको खरिद-बिक्रीमा हुन सक्ने लेनदेन, प्राविधिक जटिलता र सीमित प्रतिस्पर्धाका कारण भ्रष्टाचार हुने सम्भावना बढी भएकाले सार्वजनिक खरिदलाई विश्वभर नै 'उच्च जोखिम क्षेत्र' मानिन्छ । संयुक्त राष्ट्रसंघीय भ्रष्टाचार विरुद्धको महासन्धि (UNCAC) को पक्षराष्ट्रका हैसियतले नेपालले खरिद प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सुधार्नुपर्ने अनिवार्यता छ ।

२. सार्वजनिक खरिद प्रणालीको अवधारणा, सिद्धान्त र महत्त्व

सार्वजनिक खरिद प्रक्रिया आवश्यकता पहिचानबाट सुरु भई सम्झौता कार्यान्वयन र अन्तिम भुक्तानीसम्म पुगेर टुङ्गिने एउटा पूर्ण चक्रीय प्रणाली हो, जसअर्न्तगत लागत अनुमान, खरिद विधि छनोट, बोलपत्र दस्तावेज तयारी, सूचना प्रकाशन, मूल्याङ्कन, सम्झौता व्यवस्थापन र अनुगमन जस्ता चरण समावेश हुन्छन् । हरेक चरणमा पारदर्शिता र जवाफदेहिता कायम नराखिए सम्पूर्ण प्रक्रिया नै कमजोर बन्छ, त्यसैले खरिद व्यवस्थापनलाई निरन्तर चलिरहने चक्रीय प्रणालीका रूपमा बुझ्नुपर्छ । खरिदका लागि खुला बोलपत्र, सीमित बोलपत्र, दरभाउपत्र, सोझै खरिद, प्रतिस्पर्धात्मक वार्ता जस्ता विभिन्न विधि प्रयोग गरिन्छ, जुन खरिदको प्रकृति, रकम र जटिलताका आधारमा छनोट गरिन्छ ।

कानुनी अनुपालन, पारदर्शिता, प्रतिस्पर्धा, समान अवसर, मितव्ययिता र दक्षता, जवाफदेहिता, अखण्डता र गोपनीयता एवं पारदर्शिताको सन्तुलन जस्ता विशेषता नै सार्वजनिक खरिदका आधारभूत सिद्धान्तहरू हुन् । सिद्धान्तबीचको आन्तरिक द्वन्द्वले खरिद प्रक्रियामा जटिलता सिर्जना भइरहेको हुन्छ । जस्तो कि पारदर्शिताका लागि सबै जानकारी तुरुन्तै सार्वजनिक गर्दा मूल्याङ्कन प्रक्रिया नै प्रभावित भएर खरिद कार्य सम्पन्न नहुन सक्छ । यसैले दक्ष र अनुभवी खरिद अधिकारीको भूमिकाले संस्थाको समग्र सफलता र असफलता निर्धारण गर्दछ ।

सार्वजनिक खरिद जनताको करबाट उठेको रकम खर्च गर्ने प्रक्रियासँग सम्बन्धित भएकाले अनुपालना, विवेकशील, न्यायसङ्गत, सुशासनयुक्त र जवाफदेहिता हुनुपर्छ । नेपालको कुल पुँजीगत खर्चको ठूलो हिस्सा (लगभग नब्बे प्रतिशतसम्म) निर्माण क्षेत्रसँग सम्बन्धित रहेको

र यसले लाखौँ मानिसलाई रोजगारी दिएको देखिन्छ । खरिद प्रणालीको दक्षता र पारदर्शिताले दातृ निकाय तथा लगानीकर्ताको विश्वास आर्जनमा मदत गर्ने तथा प्रभावकारितामा वृद्धि हुने हुँदा खरिद प्रक्रियाले धेरै महत्त्व राखेको हुन्छ । साना संस्था एवं संस्थानहरूमा उचित खरिद प्रणलीको महत्त्व नबुझ्दा कार्यालयलाई अति आवश्यक संसाधनको अभावले समग्र संस्थाको उन्नति एवं प्रगतिमा बाधा पुग्न सक्छ ।

३. नेपालको सार्वजनिक खरिद प्रणालीको कानुनी तथा संस्थागत संरचना

नेपालको खरिद प्रणाली मुख्यत: निम्न संस्थागत संरचनाका आधारमा सञ्चालित छ :

सार्वजनिक खरिद ऐन, २०६३ : यो ऐन खरिदको मूल कानुन हो । यसले सामान्य सिद्धान्त, विधि, प्रक्रिया, उजुरी सुनुवाइ व्यवस्था र संस्थागत जिम्मेवारी निर्धारण गर्छ । यस ऐनमा दोस्रो संसोधनको प्रमाणीकरण मिति २०८३ असार २५ रहेको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ : जसले कार्यविधि, फाराम, न्यूनतम रकम सीमा र समयावधि तोक्छ र सोह्रौँ पटक (२०८३ भाद्र ३) संशोधन भइसकेको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) : सार्वजनिक खरिद संग सम्बन्धित नीति तर्जुमा, मापदण्ड निर्धारण, नमुना बोलपत्र दस्तावेज (Standard Bidding Doucument), निर्देशिका तथा कार्यविधिहरू जारी गर्ने साथै क्षमता विकास र खरिद तथ्याङ्क व्यवस्थापन गर्ने केन्द्रीय निकायका रूपमा रहेको छ ।

विद्युतीय खरिद प्रणाली (e-GP) : खरिद प्रणालीको पारदर्शिता तथा निष्पक्ष खरिद कार्यका लागि बोलपत्रको सूचनाको प्रकाशन तथा पेस, मूल्याङ्कन र सम्झौता व्यवस्थापन गर्ने विद्युतीय अनलाइन संयन्त्रका रूपमा रहेको छ ।

यी संरचनाबाहेक पनि बोलपत्रदाताले चित्त नबुझेको निर्णयविरुद्ध उजुरी गर्न अर्धन्यायिक निकाय सार्वजनिक खरिद पुनरावलोकन समिति, सार्वजनिक निकायको लेखापरीक्षण गर्न महालेखा परीक्षकको कार्यालय र खरिद अनियमितता र भ्रष्टाचारको अनुसन्धान तथा मुद्दा दायर गर्न संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संस्थाहरू क्रियाशील रहेका छन् । नागरिक समाज, सञ्चार माध्यम, दबाब समूह र ट्रेड युनियनलाई समेत अनौपचारिक संयन्त्रका रूपमा लिन सकिन्छ जसले प्रभावकारी निगरानीको भूमिका खेल्न सक्छन् ।

४. सार्वजनिक खरिद ऐन, २०६३ का प्रमुख व्यवस्थाहरू

ऐनले रकम सीमा (threshold) का आधारमा खुला बोलपत्र, सीमित बोलपत्र, सिलबन्दी दरभाउपत्र, सोझै खरिद, उपभोक्ता समितिमार्फत खरिद, प्रतिस्पर्धात्मक वार्ता जस्ता खरिद विधि तोकेको छ र कुन अवस्थामा कुन विधि प्रयोग गर्ने भन्ने मापदण्ड समेत तय गरेको छ । जस्तै साना रकमका लागि सोझै खरिद, मध्यम रकमका लागि सिलबन्दी दरभाउपत्र र ठूलो रकमको खरिदमा अनिवार्य रूपमा खुला बोलपत्र आह्वान गर्नुपर्छ । परामर्श सेवामा प्राविधिक क्षमता र अनुभवलाई बढी महत्त्व दिनुपर्ने भएकाले गुणस्तर-लागतमा आधारित छनोट विधि (QCBS) तोकिएको छ । गलत सूचना दिने, मिलेमतो, सम्झौता उल्लङ्घन वा भ्रष्टाचारमा संलग्न फर्म वा व्यक्तिलाई निश्चित अवधि खरिदमा सहभागी हुनबाट रोक लगाउने तथा कालोसूचीमा राख्न सकिने लगायतका धेरै महत्त्वपूर्ण प्रावधानहरू रहेका छन् ।

५. हालैको (दोस्रो) संशोधनले ल्याएका परिवर्तनहरू

सरोकारवालाले लामो समयदेखि राख्दै आएका माग सम्बोधन गर्न सरकारले सार्वजनिक खरिद ऐनलाई अध्यादेशमार्फत दोस्रो संशोधन जारी गरेको थियो । हाल उक्त ऐन संसद्बाट पारित भई प्रमाणीकरण समेत भइसकेको छ । नियमावलीमा पनि हालसम्म सोह्रौँ संशोधनले सम्झौता म्याद थपसम्बन्धी विशेष व्यवस्था गरेको छ । लागत अनुमानभन्दा तीस प्रतिशतभन्दा बढी घटाएर हालिएका बोलपत्रलाई मूल्याङ्कनमै समावेश नगर्ने व्यवस्था गरिएको छ, जसले पहिले व्यापक रहेको अत्यन्त कम मूल्यमा ठेक्का लिने र पछि गुणस्तर कमजोर बनाउने प्रवृत्तिलाई नियन्त्रण गर्ने लक्ष्य राखेको छ । यसले लो बिडिङको समस्या अन्त्य गर्ने अपेक्षा गरिएको छ । बजेट विनियोजन वा स्रोत सुनिश्चित नगरी अनि जग्गा प्राप्ति, मुआब्जा वितरण तथा वातावरणीय स्वीकृति पूरा नभई खरिद प्रक्रिया अगाडि नबढाउने व्यवस्था गरिएको छ ।

कार्यसम्पादन जमानत सम्झौता रकमको पाँच प्रतिशतमा सीमित गरिएको, राष्ट्रिय बोलपत्रको न्यूनतम अवधि ३० दिनबाट घटाएर २१ दिन र अन्तर्राष्ट्रिय बोलपत्रको अवधि ४५ दिनबाट घटाएर ३० दिन पुऱ्याइएको छ, त्यस्तै राष्ट्रिय स्तरको पुन: बोलपत्र कम्तीमा ७ दिन र अन्तराष्ट्रियस्तरको पुन: बोलपत्र कम्तीमा १५ दिन समय थप गरे पुग्ने गरी संसोधन गरिएको छ । पेस्की रकम

दुरुपयोगमा फौजदारी दायित्व थपिएको छ, कम्पनी गाभिएको हकमा दुवैको योग्यता जोडेर गणना गर्न पाउने व्यवस्था, सम्झौता तोडिँदा व्यवसायीले सुरुको मूल्य र नयाँ मूल्यबीचको फरक रकममात्र बेहोर्नुपर्ने व्यवस्था, उत्कृष्ट कार्यसम्पादनमा प्रोत्साहन बोनस दिने व्यवस्था र पुनरावलोकन समितिको निर्णय बाध्यात्मक बनाइएको छ ।

६. अन्तर्राष्ट्रिय असल अभ्यास र नेपालको सन्दर्भ

दक्षिण कोरिया, सिङ्गापुर र युरोपेली संघका मुलुकले पूर्ण विद्युतीकरण गरिएको खरिद प्रणाली अपनाई कागजी प्रक्रिया र मानवीय हस्तक्षेप घटाएका छन् । जर्जिया र युक्रेनले खुला डेटा मानक अपनाई बोलपत्रदाताको नाम, मूल्य, सम्झौता विवरण र भुक्तानीसम्मको जानकारी सार्वजनिक रूपमा अनलाइन उपलब्ध गराई नागरिक निगरानी सहज बनाइएको छ । भारतमा सामान्य वित्तीय नियमावली र केन्द्रीय सतर्कता आयोगको संयुक्त संयन्त्रले ठूला सम्झौतामा स्वतन्त्र बाह्य अनुगमन खटाउने व्यवस्था गरेको छ । बङ्गलादेशले खरिद अधिकारीको व्यावसायिक प्रमाणीकरण अनिवार्य गरेको छ । नेपालले यी अभ्यासबाट सान्दर्भिक विषयवस्तु सिकेर आफ्नो संस्थागत र प्राविधिक क्षमताअनुसार क्रमिक रूपमा अपनाउन सक्छ तर पूरै अरूको नक्कल गर्नुभन्दा स्थानीय सन्दर्भ र स्रोत साधनको उपलब्धता हेरेर क्रमबद्ध रूपमा विवेकशील ढङ्गले अन्तर्राष्ट्रिय असल अभ्यासहरू क्रमिक रूपमा लागु गर्नु बढी व्यावहारिक हुनेछ ।

७. नेपालको सार्वजनिक खरिद प्रणालीका प्रमुख समस्या र चुनौतीहरू

उल्लिखित कानुनी तथा संस्थागत संरचना र सिद्धान्तहरूका बाबजुद व्यवहारतः नेपालको सार्वजनिक खरिद प्रणाली अझै पनि "कानुनमा राम्रो, कार्यान्वयनमा कमजोर" भन्ने चरित्रबाट मुक्त हुन सकेको छैन । समस्याको जड कानुनी खाडलमा भन्दा बढी कार्यान्वयन क्षमता, संस्थागत संस्कार र अर्थराजनीतिक सुझबुझमा र कर्मचारीतन्त्रमा रहेको अकर्मण्यता आदि रहेका छन् । नेपालको सार्वजनिक खरिद प्रणालीले व्यवहारमा थुप्रै संरचनागत, संस्थागत र आचरणगत समस्याहरू भोगिरहेको छ जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

७.१ भ्रष्टाचार, मिलेमतो र अनियमितता

नेपालमा सार्वजनिक खरिद क्षेत्रलाई सबैभन्दा बढी भ्रष्टाचार हुने भनेर आरोपित क्षेत्रमध्ये एक मानिएको छ । अनुगमन गर्ने नियमक निकाय (Over sight Agency) का वार्षिक प्रतिवेदनहरूले बर्सेनी खरिद प्रक्रियामा बेरुजु, अनियमितता र भ्रष्टाचारका उदाहरणहरू औंल्याउने गरेका छन् । बोलपत्रदाताहरूबीच मिलेमतो गर्ने 'सिन्डिकेट' प्रवृत्ति र कर्मचारीतन्त्र तथा राजनीतिक तहसँगको मिलेमतोमा ठेक्का लिनेदिने प्रवृत्ति व्यापक रहेको गुनासो लामो समयदेखि सुनिँदै आएको छ । 'ट्रान्सपरेन्सी इन्टरनेसनल' नामक संस्थाले February 2026 मा प्रकाशन गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्क (Corruption Perceptions Index) मा नेपाल १०० अंङ्कमा ३४ अंङ्कसहित १८२ राष्ट्रमा १०९ औं स्थानमा रहेको छ । वर्षौंदेखि तुलनात्मक रूपमा तल्लो तहमै रहनुले पनि सार्वजनिक क्षेत्र, विशेषतः खरिदसँग जोडिने विषयलाई चरम भ्रष्टाचारको समस्याका रूपमा लिन सकिन्छ ।

७.२ लो बिडिङ र गुणस्तरमा सम्झौता

दोस्रो संशोधनले सम्बोधन गर्न खोजेको एउटा दीर्घकालीन समस्या हो लागत अनुमानभन्दा अत्यधिक कम मूल्यमा बोलपत्र हालेर ठेक्का लिने प्रवृत्ति । यसरी अस्वाभाविक कम मूल्यमा ठेक्का लिने व्यवसायीले पछि गुणस्तर कमजोर बनाएर, काम अधुरो छाडेर, जिन्सी सामनहरूको भण्डार दाखिला न्यून परिमाणमा गर्ने वा अनावश्यक भेरिएसन (परिमाण वृद्धि) मार्फत रकम असुल्ने प्रयास गर्ने गरेको पाइन्छ ।

७.३ आयोजना ढिलासुस्ती र समयमै सम्पन्न नहुने प्रवृत्ति

नेपालका धेरै ठूला र साना विकास आयोजनाहरू निर्धारित समयमा सम्पन्न नहुने समस्या दीर्घकालीन रूपमा रहिआएको छ । यसका पछाडि जग्गा प्राप्ति र मुआब्जा विवाद, वातावरणीय स्वीकृतिमा ढिलाइ, स्रोत साधनको अभाव वा समयमै बजेट निकासा नहुनु, ठेकेदारको क्षमतामा कमजोरी र मौसमी वा भौगोलिक अवरोधहरू जस्ता बहुआयामिक कारण जिम्मेवार रहेका छन् । यसले लागत वृद्धि (Cost Overrun) निम्त्याउने मात्र नभई सेवा प्रवाहमा समेत ढिलाइ हुने देखिन्छ । हरेक आर्थिक वर्षको सुरुतिर बजेट खर्च सुस्त हुने तर अन्त्यतिर असारे विकासका नाममा ठूलो रकम खर्च गर्न हतार गर्ने प्रवृत्तिले पनि गुणस्तर र योजनाबद्धतामा नकारात्मक असर पुऱ्याउने गरेको छ ।

७.४ संस्थागत तथा जनशक्ति क्षमताको अभाव

विशेषगरी स्थानीय तह र साना कार्यालयहरूमा खरिद ऐन तथा नियमावलीको जटिल प्राविधिक व्यवस्थाहरू बुझ्ने र लागु गर्ने दक्ष जनशक्तिको अभाव देखिन्छ । संघीयता कार्यान्वयनपछि सयौँ स्थानीय तह संस्थान तथा सरकारी प्रतिष्ठानले आफैँ खरिद प्रक्रिया सञ्चालन गर्नुपर्ने भएको छ तर धेरै कार्यालयहरूमा खरिद विशेषज्ञता भएका कर्मचारी नहुँदा प्रक्रियागत त्रुटि, कमजोर दस्तावेजीकरण र अनुगमनको अभाव जस्ता समस्या देखिन्छन् । बारम्बार हुने कर्मचारी सरुवाले पनि यस समस्यालाई थप चुनौतीपूर्ण बनाएको छ । एउटा कर्मचारीले खरिद प्रक्रियाबारे अनुभव र दक्षता हासिल गर्दा गर्दै सरुवा भई अर्को स्थानमा जानुपर्ने हुँदा संस्थागत सिकाइ (Institutional Learning) निरन्तर हुन सक्दैन । हरेक पटक नयाँ जनशक्तिलाई फेरि सुरुबाटै तालिम दिनुपर्ने बाध्यता रहन्छ । खरिद अधिकारीहरूबिचको अविश्वास, असमझदारी र भष्टाचारको सङ्गीन आरोप खेप्नुपर्ने हो कि भन्ने आशङ्काले निर्णय नगर्ने प्रवृत्ति मौलाउँदै गएको छ जसले गर्दा प्रभावकारी खरिद प्रणालीमा अझ ठूलो समस्या र चुनौती सिर्जना गरेको छ ।

७.५ बारम्बार हुने कानुनी परिवर्तन र अस्थिरता

सार्वजनिक खरिद नियमावली सोह्रौँ पटक संशोधन भइसकेको तथ्यले नै देखाउँछ कि खरिद कानुन व्यवस्था बारम्बार परिवर्तन भइरहन्छ । बारम्बारको संशोधनले एकातिर व्यवहारमा देखिएका कमजोरी सच्याउने अवसर दिए पनि अर्कातिर खरिद अधिकारी र व्यवसायीहरूमा कानुनी अस्पष्टता र भ्रम उत्पन्न गराउँछ र कतिपय अवस्थामा पुराना अभ्यास र नयाँ व्यवस्थाबीच द्वन्द्व सिर्जना हुने गरेको पाइन्छ ।

७.६ विद्युतीय खरिद प्रणाली (e-GP) को सीमितता

सरकारले पारदर्शिता अभिवृद्धि गर्न विद्युतीय खरिद प्रणाली लागु गरे पनि यसको प्रयोग अझै पूर्ण रूपमा प्रभावकारी हुन सकेको छैन । इन्टरनेट पहुँच, प्राविधिक ज्ञान, प्रणालीको प्राविधिक त्रुटि तथा कतिपय निकायले अझै परम्परागत (म्यानुअल) प्रक्रिया प्रयोग गर्ने प्रवृत्तिले गर्दा विद्युतीय प्रणालीले अपेक्षित पारदर्शिता र दक्षता ल्याउन सकिरहेको छैन ।

७.७ उजुरी तथा विवाद समाधान संयन्त्रको सीमितता

बोलपत्रदाताले खरिद निर्णयविरुद्ध उजुरी गर्ने संयन्त्र भए पनि यसको प्रक्रिया लामो, जटिल र कतिपय अवस्थामा पूर्वाग्रहयुक्त हुने गुनासो सुनिन्छ । अदालतमा मुद्दा पर्दा त्यसको फर्स्योटमा वर्षौं अर्थात् लामो समय लाग्ने भएकाले आयोजना नै अलपत्र पर्ने वा ढिलो हुने जोखिम रहन्छ । खरिद सम्झौता वा प्रक्रियासम्बन्धी विवादमा सर्वोच्च अदालतले हस्तक्षेप गर्नुपर्ने अवस्था बारम्बार आउनु आफैँमा प्रणालीभित्रको उजुरी संयन्त्र पर्याप्त विश्वसनीय र प्रभावकारी हुन नसकेको सङ्केत हो, जुन हालैको संशोधनसम्बन्धी संवैधानिक इजलासमा परेको मुद्दाले पनि पुष्टि गरेको छ ।

यी यावत् समस्याबाहेक राजनीतिक सम्बन्ध वा प्रभावका आधारमा हुने हस्तक्षेप र दबाव, ठूला आयोजनालाई समेत टुक्र्याएर प्रतिस्पर्धा नगराई मिलेमतोमा खरिद कार्य गर्ने, प्राविधिक ज्ञान नभएका उपभोक्ता समितिमार्फत गरिने खरिद, मिलेमतो एवं कार्टेलिङ गरी साना स्थानीय तथा नयाँ व्यवसायीका लागि योग्यताको मापदण्ड, जमानत र कागजी प्रक्रियाले व्यवसाय प्रवेशमा हुने अवरोध, महामारी वा विपद्जन्य अवस्थामा हतार खरिदको जोखिम, वातावरणीय र सामाजिक पक्षको उपेक्षा गरी गरिने खरिद आदि धेरै समस्या तथा चुनौतीहरू विद्यमान रहेका छन् । यस्ता समस्या र चुनौतीहरू एकआपसमा जोडिएका छन् । जस्तो कि ज्ञान तथा क्षमताका अभावले प्रक्रियागत कमजोरी एवं त्रुटि निम्त्याउँछ, प्रक्रियागत कमजोरी र त्रुटिले उजुरी बढाउँछ, उजुरीका कारण आयोजना ढिलो हुन्छ जसका कारण लागतमा वृद्धि हुन्छ र गुणस्तरमा ह्रास आउँछ । त्यस्तै सरकारी लगानी भएका संस्थाहरूले सार्वजनिक खरिद ऐनको कानुन पूर्ण पालना गर्नुपर्ने तर निजी क्षेत्रले मौखिक निर्णयका आधारमा तुरुन्तै निर्णय गरी उपलब्ध अवसर प्राप्त गर्नसक्ने भएकाले सार्वजनिक संस्थाले निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था विद्यमान रहेको छ, त्यसैले यस्ता समस्या समाधानको मार्गदर्शन बहुआयामिक हुनुपर्ने देखिन्छ ।

८. समाधानको मार्गदर्शन

माथि उल्लिखित समस्या र चुनौतीहरू एकअर्कासँग जटिल रूपमा गाँसिएकाले तिनको समाधान पनि व्यापक रूपमा समग्र र दीर्घकालीन दृष्टिकोणबाट खोजिनुपर्छ । समस्या र चुनौतीहरूलाई एकअर्कासँग सामञ्जस्य र समन्वय राखी क्रमबद्ध सुधार गर्नुपर्ने देखिन्छ । सुधारका

उपायहरूलाई कानुनी, संस्थागत, प्राविधिक र सामाजिक गरी विविध आयामलाई ध्यानमा राखी समेट्न सकिन्छ ।

८.१ कानुनी स्थिरता र स्पष्टता: बारम्बार हुने संशोधनका साट्टा व्यापक परामर्श र अध्ययनका आधारमा दीर्घकालीन दृष्टिकोण राखी एकमुस्ट र स्पष्ट कानुनी संरचना तयार पार्नु आवश्यक हुन्छ । कानुन विधि र प्रक्रियाको संशोधन गर्दा सरोकारवाला, निर्माण व्यवसायी, नागरिक समाज, सञ्चार क्षेत्र र सम्बन्धित सरकारी निकायसँग पर्याप्त परामर्श गरिनुपर्छ, ताकि पछि अदालतमा चुनौती दिइने वा कार्यान्वयनमा अस्पष्टता आउने अवस्था कम होस् ।

८.२ संस्थागत क्षमता अभिवृद्धि: विशेषत: साना कार्यालयका खरिदसँग सम्बन्धित जिम्मेवार कर्मचारीलाई नियमित तालिम, प्रमाणीकरण कार्यक्रम र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ । खरिद विशेषज्ञता भएका दक्ष जनशक्ति उत्पादन गर्न विश्वविद्यालय तथा तालिम प्रतिष्ठानसँग समन्वय गरी विशेष पाठ्यक्रम विकास गर्न सकिन्छ । साथै प्रत्येक सार्वजनिक निकायमा कम्तीमा एकजना खरिद विषयमा विशेषज्ञता हासिल गरेको जनशक्ति स्थायी रूपमा खटाउने नीति अपनाउन सकेमा बारम्बार सरुवाका कारण संस्थागत ज्ञान गुम्ने समस्या पनि केही हदसम्म समाधान हुन सक्छ । खरिद अधिकारीहरूलाई मात्र होइन, बोलपत्रदाता व्यवसायी र परामर्शदातालाई समेत खरिद कानुन र प्रक्रियाबारे नियमित अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ जसले गर्दा दुवैतर्फबाट अनजानमा हुने त्रुटि कम गर्न सकिन्छ ।

८.३ खरिद योजना र पूर्वतयारीमा सुधार: आयोजना छनोट र डिजाइन चरणमै वास्तविक लागत आँकलन, प्राविधिक सम्भाव्यता अध्ययन र जोखिम विश्लेषण गरि नुपर्छ ताकि पछि खरिद प्रक्रिया अगाडि बढाइसकेपछि बारम्बार डिजाइन परिवर्तन, भेरिएसन वा लागत वृद्धि जस्ता समस्या नआउन् । वार्षिक खरिद योजना समयमै तयार गरी सार्वजनिक गर्ने अभ्यासले पनि व्यवसायीलाई पूर्वतयारी गर्न सहज बनाउँछ ।

८.४ विद्युतीय खरिद प्रणालीको पूर्ण र प्रभावकारी कार्यान्वयन: e-GP प्रणालीलाई थप प्रयोगकर्तामैत्री बनाई सबै तहका सार्वजनिक निकायमा अनिवार्य र पूर्ण रूपमा लागु गर्नुपर्छ । सूचना प्रविधिको पूर्वाधार विस्तार, डिजिटल साक्षरता वृद्धि र प्राविधिक सहयोग केन्द्र स्थापना गर्नुपर्दछ । यसले समय, श्रम, लागत आदिमा प्रभावकारिता ल्याई मितव्ययिता कायम गर्न सघाउ पुऱ्याउँछ ।

८.५ अनुगमन र लेखापरीक्षण प्रणाली सुदृढीकरण: सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखा परीक्षकको कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबीच समन्वय बढाई खरिद प्रक्रियाको वास्तविक समयमा (Real-time) अनुगमन गर्ने संयन्त्र विकास गर्नुपर्छ । जोखिममा आधारित लेखापरीक्षण (Risk-based Audit) र स्वतन्त्र तेस्रो पक्ष अनुगमन (Third-party Monitoring) जस्ता उपायहरू अपनाउन सकिन्छ ।

८.६ नागरिक सहभागिता र सामाजिक जवाफदेहिता: सामाजिक परीक्षण (Social Audit), सार्वजनिक सुनुवाइ र नागरिक अनुगमन संयन्त्रलाई अझ प्रभावकारी बनाई सामुदायिक तहबाटै खरिद प्रक्रियामाथि निगरानी बढाउनुपर्छ । खरिदसम्बन्धी तथ्याङ्क र दस्तावेजलाई सक्रिय रूपमा सार्वजनिक (Open Data) गर्ने अभ्यासले पनि जवाफदेहिता बढाउन मदत गर्छ ।

८.७ उजुरी तथा विवाद समाधान संयन्त्र चुस्त बनाउने: सार्वजनिक खरिद पुनरावलोकन समिति लगायतका उजुरी संयन्त्रलाई थप स्वतन्त्र, समयबद्ध र प्रभावकारी बनाउनुपर्छ । निर्णय कार्यान्वयनलाई बाध्यात्मक बनाइएको हालैको व्यवस्था सकारात्मक कदम भए पनि प्रभावकारी कार्यान्वयनका लागि अनुगमन जरुरी छ ।

यस्तै अन्य समाधानका उपायहरूमा स्वतन्त्र गुणस्तर परीक्षण, तेस्रो पक्ष प्राविधिक सुपरिवेक्षण र निर्माण सामग्रीको मापदण्ड परीक्षणलाई अनिवार्य गर्ने, भ्रष्टाचार निवारणमा डेटा एनालिटिक्स र कृत्रिम बुद्धिमत्ता जस्ता प्रविधिको प्रयोग गर्ने, योग्यता र मापदण्डलाई व्यावहारिक बनाई साना तथा नवउदीयमान व्यवसायीहरूलाई पनि उचित प्रतिस्पर्धाको अवसर दिने । महिला, सीमान्तकृत समुदाय र स्थानीय उद्यमीलाई लक्षित गरेर समावेशी खरिद नीति (Inclusive Procurement) अपनाई साना तथा स्थानीय व्यवसायीलाई प्रोत्साहन गर्ने । खरिदसम्बन्धी नीति, मापदण्ड र अभ्यासमा एकरूपता ल्याउन नियमित रूपमा समन्वय संयन्त्रको विकास गरी संस्थागत समन्वय सुदृढ पार्ने, सामान्य अदालती प्रक्रियाले वर्षौं समय लिने भएकाले खरिदसम्बन्धी प्राविधिक तथा कानुनी विवादको छिटो र विशेषज्ञतापूर्ण निरूपणका लागि छुट्टै मध्यस्थता वा विशेष न्यायाधिकरण गठन गर्ने साथै परिणाममुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गर्ने, दिगो र हरित खरिद नीतिको विकास गर्दै क्रमश लागु गर्ने । त्यसैगरी निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने सार्वजनिक संस्थाका हकमा कानुनी प्रक्रिया

केही हदसम्म लचिलो बनाउनु आवश्यक रहेको छ । हालैको संशोधनले ल्याएका व्यवस्थाहरू कानुनमा मात्र सीमित नराखी व्यवहारमा प्रभावकारी रूपमा लागु गर्ने र आवश्यकताअनुसार थप सुधार गर्दै जाने हो भने हाल देखिएका समस्या र चुनौतीहरूको सामना र समाधान गर्न सकिन्छ ।

९. निष्कर्ष

नेपालको सार्वजनिक खरिद प्रणाली विगत दुई दशकमा सार्वजनिक खरिद ऐन, २०६३ र यसका पछिल्ला संशोधनहरूमार्फत क्रमशः परिमार्जित हुँदै आएको छ । पारदर्शिता, प्रतिस्पर्धा, मितव्ययिता र जवाफदेहिता जस्ता अन्तर्राष्ट्रिय सिद्धान्तलाई कानुनतः आत्मसात् गरिए पनि व्यवहारमा भ्रष्टाचार, लो बिडिङ, ढिलासुस्ती, अज्ञानता र कार्यक्षमताको अभाव एवं राजनीतिक हस्तक्षेप जस्ता चुनौतीले प्रणालीको प्रभावकारितालाई निरन्तर कमजोर बनाइरहेको छ । हालैको दोस्रो संशोधनले ल्याएको व्यवसायीमैत्री सुधारले निर्माण क्षेत्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । तर यसरी गरिएका कानुनी सुधार इमानदारीपूर्वक, सक्षम जनशक्तिमार्फत र प्रभावकारी अनुगमनसहित कार्यान्वयन भएमात्र सार्थक हुन्छ ।

अन्ततः, खरिद प्रणालीको सुधार कुनै एउटा ऐन संशोधन वा एकल निकायको प्रयासबाट मात्र सम्भव हुँदैन । विधायिका, कार्यपालिका, न्यायपालिका, निजी क्षेत्र, नागरिक समाज र सञ्चार माध्यम सबैको साझा र दीर्घकालीन प्रतिबद्धता आवश्यक पर्छ । "सार्वजनिक स्रोत जनताको हो र यसको प्रयोगमा पूर्ण जवाफदेहिता आवश्यक छ" भन्ने मान्यता आत्मसात् गर्न सकेमात्र दिगो सुधार सम्भव हुन्छ, र तब मात्र सार्वजनिक खरिदले मुलुकको दिगो विकास, सुशासन र जनविश्वास अभिवृद्धिमा अपेक्षित योगदान पुऱ्याउन सक्नेछ ।

सन्दर्भ सामग्री

नेपालको संविधान, २०७२

सार्वजनिक खरिद ऐन, (दोस्रो संसोधन २०८३) २०६३, नेपाल कानुन आयोग ।

नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ नेपाल कानुन आयोग ।

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ नेपाल कानुन आयोग ।

सार्वजनिक खरिद नियमावली, (सोह्रौ संसोधन २०८३) २०६४ नेपाल कानुन आयोग ।

नेपाल बैंक लिमिटेड, आर्थिक प्रशासन तथा खरिद विनियमावली, (तेश्रो संसोधन २०८२) २०७१ ।

महालेखा परीक्षकको कार्यालय, ६३औं वार्षिक प्रतिवेदन, २०८३ जेठ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ३६औं वार्षिक प्रतिवेदन, २०८३ असौज ।

राष्ट्रिय सर्तकता केन्द्र, २४औं वार्षिक प्रतिवेदन, २०८३ श्रावण ।

Arrowsmith, S. (2005). The Law of Public and Utilities Procurement. Sweet & Maxwell.

Guidelines and annual reports. Kathmandu: PPMO (www.ppmo.gov.np).

PPMO. Electronic Government Procurement (e-GP) System (bolpatra.gov.np).

OECD (2018). Methodology for Assessing Procurement Systems (MAPS).

Supreme Court of Nepal. Procurement-related writ decisions, for the constitutional litigation.

UNCITRAL (2011). Model Law on Public Procurement. United Nations.

OECD (2015). Recommendation of the Council on Public Procurement. OECD Publishing.

United Nations (2003). United Nations Convention against Corruption (UNCAC). UN General Assembly Resolution 58/4.

Transparency International (2026). Corruption Perceptions Index 2025. Berlin

South Korea: Public Procurement Service. KONEPS (Korea ON- line E-Procurement System).

Singapore: Government Procurement. GeBIZ.

European Union: Directive 2014/24/EU on public procurement.

Georgia: Georgian Electronic Government Procurement (GEPS), State Procurement Agency.

Ukraine: Prozorro e-procurement system.

India: Ministry of Finance (2017). General Financial Rules, 2017; Central Vigilance Commission, Annual Reports.

Bangladesh: Public Procurement Act, 2006 and Public Procurement Rules, 2008 (the CPTU professional certification framework).

नेपालको संरचनात्मक आर्थिक रूपान्तरणमा बैंक तथा वित्तीय संस्थाहरूको भूमिका




प्रा.डा. अर्जुनकुमार बराल
त्रिभुवन विश्वविद्यालय

परिचय

नेपाली अर्थतन्त्र यतिबेला एउटा गम्भीर परिवर्तनको सँघारबाट गुज्रिरहेको छ । मुलुकमा भएको राजनीतिक परिवर्तनपछि त्यसलाई व्यवस्थापन गर्न स्वाभाविक रूपमै आर्थिक रूपान्तरणको अपेक्षा गरिएको हुन्छ । नेपाल जस्तो अति अल्पविकसित मुलुकका आफ्नै कतिपय विवशताहरू रहिरहेका छन् । न्यून आर्थिक वृद्धिदर, बढ्दो बेरोजगारी, अनियन्त्रित बसाइँसराइ, वैदेशिक आप्रवासन, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, मुद्रास्फीति, व्यापार घाटा, बजेट घाटा, आर्थिक असमानता इत्यादि हामीले सुन्दै, देख्दै, भोग्दै र लेख्दै आएका अवस्थाहरू हुन् । दक्षिण एसियामै छिमेकी मुलुकका तुलनामा हाम्रो आर्थिक अवस्था निकै नै कमजोर र नाजुक बन्दै गइरहेको यथार्थतालाई विभिन्न तथ्यांकहरुले प्रस्तुत गरिरहेका छन् । यस सन्दर्भमा मुलुकको समग्र आर्थिक रूपान्तरणमा विभिन्न क्षेत्रहरूको आ-आफ्नै भूमिका हुन्छ । यीमध्ये बैंक तथा वित्तीय क्षेत्र एउटा महत्त्वपूर्ण क्षेत्र भएको कारण यसले समग्र आर्थिक रूपान्तरणमा कस्तो भूमिका खेल्न सक्दछ भन्ने विषयवस्तुलाई प्रस्तुत लेखमा समेट्ने कोसिस गरिएको छ । साँच्चै नै एउटा मुलुकको संरचनात्मक आर्थिक रूपान्तरणका लागि बैंक तथा वित्तीय क्षेत्रले उल्लेखनीय भूमिका निर्वाह गर्न सक्ला त ? संसारभरिको अभ्यास हेर्ने हो भने बैंक तथा वित्तीय क्षेत्रको विस्तारसँगै अर्थतन्त्रले गति पक्रिएको प्रशस्त उदाहरणहरू पाउन सकिन्छ । अमेरिका, युरोपदेखि एसियाका जापान, दक्षिणकोरिया, सिङ्गापुर र चीनसम्मका मुलुकहरूको महान् आर्थिक प्रगतिका पछाडि बैंक तथा वित्तीय संस्थाको उल्लेखनीय योगदान रहेको देखिन्छ । दक्षिण एसियामै पनि भारत, बंगलादेश र श्रीलंका जस्ता देशहरू नेपालका तुलनामा प्रतिव्यक्ति आयलगायत अन्य कतिपय सूचकांकमा अगाडि छन् । ती मुलुकहरूमा बैंक तथा वित्तीय संस्थाहरूको विकास र विस्तार हाम्रो देशका तुलनामा निकै अगाडि नै पुगिसकेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाको योगदानका बारेमा गरिने प्रश्नको उत्तर खोज्नुभन्दा पहिले अर्थतन्त्रको महत्त्वपूर्ण सूचकका रूपमा रहेको नेपालको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर र अर्थतन्त्रको संरचनात्मक अवस्थालाई नियाल्न वैज्ञानिक तथ्य आवश्यक हुन्छ । तल प्रस्तुत चित्रले विगत १५ वर्षका अवधिमा उपभोक्ता मूल्यमा आधारित कुल गार्हस्थ्य उत्पादन (GDP) को वार्षिक वृद्धिदरको उतारचढावलाई प्रस्तुत गर्दछ ।

कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (उपभोक्ताको मूल्यमा)



स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०८३

प्रस्तुत चित्रका आधारमा विश्लेषण गर्ने हो भने विगत १५ वर्षका अवधिमा नेपाली अर्थतन्त्रले खासै लय समाउन सकेको अवस्था देखिँदैन । यो अत्यन्तै उतार-चढावको अवस्थाबाट गुज्रिएको देखिन्छ । हुनत यही समयमा कोभिड-१९ को प्रकोपले अर्थतन्त्र नराम्रोसँग थला परेको थियो तर त्यसपछि पनि खासै लय समाउन सकेको देखिँदैन । पछिल्लो आर्थिक वर्ष (२०८२/८३)मा यो आर्थिक वृद्धिदर केवल ३.८५% मात्र रहनुले अर्थतन्त्र शिथिल अवस्थामै रहेको प्रस्ट हुन्छ । राष्ट्रिय तथ्यांक कार्यालयकै स्रोतलाई पछ्याउने हो भने पनि आधारभूत मूल्यमा यो वृद्धिदर केवल ३.६८% मात्र देखिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२६ मा दक्षिण एसियाका भुटान, भारत र बंगलादेशको आर्थिक वृद्धिदर क्रमशः ७.५%, ६.५% र ४.७% रहने र यसका तुलनामा नेपालको केवल ३%

मात्र रहने प्रक्षेपण गरेको छ । यस प्रक्षेपणबाट पनि हाम्रा आर्थिक विकासका प्रयासहरू अत्यन्त कमजोर मात्र छैनन्, बरु तिनलाई पुनरावलोकन गर्नु आवश्यक भइसकेको प्रस्ट हुन्छ ।

अर्थतन्त्रको संरचनात्मक अवस्था

कुल गार्हस्थ्य उत्पादन उल्लेखनीय रूपमा बढ्न नसक्नाको मुख्य कारण हाम्रो अर्थतन्त्रको संरचनाको जग नै रूपान्तरण हुन नसक्नाको मूल कारण हो भन्न सकिन्छ । अर्थतन्त्रमा ठूलो रूपान्तरण गर्न यसका ३ प्रमुख क्षेत्रहरू : कृषि (प्राथमिक क्षेत्र), उद्योग (द्वितीयक क्षेत्र) र सेवा क्षेत्रमध्ये कृषि क्षेत्रको योगदान क्रमशः घटाउँदै लगेर गैर-कृषि क्षेत्रको योगदान बढाउँदै लैजानुपर्ने हुन्छ । कुल गार्हस्थ्य उत्पादनमा २४ % भन्दा बढी कृषिमै निर्भर भइरहनु पछौटेपनको दृष्टान्त हो । संसारभरिका अभ्यासहरू र उदाहरणहरूले यही कुरा भन्छ । कृषिबाट गैर-कृषितर्फ जति चाँडो फड्को मार्न सक्यो अर्थतन्त्रले उति नै चाँडो गति पक्रन सक्छ । यसो हुन सक्यो भने गैर-कृषि क्षेत्रको आर्थिक वृद्धिदरले समग्र अर्थतन्त्रकै आकार उल्लेखनीय रूपमा बढ्न सहयोग पुग्दछ । तल दिइएको तालिकामा नेपाली अर्थतन्त्रको संरचनात्मक अवस्थालाई प्रस्तुत गरिएको छ । विगत ४ वर्षका अवधिमा कृषि-क्षेत्र (करिब २४%) र गैर-कृषि क्षेत्र (७६%) को आर्थिक वृद्धिदरलाई यस तालिकामा देखाइएको छ ।

तालिका. नं १: बृहत् आर्थिक क्षेत्रअनुसारको वृद्धि र कुल गार्हस्थ्य उत्पादन

आर्थिक क्षेत्रहरू	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३
कृषि क्षेत्र (%)	३.०२	३.१०	३.०५	१.५८
गैरकृषि क्षेत्र (%)	१.९८	३.४९	४.१२	४.५४
न्मए (आधारभूत मूल्य)-रु. अर्बमा	४७५४	५१०४	५४५४	५७९५
न्मए (उपभोक्ता मूल्य) रु. अर्बमा	५३६६	५७६०	६१९९	६६००

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०८३

माथि नै उल्लेख गरिएअनुसार प्रस्तुत तालिकाले कुल गार्हस्थ्य उत्पादनमा योगदान गर्ने कृषि र गैर-कृषि क्षेत्रको विगत ४ आर्थिक वर्षको वृद्धिदरलाई प्रस्तुत गरेको छ । पछिल्लो आर्थिक वर्षमा कृषि क्षेत्रको वृद्धिदर केवल १.५८ % मात्र देखिन्छ, जब कि गैर-कृषि क्षेत्रको वृद्धिदर ४.५४% देखिएको छ । यसरी हेर्दा अर्थतन्त्रमा २४.५% को योगदान दिने प्राथमिक क्षेत्र (कृषिलगायत) को वृद्धिदर अत्यन्तै न्यून देखिएको छ । संसारभरिकै अभ्यास हेर्ने हो भने पनि कृषि क्षेत्रको वृद्धिदर त्यति धेरै हुँदैन । गैर-कृषि (उद्योग र सेवा लगायत) क्षेत्रको वृद्धिदर तुलनात्मक रूपमा राम्रो देखिएको छ । नेपालको चालु आर्थिक वर्षको बजेटमा ७ % को आर्थिक वृद्धिदरको अपेक्षा गरिएको छ । यो वृद्धिदरको लक्ष्य गैर-कृषि क्षेत्रको विस्तारबाट प्राप्त हुन सक्दछ । कृषि क्षेत्रमा उच्च लगानीसँगै यसको संरचनात्मक रूपान्तरण गर्दै कृषिजन्य उद्योगहरूको योगदान अर्थतन्त्रमा बढाउने हो भने यसले आर्थिक वृद्धिसँगै रोजगारीमा पनि ठूलो योगदान दिन सक्दछ । प्रस्तुत तालिकामा कुल गार्हस्थ्य उत्पादनको आकार पछिल्लो आर्थिक वर्षमा आइपुग्दा क्रमशः ५७ खर्ब ९५ अर्ब (आधारभूत मूल्य) र ६६ खर्ब (उपभोक्ता मूल्य) पुगेको अनुमान गरिएको छ । सरकारले नेपाली अर्थतन्त्रको आकार १०० खर्ब पुऱ्याउने महत्त्वाकाङ्क्षी योजना अघि सारेका सन्दर्भमा अर्थतन्त्रको संरचनात्मक रूपान्तरण आवश्यक भइसकेको छ । यो भनेको सोह्रौं पञ्चवर्षीय योजनाले लिएको लक्ष्य कृषि क्षेत्रको योगदानलाई २१ % झारेर औद्योगिक क्षेत्रको योगदान १५% भन्दा माथि पुऱ्याउने हो । सेवा क्षेत्रको योगदान लक्ष्यकै वरिपरि भएकाले औद्योगिक क्षेत्रको विस्तार आवश्यक भएको छ । उच्चदरको आर्थिक वृद्धि नगरेसम्म अत्यन्तै न्यून प्रतिव्यक्ति आयको जोखिम रहिरहन्छ र गरिबीको दुश्चक्रमा रुमल्लिरहने पीडादायी अवस्था रहिरहन्छ ।

वित्तीय क्षेत्रको योगदान

कुल गार्हस्थ्य उत्पादनमा अत्यन्तै महत्त्वपूर्ण योगदान गर्ने सेवा क्षेत्र (जसको योगदान ६३% रहेको छ) अन्तर्गत पर्ने वित्तीय तथा बीमासम्बन्धी सेवा एउटा महत्त्वपूर्ण उप-क्षेत्र हो । राष्ट्रिय तथ्यांक कार्यालयको पछिल्लो तथ्यांकले कुल सेवा क्षेत्रमध्ये आर्थिकवर्ष (२०८२/८३) मा यस उपक्षेत्रको मात्रै कुल गार्हस्थ्य उत्पादनमा ६.७२ % योगदान देखिन्छ । यसको वृद्धिदर पनि ९.१६ % रहेको देखिएको छ । यसरी हेर्दा सेवा क्षेत्रअन्तर्गत पर्ने यस उपक्षेत्रको योगदान अर्थतन्त्रमा उल्लेखनीय देखापर्छ । वित्तीय क्षेत्रको योगदान बढ्दै जानु भनेको अर्थतन्त्रका अन्य क्षेत्रहरू क्रमशः विस्तार हुँदै जानु हो । अर्थात् यसले कृषि, उद्योग र सेवा क्षेत्रअन्तर्गतकै अन्य उप-क्षेत्रहरूलाई रूपान्तरित गर्दै अर्थतन्त्रलाई गति प्रदान गर्न गेमचेन्जरको भूमिका खेल्न सक्दछ । अर्थतन्त्रमा छरिएर रहेको स-सानो बचतलाई एकीकृत गरी अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्नमा समेत वित्तीय क्षेत्रको योगदान रहेको हुन्छ । नेपाल जस्तो पछौटे अर्थतन्त्र भएको मुलुकमा अनौपचारिक अर्थतन्त्रको प्रतिशत उच्च रहेको हुन्छ । अर्थशास्त्रमा उल्लेख गरिने उत्पादनका चार मुख्य साधनहरु (भूमि, श्रम, पुँजी र संगठन वा उद्यमशीलता) मध्ये पुँजीको अत्यन्तै ठूलो भूमिका हुन्छ । अन्य साधनहरूलाई चलायमान बनाइरहन पनि पुँजीले अतिरिक्त भूमिका खेलिरहेको हुन्छ ।

पुँजी निर्माणको मुख्य कर्ता नै बैंक तथा वित्तीय संस्थाहरू हुन् । यही पुँजीको परिचालनबाट नै गुणक (Multiplier) प्रभावका कारण अर्थतन्त्रको विस्तारमा सकारात्मक प्रभाव पर्दछ । अर्थात् विभिन्न क्षेत्र र उपक्षेत्रमा भएको कर्जा लगानीमा हुने परिवर्तनसँगै अर्थतन्त्र चलमलाउन थाल्छ । योसँगै अर्थतन्त्रका सूचकहरू सकारात्मक हुन थाल्छन् यसले संरचनात्मक रूपान्तरणमा उल्लेख्य भूमिका खेल्दछ ।

नेपालमा वित्तीय पहुँचको वर्तमान अवस्था

नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको पछिल्लो तथ्यांकअनुसार वि.सं. २०८३ भाद्र मसान्तसम्ममा नेपालमा वित्तीय सेवा उपलब्ध गराउने बैंक तथा वित्तीय संस्थाहरू १०४ को संख्यामा रहेका छन् । यीमध्ये २० वटा वाणिज्य बैंकहरू, १७ वटा विकास बैंकहरू, १६ वित्त कम्पनीहरू, ५० वटा लघुवित्त वित्तीय संस्थाहरू र एउटा पूर्वाधार विकास बैंकले सेवा पुऱ्याइरहेका छन् । यिनीहरुको शाखा संख्या २०८३ भदौ मसान्तसम्ममा ११,२८९ पुगेको देखिन्छ । यद्यपि यो संख्या २०८२ आषाढ मसान्तसम्मको संख्या ११५२६ र २०८३ आषाढ मसान्तको संख्या ११३३२ भन्दा कम हो । यी बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप र कर्जा खाताको संख्याका आधारमा अर्थतन्त्र कति चलायमान भइरहेको छ भनेर अनुमान गर्न सकिन्छ । अर्थात् निक्षेप र कर्जा खाता जति विस्तार हुँदै गयो आर्थिक गतिविधि त्यति नै बढ्दै गएर कुल गार्हस्थ्य उत्पादनमा सकारात्मक प्रभाव पर्न सक्दछ । हुनत निक्षेप तथा कर्जा खाता विस्तार हुनु मात्रै पनि समग्र अर्थतन्त्रको स्वास्थ्य ठिक छ भनेर निष्कर्षमा पुग्न नसकिएला तथापि अर्थतन्त्र विस्तार हुँदै गएको संकेत भने यसले अवश्य गर्दछ । यसले कतै न कतै अर्थतन्त्रलाई चलायमान बनाइरहन एउटा आधार भने तयार गर्दछ । तल प्रस्तुत तालिकामा निक्षेप तथा कर्जा खातामा भएको विस्तारलाई प्रस्तुत गरिएको छ :

तालिका नं २: बैंक तथा वित्तीय संस्थाको खाता संख्यामा भएको विस्तार

बैंक तथा वित्तीय संस्था	निक्षेप खाता संख्या		कर्जा खाता संख्या	
	२०८२ भदौ मसान्त	२०८३ भदौ मसान्त	२०८२ भदौ मसान्त	२०८३ भदौ मसान्त
वाणिज्य बैंक	५,१८,५६,२५२	५,४९,७६,१५२	१६,३२,३४२	१७,३१,०४२
विकास बैंक	७५,७८,०६०	७९,३७,६५६	२,६७,३०३	२,६०,०९३
वित्त कम्पनी	१०,१९,२८१	१०,९४,९५९	६३,५८९	६१,१२७
जम्मा	६,०४,५३,५९३	६,४०,०८,७६७	१९,९३,२३४	२०,५२,२६२

स्रोत: नेपाल राष्ट्र बैंक, २०८३

प्रस्तुत तालिकाले समग्र बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप तथा कर्जा खातामा एक वर्षका अवधिमा आएको विस्तारलाई प्रस्तुत गरेको छ । यसअनुसार समग्र बैंक तथा वित्तीय संस्थाहरूमा एक वर्षका अवधिमा करिब ३५,५५,१७४ निक्षेप खाताहरू थपिएको देखिन्छ । प्रतिशतमा हेर्ने हो भने ५.८८% ले विस्तार भएको देखिन्छ । यसैगरी कर्जा खातामा पनि ५९,०२८ संख्याले विस्तार भएको देखिएको छ । यो करिब २.९६ % को विस्तार हो । निक्षेप र कर्जा खाता दुबै विस्तार हुनु अर्थतन्त्रका लागि सकारात्मक सन्देश हो । प्रस्तुत तालिकाले विकास बैंक र वित्त कम्पनी दुबैको एक वर्षको अवधिमा निक्षेप खाता संख्यामा वृद्धि भएको देखाएको भए तापनि कर्जा खातामा संकुचन आएको देखिएको देखिन्छ । विकास बैंकमा रहेको कर्जा खाता संख्या २०८२ भदौ मसान्तका तुलनामा २०८३ भाद्र मसान्तसम्ममा ७,२१० को संख्या (२.७%) ले कमी आएको छ । यसैगरी वित्त कम्पनीको संख्यामा पनि एक वर्षका अवधिमा २४६२ (३.९%) ले कमी आएको छ । यसले वित्तीय क्षेत्रमा विकास बैंक र वित्त कम्पनीका तुलनामा 'क' वाणिज्य बैंकहरूप्रतिको आकर्षण बढ्दै गएको संकेत पनि गर्दछ । वाणिज्य बैंकहरूको कर्जा नीति अलि बढी सहज, सरल र विस्तारमुखी भएको पनि हुन सक्दछ । जे भए पनि सबै खाले बैंकहरूको कर्जा खाता संख्याको विस्तारसँगै यसले अर्थतन्त्रका विभिन्न क्षेत्र तथा उपक्षेत्रहरूमा केही न केही सकारात्मक प्रभाव पार्दै अर्थतन्त्रलाई चलायमान बनाइरहन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । आर्थिक सर्वेक्षण २०८२/८३ ले नेपाल राष्ट्र बैंकको स्रोत उल्लेख गरी कर्जा विस्तारको तथ्यांक प्रस्तुत गरेको छ । यसमा तोकिएको क्षेत्र भनेर कृषि, ऊर्जा, पर्यटन तथा औद्योगिक क्षेत्र (लघु, घरेलु, साना, मझौला उद्योग) उल्लेख गरिएको छ ।

तालिका नं ३: तोकिएको क्षेत्रमा प्रवाहित कर्जा (रु. करोडमा) (२०८२ फागुनसम्म)

(कोष्ठमा उल्लिखित अंकले प्रतिशत जनाउँछ)

तोकिएको क्षेत्र	वाणिज्य बैंक(%)	विकास बैंक (%)	वित्त कम्पनी(%)	कुल बैंकिङ क्षेत्र
कृषि	६६१२९ (१३.२)	३४८१ (६.७)	७७६(७.५)	७०३८५ (१२.५)
ऊर्जा	४७००१ (९.४)	८३६(१.६)	४७(०.५)	४७८८४ (८.५)
पर्यटन	२२५८५ (४.५)	३७४० (७.२)	५४३ (५.३)	२६८६७ (४.८)
लघु, घरेलु, साना, मझौला उद्योग	४९८८६			

(९.९)	४८८३			
(९.४)	७७७			
(७.५)	५५५४६			
(९.९)				
तोकिएको क्षेत्रमा कुल कर्जा	१८५६००			
(३२.९८)	१२९४०			
(२४.९)	२१४३			
(२०.७)	२००६८३			
(३५.७)				
कुल कर्जा	५००३६२	५२००६	१०३३७	५६२७०५

स्रोत: नेपाल राष्ट्र बैंक/ आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय (२०८२/८३)

प्रस्तुत तालिकामा अर्थतन्त्रका महत्त्वपूर्ण क्षेत्रहरू कृषि, ऊर्जा, पर्यटन तथा औद्योगिक क्षेत्रमा बैंकिङ क्षेत्रबाट प्रवाहित भएको कर्जाको मात्रा र उक्त मात्राको प्रतिशतलाई प्रस्तुत गरिएको छ जसअनुसार वाणिज्य बैंकहरूले कुल कर्जाको १३.२ % अर्थात् ६ खर्ब ६१ अर्ब २९ करोड कृषि क्षेत्रमा लगानी गरेको देखिन्छ । यसैगरी ऊर्जा क्षेत्रमा ४ खर्ब ७० अर्ब १ करोड (९.४%) पर्यटन क्षेत्रमा २ खर्ब २५ अर्ब ८५ करोड (४.५%) र औद्योगिक क्षेत्रमा ४ खर्ब ९८ अर्ब ८६ करोड (९.९%) लगानी गरी तोकिएका क्षेत्रमा कुल कर्जाको १८ खर्ब ५६ अर्ब (३२.९८ %) लगानी विस्तार गरेका छन् । यसरी हेर्दा तोकिएका क्षेत्रमध्ये सबैभन्दा बढी कृषि र त्यसपछि क्रमशः उद्योग, ऊर्जा र पर्यटन क्षेत्रमा कर्जा विस्तार भएको देख्न सकिन्छ। यसैगरी विकास बैंकले सबैभन्दा बढी उद्योग क्षेत्रमा ४८ अर्ब ८३ करोड अर्थात् कुल कर्जाको ९.४% प्रवाह गरेको देखिन्छ । त्यसपछि क्रमशः पर्यटन (७.२%), कृषि (६.७%) र उर्जाका क्षेत्रमा १.६% प्रवाह गरेको देखिन्छ । यसरी हेर्दा विकास बैंकहरूको पहिलो प्राथमिकतामा औद्योगिक क्षेत्र रहेको छ भने दोस्रोमा पर्यटन र तेस्रोमा मात्र कृषि क्षेत्र रहेको देखिन्छ। वित्त कम्पनीहरूले कुल कर्जाको २०.७% अर्थात् २१ अर्ब ४३ करोड लगानी गरेका छन्। यसमा उद्योग र कृषि क्षेत्र दुबैमा कर्जा बराबर अर्थात् ७.५% रहेको देखिन्छ। यसरी हेर्दा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको प्रथमिकताका क्षेत्रमा केही तलमाथि भए पनि यसले समग्रमा अर्थतन्त्रको विस्तारमा योगदान पुऱ्याइरहेकै छ भनेर अपेक्षा गर्न सकिन्छ। यी तोकिएका क्षेत्रहरू समग्रमा उत्पादनमूलक क्षेत्रहरू हुन्। यसबाट नेपालको कुल गार्हस्थ्य उत्पादनको आकारमा वृद्धि र संरचनात्मक रूपान्तरणमा टेवा पुग्न सक्तछ ।

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार आ.व.२०८३/८४ को पहिलो २ महिना अर्थात् भाद्र मसान्तसम्ममा खनिज क्षेत्रतर्फ १०.४ %, यातायात उपकरण उत्पादन तथा मर्मततर्फ ७.६%, धातुजन्य उत्पादन र विद्युतीय सामान तथा मर्मत क्षेत्रतर्फ ७.३%, निर्माण क्षेत्रतर्फ ३.७%, सेवा उद्योगतर्फ २.७%, थोक तथा खुद्रा व्यापारतर्फ २.५%, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फ २.१%, औद्योगिक उत्पादनतर्फ १.९% र उपभोग्य क्षेत्रतर्फ ०.२% बैंक तथा वित्तीय संस्थाहरूले कर्जा विस्तार गरेको देखिन्छ। यसले अर्थतन्त्रका समग्र क्षेत्रको उत्पादनमा उल्लेख्य भूमिका निर्वाह गर्न सक्दछ । खासगरी गैर-कृषितर्फको कर्जा विस्तारले संरचनात्मक रूपान्तरण र रोजगारी विस्तारमा ठूलो महत्त्व राख्दछ । यसै गरी आयात कर्जा ९.४%, विपन्न वर्ग कर्जा ४.७%, आवधिक कर्जा १.६%, रियल स्टेट कर्जा १.४, माग तथा अन्य चालु पुँजी कर्जा १.४% र मार्जिन प्रकृति कर्जा ०.८% ले बढ्नु अर्थतन्त्रमा देखिएका सकारात्मक संकेतहरु हुन् । कर्जा विस्तारसँग अर्थतन्त्रका उत्पादनलगायत अन्य चरहरूको सकारात्मक सहसम्बन्ध रहन्छ । यसबाट अर्थतन्त्र Recession का अवस्थाबाट Revival तिर क्रमशः मोडिँदै गएको भनेर बुझ्न सकिन्छ ।

नेपालको सोह्रौँ पञ्चवर्षीय योजनाले आ.व. २०८५/८६ सम्ममा बैंक तथा वित्तीय संस्थामा नेपालका ८०% परिवार हरूको पहुँच हुनुपर्ने लक्ष राखेको छ । यसैगरी निजी क्षेत्रमा जाने कर्जा वृद्धिदर १४% पुऱ्याउने लक्ष्य लिएको देखिन्छ । यो लक्ष्य पूरा भएमा नेपालको आर्थिक वृद्धिमा ठूलो फड्को मार्न सकिन्छ। यसबाट रोजगारी सिर्जनामा समेत उल्लेखनीय उपलब्धि हासिल हुन सक्दछ । सोह्रौँ योजनाको संरचनात्मक रूपान्तरणका लागि कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र (कृषि लगायत) को योगदान लाई २१% मा झार्ने र द्वितीयक क्षेत्र (उद्योगलगायत) को योगदान १५.२% पुऱ्याउने लक्ष्यलाई बैंक तथा वित्तीय संस्थाहरूको कर्जा विस्तारको नीतिले साकार बनाउन सक्दछ ।

अन्त्यमा,

माथि प्रस्तुत गरिएका केही तथ्यांकहरूबाट नेपालको संरचनात्मक आर्थिक रूपान्तरणका लागि बैंक तथा वित्तीय संस्थाहरूको प्रयासले केही हदसम्म भूमिका खेल्न सक्छन् भन्ने आधार प्रस्तुत गर्दछ । तर यी संस्थाहरूको प्रयासबाट मात्र समग्र रूपान्तरण सम्भव छैन । यसका लागि सरकारको वित्त नीति, केन्द्रीय बैंकको मौद्रिक नीति र वित्तीय नीति, सरकारको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी नीतिलगायत अर्थतन्त्रलाई प्रभाव पार्ने अन्य आर्थिक नीतिहरूले प्रभावकारी भूमिका निर्वाह गर्न सक्नुपर्दछ। पछिल्लो समयमा अर्थतन्त्रमा विप्रेषण आप्रवाह

बढ्दै गएका अवस्थामा यसलाई उत्पादनशील क्षेत्रमा लगाउन सक्नुपर्दछ । सबैभन्दा महत्त्वपूर्ण कुरा देशमा राजनीतिक स्थिरता र सुशासन कायम हुनुपर्दछ । युवाहरूको वैदेशिक पलायन रोक्नका लागि शिक्षाको गुणस्तरमा वृद्धि, रोजगारीको सुनिश्चितता तथा राज्यप्रतिको दायित्वबोध गराउने नीतिहरू अवलम्बन गर्नुपर्दछ । एउटा मुलुकको युगान्तकारी आर्थिक परिवर्तन रातारात सम्भव हुने विषय पनि होइन । यसका लागि वर्षौंसम्मको निरन्तर सत्प्रयास आवश्यक पर्दछ । पछिल्लो समयमा प्रविधिमा आएको ठूलो परिवर्तनलाई आत्मसात् गर्दै अघि बढ्न सक्नुपर्दछ । खासगरी कृत्रिम बौद्धिकता/बुद्धिमत्ताको अन्धाधुन्ध प्रयोगले बैंकिङ क्षेत्रमा समेत चुनौती थपिएको छ । प्रविधिमा आएको यस किसिमको परिवर्तनलाई अवसरका रूपमा लिएर मुलुकको सर्वाङ्गीण विकासका लागि बैंकिङ क्षेत्रले उल्लेखनीय भूमिका खेल्न पनि सक्छन् । बैंक तथा वित्तीय क्षेत्रले ऐन-कानुन र नीति नियमका परिधिभित्र रहेर अघि बढेमा यस मुलुकको भविष्य उज्ज्वल हुन सक्दछ । हुनत पछिल्लो समयमा बैंकिङ क्षेत्रले भोग्नुपरेका चुनौतीका चाङहरू पनि कम छैनन् । खासगरी बैंकिङ कसुरका घटनाहरू बढ्दै जानु, खराब कर्जाको अनुपात बढ्दै जानु जस्ता समस्याहरूले जोखिम बढ्दै गएको देखिन्छ । खासगरी अपेक्षाकृत रूपमा कर्जाको माग बढ्न नसक्नु र त्यसमा पनि उत्पादनशील क्षेत्रमा प्रवाह हुनुपर्ने कर्जामा उल्लेखनीय वृद्धि हुन नसक्नुले समस्या बैंक तथा वित्तीय क्षेत्र भन्दा अन्यत्र नै रहेको बुझ्न सकिन्छ । राजनीतिक क्षेत्रमा अझै पनि अस्थिरताका बादलहरू मडारिइरहेकै छन् । तथापि प्रतिकूलताहरूलाई चिर्दै अघि बढ्न यो क्षेत्र सक्षम र सबल बन्न सक्ने प्रशस्त आधारहरू पनि छन् । करिब ९० वर्षको इतिहास बोकेको नेपालको बैंकिङ क्षेत्र नेपाललाई आधुनिक अर्थतन्त्रमा डोऱ्याउन सक्ने भरपर्दो सूत्र पनि हो ।

यस लेखमा बैंक तथा वित्तीय संस्थाले अर्थतन्त्रको पुरुत्थानमा गरिरहेको योगदानलाई केलाउने कोसिस गरिएको छ । यसमा खास गरेर वाणिज्य बैंकहरूमा पनि सरकारी लगानीसमेतमा स्थापित बैंकहरू नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकले ग्रामीण क्षेत्रमा शाखाहरू विस्तार गरेर वित्तीय पहुँच वृद्धि गर्न महत्त्वपूर्ण निर्वाह गरेका छन् । यसैगरी पछिल्लो समयमा वैदेशिक लगानी र स्वदेशी लगानीमा स्थापित बैंकहरूले वित्तीय सेवालाई नयाँ प्रविधिको समेत प्रयोग गरेर आधुनिकीकरण गर्न उल्लेखनीय भूमिका खेलेका छन् । यसैगरी विकास बैंकहरू र वित्त कम्पनीहरूले वित्तीय सेवालाई थप प्रभावकारी बनाउँदै अर्थतन्त्रमा योगदान दिइरहेका छन् । लघुवित्त वित्तीय संस्थाहरूको आफ्नो छुट्टै भूमिका छ । ग्रामीण गरिबी न्यूनीकरण गर्न यिनीहरूले खेलेको भूमिका अतुलनीय छ । पूर्वाधार विकास बैंक नयाँ बैंक भए तापनि पूर्वाधार निर्माणका लागि यस बैंकको छुट्टै भूमिका रहेको छ ।

संसारभरिकै बैंक तथा वित्तीय संस्थाहरूले अर्थतन्त्रलाई माथि उकास्नका लागि खेलेको भूमिकाबाट पाठ सिक्दै नेपालका बैंकहरूले समेत यस दिशातर्फ आफ्ना सेवाहरूलाई रूपान्तरण गर्न आवश्यक भइसकेको छ । हुनत समयसँगसँगै बैंक तथा वित्तीय संस्थाहरू रूपान्तरित भइरहेका पनि छन् तथापि अर्थतन्त्रलाई थप गतिशील बनाउन र समग्र अन्य क्षेत्रलाई डोऱ्याउन र रूपान्तरण गर्न यी संस्थाहरूको अहम् भूमिका रहन्छ ।

सन्दर्भ सामग्री

राष्ट्रिय तथ्यांक कार्यालय, २०८३

नेपाल राष्ट्र बैंक/ आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय (२०८२/८३)

नेपालमा केन्द्रीय बैंक डिजिटल मुद्रा (CBDC) को सम्भाव्यता तथा उपयोगिता



सुरेन्द्र श्रेष्ठ
सहायक प्रबन्धक
नेपाल बैंक लिमिटेड

परिचय (Introduction)

वर्तमान समयमा विश्व अर्थतन्त्र तीव्र गतिमा डिजिटल, डेटा-आधारित र प्रविधिमैत्री वित्तीय प्रणालीतर्फ रूपान्तरण भइरहेको छ । परम्परागत रूपमा मुद्रा भन्नाले केन्द्रीय बैंकले जारी गर्ने कागजी नोट तथा सिक्का भन्ने बुझिन्थ्यो । आधुनिक वित्तीय युगमा कागजी नोट र सिक्काको विकल्पमा विश्वव्यापी रूपमा उदाएको डिजिटल मुद्राले वित्तीय क्षेत्रमा नयाँ आयाम थप्नाका साथै यसको प्रयोगको सम्भाव्यतालाई बढावा दिएको छ। मोबाइल बैंकिङ, क्युआर भुक्तानी, डिजिटल वालेट, इन्टरनेट बैकिङ, तत्काल भुक्तानी तथा ब्लकचेन जस्ता प्रविधिको विकासले मुद्राको स्वरूप, भुक्तानी प्रणाली र वित्तीय मध्यस्थताको अवधारणालाई नै पुनः परिभाषित गर्न थालेको छ । यसै परिवर्तनको एउटा महत्त्वपूर्ण परिणाम केन्द्रीय बैंक डिजिटल मुद्रा हो । यस्तो मुद्रा निजी क्रिप्टोकरेन्सी जस्तो अनुमानमा आधारित सम्पत्ति होइन; यो केन्द्रीय बैंकको प्रत्यक्ष दायित्व हुने राष्ट्रिय मुद्राको डिजिटल स्वरूप हो । केही समयअघि नेपाल राष्ट्र बैंकको आफ्नै केन्द्रीय बैंक डिजिटल मुद्रासम्बन्धी अध्ययन प्रतिवेदनले पनि यसलाई राष्ट्रिय युनिट वा एकाउन्टमा आधारित र केन्द्रीय बैंकको प्रत्यक्ष दायित्व हुने डिजिटल पेमेन्ट साधनका रूपमा लिने तयारी भइरहेको भनी बताइएको पाइन्छ । नेपाल राष्ट्र बैंकले यसको सम्भाव्यता अध्ययन, कानुनी आधारमा निर्माण, संरचनागत ढाँचा र नियमन गर्ने सबल संयन्त्रको विकास तथा सम्भाव्यतासँगै प्रभावकारी उपयोगिताका लागि तीव्र गतिमा अध्ययन तथा अनुसन्धान गरिरहेको बताइन्छ । त्यसैले नेपाल पनि बढ्दो डिजिटल मुद्राको प्रवाह, प्रयोग र प्रभावबाट अलग रहन सक्दैन भन्ने कुरालाई बल पुगेको देखिन्छ ।

डिजिटल मुद्रा भन्नाले भौतिक रूपमा कागजी नोट वा सिक्काका रूपमा नरही पूर्णतया विद्युतीय वा क्रिप्टोग्राफिक माध्यमबाट सञ्चालन हुने मूल्यको आधिकारिक डिजिटल लेजर प्रविधिमा आधारित मुद्रा भन्ने बुझिन्छ । भौतिक रूपमा छुन वा हेर्न नसकिने तर पूर्णतया विद्युतीय वा डिजिटल माध्यमबाट सञ्चालन हुने मुद्राको रूपलाई डिजिटल मुद्रा भनिन्छ । केन्द्रीय बैंक डिजिटल मुद्रा (CBDC) भनेको केन्द्रीय बैंकद्वारा विद्युतीय रूपमा जारी गरिएको कानुनी मान्यतासहित सरकार जमानी रहने गरी पूर्ण रूपमा प्रत्याभूत गरिने सार्वभौम डिजिटल मुद्रा हो । यो मुद्रा केन्द्रीय बैंकको प्रत्यक्ष नियमन र दायित्वमा रहने डिजिटल सम्पत्ति हो । यसले परम्परागत कागजको नोट र सिक्काको विकल्प वा पूरकका रूपमा काम गर्छ र यसले सर्वसाधारण तथा बैंकहरूका लागि नोटको विकल्प वा पूरकका रूपमा काम गर्दछ । यस्ता मुद्राको मूल्यको जमानत राज्यको रहने तर निर्माण, सञ्चालन, भुक्तानी व्यवस्थापन एवं नियमन भने केन्द्रीय बैंकले गर्दछ । डिजिटल मुद्राको उद्देश्य नगदलाई तत्काल विस्थापित गर्नु होइन; बरु सुरक्षित, कम लागतयुक्त, सहज पहुँचयोग्य, पारदर्शी र आधुनिक डिजिटल भुक्तानीको पूर्वाधार निर्माण गर्नु हो । विश्वव्यापी रूपमा CBDC सम्बन्धी अनुसन्धान तीव्र गतिमा भइरहेको पाइन्छ । बैंक अफ इन्टरनेसनल सेटलमेन्ट (BIS) को २०२४ सर्भेअनुसार विश्वका ९३ केन्द्रीय बैंकमध्ये ८५ अर्थात् ९१ प्रतिशतले रिटेल वा होलसेल CBDC मध्ये कम्तीमा एउटा क्षेत्रमा अनुसन्धान गरिरहेका छन् । नेपालमा पनि यसको प्रयोग र विकासलाई बढवा दिने ध्येयका साथ नेपाल राष्ट्र बैंकले मौद्रिक नीति २०८३/८४ मा पनि CBDC को उपयोगिता तथा क्षेत्रलाई प्राथमिकता दिई अनुसन्धानमा जोड दिइएको पाइन्छ भने यस सम्बन्धमा विभिन्न समयमा अध्ययन समितिहरू समेत गठन गरेको देखिन्छ ।

अन्तर्राष्ट्रिय र राष्ट्रिय इतिहास (International and National History)

विश्वमा डिजिटल मुद्राको अभ्यास सन् २००९ मा बिटक्वाइनको सुरुवातसँगै निजी क्षेत्रबाट भए पनि केन्द्रीय बैंकस्तरमा पहिलो पटक सन् २०२० मा बाहामस (Bahamas) ले स्यान्ड डलर जारी गरेर औपचारिक रूपमा सुरुवात गरेको पाइन्छ । त्यसपश्चात् नाइजेरियाले इ-नाइरा र चीनले डिजिटल युआनलाई पनि व्यापक तबरले पाइलट

प्रोजेक्टका रूपमा अगाडि बढाएको पाइन्छ । भारतीय रिजर्भ बैंक (RBI) ले सन् २०२२ डिसेम्बरमा होलसेल र सन् २०२३ जनवरीमा रिटेल CBDC को 'पाइलट प्रोजेक्ट' सुरु गरेको थियो । भारतले प्रमुख सहरहरूमा बैंकहरूमार्फत क्युआर कोड र टोकनमा आधारित डिजिटल रुपैयाँ प्रचलनमा ल्याई यसको कार्यक्षमता, अफलाइन भुक्तानी र प्रोग्रामेबल मुद्राको सफल परीक्षण गरिरहेको देखिन्छ। चीनियाँ केन्द्रीय बैंकले सन् २०२० देखि नै बेइजिङलगायतका ठूला महानगरका सहर स्तरमा डिजिटल युआनको परीक्षण गर्दै आएको छ। चीनले ओलम्पिक खेलकुदलगायतका राष्ट्रिय कार्यक्रमहरूमा यसको व्यापक प्रयोग गरिसकेको छ र यसलाई खुद्रा बजारदेखि सरकारी कर्मचारीको तलब वितरणसम्म कार्यान्वयनमा ल्याइसकेको बताइन्छ ।

नेपालको सन्दर्भ

नेपालमा वि.सं. २०७४ देखि नै नेपाल राष्ट्र बैंकले निजी क्षेत्रका क्रिप्टोकरेन्सीहरूलाई पूर्ण रूपमा प्रतिबन्धित गर्दै आएको छ । नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिबाट आधिकारिक रूपमा CBDC को अध्ययन गर्ने घोषणा गऱ्यो । सन् २०२२ अगस्टमा 'Central Bank Digital Currency Identifying Appropriate Policy Goals and Design for NepalÚ नामक अवधारणा पत्र सार्वजनिक गर्दै यसको सम्भाव्यता अध्ययन तीव्र पारेको देखिन्छ । भुक्तानी तथा फर्स्योट ऐन, २०७५ जारी भएपछि डिजिटल भुक्तानी प्रणालीलाई नियमन तथा प्रभावकारी रूपमा सञ्चालन गर्ने आधार तयार भएको छ । नेपाल सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्ने विधेयकमार्फत डिजिटल मुद्राको पहिचानसहित यसको सबल र प्रभावकारी प्रयोग गर्नका लागि कानुनी वैधता दिने र 'मुद्रा' को परिभाषाभित्र समावेश गर्ने गरी प्रक्रिया अगाडि बढाइएको पाइन्छ जसले नेपालमा होलसेल तथा रिटेल डिजिटल मुद्राको पाइलट प्रोजेक्ट र भावी सुरुवातको मार्ग प्रशस्त गरेको देखिन्छ ।

CBDC का विशेषताहरू

- **केन्द्रीय बैंकको प्रत्यक्ष स्वामित्व:** यसको सम्पूर्ण नियन्त्रण, जारी गर्ने अधिकार, व्यवस्थापन र भुक्तानी केन्द्रीय बैंकमा निहित हुने गर्दछ ।
- **कानुनी मान्यता (Legal Tender):** यसलाई देशको कानुनी मुद्राका रूपमा स्वीकार गर्नैपर्ने अनिवार्य कानुनी मान्यता हुनु ।
- **शून्य काउन्टरपार्टी जोखिम:** सरकारको पूर्ण जमानत रहने हुनाले यसमा लगानी डुब्ने वा मूल्य शून्य हुने जोखिम हुँदैन ।
- **द्वैत मोडल (Dual-Architecture):** यो होलसेल (बैंकबीचको कारोबार) र रिटेल (सर्वसाधारणको दैनिक कारोबार) दुवै रूपमा सञ्चालन हुन सक्छ ।
- **अत्याधुनिक सुरक्षा प्रणाली :** ब्लकचेन वा सुरक्षित डिस्ट्रिब्युटेड लेजर टेक्नोलोजी (DLT) तथा क्रिप्टोग्राफिक सुरक्षामा आधारित हुन्छ ।
- **भौतिक लागतमा भारी कटौती:** नोट छाप्ने, ढुवानी गर्ने, भण्डार गर्ने र पुराना नोट जलाएर नष्ट गर्ने लगायतका व्यवस्थापनमा राज्यको खर्च जोगिन्छ ।
- **तत्काल फछ्यौंट :** पैसा ट्रान्सफर गर्दा कुनै मध्यस्थकर्ताविना रियल-टाइममा फछ्यौंट हुन्छ ।
- **अफलाइन भुक्तानी क्षमता :** भविष्यमा इन्टरनेट वा विद्युत् नभएका अवस्थामा पनि निश्चित डिभाइसबाट भुक्तानी गर्न सकिने सम्भावना बोकेको हुन्छ ।
- **वित्तीय समावेशीकरण :** बैंकको पहुँच नपुगेका दूरदराजका बस्तीहरूमा मोबाइलमार्फत सहज वित्तीय पहुँच पुऱ्याउँछ ।
- **पारदर्शिता र ट्र्याकिङ :** अवैध कारोबार, कालोधन र कर छलीलाई नियन्त्रण गर्न कारोबारको डिजिटल ट्रेल उपलब्ध हुन्छ ।
- **मोनेटाइजेसन दक्षता :** मौद्रिक नीतिको प्रभावकारितालाई अर्थतन्त्रमा द्रुत गतिमा सञ्चार गर्न सघाउँछ ।
- **प्रोग्रामेबल मुद्रा :** यसलाई आवश्यकताअनुसार निश्चित सरकारी अनुदान वा कार्यक्रममा मात्र खर्च हुने गरी प्रोग्राम गर्न पनि सकिन्छ ।
- **नगद निर्भरतामा कमी :** अर्थतन्त्रमा भौतिक नगदको प्रयोग घटाएर 'लेस-क्यास सोसाइटी' निर्माण गर्छ ।
- **अन्तर्राष्ट्रिय मानदण्ड :** विश्वव्यापी डिजिटल अर्थतन्त्र र क्रस-बोर्डर भुक्तानी प्रणालीसँग सहजै जोडिन सक्छ ।
- **स्थिर मूल्य :** निजी क्रिप्टोकरेन्सीजस्तो अत्यधिक मूल्य उतारचढाव नभई वास्तविक फियाट मुद्रासरह स्थिर मूल्यमा रहन्छ ।

CDBC का कार्यक्षेत्रहरू

- नेपालभित्र हुने सम्पूर्ण खुद्रा तथा साना व्यापारिक कारोबारहरू ।
- बैंक तथा वित्तीय संस्थाहरूबीचको अन्तरबैंक भुक्तानी र होलसेल फछ्यौंट ।

- सरकारद्वारा प्रदान गरिने सामाजिक सुरक्षा भत्ता, पेन्सन र अनुदान वितरण ।
- सार्वजनिक सेवाहरूको महसुल भुक्तानी (विद्युत्, खानेपानी, टेलिफोन आदि) ।
- वैदेशिक रोजगारीबाट भित्रिने विप्रेषणको औपचारिक र सस्तो च्यानल ।
- अनलाइन व्यापार र डिजिटल बजारका प्लेटफर्महरू ।
- ठूला कर्जा प्रवाह र सरकारी खरिद तथा ठेक्कापट्टाका भुक्तानीहरू ।
- स्थानीय तहदेखि केन्द्र सरकारसम्मको राजस्व तथा कर सङ्कलन प्रणाली ।
- आपत्कालीन अवस्था वा विपद्का बेला राहत वितरण प्रणाली ।
- अन्तरदेशीय व्यापारमा सीमापार भुक्तानीको विस्तार ।

CBDC का आयामहरू

- **प्राविधिक आयाम:** केन्द्रीकृत डाटाबेस वा विकेन्द्रीकृत डिस्ट्रिब्युटेड लेजर प्रविधि (DLT) प्रणालीको छनोट, एप इन्टरफेस, फायरवाललगायत साइबर सुरक्षा प्रणाली ।
- **आर्थिक तथा मौद्रिक आयाम:** औपचारिक वित्तीय कारोबार र बैकिङ प्रणालीको बढोत्तरीसहित मुद्रास्फीति नियन्त्रण, ब्याजदर करिडोर, तरलता व्यवस्थापन र बैंकहरूको निक्षेपमा पर्ने प्रभाव ।
- **कानुनी तथा नियामक आयाम:** नेपाल राष्ट्र बैंक ऐन, २०५८, भुक्तानी तथा फछ्र्योट ऐन, २०७५, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र गोपनीयतासम्बन्धी कानुनहरूको परिपालना ।
- **सामाजिक तथा सांस्कृतिक आयाम:** ग्रामीण जनताको डिजिटल साक्षरता, प्रविधिप्रतिको विश्वास र नगद संस्कृतिबाट डिजिटल संस्कृतिमा हुने मानसिक रूपान्तरण र प्रभावकारिता ।

कानुनी प्रावधान तथा केन्द्रीय बैंकका गतिविधिहरू

नेपालमा डिजिटल मुद्रालाई पूर्ण रूपमा पहिचानसँगै प्रभावकारी प्रयोग र कानुनी वैधता दिनका लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ संसोधनको प्रक्रियामा रहेको छ । प्रस्तावित संशोधनअनुसार ऐनमा दफा 'मुद्रा' को परिभाषालाई विस्तार गरिएको छ, जसअनुसार अब भौतिक बैंकनोट र सिक्काबाहेक नेपाल राष्ट्र बैंकद्वारा जारी डिजिटल मुद्रालाई पनि औपचारिक रूपमा 'कानुनी निविदा' को मान्यता दिइनेछ । साथै निजी क्षेत्रबाट जारी हुने क्रिप्टोकरेन्सी र भर्चुअल मुद्राहरूलाई यस कानुनले पूर्ण रूपमा वर्जित र अवैध ठहर गरेको छ । यसका साथै भुक्तानी तथा फछ्र्योट ऐन, २०७५ ले डिजिटल भुक्तानीका समग्र संरचना र नियमनको अधिकार केन्द्रीय बैंकलाई प्रदान गरेको छ । पछिल्लो समय देखिएका केन्द्रीय बैंकका गतिविधिहरू निम्न रहेका छन् :

- नेपाल राष्ट्र बैंकले CBDC को प्रवर्द्धन र अध्ययनका लागि निम्नलिखित प्रमुख गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।
- अनुसन्धान तथा अवधारणा पत्र प्रकाशन CBDC अवधारणा पत्रमार्फत नीतिगत लक्ष्य र डिजाइनको खाका तयार पारिएको छ ।
- भुक्तानी प्रणाली विभागअन्तर्गत विशेष 'CBDC डिभिजन' र उच्चस्तरीय स्टेरिङ कमिटी गठन गरी निरन्तर अनुसन्धान र प्राविधिक परीक्षण भइरहेको छ ।
- अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन तथा ती सस्थाहरूसँग समन्वय गर्दै नेपालका लागि सुहाउँदो रोडम्याप तयार पारिरहेको छ ।
- व्यवस्थापिका संसद्मा नेपाल राष्ट्र बैंकसम्बन्धी विधेयक दर्ता भएर ऐन संशोधनको प्रक्रिया अगाडि बढाइएको पाइन्छ ।
- भुक्तानी पूर्वाधार सुदृढीकरणका लागि RTGS, NepalPay र विभिन्न QR स्ट्यान्डर्डहरूसँगै राष्ट्रिय भुक्तानी स्विचको क्षमता विस्तार गर्दै डिजिटल फाउन्डेसन तयार पार्ने काम तीव्र पारिएको छ ।

CBDC का प्रकारहरू

डिजिटल मुद्राहरूलाई मुख्यतया तिनीहरूलाई जारी गर्ने निकाय, प्रयोग गर्ने क्षेत्र र व्यवस्थापन सञ्चालन हुने प्रविधिका आधारमा विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ । विश्वव्यापी रूपमा नेपालका सन्दर्भमा डिजिटल मुद्राको दायरालाई निम्नानुसार बुझ्न सकिन्छ :

१. **केन्द्रीय बैंक डिजिटल मुद्रा** : यो कुनै पनि देशको आधिकारिक केन्द्रीय बैंकद्वारा जारी गरिने डिजिटल मुद्रा हो । यसलाई देशको कानुनी मुद्राको मान्यता प्राप्त हुन्छ र यसमा सरकारको प्रत्यक्ष जमानतसहितको प्रत्याभूति रहन्छ । CBDC लाई पुनि दुई भागमा बाँडिन्छ ।

१.१ होलसेल CBDC : बैंक तथा वित्तीय संस्थाहरू र केन्द्रीय बैंकबीचको ठूला भुक्तानी तथा फछ्र्योटका लागि प्रयोग हुने मुद्रा ।

१.२. रिटेल CBDC): सर्वसाधारण जनता, साना व्यवसायहरू र दैनिक उपभोग्य वस्तुको खरिद-बिक्री तथा भुक्तानीका लागि प्रयोग हुने डिजिटल रुपैयाँ ।

२. **क्रिप्टोकरेन्सी :** यो पूर्ण रूपमा निजी क्षेत्र वा समूहद्वारा ब्लकचेन प्रविधिमा आधारित भई जारी गरिएको विकेन्द्रीकृत डिजिटल मुद्रा हो । यसलाई कुनै पनि सरकार वा केन्द्रीय बैंकको नियमन वा नियन्त्रण हुँदैन (जस्तैः बिटक्वाइन, इथरियम) । नेपालमा यसको कारोबार र प्रयोगलाई पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ ।

३. **स्थिर सिक्का :** यो पनि एक किसिमको क्रिप्टोकरेन्सी हो तर यसको मूल्य सामान्यतया अमेरिकी डलर वा सुनजस्ता स्थिर भौतिक सम्पत्ति वा फियाट मुद्रासँग आबद्ध गरिएको हुन्छ, जसले गर्दा यसको मूल्यमा भने कम उतारचढाव हुन्छ ।

४. **कमर्सियल बैंक डिजिटल पैसा :** सर्वसाधारणले बैंकहरूमा राखेको खातामा देखिने ब्यालेन्स, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ र वालेटहरूमा प्रयोग हुने डिजिटल रकम (जस्तैः इसेवा, खल्तीमा देखिने पैसा) हो । यो डिजिटल भए तापनि यसलाई केन्द्रीय बैंकले प्रत्यक्ष जारी गरेको नभई कमर्सियल बैंकहरूको खाता प्रणालीमार्फत सञ्चालन गरिएको हुन्छ ।

५. **भर्चुअल मुद्रा** : डिजिटल रूपमा आदानप्रदान हुने तर कुनै पनि केन्द्रीय बैंक वा कानुनद्वारा नियमन नगरिएका मुद्राहरू; जस्तै विभिन्न अनलाइन गेमहरू वा भर्चुअल संसार (Metaverse) भित्र प्रयोग हुने डिजिटल सिक्काहरू ।

CDBC का फाइदाहरू

- भौतिक नोट छाप्ने र ढुवानी गर्ने लगायत व्यवस्थापनमा राज्यको ठूलो खर्च कटौती हुन्छ ।
- भुक्तानी फछ्र्योटमा लाग्ने समय छोटो हुन्छ ।
- बैंक तथा वित्तीय संस्थामा नगद व्यवस्थापनको प्रभावकारिता बढ्नाका साथै लागत घट्दछ ।
- भ्रष्टाचार, कमिसन र घुसखोरी जस्ता विकृतिहरू ट्र्याक गर्न सजिलो हुन्छ ।
- बजारमा कालोधनको प्रयोग लगभग असम्भव बन्छ र मुद्रा निर्मलीकरण नियन्त्रणमा सघाउँदछ ।
- सरकारले अनुदान सीधै लक्षित नागरिकको डिजिटल वालेट वा खातामा पठाउन सहज हुन्छ ।
- नेपालको भुक्तानी प्रणाली अति सुरक्षित, भरपर्दो र सुदृढ हुन्छ ।
- वित्तीय समावेशीकरणको दायरा तीव्र गतिमा विस्तार हुन्छ ।
- उपभोक्तालाई नगद बोकेर हिँड्ने झन्झट र चोरी हुने डरबाट मुक्ति मिल्छ ।
- मुद्राको व्यवस्थापन र सफा नोट नीति कार्यान्वयन गर्न राष्ट्र बैंकलाई सहज हुन्छ ।
- अनलाइन व्यवसायहरूलाई भुक्तानी लिन र दिन छिटो तथा भरपर्दो माध्यम मिल्छ ।
- आर्थिक तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न केन्द्रीय बैंकलाई वास्तविक समयको तथ्याङ्क मिल्छ ।
- डिजिटल प्रविधिमा आधारित नवीनतम सेवाहरूको विस्तार हुन्छ ।
- रेमिट्यान्सको लागत घटेर विदेशबाट आउने पैसाको वास्तविक मूल्य परिवारसम्म पुग्छ ।
- कर छलीका बाटा वा लुपहोलहरू बन्द भएर राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि हुन्छ ।
- बैंकिङ अपराध र डिजिटल ठगीका घटनाहरूको न्यूनीकरणमा सघाउँदछ ।
- साना कारोबारहरूमा पनि डिजिटल माध्यमको प्रयोग अनिवार्य बन्दै जान्छ ।
- वातावरणीय प्रदूषण र कागजको अत्यधिक कटानमा कमी आउँछ ।
- अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकका वित्तीय सुशासनका मापदण्ड पूरा गर्न सहज हुन्छ ।
- मुलुकको समग्र अर्थतन्त्रलाई नगद-मुक्त (Cashless) दिशातर्फ डोऱ्याउन बलियो आधार मिल्छ ।

CDBC का बेफाइदाहरू

- प्रविधि नबुझ्ने वा साक्षरता नभएका सर्वसाधरण जनताहरू प्रणालीबाट सीधै बाहिरिने जोखिम हुन्छ ।
- इन्टरनेट वा बिजुली नभएका ठाउँमा डिजिटल मुद्रा पूर्ण रूपमा काम नलाग्ने हुन्छ ।

- प्रणाली ह्याक हुँदा वा सर्भर डाउन हुँदा देशैभरिको कारोबारका साथै अर्थतन्त्र जोखिममा पर्न सक्छ ।
- नागरिकको प्रत्येक खर्चको ट्र्याक हुने हुनाले व्यक्तिगत गोपनीयता हनन हुने खतरा हुन्छ ।
- वाणिज्य बैंकहरूको निक्षेप केन्द्रीय बैंकतर्फ आकर्षित हुँदा बैंकहरूमा तरलता अभाव हुन सक्छ ।
- सुरुवाती पूर्वाधार निर्माण र सफ्टवेयर जडानमा राज्यको ठुकुटीबाट ठूलो लगानी गर्नुपर्ने हुन्छ ।
- ग्रामीण क्षेत्रका नागरिकहरूलाई स्मार्ट डिभाइस किन्न वित्तीय भार पर्ने हुन्छ ।
- प्रविधिमा आउने प्राविधिक त्रुटिले गर्दा कारोबार रोकिने र उपभोक्ताले सास्ती पाउने हुन सक्छ ।
- सामाजिक सुरक्षा भत्ता पाउने वृद्धवृद्धाहरू प्रविधिको जटिलताले गर्दा वञ्चित हुन सक्ने अवस्था आउन सक्छ ।
- साइबर अपराधीहरूद्वारा नयाँ शैलीका डिजिटल फ्रड सिर्जना हुन सक्छ ।
- परम्परागत बैंकिङ प्रणालीको संरचनामा ठूलो धक्का पुग्न सक्छ ।
- नीति निर्माताहरूले डाटा निगरानी गर्दा राजनीतिक दुरुपयोग हुन सक्ने सम्भावना बढ्छ ।
- भौतिक नगद कारोबार समाजमा यसलाई जबरजस्ती लाद्न खोज्दा विरोध हुन सक्छ ।
- अफलाइन प्रविधिलाई पूर्ण रूपमा सुरक्षित बनाउन अत्यधिक जटिलता हुन्छ ।
- बैंकहरूको ब्याजदर निर्धारण र क्रेडिट सिर्जना गर्ने क्षमतामा सङ्कुचन आउँछ ।
- साना खुद्रा व्यापारीहरूलाई डिजिटल उपकरणको मेसिनरी खर्च धान्न गाह्रो हुन्छ ।
- गलत ट्रान्सफर वा गल्तीले पठाइएको रकम फिर्ता लिन जटिल हुन्छ ।
- कानुनी प्रावधान र दण्डसंहिता स्पष्ट नभएमा कानुनी विवाद बढ्छ ।
- राष्ट्रिय सुरक्षा र डेटा सार्वभौमिकतामा विदेशी सफ्टवेयरको निर्भरता र जोखिम बढ्न सक्छ ।
- डिजिटल डिभाइडल गर्दा सहरी र ग्रामीण वर्गबीचको आर्थिक खाडल झन् फराकिलो हुन्छ ।

CBDC को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुझावहरू

- डिजिटल मुद्रा जारी गर्नुअघि प्रभावकारी र व्यापक स्तरमा राष्ट्रव्यापी डिजिटल साक्षरता अभियान सञ्चालन गर्ने ।
- देशका सबै स्थानीय तहसम्म उच्च गतिको इन्टरनेट र भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्ने ।
- नेपाल राष्ट्र बैंक ऐन संशोधनलाई पूर्णता दिँदै CBDC लाई स्पष्ट कानुनी आधार प्रदान गर्ने ।
- अत्याधुनिक मल्टिलेयर र फयरवाल साइबर सेक्युरिटी प्रणाली अपनाएर ह्याकिङ र डेटा चोरी रोक्ने ।
- पहिलो चरणमा सीमित बैंक र निश्चित क्षेत्रमा 'पाइलट प्रोजेक्ट' का रूपमा मात्र परीक्षण गर्ने ।
- परम्परागत बैंक र वित्तीय संस्थाहरूलाई प्रतिस्पर्धी नबनाई उनीहरूको साझेदारका रूपमा CBDC अगाडि बढाउने ।
- इन्टरनेट नभएका क्षेत्रका लागि 'अफलाइन CBDC भुक्तानी प्रविधि' अनिवार्य रूपमा विकास गर्ने ।
- वृद्धवृद्धा, अशिक्षित र सीमान्तकृत समुदायका लागि अत्यन्त सरल र युजर-फ्रेन्डली इन्टरफेस बनाउने ।
- निजी क्षेत्रका फिनटेक कम्पनीहरूसँग सार्वजनिक-निजी साझेदारी (PPP) मोडल अपनाउने ।
- नागरिक एप, राष्ट्रिय परिचयपत्र र बायोमेट्रिक सिस्टमसँग डिजिटल वालेटलाई सुरक्षित रूपमा लिङ्क गर्ने ।
- सम्पत्ति शुद्धीकरण र आतङ्ककारी लगानी रोक्न कडा ट्र्याकिङ तथा अनुगमन संयन्त्रको विकास गर्ने ।
- नेपाल राष्ट्र बैंकभित्र समर्पित, दक्ष र विशेषज्ञ प्राविधिकहरूको छुट्टै 'डिजिटल करेन्सी डिभिजन' को विकास र सुदृढीकरण गर्ने ।
- सर्वसाधारणको व्यक्तिगत गोपनीयतालाई पूर्ण सुरक्षा प्रदान गर्ने गरी कडा कानुन बनाउने ।
- डिजिटल मुद्राको प्रयोगलाई प्रोत्साहन गर्न डिजिटल कारोबारमा सेवा शुल्क वा करमा सहुलियत दिने ।
- विद्यालय, कलेज र विश्वविद्यालयका पाठ्यक्रमहरूमा डिजिटल अर्थतन्त्रसम्बन्धी शिक्षा समावेश गर्ने ।
- छिमेकी देशहरू (भारत र चीन) का CBDC अभ्यास र अनुभवलाई आत्मसात् गर्दै प्रभावकारी रणनीति बनाउने ।

- प्राविधिक गडबडी वा सर्भर फेल हुँदा अपनाइने भरपर्दो आपत्कालीन रिकभरी योजना तयार राख्ने ।
- जनमानसमा डिजिटल मुद्राप्रति रहेको डर, भ्रम र अविश्वास हटाउन सचेतना कार्यक्रम गर्ने ।
- वाणिज्य बैंकहरूको निक्षेपमा पर्ने नकारात्मक असर कम गर्न उचित ब्याजदर सीमा निर्धारण गर्ने ।
- डिजिटल मुद्राको प्रयोगलाई स्वेच्छाले अपनाउन प्रेरित गर्दै क्रमिक रूपमा नगद निर्भरता घटाउने ।
- सीमापार भुक्तानीका लागि दक्षिण एसियाली देशहरूसँग प्राविधिक समझदारी र समन्वयन गर्ने ।
- तथ्याङ्कको सार्वभौमिकता जोगाउन विदेशी कम्पनीको भर नपरी सकेसम्म आफ्नै घरेलु सर्भर र क्लाउड प्रयोग गर्ने ।
- उपभोक्ता संरक्षणका लागि छिटो न्याय दिने डिजिटल उजुरी तथा गुनासो सुनुवाइ सेल बनाउने ।
- महिला र ग्रामीण उद्यमीहरूलाई विशेष सहुलियत दिएर डिजिटल वालेट चलाउन अभ्यस्त पार्ने ।
- राष्ट्र बैंकले समय-समयमा बजार अनुगमन र अनुसन्धान गरेर CBDC सम्बन्धी नीतिको प्रभावकारिता मूल्याङ्कन गर्ने ।

CDBC को प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित पक्षका भूमिकाहरू

१. सरकारको भूमिका

- राष्ट्रिय तहमा डिजिटल पूर्वाधार (इन्टरनेट र विद्युत्) को पहुँच कुना-कन्दरासम्म पुऱ्याउने ।
- नेपाल राष्ट्र बैंक ऐन, २०५८ र अन्य सम्बन्धित कानुनहरूलाई समयमै संशोधन गरी नीतिगत र संरचनागत आधार तयार गर्ने गरी कानुनी मान्यता दिलाउने ।
- डिजिटल नेपाल फ्रेमवर्क र नागरिक एपसँग CBDC प्रणालीलाई एकीकृत गर्ने ।
- सरकारी खरिद, तलब, पेन्सन र भत्ता वितरण CBDC बाट मात्र गर्ने नीति लिने ।
- ग्रामीण तथा विपन्न वर्गलाई डिजिटल डिभाइस खरिदमा सहुलियत वा अनुदान दिने र प्रयोग गर्ने तालिमको व्यवस्था गर्ने ।
- साइबर सुरक्षा र डेटा सुरक्षासम्बन्धी कडा राष्ट्रिय नीति तथा कानुनी ढाँचा निर्माण गर्ने ।
- विद्यालय तथा प्राविधिक शिक्षामा डिजिटल वित्तीय साक्षरता समावेश गर्ने नीति बनाउने ।
- अन्तर्राष्ट्रिय मुलुकहरूसँग द्विपक्षीय डिजिटल व्यापार तथा भुक्तानी सम्झौताहरू गर्ने ।
- कर प्रणाली र राजस्व सङ्कलनलाई पूर्ण रूपमा डिजिटल मुद्रामैत्री बनाउने ।
- परियोजनाको समग्र अनुगमन, मूल्याङ्कन र नीतिगत सहजीकरणका लागि उच्चस्तरीय समिति गठन गर्ने ।

२. नेपाल राष्ट्र बैंकको भूमिका

- CBDC को डिजाइन, प्रविधि डिस्ट्रिब्युटेड लेजर प्रविधि र वास्तुकला वैज्ञानिक रूपमा छनोट गर्ने ।
- होलसेल र रिटेल CBDC को छुट्टाछुट्टै पाइलट प्रोजेक्टहरू सफलतापूर्वक परीक्षण गर्ने ।
- वाणिज्य बैंक र भुक्तानी सेवा प्रदायकहरूका लागि स्पष्ट नियमन र निर्देशनहरू जारी गर्ने ।
- अत्याधुनिक साइबर सुरक्षा प्रणाली र फ्रड डिटेक्सन संयन्त्र जडान गर्ने ।
- मुद्रास्फीति, तरलता र मौद्रिक नीतिमा CBDC को पर्ने प्रभावबारे निरन्तर अनुसन्धान गर्ने ।
- बैंक तथा वित्तीय संस्थाहरूलाई प्राविधिक रूपमा जोडिन इन्टरअपरेबिलिटी स्ट्यान्डर्ड निर्माण गर्ने ।
- आम नागरिकमा CBDC को सुरक्षा र प्रयोगबारे जनचेतना अभियान सञ्चालन गर्ने ।
- सम्पत्ति शुद्धीकरण र गैरकानुनी वित्तीय गतिविधिको निगरानीका लागि कडा ट्र्याकिङ टुल बनाउने ।
- विदेशी केन्द्रीय बैंकहरूसँग समन्वय गरी क्रस-बोर्डर CBDC भुक्तानीको अध्ययन गर्ने ।
- आन्तरिक रूपमा दक्ष प्राविधिक जनशक्ति उत्पादन र व्यवस्थापन गर्ने ।

३. वित्तीय संस्थाहरूको भूमिका

- आफ्ना कोर बैंकिङ प्रणाली (CBS) लाई केन्द्रीय बैंकको CBDC नेटवर्कसँग सहजै जोडिने बनाउने ।

- ग्राहकहरूलाई CBDC वालेट खोल्न र सञ्चालन गर्न प्रत्यक्ष सहजीकरण र प्रशिक्षण दिने ।
- निक्षेप विस्थापन हुन नदिन आकर्षक डिजिटल निक्षेप र कर्जाका योजना ल्याउने ।
- साना तथा मझौला व्यापारीहरूलाई डिजिटल मुद्रामार्फत कारोबार गर्न भुक्तानी टर्मिनल उपलब्ध गराउने ।
- ग्राहकको व्यक्तिगत डेटा र गोपनीयताको उच्च सुरक्षा गर्ने नीति अवलम्बन गर्ने ।
- डिजिटल बैंकिङ फ्रडबाट बचाउन आफ्ना ग्राहकहरूलाई सचेत र सतर्क गराउने ।
- ग्रामीण शाखा कार्यालयमार्फत सीमान्तकृत वर्गलाई डिजिटल वालेट प्रयोग गर्न सिकाउने र सोसम्बन्धी साक्षात्कार कार्यक्रम आयोजना गर्ने ।
- केन्द्रीय बैंकले सञ्चालन गर्ने पाइलट प्रोजेक्टहरूमा सक्रिय सहभागिता जनाउने ।
- अफलाइन भुक्तानी सेवा प्रवाह गर्न आवश्यक पर्ने स्थानीय प्रविधि र उपकरण जडान गर्ने ।
- वित्तीय साक्षरता शिविरहरू आयोजना गरी डिजिटल मुद्राको महत्त्व बुझाउने ।

४. निजी क्षेत्र तथा फिनटेकको भूमिका

- भुक्तानी सेवा प्रदायक (PSP/PSO) हरूले CBDC लाई आफ्नो वालेट र प्रणालीमा आबद्ध गर्ने ।
- प्रयोगकर्ताका लागि अत्यन्त सरल, सहज, स्पष्ट बुझ्ने गरी र आकर्षक डिजिटल एप इन्टरफेस डिजाइन गर्ने ।
- खुद्रा व्यापार, पसल र सुपरमार्केटहरूमा CBDC स्वीकार गर्ने क्युआर र स्क्यानरहरू जडान गर्ने ।
- आपूर्ति शृङ्खला (Supply Chain) मा डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्ने ।
- निजी क्षेत्रका व्यवसायहरूबीच डिजिटल मुद्राका माध्यमबाट बी-टु-बी कारोबार बढाउने ।
- फिनटेक आविष्कारमार्फत कम लागतमा उच्च गुणस्तरीय डिजिटल वित्तीय सेवा प्रदान गर्ने ।
- ग्रामीण तथा सहरी क्षेत्रका साना व्यापारीहरूलाई डिजिटल कारोबारबारे तालिम दिने ।
- विज्ञापन र जनचेतनाका माध्यमबाट डिजिटल अर्थतन्त्रको महत्त्व र बजार विस्तार गर्ने ।
- साइबर सुरक्षा सुदृढ गर्न केन्द्रीय बैंक र अन्य बैंक तथा वित्तीय संस्थाहरूसँग सहकार्य गर्ने ।
- इ-कमर्स प्लेटफर्महरूमा CBDC लाई प्रमुख भुक्तानी माध्यमका रूपमा मान्यता दिने ।

५. सर्वसाधरण नागरिकको भूमिका

- नयाँ प्रविधि र डिजिटल मुद्रासम्बन्धी सकारात्मक सोच राख्दै यसको प्रयोग अभ्यास गर्ने ।
- डिजिटल मुद्रा र वालेटहरू प्रयोग गर्दा आवश्यक पर्ने पासवर्ड, पिन र गोपनीयताको सुरक्षा गर्ने ।
- अफवाह र गलत सूचनाका पछि नलागी आधिकारिक निकायका सूचनाहरू पालना गर्ने ।
- दैनिक उपभोग्य वस्तु खरिद गर्दा भौतिक नगदका सट्टा डिजिटल मुद्राको प्रयोगलाई बढवा दिने ।
- अनलाइन ठगी, फिसिङ र नक्कली लिङ्कहरूबाट सचेत रही सुरक्षित कारोबार गर्ने ।
- आफ्ना परिवारका वृद्धवृद्धा र प्रविधि नबुझ्ने सदस्यहरूलाई डिजिटल मुद्रा चलाउन सिकाइदिने ।
- कर छली गर्ने वा अवैधानिक तवरले कालो धन लुकाउने कार्यमा डिजिटल मुद्राको दुरुपयोग नगर्ने ।
- समाजमा डिजिटल साक्षरता फैलाउन र प्रविधिमैत्री संस्कृति निर्माण गर्न पहल गर्ने ।
- डिजिटल प्रणालीमा कुनै समस्या वा ठगी भएको देखिएमा तुरुन्त सम्बन्धित बैंक वा नियमनकारी निकायलाई खबर गर्ने ।
- नगदमाथिको अत्यधिक निर्भरतालाई क्रमशः घटाउँदै मुलुकलाई डिजिटल अर्थतन्त्रतर्फ डोऱ्याउन सहयोग गर्ने ।

निष्कर्ष

नेपालको आर्थिक र डिजिटल वित्तीय भविष्यलाई आकार दिन केन्द्रीय बैंक डिजिटल मुद्रा केवल एक प्राविधिक विकल्प मात्र नभई नगद-प्रधान अर्थतन्त्रबाट आधुनिक, पारदर्शी र डिजिटल अर्थतन्त्रमा रूपान्तरण हुने ऐतिहासिक कोसेढुङ्गा हो । नेपाल राष्ट्र बैंकले अगाडि बढाएको अध्ययन तथा अनुसन्धानलगायत कानुनी मान्यता, नीतिगत प्रक्रियासँगै बजारको बढ्दो डिजिटल कुल जनसङ्ख्याको प्रयोगले यसको सम्भावनालाई अझ बलियो बनाएको पाइन्छ । यद्यपि भौगोलिक विकटता, अपर्याप्त विद्युत् तथा इन्टरनेट पूर्वाधार, न्यून डिजिटल साक्षरता र गम्भीर साइबर सुरक्षा जोखिमहरू, नीतिगत व्यवस्थामा कमी र नेपालका प्रमुख संरचनागत चुनौतीका कारण यसको विकास र विस्तारमा अपेक्षित रूपमा भनेजति गति लिन नसकेको देखिन्छ ।

यसको सबलीकरण, प्रभावकारिता र सुरक्षित कार्यान्वयनका लागि नेपाल सरकार, नेपाल राष्ट्र बैंक, वाणिज्य बैंकहरू, निजी फिनटेक क्षेत्र र आम नागरिकबीच सामूहिक सहकार्य अपरिहार्यका हुनाका साथै सोसम्बन्धी सबल संयन्त्रको विकास हुनु आवश्यक छ । नेपाल राष्ट्र बैंकले अन्तराष्ट्रिय मुद्राकोष र एसियाली विकास बैंक जस्ता अन्तर्राष्ट्रिय निकायसँग प्राविधिक सहयोग र नीति निर्माणमा समन्वय गरी क्षमता विकास गर्नु पनि उत्तिकै आवश्यक र महत्त्वपूर्ण रहेको छ । यदि नेपाल सरकारले ग्रामीण क्षेत्रसम्म पूर्वाधार पुऱ्याउने, केन्द्रीय बैंकले नियमनसँगै कडा सुरक्षा र चरणबद्ध पाइलट प्रोजेक्ट मोडल अपनाउने र बैंकहरूले प्राविधिक एकीकरण गर्ने हो भने डिजिटल नेपाली रुपैयाँले मुलुकको वित्तीय समावेशीकरणमा अभूतपूर्व छलाङ मार्ने निश्चित देखिन्छ । तर नेपालको आर्थिक संरचना, वित्तीय समावेशिता, अनौपचारिक अर्थतन्त्र, बैंकिङ प्रणाली, विप्रेषणमा निर्भता, वित्तीय साक्षरता, साइबर सुरक्षा र कानुनी संरचनालाई ध्यानमा राखेर क्रमिक, सावधानीपूर्वक र प्रमाणमा आधारित कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकले जोड दिनु आवश्यक देखिन्छ ।

तसर्थ नेपालले हतारमा नभई दीर्घकालीन रणनीतिक योजनासँगै स्पष्ट कानुन, नीति र सुदृढ प्राविधिक पूर्वाधारको निर्माण गरी अवसरको अधिकतम उपयोग र आउन सक्ने चुनौतीको समाधान गर्ने गरी सयंन्त्रको विकास र प्रभावकारी नियमनसहित प्रचार-प्रसार र गहिरो जनचेतनाका साथ डिजिटल मुद्राको युगमा प्रवेश गर्नु नै मुलुकको दिगो आर्थिक समृद्धिको वास्तविक आधार बन्नेछ र कारोबारमा हुने पारदर्शिता र व्यवस्थित कार्यले देशलाई ग्रे लिस्टमा पर्ने चुनौतीबाट पनि सुरक्षित राख्न सहयोग गर्दछ ।

सन्दर्भ सामग्री

www.nrb.org.np

नेपालमा वर्तमान समष्टिगत आर्थिक चुनौती र बजेट सुधारको आवश्यकता



प्रा. डा. सञ्जय आचार्य
सदस्य
राष्ट्रिय योजना आयोग


नेपाली अर्थतन्त्र अहिले विभिन्न समष्टिगत आर्थिक चुनौतीहरूबाट गुज्रिरहेको छ । विशेषगरी यी चुनौतीहरूमा न्यून तथा उतारचढावपूर्ण आर्थिक वृद्धि, न्यून बचत र लगानी, न्यून स्तरको तथा कम उत्पादक पुँजीगत खर्च, अनुत्पादक चालु खर्च र सार्वजनिक वित्त व्यवस्थापनमा बढ्दो दबाब, वित्तीय क्षेत्रका समस्या, फराकिलो व्यापार असन्तुलन, न्यून प्रत्यक्ष वैदेशिक लगानी (FDI), तथा ठूलो सङ्ख्यामा युवा श्रमशक्तिको वैदेशिक रोजगारीतर्फ बहिर्गमन आदि प्रमुख छन् । यस लेखले यी समष्टिगत आर्थिक चुनौतीका दृष्टिले आवश्यक बजेट सुधारबारे केही प्रकाश पार्ने उद्देश्य राखेको छ ।

पृष्ठभूमि

विगत दश वर्षको प्रवृत्ति हेर्दा नेपालको वार्षिक आर्थिक वृद्धि दर न्यून र अस्थिर रहेको देखिन्छ । विगत चालिस वर्षमा मुलुकको आर्थिक वृद्धि दर सरदर चार प्रतिशत रहेको छ भने विगत एक दशकमा यो बढीमा आठ प्रतिशतको हाराहारी पुगेको छ भने न्यूनतम दुई प्रतिशतले ऋणात्मक पनि बनेको छ । समग्र आर्थिक वृद्धि दरको निर्धारण कृषिभन्दा गैरकृषिक्षेत्रले गरेको छ । कोरोना कालमा गैरकृषि आर्थिक गतिविधिमा देखिएको ऋणात्मक वृद्धि दरले समग्र अर्थतन्त्रलाई नै सङ्कुचनतर्फ लगेको देखिन्छ । हालका वर्षहरूमा यो धनात्मक रहे पनि आर्थिक वर्ष २०७७/७८ पछि यसको वृद्धि दर नराम्रोसँग खस्कँदै गएको सरकारी तथ्याङ्कबाट देखिन्छ ।

कृषिक्षेत्रको वृद्धि दर सामान्यतया सकारात्मक रहे पनि समग्र आर्थिक वृद्धिमा यसको योगदान कमजोर बन्दै गएको छ । पछिल्लो आधिकारिक तथ्याङ्कअनुसार आ.व. २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर ३.८५ प्रतिशत, कृषि क्षेत्रको वृद्धि १.५८ प्रतिशत र गैरकृषिक्षेत्रको वृद्धि ४.५४ प्रतिशत रहने अनुमान छ (चित्र १) । अर्थतन्त्रको समग्र वृद्धिमा गैरकृषिक्षेत्रको भूमिका ठूलो छ किनभने GDP को ठूलो हिस्सा गैरकृषि गतिविधिबाट आउँछ ।


चित्र १: नेपालको कृषि, गैरकृषि र समग्र आर्थिक वृद्धि दर (२०७३/७४-२०८२/८३)



स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

कोभिड-१९ महामारीको प्रकोपले गैरकृषि गतिविधिमा ठूलो असर पारेको थियो किनभने सामाजिक दूरी कायम गर्नुपर्ने अवस्थाले सेवा तथा उत्पादनमूलक गतिविधि सञ्चालनमा कठिनाइ उत्पन्न गरेको थियो । गैरकृषि गतिविधिभित्र औद्योगिक क्षेत्रको वृद्धि दर सेवाक्षेत्रका तुलनामा बढी उतारचढावपूर्ण देखिन्छ (चित्र २) । आ.व. २०८२/८३ मा उद्योग क्षेत्रको वृद्धि ५.७७ प्रतिशत र सेवाक्षेत्रको वृद्धि ४.२१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । यसबाट नेपालले औद्योगिक क्षेत्रको वृद्धिको उच्च सम्भावना रहेका क्षेत्रहरूमा सार्वजनिक, निजी र सार्वजनिक निजी साझेदारीका सम्भावनाहरू उजागर गर्दै जानुपर्ने टड्कारो आवश्यकता देखिएको छ ।

चित्र २ प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको वृद्धिदर (२०७३/७४ - २०८२/८३)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

बचत-लगानी, वैदेशिक सहयोग र आन्तरिक स्रोत परिचालन

आर्थिक वृद्धिको उतारचढाव न्यून बचत र लगानीको अवस्थासँग पनि जोडिएको छ । यसले पुँजी निर्माणको गति सुस्त बनाएको छ । पछिल्लो राष्ट्रिय लेखा तथ्याङ्कअनुसार आ.व. २०८२/८३ मा कुल घरेलु बचत GDP को ९.७१ प्रतिशत मात्र छ भने कुल राष्ट्रिय बचत ४४.७७ प्रतिशत र कुल स्थिर पुँजी निर्माण २६.२६ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले राष्ट्रिय बचतलाई उल्लेख्य रूपमा बढाए पनि घरेलु बचतको स्तर न्यून रहनु अर्थतन्त्रको आन्तरिक उत्पादन क्षमता र बचत-लगानीसम्बन्धी संरचनात्मक कमजोरीको सङ्केत हो । आर्थिक वर्ष २०७८/८९ मा कुल राष्ट्रिय बचतभन्दा कुल राष्ट्रिय लगानी कुल गार्हस्थ्य उत्पादनको आठ प्रतिशतले बढी रहेकामा आर्थिक वर्ष २०८२/८३ मा आइपुग्दा कुल राष्ट्रिय बचत सबै लगानीमा परिणत हुन नसकी यो अन्तर कुल गार्हस्थ्य उत्पादनको १२.८ प्रतिशतसम्म पुगिसकेको छ (चित्र ३) ।

चित्र ३: नेपालको कुल राष्ट्रिय बचत-लगानीको अन्तर (GDP को प्रतिशत, २०७३/७४ - २०८२/८३)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८३ *अनुमानित

न्यून आर्थिक वृद्धि र निजी तथा सार्वजनिक क्षेत्रको बचत-लगानी परिचालन क्षमता कमजोर हुँदा सार्वजनिक वित्तमा दबाब परेको छ । आ.व. २०८१/८२ मा सङ्घीय सरकारको राजस्व सन्तुलन कुल गार्हस्थ्य उत्पादनको केवल १.२२ प्रतिशत मात्र बचतमा छ । अघिल्लो वर्ष यो शून्यका स्तरमा थियो (चित्र ४) । यो स्थितिले सरकारी लगानी र विकासमूलक खर्च वैदेशिक अनुदान, बाह्य सहुलियतपूर्ण ऋण र आन्तरिक ऋणमा भर पर्नुपर्ने स्थिति रहेको छ तर वैदेशिक सहयोगमा पनि आशातीत बढोत्तरी छैन । नेपालले सन् १९५० को दशकदेखि वैदेशिक अनुदानहरू प्राप्त गर्न थालेको हो । अनुदान मुख्यतया कोलम्बो परियोजनाबाट प्राविधिक सहयोगका रूपमा आएको थियो । यसै दशकमा सम्पन्न पहिलो पञ्चवर्षीय योजनाको सम्पूर्ण विकास खर्च वैदेशिक अनुदानबाट सम्पन्न भएको थियो । साठीको दशकबाट नेपालले ऋण सहयोग पनि लिन थाल्यो तैपनि दोस्रो आवधिक योजनाको विकास खर्चको करिब ७० प्रतिशत वैदेशिक अनुदानबाट प्राप्त भएको थियो । द्विपक्षीय सहयोगमा भारत र अमेरिकाको योगदान करिब एक-तिहाई रह्यो भने अन्य सहयोग चीन, तत्कालीन सोभियत सङ्घ, संयुक्त अधिराज्य, स्विट्जरल्यान्ड, अस्ट्रेलिया, जापान र न्युजिल्यान्डबाट प्रमुख रूपमा आएका थिए । त्यसपछि एघारौँ योजनासम्म वैदेशिक सहयोगले कुल आवधिक योजना खर्चको ४० देखि प्रतिशत ६० प्रतिशतसम्म योगदान गरे । हालका वर्षहरूमा वैदेशिक सहयोगले आवधिक योजनाको विकासमूलक खर्चको २० देखि ४० प्रतिशतसम्म ओगटेको देखिन्छ । आर्थिक गतिविधिका हिसाबले कृषि, यातायात र ऊर्जा क्षेत्रमा विशेष सहयोगहरू आए भने त्यसपछिका प्राथमिकतामा सञ्चार, उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रहरू रहे । लामो समयसम्म द्विपक्षीय सहयोगमा जापानको योगदान प्रमुख रह्यो भने त्यसपछि अमेरिकाको ।

असीको दशकदेखि नेपालमा द्विपक्षीय सहयोगभन्दा बहुपक्षीय सहयोगको मात्रा बढ्न थाल्यो । नब्बेको दशकदेखि नेपालले लिएका वैदेशिक सहयोगहरू भौतिक पूर्वाधार, प्राविधिक सहयोग, सामग्री सहयोग र मानवीय सहयोग गरी चार प्रकारका भए । असीका दशकको मध्यतिर नेपालमा वैदेशिक सहयोग सापेक्षित रूपमा सबैभन्दा बढी रह्यो । सन् १९८४ मा कुल गार्हस्थ्य उत्पादनको सात प्रतिशत रहेको वैदेशिक सहयोग १९८७ मा आइपुग्दा यो १३ प्रतिशत पुग्यो । नब्बेका दशकमा कुनै प्रस्ट प्रवृत्ति नदेखिए पनि सन् २००० देखि यो सापेक्षित रूपमा बढ्न सकेको छैन । कुल गार्हस्थ्य उत्पादनको तीनदेखि नौ प्रतिशतका बीचमा उतारचढाव भइरहेको छ । यसबाट आन्तरिक स्रोत परिचालनमा थप दबाब सिर्जना हुन पुगेको छ ।

चित्र ४: सङ्घीय सरकारको बजेट तथा राजस्व सन्तुलन (GDP को प्रतिशत)



स्रोतः एकीकृत वित्तीय विवरण, महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क, २०८२ बाट गणना गरिएको।

वैदेशिक सहयोगमा अनुदानको अंश घट्ने र ऋणको बढ्ने विश्वव्यापी परिदृश्य बनेको छ । १९९० दशकमा शीतयुद्धको अन्त्यपछि विश्व अर्थतन्त्रमा यस्तो प्रवृत्तिको सुरूआत भए पनि सन् २००८ बाट देखापरेको विश्वव्यापी आर्थिक मन्दीपछि भने यो प्रकट भई देखिएको हो । सहयोग प्रभावकारिताका लागि पेरिस घोषणापत्र २००५ जारी भई ओइसिडी मुलुकहरूले अल्पविकसित र विकासशील राष्ट्रहरूलाई आफ्नो कुल गार्हस्थ्य

उत्पादन (जिडिपी) को ०.७ प्रतिशत वैदेशिक सहयोगका रूपमा दिनुपर्ने निर्णयलाई आक्रा सम्झौताले अनुमोदन गरे पनि नेदरल्याड्स र केही स्कान्डिनेभियन मुलुकहरूबाहेक धेरै ओइसिडी मुलुकहरूले पालना गरेका छैनन् । सरदर वैदेशिक सहयोग उनीहरूको जिडिपीको ०.३६ प्रतिशतको हाराहारी रहेको धेरै अध्ययनहरूले देखाउँछन् ।

हालमा अनुदान सहयोगको ठूलो भाग युद्धरत भूमिहरूमा पोखिएको अवस्था छ । यी मानवीय सहयोगहरूको गत वर्षको तथ्याङ्क हेर्ने हो भने ओइसिडी मुलुकहरूको अनुदान सहयोग झन्डै आधा जति यमन, अफगानिस्तान, सिरिया, युक्रेन र प्यालेस्टाइन भूमिहरूमा खर्च भइरहेको छ। सहयोगको बढोत्तरी भएका खण्डमा पनि अल्पविकसितबाट विकासशील मुलुकमा रूपान्तरण हुन लागेको नेपालजस्ता मुलुकहरूमा खासै अनुदान सहयोगहरू बढ्ने छैनन्; बरु सहयोग अत्यन्त न्यून रहेका इथियोपिया, एल साल्भाडोर, बुर्किना फासो, म्यानमार, सुडान र भेनेजुएला जस्ता मुलुकहरूमा अनुदान प्रवाह बढ्ने छ । हालमा त्यहाँका मानवीय सङ्कटहरू सम्बोधन गर्नका लागि आवश्यक सहयोगहरूको क्रमशः १४, १४, १६, १२, १७ र १० प्रतिशत मात्र सहयोग पुगेको नर्वेजियन शरणार्थी परिषद्ले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कमा उल्लेख छ ।

पर्याप्त गृहकार्यका अभावमा सहयोगको माग पक्ष कमजोर बन्न जान्छ र आपूर्ति पक्ष प्रबल बनेर जान्छ । नेपालले प्राप्त गर्ने वैदेशिक सहयोगमा पनि यो प्रवृत्ति हाबी देखिन्छ । धेरै दातृसंस्थाहरूले साना र टुक्रे आयोजनाहरूमा आफूलाई समावेश गर्न चाहन्छन् । यसको नकारात्मक पक्ष भनेको समन्वयको अभाव हुन गई नीतिगत अस्थिरताको जन्म हुनु हो । सन् २०१६ मा नेपालमा वैदेशिक सहयोगमा ३७० भन्दा बढी परियोजनाहरू सञ्चालनमा थिए । तिनीहरूमध्ये २१२ अनुदानमा थिए भने १४५ वटा प्राविधिक सहयोगमा र २१ वटा ऋणमा थिए । कतिपय परियोजनाहरूमा ऋण, अनुदान र प्राविधिक पक्षहररू मिसिएका थिए । सन् २०२१ मा आइपुग्दा पनि परियोजनाहरूको सङ्ख्यामा खासै कटौती भएन, तिनीहरू २६२ को सङ्ख्यामा रहे । सयौँको सङ्ख्यामा रहेका परियोजनाहरूको प्रभावकारी अनुगमन र सुपरिवेक्षण गर्न सरकारी संयन्त्र कमजोर रह्यो ।

वैदेशिक सहयोग पर्याप्त रूपमा बढ्न नसकेका अवस्थामा सीमित स्रोतहरूमा बढ्दो प्रतिस्पर्धा हुनु स्वाभाविक हुन्छ । त्यसका लागि सहयोग लिने मुलुकहरूले खर्चको प्रभावकारी उपयोगको रणनीति अवलम्बन गर्नुपर्ने हुन्छ । नेपालका सन्दर्भमा आवधिक योजनाहरूका पुँजीगत खर्चहरू प्रायःजसो वैदेशिक सहयोगमा भएका छन् । पहिलो पञ्चवर्षीय योजनाको सम्पूर्ण पुँजीगत खर्च वैदेशिक सहयोगमा थियो भने त्यसपछिका योजनाहरूमा पनि वैदेशिक सहयोगको ठूलो अंश रहिआएको छ ।


अन्तर्राष्ट्रिय मुद्राकोषले विभिन्न विकासशील राष्ट्रहरूको सहयोग प्रभावकारिताको अध्ययन गरी अनुदानका हकमा एकै पटक र ऋणका सन्दर्भमा ससर्त ऋण विभिन्न चरणमा प्राप्त गर्दा प्रतिफल उच्च भई प्रभावकारी हुने निष्कर्ष निकालेको छ । वैदेशिक सहयोगको यस्तो अनिश्चितताले आन्तरिक सहयोग परिचालन थप पेचिलो बन्न पुगेको छ । यस अवस्थाको प्रमुख कारणमध्ये सरकारको न्यून तथा कम उत्पादनशील पुँजीगत खर्च पनि एक हो । भएको पुँजीगत खर्चले अपेक्षित मात्रामा सरकारी राजस्व सिर्जना गर्न सकेको छैन । यसका दुईवटा सम्भावित कारण हुन सक्छन् । पहिलो, पुँजीगत खर्च अझै लामो समयपछि मात्र सार्वजनिक स्रोत सिर्जना गर्ने बहुवर्षीय आयोजनामा बढी मात्रामा गएको हुन सक्छ । दोस्रो, पुँजीगत खर्च कम प्रतिफल तथा कम राजस्व सम्भावना भएका परियोजनामा परिचालन भएको हुन सक्छ । यसको गहन विश्लेषण हुनु जरुरी छ ।

सार्वजनिक वित्त व्यवस्थापन

माथि उल्लेख गरिए जस्तो समस्या पुँजीगत खर्चमा मात्र सीमित छैन; चालु खर्च पनि पर्याप्त मात्रामा उत्पादनशील हुन सकेको छैन र यसले सार्वजनिक वित्त व्यवस्थापनमा दबाब सिर्जना गरिरहेको छ। सामाजिक सुरक्षा खर्चको तीव्र वृद्धि पनि यसको एक प्रमुख कारण हो जुन कुल गार्हस्थ्य उत्पादनको झन्डै चार प्रतिशत नजिक पुगिसकेको छ । समग्रमा चालु खर्चको हिस्सा निकै ठूलो छ भने पुँजीगत खर्चको हिस्सा २० प्रतिशतभन्दा कममा झरिसकेको छ । आ.व. २०८१/८२ मा सङ्घीय सरकारको कुल खर्चमध्ये करिब ५१.० प्रतिशत चालु खर्च, १९ प्रतिशत पुँजीगत खर्च र ३० प्रतिशत वित्तीय व्यवस्थापनमा गएको देखिन्छ । हालका वर्षहरूमा कम उत्पादनशील नियमित खर्च, घट्दो पुँजीगत खर्च र बढ्दो वित्तीय व्यवस्थापन खर्चलाई कसरी सुधार गर्ने भन्ने नेपाल सरकारको वित्तीय व्यवस्थाको प्रमुख चुनौती बनेको छ ।

अर्कातिर अनुदान सहयोगको करिब एक तिहाई सरकारी बजेटमा उल्लेख चाहिँ हुने तर सरकारको नियन्त्रण र सुपरिवेक्षणभित्र नपर्ने देखिएको छ । नेपालमा दर्ता भएका सबै गैरसरकारी संस्थाहरूको उचित सुपरिवेक्षण गरी सबै वैदेशिक सहयोगहरूले सरकारी बजेट प्रणाली भएर आउनुपर्ने, तिनीहरूको खर्चको विस्तृतीकरण र सरकारको नियन्त्रण पूर्ण रूपले नभए पनि कम्तीमा तिनीहरूको लेखा परीक्षण नेपाली स्वायत्त संस्थाले गर्ने जस्ता प्रावधानहरू सहयोगको द्विपक्षीय समझदारी पत्रमा नै उल्लेख हुनु जरुरी छ । यसले सरकारी वित्त प्रणालीलाई बृहत् र पारदर्शी बनाउँछ ।

चित्र ५: संघीय सरकारको वार्षिक खर्चको संरचना (२०७६/७७-२०८१/८२)



स्रोतः एकीकृत वित्तीय विवरण, महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क, २०८२ बाट गणना गरिएको।

आ.व. २०७९/८० पछि वित्तीय व्यवस्थापनमा भएको खर्च पुँजीगत खर्चभन्दा बढी रहनु सार्वजनिक खर्चको संरचनासम्बन्धी चिन्ताको विषय हो। यसले एकातिर पुँजीगत खर्चबाट अपेक्षित राजस्व तथा आर्थिक प्रतिफल प्राप्त गर्न नसकिएको र अर्कातिर ऋण सेवा तथा वित्तीय व्यवस्थापनको लागत बढिरहेको अवस्थालाई प्रतिविम्बित गर्छ । वर्तमान सरकारको पहिलो सङ्घीय बजेटबाट यसमा सुधार ल्याउने जमर्को गरिएको देखिन्छ।

जलवायु सम्झौता, पेरिस घोषणा र क्योटो प्रोटोकलका मर्महरूलाई नेपालले आत्मसात् गरिसकेकाले त्यसै अनुरुप अन्तर्राष्ट्रिय जलवायु वित्तमा मुलुकको पहुँच बढाउँदै लगी सार्वजनिक वित्तमा सहजीकरण गर्नु जरुरी भएको छ। हरित गृह ग्यास उत्सर्जनमा अत्यन्त न्यून भूमिका रहेका नेपालजस्ता अल्पविकसित/ विकासशील मुलुकहरू जलवायु परिवर्तनका असरहरूबाट बढी आक्रान्त छन् त्यसैले यस्ता मुलुकहरूको आवाजलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा पुऱ्याउँदै जलवायु न्यायका पक्षमा नेपालको आवाजलाई सशक्त बनाउने वर्तमान सरकारको प्रयास सराहनीय छ । यसले जलवायु न्यायका माध्यमबाट अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच विस्तार गर्ने प्रयासलाई बल पुऱ्याउनेछ र स्वच्छ ऊर्जा, जलवायु अनुकूल कृषि, प्रकृतिमा आधारित समाधान, हरित पूर्वाधार, विद्युतीय यातायात र विद्युतीय चुलोको उपयोगलाई विस्तार गर्ने छ।

अन्तर्राष्ट्रिय व्यापार र स्वाधीन अर्थतन्त्र

नेपालको वैदेशिक व्यापारमा अझै सुधारका सङ्केतहरू देखा पर्न सकेका छैनन्। राष्ट्र बैंकले प्रकाशित गरेको तथ्याङ्कहरूका आधारमा मुलुकको कुल निर्यातमा आधाभन्दा बढी प्राथमिक वस्तुहरूको अंश छ भने करिब ४० प्रतिशतका हाराहारीमा मात्र तयारी वस्तुको अंश रहेको छ । पुँजीगत सामानको निर्यात भने ०.५ प्रतिशतभन्दा पनि कम छ । गत आर्थिक वर्षको सोही अवधिमा यी तथ्याङ्कहरू ५४, ४६, र ०.५ प्रतिशतका हाराहारी थिए । अर्कातिर आयाततर्फ पनि स्थिति सुधारोन्मुख छैन। यिनै तथ्याङ्कहरूले हाम्रो वैदेशिक व्यापारको प्रवृत्ति झन् कमजोर बन्दै निर्यातमा बढी कच्चा पदार्थको अंश बढ्दै गएको र आयातमा तयारी वस्तुहरूको अंश बढ्दै गएको स्थिति रहन पुगेको देखाउँछन् । यसबाट घरेलु अर्थतन्त्रमा औद्योगिक वस्तुहरूको उत्पादनशील क्षमतामा ह्रास आएको र त्यो ह्रासोन्मुख नै रहेको स्थिति झल्कन्छ।

इतिहासको यस कालखण्डमा सरकारले अन्तर्राष्ट्रिय व्यापारमा संवेदनशील भएर नीतिगत सुधारहरू गर्नुपर्ने देखिन्छ । भारतीय अनुदानका कारण सस्तोमा नेपालमा आएका र नेपाली उत्पादनहरू विस्थापित हुने अवस्थामा पुगेका कृषि उत्पादनहरूका सन्दर्भमा सरकारले त्यस्ता नेपाली उत्पादनहरूलाई संरक्षण गर्ने उद्देश्यले त्यस्ता उत्पादनहरूलाई संवेदनशील सूचीमा राखी उस्तै प्रकारका आयातीत वस्तुहरूमा काउन्टरभेलिङ कर लगाउनु जरुरी छ। त्यसैगरी कतिपय चीनियाँ तयारी पोसाकहरू तिनीहरूको वास्तविक मूल्यभन्दा सस्तोमा सडकमा पाइन्छन् । यस्ता वस्तु उत्पादकहरूले दीर्घकालसम्म नेपाली बजार आफ्नो नियन्त्रणमा राखी लागत खर्च पनि नउठने गरी अनपेक्षित सस्तो मूल्यमा आपूर्ति गर्छन् । यस्ता वस्तुहरूको आपूर्तिका दुई प्रमुख उद्देश्यहरू हुन्छन्। पहिलो उद्देश्य बजारबाट आफ्ना प्रतिस्पर्धी आपूर्तिकर्ताहरूलाई विस्थापित गर्नु हो भने दोस्रो चाहिँ उपभोक्ताहरू आफ्ना वस्तुहरूमा अभ्यस्त भइसकेपछि र प्रतिस्पर्धीहरू विस्थापित भइसकेपछि बिस्तारै ती वस्तुहरूको मूल्य वृद्धि गर्ने हो । यस्ता व्यापारिक प्रवृत्तिहरू विश्वका विभिन्न मुलुकहरूमा विद्यमान छन् तर यसको पनि उपचार भने नभएको होइन। विभिन्न मुलुकहरूले यस प्रवृत्तिलाई रोक्न एन्टिडम्पिङ ड्युटिजहरू लगाउन सक्छन्। यस प्रकारको कर हामीकहाँ त्यति प्रचलित छैन तर भन्सारबाट न्यूनबिजकीकरण गरी ल्याइएका वस्तुहरूमा यस प्रकारको कर लगाई नेपाली औद्योगिक उत्पादनलाई संरक्षण गर्नु जरुरी छ।

बढ्दो व्यापार घाटालाई न्यूनीकरण गर्नका लागि सबैभन्दा पहिले कृषिमा आत्मनिर्भरताको विकास गर्नु जरुरी छ। हालका वर्षहरूमा कृषिजन्य वस्तुहरूको आयात सबैभन्दा तीव्र गतिले बढिरहेको छ र यसले व्यापार घाटालाई अत्यन्त फराकिलो बनाउँदै लगेको छ । कृषिमा अनेकौं प्रकारका अनुदानहरू छरपस्ट रूपमा रहेका छन् तर कागजी प्रक्रिया पूरा गरेर अनुदान लिने प्रवृत्ति विकास भएको छ। उत्पादन परिमाणका आधारमा कृषि अनुदान प्राप्त गर्ने पद्धतिको विकास गरिनुपर्छ। कृषिपछि आत्मनिर्भर बन्नुपर्ने अर्को क्षेत्र औषधि उद्योग हो । मुलुक यी दुई प्रकारका उत्पादनहरूमा आवश्यक निर्यामित र पुँजीगत खर्चसहित आत्मनिर्भर बन्नु जरुरी छ भन्ने कुरा केही वर्षअघिको श्रीलङ्कामा देखिएको सङ्कटले शिक्षा दिएको छ। यसबाट ठूला बाह्य र आन्तरिक सङ्कटहरूबाट अर्थतन्त्रलाई जोगाउन सकिन्छ।

चित्र ५ ले सङ्घीय सरकारको वित्त सन्तुलनको स्थिति देखाउँछ जसअनुसार समग्र वित्त सन्तुलन केवल अनुदानबाट मात्र केही सुधार भएको स्थिति छ । सार्वजनिक ऋण र ऋण व्यवस्थापनको खर्च निरन्तर बढिरहेका सन्दर्भमा ऋण परियोजनाहरू प्रतिफलमुखी हुनुपर्ने टड्कारो आवश्यकता देखा परेको छ ।

बजेट सुधारको आवश्यकता

नेपाल सरकारले वि. सं. १९५१ देखि नियमित रूपमा वार्षिक बजेट तयार तथा कार्यान्वयन गर्दै आएको अनुभव भए पनि नेपालको बजेट प्रणालीमा अझै धेरै समस्याहरू छन् । सरकारले बजेटमा देखिने त्यस्ता समस्याहरूको उचित समाधानतर्फ ध्यान दिनु जरुरी छ। अन्तर्राष्ट्रिय मुद्राकोष (IM) ले पनि एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका विकासशील अर्थतन्त्रका बजेट तयारीमा केही समस्या रहेको छ भनी औँल्याएकाले त्यसतर्फ सरकारले ध्यान दिनु आवश्यक छ ।

यस समस्यालाई सम्बोधन गर्न बजेट तयारी सुरु हुनुभन्दा केही महिनाअगाडि उच्चस्तरीय नीतिगत समीक्षा बैठक बस्नु आवश्यक छ । यी संस्थाहरूबीच देशको समष्टिगत आर्थिक अवस्था, अघिल्लो आर्थिक वर्षको बजेट अनुभव तथा अर्थतन्त्रका विद्यमान चुनौती सम्बोधन गर्न आवश्यक सुधारबारे साझा बुझाइ हुनुपर्छ ।

खर्चनीति र कार्यक्रमको प्राथमिकता पुनरावलोकनले अगाडि बढ्ने स्पष्ट दिशा दिन्छ । त्यसपछि बजेट तयारी परम्परागत र सामान्य वृद्धिमुखी 'इन्क्रिमेन्टल' अभ्यासबाट सुधारमुखी प्रक्रियातर्फ जान सक्छ । यसबाट पुँजीगत र चालु खर्चका प्रक्षेपण यथार्थपरक तथा समान आधारमा तयार गर्न सकिन्छ। साथै वार्षिक बजेटमा बहुवर्षीय योजनालाई समेट्दा बहुवर्षीय विकास आयोजनाहरू निर्धारित समयसीमाभित्र सम्पन्न गर्ने योजना र बजेटबीच स्पष्ट एकीकरण हुनुपर्छ ।

अतिरिक्त बजेटरी कोषमार्फत खर्चलाई एक वा बढी गैरबजेटरी खातातर्फ मोड्ने अभ्यासमा सुधार आवश्यक छ र वर्तमान सरकार यसतर्फ संवेदनशील पनि छ । अर्ध-राजकोषीय खर्च (quasi–fiscal expenditure), आकस्मिक दायित्व (contingent liabilities) आदिलाई पनि नेपालको बजेट प्रणालीमा पर्याप्त रूपमा समेटिनुपर्छ । त्यसैगरी प्रदेश तथा स्थानीय सरकारले उठाउने शुल्क, दस्तुर तथा अन्य आम्दानीलाई उपयुक्त रूपमा समेटिनुपर्छ । यी विषय समेटिएनन् भने तीनै तहका सरकारको समग्र बजेटको आकार वास्तविकताभन्दा कम देखिन सक्छ । समग्र खर्चको प्रक्षेपण अर्थतन्त्रको वहन क्षमता र समष्टिगत आर्थिक सीमासँग मेल खाने गरी गर्न आवश्यक छ । अझ महत्त्वपूर्ण कुरा, खर्चनीतिका प्राथमिकताले सार्वजनिक स्रोतलाई उत्पादक तथा भविष्यमा सार्वजनिक राजस्व सिर्जना गर्न सक्ने क्षेत्रमा प्रभावकारी रूपमा विनियोजन गर्नुपर्छ ।

अन्तर्राष्ट्रिय अनुदान कम तर ऋण बढ्दै गएको वर्तमान सन्दर्भमा सरकारी आय र त्यसमा पनि कर राजस्वलाई बढी प्रभावकारी बनाउनुपर्ने स्थिति आएको छ। यसका लागि करका दरहरूलाई कम गरी कराधार वृद्धि गरी कर राजस्व वृद्धि गर्ने नीति लिनु वाञ्छनीय हुन्छ। सीमित क्षेत्रमा उच्च करका दरहरू लगाउनुभन्दा बृहत् क्षेत्रहरूमा न्यून करका दरहरू लगाउँदा समग्र कर राजस्व बढ्ने अन्तर्राष्ट्रिय अनुभवलाई आत्मसात् गर्नुपर्छ। साथै एउटै प्रकृतिका धेरै करहरू लगाउनुभन्दा एउटा प्रकृतिको यौटा मात्र कर लगाउनु उपयुक्त हुन्छ । जस्तो कि स्वास्थ्य र वातावरणीय असर पार्ने उद्योग र व्यवसायहरूलाई अन्तःशुल्क वा कार्बन करमध्ये यौटा मात्र लगाउनु उचित हुन्छ ।

सरकारी खर्चका सन्दर्भमा नियमित खर्च अनुत्पादक रूपमा बढिरहेको र पुँजीगत खर्च लक्ष्यका तुलनामा धेरै कम मात्र भइरहेका अवस्थामा नियमित खर्चलाई प्रतिफलमुखी र पुँजीगत खर्चलाई उत्पादनमुखी बनाउनु जरुरी छ । लाभ र लागत विश्लेषणका आधारमा विकास परियोजनाहरूको छनोट गरिनुपर्छ। वर्तमान सरकारको पनि यसैमा विशेष जोड रहेको देखिन्छ । सामाजिक सुरक्षा भत्तामा मात्र कुल बजेटको १२ प्रतिशत, नियमित खर्चको २० प्रतिशत र समग्र अर्थतन्त्रको ४ प्रतिशत पुगिसकेको वर्तमान अवस्थामा यसको दीर्घकालीन स्रोत व्यवस्थापनको उपाय अवलम्बन गरिनु आवश्यक भएको छ ।

सार्वजनिक सेवा प्रवाहको दक्षता अर्थात् उत्पादक दक्षता हाम्रा सन्दर्भमा अत्यन्तै महत्त्वपूर्ण आवश्यकता हो । बजेट व्यवस्थापनको वित्तीय लागत न्यून गर्नु, बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनु तथा नगद र सार्वजनिक ऋण व्यवस्थापनको अभ्यासलाई सुदृढ गर्नु यसका महत्त्वपूर्ण पक्ष हुन् ।

वर्तमान आर्थिक सुस्तीलाई सम्बोधन गर्नु बजेटको प्रमुख उद्देश्य तथा मूल सिद्धान्त हुनुपर्छ। यसका लागि उच्च वृद्धि सम्भावना भएका क्षेत्रलाई विशेष प्राथमिकता दिनुपर्छ । अझ स्पष्ट रूपमा भन्नुपर्दा विगत एक दशकको कुल गार्हस्थ्य उत्पादनको औसत वृद्धि दरभन्दा बढी वृद्धि दर भएका क्षेत्रहरूलाई विशेष ध्यान दिनुपर्ने हुन्छ र तिनीहरूको अग्र र पृष्ठ आर्थिक सम्बन्ध भएका क्षेत्रहरूलाई पनि लगानी प्राथमिकता पार्नुपर्छ। नेपालका सन्दर्भमा जलविद्युत् तथा सम्बन्धित उपयोगिता सेवा, सूचना तथा सञ्चार, खानी तथा उत्खनन, वित्तीय तथा बीमा सेवा र स्वास्थ्य तथा सामाजिक कार्य उल्लेखनीय छन् । हालका तथ्याङ्कले पनि उद्योग तथा ऊर्जासम्बन्धी गतिविधिमा वृद्धिको सम्भावना रहेको देखाउँछन् ।

कृषि क्षेत्रको औसत वृद्धि दर तुलनात्मक रूपमा न्यून भए पनि यस क्षेत्रमा थप लगानी आवश्यक छ । अझ महत्त्वपूर्ण कुरा के हो भने कृषि लगानीलाई आधुनिकीकरण, व्यवसायीकरण र कृषि उपजको बजार विस्तारतर्फ केन्द्रित गर्दै उत्पादक किसानले व्यापारीले भन्दा बढी प्रतिफल प्राप्त गर्ने व्यवस्था गर्नुपर्छ । कृषि अनुदानलाई समन्वित बनाउने तथा उत्पादनमा आधारित अनुदान प्रणाली लागु गर्ने विषय अहिले विशेष महत्त्वको छ ।

सन्दर्भ सामग्री

अर्थ मन्त्रालय (२०८३). आर्थिक सर्वेक्षण २०८२/८३, काठमाडौं ।

अर्थ मन्त्रालय. विभिन्न आर्थिक वर्षका बजेट वक्तव्यहरू (२०८३/८४, २०८२/८३, २०८१/८२, २०८०/८१), काठमाडौं ।

नेपाल राष्ट्र बैङ्क (२०८३). *Current Macroeconomic and Financial Situation of Nepal, Based on Annual Data of FY २०२५/२६.*

महालेखा नियन्त्रकको कार्यालय (२०८३). सरकारी आय र व्ययको तथ्याङ्क, (अनलाइन) ।

राष्ट्रिय तथ्याङ्क विभाग (२०८३). *National Accounts Statistics of Nepal, FY २०२५/२६.*

राष्ट्रिय तथ्याङ्क विभाग (२०८२). विभिन्न समष्टिगत आर्थिक तथा क्षेत्रगत तथ्याङ्क ।

अर्थ मन्त्रालय (२०८३). आर्थिक वर्ष २०८३/८४ बजेट वक्तव्य ।

बीमित हित संरक्षण कोषसम्बन्धी विश्वव्यापी अभ्यास र नेपाली परिप्रेक्ष्य



सुनिल पौड्याल
सहायक निर्देशक
नेपाल बीमा प्राधिकरण

पृष्ठभूमि

बीमा व्यवसाय केवल बीमक, बीमित तथा जोखिम व्यवस्थापन र बीमाशुल्कसँग सम्बन्धित करार मात्र नभई अनिश्चितता र वित्तीय जोखिमका विरुद्धको एक साझा विश्वासको धरोहर हो । कुनै बीमक वित्तीय रूपमा आफ्ना दायित्वहरू पूरा गर्न असक्षम वा दामासाही हुँदा उक्त बीमकसँग आवद्ध बीमितको लगानी र सुरक्षा दुवै जोखिममा पर्न सक्ने चुनौती रहेको हुन्छ । यसै परिप्रेक्ष्यमा बीमितको लगानी र विश्वासलाई संस्थागत सुनिश्चितता प्रदान गर्न विश्वव्यापी रूपमा बीमित हित संरक्षण कोष (Policyholders Protection Fund) को अवधारणा विकास गरिएको पाइन्छ ।

बीमित हित संरक्षण कोषको प्राथमिक भूमिका कुनै बीमकले आफ्नो कानुनी दायित्व वहन गर्न नसक्ने गरी दामासाहीमा परेका अवस्थामा बीमितहरूलाई उचित क्षतिपूर्ति प्रदान गर्नु रहन्छ । यसले बीमितको आर्थिक रक्षावरण मात्र नगरी समग्र बीमाक्षेत्रप्रतिको सार्वजनिक भरोसालाई समेत डगमगाउन दिँदैन । अन्तर्राष्ट्रिय अभ्यासअनुसार यस्तो खाले कोषले बीमा सेवाको अविच्छिन्नता सुनिश्चित गर्ने र वित्तीय प्रणालीमा आउन सक्ने सम्भावित संकटलाई रोक्ने सुरक्षा कवचका रूपमा कार्य गर्नुका साथै यसले बजारमा देखिन सक्ने नैतिक जोखिमलाई नियन्त्रण गर्दै बीमकहरूलाई थप उत्तरदायी बनाउन समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

ऐतिहासिक विकासक्रमलाई नियाल्दा सन् १९६९ मा संयुक्त राज्य अमेरिकामा स्थापित ग्यारेन्टी एसोसिएसन र सन् १९७५ मा बेलायतले ल्याएको पोलिसीहोल्डर्स प्रोटेक्सन एक्टले यस अवधारणालाई सर्वप्रथम कानुनी र संरचनात्मक आधार प्रदान गरेका थिए । हाल विश्वका अधिकांश मुलुकहरूले आफ्नो बजारको प्रकृतिअनुसार प्रि-फन्डेड वा पोस्ट-फन्डेड पद्धति अवलम्बन गरी यस्ता कोषहरू सञ्चालन गर्दै आएका छन् । यसरी बीमित हित संरक्षण कोष वर्तमान बीमा बजारको एक अपरिहार्य मेरुदण्डका रूपमा रही यसले बीमक असफल हुन सक्छ तर बीमितको सुरक्षा असफल हुनुहुँदैन भन्ने विश्वव्यापी मान्यतालाई आत्मसात् गर्दछ ।

बीमित हित संरक्षण कोषको उद्देश्य

बजारको उतारचढाव, लगानीको जोखिम र प्रणालीगत जोखिम तथा चुनौतीहरूका कारण जुनसुकै समयमा पनि बीमकमा वित्तीय संकटको सम्भावना रहन्छ । बैंक वा अन्य वित्तीय संस्थाहरूका तुलनामा बीमा क्षेत्रको प्रकृति भिन्न र संवेदनशील तथा यसका दायित्वहरू दशकौंसम्म कायम रहने दीर्घकालीन प्रकृतिका रहन्छन् । विशेष गरी जीवन बीमालेखहरू एकपटक कम्पनी असफल भएपछि पहिलेको अवस्थामा पुनः बीमालेख प्राप्त गर्न असम्भवप्रायः हुने हुनाले बीमितहरू विकल्पहीन अवस्थामा पुग्ने जोखिम रहन्छ । यसरी ऐतिहासिक र प्राविधिक जटिलतालाई सम्बोधन गर्दै बीमितको दीर्घकालीन (बीमा परिपक्व अवधिभर) वित्तीय सुरक्षा सुनिश्चित गर्नु र कम्पनीको असफलताबाट सिर्जना हुने शून्यतालाई समाधान गर्नु नै बीमित हित संरक्षण कोषको मुख्य उद्देश्य रहेको पाइन्छ ।

बीमित हित संरक्षण कोषले बीमा क्षेत्रमा अन्तिम सुरक्षाकर्ता (Last Resort Safety Net) का रूपमा कार्य गर्दै संकटको समयमा बीमितलाई संरक्षण प्रदान गर्दछ । कोषको स्थापनाले बजारमा प्रणालीगत जोखिम (Systemic Risk) लाई न्यूनीकरण गर्ने मात्र नभई बीमक र बीमितबीच हुने विश्वासको असामञ्जस्यतालाई निवारण गर्न समेत ठोस भूमिका खेल्दछ ।

बीमित हित संरक्षण कोष तथा बैंकिङ अन्य कोषबीच भिन्नता

नेपालको वित्तीय परिदृश्यमा निक्षेप तथा कर्जा सुरक्षण कोष (DCGF) ले निक्षेपकर्ताहरूको बचतलाई सुरक्षा प्रदान गर्दै बैंकिङ क्षेत्रमा विश्वास कायम राख्दै आएको देखिन्छ । यद्यपि बीमा क्षेत्रको प्रकृति र यसका जोखिमका आयामहरू बैंकिङभन्दा नितान्त भिन्न र प्राविधिक भएकाले यस क्षेत्रका लागि एक पृथक् बीमित हित संरक्षण कोषको आवश्यकता अपरिहार्य रहेको छ । बीमित हित संरक्षण कोष र निक्षेप तथा कर्जा सुरक्षण कोषबीचको भिन्नतालाई बैंकिङ र बीमा क्षेत्रको सुरक्षण संयन्त्रबीचका आधारभूत भिन्नताहरूले नै पुष्टि गर्दछन् ।

प्रथमत: बैंकिङ दायित्वहरू प्राय: अल्पकालीन वा निश्चित समय सीमाभित्रका हुन्छन्, जहाँ निक्षेपकर्ताले चाहेको बखत आफ्नो बचत फिर्ता लिन सक्दछन् । यसका विपरीत बीमाका दायित्वहरू बहुवर्षीय र दीर्घकालीन प्रकृतिका हुन्छन् जसमा बीमित र बीमकबीचको सम्बन्ध दशकौंसम्म कायम रहेको हुन्छ । विशेष गरी जीवन बीमाका हकमा बीमकको वित्तीय असफलताले बीमितको सम्पूर्ण जीवनभरको योजना र आश्रित परिवारको भविष्यलाई नै जोखिममा पार्ने हुँदा यसका लागि विशिष्टीकृत संरक्षणको आवश्यकता पर्दछ । दोस्रो महत्त्वपूर्ण भिन्नता बीमा दाबीको जटिल मूल्याङ्कन प्रक्रियामा निहित रहेको छ । बैंकमा निक्षेपको रकम स्पष्ट र निश्चित हुन्छ तर बीमामा दाबीको समय, प्रकृति र त्यसको वित्तीय भारको बीमाङ्कीय मूल्याङ्कन (Actuarial Valuation) अत्यन्त प्राविधिक र जटिल रहने हुँदा त्यस्तो प्राविधिक दायित्वको व्यवस्थापन र क्षतिपूर्ति सुनिश्चित गर्न बैंकिङ मोडलको साधारण सुरक्षणबाट सम्भव हुँदैन ।

यसका अतिरिक्त, कुनै बीमा कम्पनी सङ्कटमा परेका अवस्थामा त्यसको बीमालेख र दायित्वलाई अर्को सक्षम कम्पनीमा हस्तान्तरण गरी बीमितको सुरक्षालाई अविच्छिन्न राख्न सकिने गरी पोर्टफोलियो हस्तान्तरणको विकल्पसमेत रहेको हुन्छ । यस्तो प्रक्रियालाई सहज बनाउन र हस्तान्तरणका क्रममा आउने वित्तीय झन्झटलाई समाधान गर्नका लागि तुलनात्मक रूपमा बैंकिङ क्षेत्रको भन्दा समर्पित संरक्षण कोषको भूमिका अपरिहार्य हुन्छ । त्यस्तैगरी बीमा व्यवसायमा भैपरी दायित्व (Contingent Liability) को अंश उच्च रहने र दाबी भुक्तानीको सामाजिक प्रभावसमेत व्यापक हुने हुँदा निक्षेप सुरक्षणको स्थापित ढाँचाले मात्र बीमाका विशिष्ट जोखिमहरूलाई समेट्न सक्दैन ।

बीमित हित संरक्षण कोष सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यासहरू

बेलायतको फाइनान्सियल सर्भिस कम्पेन्सेसन स्किम (FSCS) लाई विश्वव्यापी बीमा बजारमा बीमितको हित रक्षा गर्ने एक अनुकरणीय र सुदृढ वित्तीय सुरक्षा संयन्त्रका रूपमा लिइन्छ । सन् २००१ मा स्थापित यस निकायले हालसम्म ३० लाखभन्दा बढी बीमितलाई सुरक्षा प्रदान गर्दै २३ अर्ब पाउन्डभन्दा बढीको दाबी भुक्तानी गरेर आफ्नो प्रभावकारिता पुष्टि गरिसकेको छ । सबै इजाजतप्राप्त वित्तीय संस्थाहरूको अनिवार्य योगदानमा आधारित यस योजनाले प्रत्येक योग्य बीमितलाई ८५,००० पाउन्डसम्मको कभरेज सुनिश्चित गर्नुका साथै दाबी परेको ७ दिनभित्रै भुक्तानी गर्ने दूत सेवा प्रवाहको सफल अभ्यास गरेको देखिन्छ । बेलायतका प्रमुख नियामकहरू प्रुडेन्सियल रेगुलेसन अथोरिटी (PRA) र फाइनान्सियल कन्डक्ट अथोरिटी (FCA) को संयुक्त सुपरिवेक्षणमा सञ्चालित यस संयन्त्रले पूर्व सूचना प्रणाली (Early Warning System) मार्फत समस्या उन्मुख संस्थाहरूको समयमै पहिचान गरी दामासाहीमा जानुपूर्व नै आवश्यक हस्तक्षेप गर्ने हुनाले यसले वित्तीय प्रणालीको स्थिरता र सार्वजनिक भरोसा कायम राख्न एक गतिशील सुरक्षा कवचका रूपमा कार्य गर्दै आएको छ ।

क्यानडाको असुरिस (Assuris) लाई विश्वकै एक उत्कृष्ट गैर-नाफामूलक र प्रभावकारी बीमित संरक्षण संयन्त्रका रूपमा लिइन्छ, जसले सन् १९९० देखि क्यानडाको जीवन बीमा बजारमा अविच्छिन्न सुरक्षा प्रदान गर्दै आएको छ । यस संस्थाले स्थापनाकालदेखि हालसम्म कुनै पनि बीमितको बीमा सेवा वा सुरक्षामा एक निमेष पनि अवरोध आउन नदिएको कीर्तिमान कायम राखेको छ। यसले कुनै बीमा कम्पनी असफल भएका अवस्थामा त्यसका सम्पूर्ण बीमालेख र दायित्वहरू स्वचालित रूपमा अर्को सक्षम कम्पनीमा हस्तान्तरण गर्ने गरी पोर्टफोलियो हस्तान्तरण मोडल (Portfolio Transfer Model) लाई आफ्नो मुख्य रणनीतिका रूपमा अवलम्बन गरेको पाइन्छ ।

संयुक्त राज्य अमेरिकाको बीमा नियमन राज्यस्तरीय हुने भएकाले त्यहाँको बीमित संरक्षण संरचनामा नेसनल अर्गनाइजेसन अफ लाइफ एन्ड हेल्थ इन्स्योरेन्स ग्यारेन्टी एसोसिएसन (NOLHGA) ले एक महत्त्वपूर्ण समन्वयकारी निकायका रूपमा भूमिका निर्वाह गर्दै आएको छ । विगत ४० वर्षभन्दा बढी समयदेखि सफलतापूर्वक सञ्चालित यस मोडेलले ५० वटा राज्यका छुट्टाछुट्टै ग्यारेन्टी संघहरूलाई एउटै राष्ट्रिय सञ्जालमा आबद्ध गरी एकीकृत सुरक्षा प्रदान गर्ने

गर्दछ। अमेरिकी प्रणाली Post funded पद्धतिमा आधारित भई कुनै बीमा कम्पनी असफल भएपछि मात्र सम्पूर्ण क्षेत्रका अन्य स्वस्थ कम्पनीहरूबाट समानुपातिक रूपमा रकम संकलन गर्ने गर्दछ जसले गर्दा पहिले नै कोष खडा गरिरहनुपर्ने बाध्यता रहँदैन । यस संयन्त्रले विशेष गरी गम्भीर स्वास्थ्य अवस्था भएका वा दीर्घकालीन उपचारमा रहेका बीमितहरूलाई समेत कम्पनीको असफलताको अवस्थामा अविच्छिन्न बीमा सुरक्षा सुनिश्चित गरी मानवीय र वित्तीय सन्तुलन कायम राख्न विश्वव्यापी रूपमै एक उदाहरणका रूपमा आफ्नो प्रभावकारिता प्रमाणित गरेको देखिन्छ ।

जर्मनीको प्रोटेक्टर एजी (Protektor AG) बीमा बजारमा बीमितको हित रक्षा गर्ने एक विशिष्ट र सुदृढ Pre–funded कोषका रूपमा स्थापित छ । सन् २००६ देखि सबै इजाजतप्राप्त जीवन बीमकका लागि कानुनी रूपमा अनिवार्य सदस्यता राखी जर्मन वित्तीय नियामक (BaFin) को प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा कार्य गर्दै आएको छ। यस संस्थाको कार्यकुशलताको सबैभन्दा ज्वलन्त उदाहरण सन् २००३ देखि २०१७ सम्मको १४ वर्षको अवधिमा केही असफल कम्पनीको सम्पूर्ण पोर्टफोलियोलाई प्रोटेक्टर आफैँले सञ्चालन गरी बीमितको सेवा र सुरक्षामा एक दिन पनि अवरोध आउन दिएन ।

सिङ्गापुर डिपोजिट इन्स्योरेन्स कर्पोरेसन (SDIC) का मातहतमा सञ्चालित सिङ्गापुरको पोलिसी ओनर्स प्रोटेक्सन योजना एसियाली क्षेत्रमै बीमित सुरक्षाको एक उत्कृष्ट र सुदृढ नमुनाका रूपमा स्थापित छ। सन् २०११ देखि हालसम्म एकजना पनि बीमितको दाबी भुक्तानीमा अवरोध नआएको र कुनै पनि बीमा कम्पनी दामासाही नभएको यस देशले Pre funded कोष मोडललाई प्रभावकारी रूपमा अवलम्बन गरेको देखिन्छ। सिङ्गापुरको केन्द्रीय बैंक तथा नियामक निकाय मोनिटरी अथोरिटी अफ सिङ्गापुर (MAS) को कडा निगरानीमा सञ्चालित यस योजनाले जीवन र निर्जीवन बीमाका लागि छुट्टाछुट्टै कोषको व्यवस्था गरी जोखिम व्यवस्थापनलाई थप वैज्ञानिक र सुरक्षित बनाइएको पाइन्छ ।

जापानको लाइफ इन्स्योरेन्स पोलिसीहोल्डर्स प्रोटेक्सन कर्पोरेसन (LIPPC) र नन्-लाइफ इन्स्योरेन्स पोलिसीहोल्डर्स प्रोटेक्सन कर्पोरेसन (NIPPC) को संस्थागत अनुभव विश्वव्यापी बीमा इतिहासमै विशेष र उल्लेखनीय मानिन्छ । सन् १९९७ देखि २००१ को चरम वित्तीय सङ्कटका समयमा एकैसाथ आठवटा ठूला र समस्याग्रस्त बीमा कम्पनीहरूको दामासाहीलाई सफलतापूर्वक व्यवस्थापन गरेको ऐतिहासिक गौरव यस संयन्त्रसँग रहेको छ । यस प्रणालीमा सरकारी ग्यारेन्टी ब्याकस्टप (Government Guarantee Backstop) को व्यवस्थाले निजी क्षेत्रको कोष अपर्याप्त भएको चरम सङ्कटका अवस्थामा राज्यका तर्फबाट वित्तीय स्थिरता र बीमितको सुरक्षाको पूर्ण प्रत्याभूति प्रदान गर्दछ ।

हङकङले प्रस्ताव गरेको बीमित हित संरक्षण कोष (PPF) मोडेल Three–tier Compensation संरचनामा आधारित भई Dedicated Ordinance द्वारा व्यवस्थित रहेको छ । यसमा सबै इजाजतप्राप्त बीमा कम्पनीहरूको अनिवार्य सदस्यता र दोहोरो कोष (जीवन र निर्जीवन) को प्रावधान रहेको छ। यस कोषमा बीमकले आफ्नो कुल बीमाशुल्कको एक निश्चित रकम नियमित रूपमा कोषमा योगदान गर्नुपर्ने हुन्छ तथा उक्त कोषको संरचनाले पूर्ण कभरेज, आंशिक कभरेज र पूरक कभरेज गरी बीमितको दाबीलाई तहगत रूपमा सम्बोधन गर्दै साना बीमितलाई पूर्ण सुरक्षा प्रदान गर्ने तथा ठूला दाबीहरूका हकमा कोषको दीर्घकालीन वित्तीय सक्षमता र बजारको सन्तुलनमा विशेष ध्यान दिई विशेष भूमिका निर्वाह गर्ने गर्दछ ।

नेपालमा बीमित हित संरक्षण कोषका लागि मार्गनिर्देशक सिद्धान्तहरू

नेपालको बीमा क्षेत्रलाई सुरक्षित र विश्वसनीय बनाउन अन्तर्राष्ट्रिय स्तरमा सफल अभ्यासहरूलाई नेपाली परिवेशअनुसार आत्मसात् गर्नु आवश्यक देखिन्छ । यसका लागि देहायबमोजिमका सिद्धान्तहरूलाई मार्गदर्शनका रूपमा लिन सकिन्छ:

१. बीमित केन्द्रित सिद्धान्त: अन्तर्राष्ट्रिय अनुभवहरूले बीमितको सुरक्षालाई नै बीमा प्रणालीको मूल मर्म मानेका छन्। नेपालका सन्दर्भमा पनि कुनै बीमा कम्पनी असफल हुँदा बीमितको दाबीलाई अन्य सबै असुरक्षित ऋणदाताहरूभन्दा कानुनी रूपमा प्राथमिकता दिने व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।

२. सार्वभौमिक सुरक्षाको सिद्धान्त: बीमितले बीमालेख खरिद गरेकै क्षणदेखि हित संरक्षण योजनामा स्वचालित रूपमा समावेश हुने पद्धति नेपालले अपनाउनुपर्दछ । क्यानडा र सिङ्गापुरको जस्तै बीमितले कुनै थप शुल्क तिर्नु नपर्ने वा छुट्टै दर्ता प्रक्रिया पूरा गर्नु नपर्ने गरी बीमालेख जारी मितिदेखि नै सुरक्षा सुनिश्चित हुनुपर्दछ ।

३. अनिवार्य सदस्यता तथा एकजुटताको सिद्धान्त: बीमा क्षेत्रमा सामूहिक उत्तरदायित्व र आपसी सहयोगको भावना जागृत गर्न सबै इजाजतप्राप्त बीमकको कोषमा अनिवार्य सदस्यता हुनुपर्दछ। यसले सक्षम कम्पनीहरूलाई कमजोर कम्पनी असफल हुँदाको भार वहन गर्न र समग्र बजारको साख बचाउन सामूहिक रूपमा जिम्मेवार बनाउँदछ ।

४. पोर्टफोलियो हस्तान्तरणलाई प्राथमिक उपाय मान्ने सिद्धान्त: कम्पनी असफल हुँदा बीमितलाई नगद क्षतिपूर्ति दिनुलाई अन्तिम विकल्पका रूपमा मात्र राखिनुपर्दछ, बरु असफल कम्पनीका सबै बीमालेखहरूलाई अर्को सक्षम कम्पनीमा हस्तान्तरण गर्ने पोर्टफोलियो ट्रान्सफर विधिलाई प्राथमिक समाधानका रूपमा अनिवार्य गरी सेवाको अविच्छिन्नता सुनिश्चित गरिनुपर्दछ ।

५. पूर्व-सूचना र सक्रिय नियामकीय हस्तक्षेपको सिद्धान्त: कम्पनी पूर्ण रूपमा दामासाही हुनुपूर्व सोल्भेन्सी मार्जिनका आधारमा नियामक निकायले हस्तक्षेप गर्ने कानुनी प्रावधान व्यवस्था गर्नुपर्दछ। जापान र सिङ्गापुरको अभ्यासअनुसार समस्या उन्मुख कम्पनीहरूलाई बेलैमा पहिचान गरी सुधारका कदमहरू चाल्दा बीमितको जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

६. स्पष्ट र न्यायोचित क्षतिपूर्ति सीमाको सिद्धान्त: कोषको दिगोपनका लागि र नैतिक जोखिम नियन्त्रण गर्न क्षतिपूर्तिको स्पष्ट सीमा तोकिनुपर्दछ। साना बीमालेखमा शत प्रतिशत र ठूला रकममा निश्चित प्रतिशत कभरेज दिने व्यवस्था मिलाइनुपर्दछ ।

७. प्रगतिशील तथा दिगो कोष निर्माणको सिद्धान्त: भविष्यमा आउन सक्ने संकटलाई सम्बोधन गर्न कम्पनीहरूले आफ्नो वार्षिक प्रिमियमको निश्चित प्रतिशत नियमित रूपमा कोषमा जम्मा गर्ने प्रगतिशील फन्डिङ मोडेलको व्यवस्था गर्नुपर्दछ ।

८. सरकारी ब्याकस्टप र अन्तिम वित्तीय सुरक्षा: अत्यन्त ठूलो महाविपत्ति वा संकटका अवस्थामा यदि निजी क्षेत्रको कोष अपर्याप्त भएमा बेलायत र जापानमा झैं नेपाल सरकारले आपत्कालीन ऋण वा ग्यारेन्टी प्रदान गर्ने ब्याकस्टप व्यवस्था गरिनुपर्दछ ।

नेपालमा बीमित हित संरक्षण कोषको कार्यान्वयनको सम्भावना

नेपालको बीमा बजारमा बीमितको हित रक्षा गर्ने सन्दर्भमा बीमित हित संरक्षण कोषको अवधारणा केवल सैद्धान्तिक बहस मात्र नभई यो कार्यान्वयनका दिशामा अग्रसर देखिन्छ। नेपालमा बीमित हित संरक्षण कोष स्थापनाका लागि आवश्यक कानुनी जग बीमा ऐन, २०७९ ले स्पष्ट रूपमा तयार पारिसकेको छ। ऐनको दफा १५० मा कोषको स्रोतका रूपमा नेपाल बीमा प्राधिकरणले छुट्याएको रकम, जीवन बीमा व्यवसाय गर्ने बीमकहरूबाट प्राधिकरणले तोकेबमोजिम प्राप्त हुने योगदान र जीवन बीमालेखअन्तर्गत दाबी नभएको रकम (Unclaimed Fund) लाई व्यवस्था गरिएको छ ।

सम्पूर्ण बीमकको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरणको आँकडाअनुसार बीमकहरूको कुल आम्दानीमा मात्र ०.०१ प्रतिशत मात्र लगाउँदा जीवन बीमाक्षेत्रबाट रु. २.५२ करोड संकलन हुने देखिन्छ। त्यसैगरी उक्त वित्तीय विवरणको अध्ययनअनुसार १० वर्षभन्दा बढी समयदेखि दाबी नभई बसेको अनक्लेम फन्डबाट करिब रु. ७.२७ करोड थप हुन सक्ने अनुमान छ। यसरी प्रारम्भिक चरणमै करिब रु. ९.८० करोडभन्दा बढीको कोष निर्माण हुनुले नेपालको बीमा बजारमा एउटा भरपर्दो कोष खडा हुने अनुमान गर्न सकिन्छ ।

निष्कर्ष

अन्तर्राष्ट्रिय सफल अभ्यास तथा अनुभवहरूले बीमित हित संरक्षण कोषको स्थापना एक अनिवार्य संयन्त्र हुने विषयमा स्पष्ट व्याख्या गरेका छन् । बेलायत, क्यानडा, जापान र सिङ्गापुर जस्ता मुलुकहरूले अवलम्बन गरेको पोर्टफोलियो हस्तान्तरण, पूर्वसूचना प्रणाली तथा सरकारी ब्याकस्टप जस्ता औजारहरूले महाविपत्ति वा चरम वित्तीय सङ्कटका समयमा समेत बीमित हित संरक्षण कोषले बीमितको विश्वासलाई धरमराउन नदिई ज्वलन्त राख्न मदत गर्दछन् । नेपालका सन्दर्भमा बीमा ऐन, २०७९ ले मार्गप्रशस्त गरेको कानुनी आधार र प्रारम्भिक चरणमै करिब ९.८० करोड रुपैयाँभन्दा बढीको कोष निर्माण हुन सक्ने अनुमानित विश्लेषणले यसको कार्यान्वयनको सम्भाव्यतालाई थप सबल बनाएको पुष्टि हुन्छ । अत: अन्तर्राष्ट्रिय सिद्धान्तहरूलाई नेपाली परिवेशमा आत्मसात् गर्दै बीमितको हितलाई सर्वोपरि राख्नु र कुनै पनि परिस्थितिमा बीमा सुरक्षा असफल हुन नदिनु नै कोषको मूल उद्देश्य राखी कार्यान्वयन गरिनुपर्दछ ।

सन्दर्भ सामग्री

Assuris. (२०२३). Policyholder protection guidelines and operational framework for life insurance. Canada.

BaFin. (२०२४). Insurance guarantee schemes and the role of Protektor AG. Federal Financial Supervisory Authority, Germany.

Financial Services Compensation Scheme. (२०२३). Annual report and accounts २०२२/२३: Protecting consumers in the UK. United Kingdom.

International Association of Insurance Supervisors. (२०१९). Insurance core principles and common framework for the supervision of internationally active insurance groups. IAIS Global.

International Forum of Insurance Guarantee Schemes. (२०२२). Global trends and guidance on policyholder protection schemes. IFIGS.

Insurance Authority. (२०२३). Consultation paper on the proposed policyholders protection scheme in Hong Kong. Hong Kong SAR.

Life Insurance Policyholders Protection Corporation. (२०२२). Safety net mechanisms and resolution of insolvent insurers. Japan.

Monetary Authority of Singapore. (२०२१). Policy owners protection scheme (PPF Scheme) regulations. Singapore.

National Organization of Life and Health Insurance Guaranty Associations. (२०२३). The state–based guaranty systemM A coordinators manual. USA.

Non–life Insurance Policyholders Protection Corporation. (२०२२). Operational guidelines and protection limits for the non-life sector. Japan.

Protektor AG. (२०२३). Management of distressed life insurance portfolios (२००३-२०१७): A case study. Germany.

Singapore Deposit Insurance Corporation. (२०२२). Administration and funding of the PPF scheme. Singapore.

नेपाल बीमा प्राधिकरणको वार्षिक प्रतिवेदन ।

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ ।

बीमा ऐन, २०७९, बीमा नियमावली, २०८१ ।

बीमकका वार्षिक वित्तीय प्रतिवेदनहरु, आ.व. २०८१/८२।

भन्सार प्रशासन, वैदेशिक व्यापार र बैंकिङ प्रणालीको अन्तरसम्बन्धः राजस्व परिचालन, व्यापार सहजीकरण र वित्तीय सुशासनको विश्लेषण



विमला अधिकारी
निर्देशक
भन्सार विभाग

१. परिचय

विश्वका दुई विशाल उदीयमान आर्थिक महाशक्ति राष्ट्र भारत र चीनका बीचमा अवस्थित नेपाल एक भूपरिवेष्ठित मुलुक हो । आफ्नै समुद्री बन्दरगाह नभएका कारण तेस्रो मुलुकसँग हुने नेपालको अधिकांश वैदेशिक व्यापार भारतीय सामुद्रिक बन्दरगाहहरू (मुख्यतया कोलकाता/हल्दिया र विशाखापट्टनम) तथा स्थलगत पारवहन मार्गमा निर्भर रहँदै आएको छ। घरेलु औद्योगिकीकरणको जग कमजोर रहेको र उत्पादनमूलक क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा अपेक्षित योगदान पुर्याउन नसकेको वर्तमान परिप्रेक्ष्यमा आयात नेपालको अर्थतन्त्रको अभिन्न अंग बन्न पुगेको छ । स्वदेशी उद्योगका लागि आवश्यक पर्ने औद्योगिक कच्चा पदार्थ, पेट्रोलियम पदार्थ, जीवनरक्षक औषधि, भारी मेसिनरी तथा पुँजीगत उपकरणदेखि लिएर खाद्यान्न एवं दैनिक उपभोग्य वस्तुहरूसम्मको ठूलो हिस्सा विदेशबाट आयात हुने गर्दछ।

आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल वैदेशिक व्यापार रु. २४ खर्ब ११ अर्ब ६६ करोड पुगेको थियो । त्यसमध्ये आयातको हिस्सा करिब ८७ प्रतिशत थियो । सोही वर्ष भन्सार विभागले रु. ५ खर्ब १५ अर्ब ५७ करोड राजस्व सङ्कलन गरेको थियो । यी तथ्याङ्कले भन्सार प्रशासनको कार्यकुशलता राष्ट्रिय अर्थतन्त्र, सार्वजनिक वित्त र व्यापारको प्रतिस्पर्धात्मक क्षमतासँग कति गहिरोसँग जोडिएको छ भन्ने देखाउँछन् ।

बैंकिङ क्षेत्रका लागि पनि भन्सार उत्तिकै महत्त्वपूर्ण रहेको छ। आयातको भुक्तानी, प्रतीतपत्र खोल्ने प्रक्रिया, विदेशी मुद्राको व्यवस्थापन एवं राजस्व भुक्तानीका विद्युतीय माध्यम यी सबै बाह्य बैंकिङ प्रणालीसँग प्रत्यक्ष जोडिएका छन् ।

२. भन्सार र कानुनी तथा संस्थागत व्यवस्था

विश्व भन्सार सङ्गठन (WCO) को मान्यताअनुसार देशको सीमाभित्र भित्रिने (पैठारी) र बाहिरिने (निकासी) मालवस्तुको घोषणा, वस्तु वर्गीकरण, मूल्य निर्धारण, महसुल असुली तथा नियमन गर्ने समग्र प्रशासनिक र कानुनी प्रणाली नै भन्सार हो । नेपालमा भन्सारले हार्मोनाइज्ड सिस्टम अनुसार वस्तु वर्गीकरण गर्ने, विश्व व्यापार सङ्गठन (WTO) को सम्झौताबमोजिम यथार्थपरक मूल्याङ्कन गर्ने, निषेधित वस्तुको ओसारपसार रोक्ने र वैदेशिक व्यापार तथ्याङ्क अद्यावधिक गर्ने कार्य गर्दछ । यसका साथै सीमा विन्दुमा भन्सार महसुलका अतिरिक्त मूल्य अभिवृद्धि कर (VAT), अन्तःशुल्क लगायतका अन्य करसमेत सङ्कलन गरिन्छ । त्यसैले सरकारी राजस्व परिचालनमा भन्सार प्रशासनको भूमिका महत्त्वपूर्ण छ।

हाल नेपालको भन्सार प्रशासन भन्सार ऐन, २०८२ र नियमावली, २०८३ तथा भन्सार महसुल ऐन, २०८१ र नियमावली, २०८१ बाट निर्देशित छ। यी कानुनले भन्सार प्रक्रिया, महसुल निर्धारण, वस्तुको घोषणा, जाँचपास, जफत, लेखापरीक्षण र व्यापार सहजीकरणसम्बन्धी आधार तयार गर्छन् ।

भन्सार ऐन, २०८२ भन्सार प्रशासनको मुख्य कानुन हो । यसले भन्सार बिन्दु, भन्सार अधिकृत, वस्तुको घोषणा र जाँच, महसुल भुक्तानी, जफत, अपिल, जरिबाना तथा अन्य प्रशासनिक प्रक्रियाको आधार निर्धारण गर्छ । भन्सार महसुल ऐन, २०८१ ले भन्सार महसुलको दर, आधार, छुट, कर तथा महसुलसम्बन्धी व्यवस्थालाई एकीकृत रूपमा व्यवस्थित गर्छ एवं वस्तु वर्गीकरण र सम्बन्धित प्रक्रियालाई निर्धारण गर्छ ।

संस्थागत रूपमा अर्थ मन्त्रालयअन्तर्गत रहेको भन्सार विभागले देशभरका मुख्य भन्सार कार्यालय, सुक्खा बन्दरगाह भन्सार कार्यालय र छोटी भन्सार कार्यालयहरूको नीतिगत निर्देशन, अनुगमन र सुपरिवेक्षण गर्दछ । वीरगञ्ज, सिर्सिया सुक्खा बन्दरगाह, भैरहवा, विराटनगर, मेची, नेपालगञ्ज, कृष्णनगर, कैलाली, रसुवा, तातोपानी, चोभार र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायतका भन्सार कार्यालयहरूमा स्वचालित भन्सार प्रणाली कार्यान्वयनमा छ ।

भन्सार जाँचपास प्रक्रिया भन्सार विभागको एकल प्रयासले मात्र पूर्ण हुँदैन । यसका लागि आयात वा निर्यात हुने वस्तुको प्रकृतिअनुसार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशु तथा प्लान्ट क्वारेन्टाइन कार्यालय, औषधि व्यवस्था विभाग, नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल राष्ट्र बैंकजस्ता दर्जनौँ निकायहरूको इजाजत, सिफारिस वा गुणस्तर प्रमाणपत्र आवश्यक पर्छ । त्यसैले यी निकायबीचको समन्वय भन्सार सुधारको प्रमुख पक्ष हो । नेपाल विश्व व्यापार संगठनको सदस्य भएकाले भन्सार मूल्याङ्कन, वस्तुको वर्गीकरण र व्यापार प्रक्रियालाई अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा मान्यतासँग मिलाउनु पनि आवश्यक छ । यही सन्दर्भमा आधुनिक भन्सार प्रशासनले राजस्व सङ्कलनसँगै व्यापार सहजीकरणलाई समेत महत्त्व दिनुपर्छ ।

३. नेपालको वैदेशिक व्यापारको संरचनात्मक विश्लेषण

भन्सार विभागको तथ्याङ्कअनुसार आ.व. २०८२/८३ मा कुल वैदेशिक व्यापार अघिल्लो वर्षको रु. २० खर्ब ८१ अर्ब १५ करोडको तुलनामा १५.८८ प्रतिशतले विस्तार भई रु. २४ खर्ब ११ अर्ब ६६ करोड पुगेको छ । पछिल्ला दुई आर्थिक वर्षको वैदेशिक व्यापारको तुलनात्मक चित्र तालिकामा प्रस्तुत छ:

नेपालको वैदेशिक व्यापारको तुलनात्मक विवरण (आ.व. २०८१/८२ र २०८२/८३)

विवरण	आ.व. २०८१/८२ (रु. अर्बमा)	आ.व. २०८२/८३ (रु. अर्बमा)	वार्षिक वृद्धिदर (%)	कुल व्यापारमा हिस्सा (आ.व. २०८२/८३)
कुल वैदेशिक व्यापार	२,०८१.१५	२,४११.६६	+१५.८८%	१००.००%
कुल आयात	१,८०४.१२	२,०९६.३७	+१६.२०%	८६.९३%
कुल निर्यात	२७७.०३	३१५.२९	+१३.८१%	१३.०७%
व्यापार घाटा	१,५२७.०९	१,७८१.०८	+१६.६३%	–
आयात-निर्यात अनुपात	६.५१ : १	६.६५ : १	–	–

स्रोत: भन्सार विभाग, वैदेशिक व्यापार तथ्याङ्क (आ.व. २०८२/८३)

माथिको तालिकाले नेपाली अर्थतन्त्रको बाह्य क्षेत्रका तीनवटा गम्भीर संरचनात्मक विशेषतालाई उजागर गर्छ:

३.१ चुलिँदो व्यापार घाटा र व्यापारिक साझेदारमा केन्द्रीकरण

आ.व. २०८२/८३ मा निर्यात १३.८१ प्रतिशतले बढेर रु. ३ खर्ब १५ अर्ब २९ करोड पुगे तापनि आयातको वृद्धिदर (१६.२० प्रतिशत) र आधार दुवै उच्च रहेकाले व्यापार घाटा १६.६३ प्रतिशतले फराकिलो भई रु. १७ खर्ब ८१ अर्ब ८ करोड पुगेको छ । कुल व्यापारमा निर्यातको हिस्सा अघिल्लो वर्षको १३.३१ प्रतिशतबाट खुम्चिएर १३.०७ प्रतिशतमा झरेको छ भने आयातको हिस्सा ८६.९३ प्रतिशत पुगेको छ । गणितीय अनुपातमा हेर्दा नेपालले १ रुपैयाँ बराबरको स्वदेशी वस्तु विदेश निर्यात गर्दा रु. ६ रुपैयाँ ६५ पैसा बराबरको विदेशी वस्तु आयात गरिरहेको छ ।

३.२ व्यापारिक साझेदारमा अत्यधिक केन्द्रीकरण

नेपालको वैदेशिक व्यापार भौगोलिक रूपमा दुई छिमेकी मुलुकहरू भारत र चीनमा अत्यधिक केन्द्रित छ:

- भारतसँगको व्यापार: आ.व. २०८२/८३ मा नेपालले भारतबाट मात्र रु. १२ खर्ब १० अर्ब ६० करोड बराबरको वस्तु आयात गऱ्यो जुन मुलुकको कुल आयातको ५७.७५ प्रतिशत हो । सोही वर्ष भारततर्फ रु. २ खर्ब ५८ अर्ब ६५ करोडको निर्यात भयो, जुन कुल निर्यातको ८२.०४ प्रतिशत हो । यसरी भारतसँग मात्र नेपालको द्विपक्षीय व्यापार घाटा रु. ९ खर्ब ५१ अर्ब ९५ करोड रहेको छ ।

- चीनसँगको व्यापार: दोस्रो ठूलो व्यापारिक साझेदार चीनबाट आ.व. २०८२/८३ मा रु. ४ खर्ब २५ अर्ब २४ करोड (कुल आयातको २०.२८ प्रतिशत) को वस्तु आयात हुँदा चीनतर्फको निर्यात भने नगण्य अर्थात् रु. १ अर्ब ८९ करोड (कुल निर्यातको मात्र ०.६० प्रतिशत) मा सीमित रह्यो । फलस्वरूप चीनसँग नेपालको व्यापार घाटा रु. ४ खर्ब २३ अर्ब ३५ करोड पुगेको छ ।

  यसरी नेपालको कुल आयातको ७८ प्रतिशतभन्दा बढी हिस्सा यी दुई देशले ओगटेको देखिन्छ, जसले बाह्य आपूर्ति शृङ्खलामा भौगोलिक विविधताको अभाव देखाउँछ ।

३.३ वस्तुगत संरचना

आ.व. २०८२/८३ मा नेपालले सबैभन्दा बढी आयात गरेका वस्तुहरूमा पेट्रोलियम पदार्थ अग्रस्थानमा रहेको छ, जसमा डिजेल रु. १ खर्ब ७२ अर्ब ४२ करोड, पेट्रोल रु. ७२ अर्ब २६ करोड र हवाई इन्धन रु. २६ अर्ब ६४ करोड बराबरको आयात भएको देखिन्छ । दोस्रो प्रमुख आयातित वस्तुका रूपमा कच्चा भटमासको तेल (Crude Soybean Oil) रहेको छ, जसको आयात रु. १ खर्ब ३२ अर्ब ७६ करोड बराबरको छ ।

रोचक र चिन्ताजनक विषय के देखिन्छ भने सोही वर्ष नेपालको प्रमुख निर्यात वस्तुका रूपमा प्रशोधित भटमासको तेल नै रहेको छ, जसको रु. १ खर्ब २८ अर्ब ७४ करोड बराबरको निर्यात भएको छ जुन रकम नेपालको कुल निर्यात (रु. ३१५.२९ अर्ब) को ४०.८३ प्रतिशत हो । यसलाई अर्थशास्त्रमा 'भन्सार दरको अन्तरमा आधारित व्यापार' (Tariff–Arbitrage Trade) भनिन्छ । अर्कातर्फ नेपालको मौलिक तुलनात्मक लाभ र उच्च घरेलु मूल्य अभिवृद्धि (Domestic Value Addition) भएको कृषि उपज अलैँचीको निर्यात भने रु. १२ अर्ब ६४ करोड (कुल निर्यातको करिब ४ प्रतिशत) मात्र रहेको छ ।

तेस्रो मुलुकबाट कच्चा भटमासको तेल आयात गरी सामान्य प्रशोधन र प्याकेजिङपछि भारत निकासी गर्दा व्यापारको आकार त ठूलो देखिन्छ, तर यसमा स्वदेशी कच्चा पदार्थको प्रयोग शून्यप्रायः हुन्छ, देशभित्र रोजगारी र मूल्य अभिवृद्धि न्यून हुन्छ, र आयातका लागि सुरुमा बाहिरिने विदेशी मुद्रा तथा निर्यातबाट भित्रिने मुद्राबीच खासै अन्तर रहँदैन । भारतले भटमासको तेलको सम्बन्धमा आफ्ना भन्सार दरहरू सामान्य हेरफेर गर्नासाथ नेपालको कुल निर्यात रातारात ४० प्रतिशतले ढल्न सक्ने जोखिम देखिन्छ । यसर्थ, निर्यातको दिगोपनाका लागि स्वदेशी कृषि, जडीबुटी, जलविद्युत्, सूचना प्रविधि र मौलिक औद्योगिक उत्पादनको हिस्सा बढाउनु अपरिहार्य छ ।

४. राजस्व सङ्कलनमा भन्सारको योगदान र आयात-राजस्व विरोधाभास

नेपालको सार्वजनिक वित्त व्यवस्थापनमा भन्सार राजस्वको भूमिका निर्णायक रहँदै आएको छ । आर्थिक वर्ष २०८२/८३ मा भन्सार विभागले रु. ५ खर्ब ८८ अर्ब २५ करोडको निर्धारित वार्षिकमा रु. ५ खर्ब १५ अर्ब ५७ करोड राजस्व सङ्कलन गर्यो, जुन लक्ष्यको ८७.६४ प्रतिशत हो । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा रु. ४ खर्ब ८४ अर्ब ७ करोड (तत्कालीन लक्ष्यको ८३.१ प्रतिशत) राजस्व सङ्कलन भएको थियो । लक्ष्य प्राप्तिको प्रतिशतमा सुधार देखिए तापनि आ.व. २०८२/८३ मा भन्सार राजस्वको वार्षिक वृद्धिदर ६.५१ प्रतिशतमा मात्र देखिन्छ ।

भन्सार राजस्व सङ्कलन र प्रमुख सूचकहरूको सारांश

राजस्व तथा व्यापार सूचक	लक्ष्य / तुलनात्मक आधार	वास्तविक उपलब्धि	प्रगति / कैफियत
भन्सार राजस्व (आ.व. २०८१/८२)	लक्ष्यको ८३.१०%	रु. ४८४.०७ अर्ब	आधार वर्ष
भन्सार राजस्व (आ.व. २०८२/८३)	रु. ५८८.२५ अर्ब (लक्ष्य)	रु. ५१५.५७ अर्ब	८७.६४% प्रगति (+६.५१% वृद्धि)
वीरगञ्ज भन्सार (आ.व. २०८२/८३)	रु. २७३.३७ अर्ब (लक्ष्य)	रु. २४३.८२ अर्ब	कुल भन्सार राजस्वको ४७.२९%
मेची भन्सार (आ.व. २०८२/८३)	रु. १८.८८ अर्ब (लक्ष्य)	रु. १७.६७ अर्ब	९३.५९% प्रगति (+१०.९२% वृद्धि)
भन्सार महसुल छुट (आ.व. २०८१/८२)	अनुसूची-४ र सम्झौता	रु. ८५.२३ अर्ब	महालेखापरीक्षकको ६३औँ प्रतिवेदन
भन्सार राजस्व लक्ष्य (आ.व. २०८३/८४)	वार्षिक लक्ष्य	रु. ६२८.०७ अर्ब	गत वर्षभन्दा करिब २२% बढी

स्रोत: भन्सार विभाग र महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदनमा आधारित

४.१ १६.२० प्रतिशतले आयात बढ्दा ६.५१ प्रतिशत मात्र राजस्व बढ्नुका कारणहरू

सामान्य आर्थिक सिद्धान्तअनुसार आयातमा १६.२० प्रतिशतको वृद्धि हुँदा भन्सार राजस्व पनि सोही हाराहारीमा बढ्नुपर्ने हो । तर आ.व. २०८२/८३ मा आयात वृद्धिदर र राजस्व वृद्धिदरबीच ९.६९ प्रतिशत बिन्दुको खाडल देखिनुका पछाडि निम्न कारणहरू रहेका देखिन्छन्:

१. भन्सार महसुल छुटको ठूलो चाङः महालेखा परीक्षकको ६३औँ प्रतिवेदनअनुसार आ.व. २०८१/८२ मा मात्र विभिन्न आयोजना, सम्झौता र वस्तुमा रु. ८५ अर्ब २३ करोड भन्सार महसुल छुट दिइएको (अघिल्लो वर्ष रु. ७९ अर्ब ८७ करोड) देखिन्छ, जसमा कतिपय निर्माण सामग्री र अयोग्य विद्युतीय उपकरणमा मापदण्डविपरीत छुट दिइएको भनी औँल्याइएको छ ।

२. आयातित वस्तुको संरचनामा परिवर्तनः तेस्रो मुलुकबाट कच्चा पदार्थ आयात गरी केही प्रशोधन गरी पुनः निर्यात गरिने कच्चा भटमासको तेल (रु. १ खर्ब ३२ अर्ब ७६ करोड) बाट खुद राजस्व प्राप्त नभएको र सवारी साधनको आयातमा उच्च भन्सार र अन्तःशुल्क लाग्ने पेट्रोलियम गाडीको सट्टा सहुलियतपूर्ण महसुल दर भएका विद्युतीय सवारीसाधनको हिस्सा ह्वात्तै बढेकाले सवारीसाधन आयातको संख्या बढ्दा पनि प्रतिइकाई राजस्व योगदान घटेको छ ।

३. खुला सिमाना र अनौपचारिक व्यापारः भारतसँगको खुला सिमानाका कारण घरायसी प्रयोजनका नाममा हुने अनौपचारिक आयातले भन्सार राजस्वमा चाप पारेको छ । २०८३ वैशाखदेखि सरकारले सीमानाकामा रु. १०० भन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार महसुल तिर्नुपर्ने कडाइ लागू गरेपछि गड्डाचौकी, भैरहवा र नेपालगञ्जजस्ता नाकामा बहस र तनाव सिर्जना हुनुले सीमावर्ती अनौपचारिक व्यापारको संवेदनशीलता देखाउँछ ।

४.२ मासिक उतारचढाव र नाकागत केन्द्रीकरणको जोखिम

आ.व. २०८२/८३ को मासिक राजस्व सङ्कलन प्रवृत्ति हेर्दा सो वर्षमा कुनै पनि महिनामा मासिक लक्ष्य शतप्रतिशत पूरा हुन सकेन । चैत महिनामा लक्ष्यको सर्वाधिक ९५.२ प्रतिशत, माघमा ९३.८ प्रतिशत र असारमा ९२.९ प्रतिशत राजस्व सङ्कलन भएको थियो भने चाडपर्वपछिको कात्तिक महिनामा सबैभन्दा कम अर्थात् ७२.६ प्रतिशत मात्र उपलब्धि हासिल भयो । अझ जेठ महिनामा त अघिल्लो वर्षको रु. ४९ अर्ब ६२ करोडको तुलनामा ३.५५ प्रतिशतले राजस्व घटेर रु. ४७ अर्ब ८६ करोडमा सीमित भयो ।

यसैगरी, नेपालको भन्सार राजस्व सङ्कलनमा अत्यधिक भौगोलिक केन्द्रीकरणको जोखिम देखिन्छ, जसको चर्चा तल गरिएको छ :

- वीरगञ्ज भन्सारको एकल वर्चस्वः आ.व. २०८२/८३ मा वीरगञ्ज भन्सार कार्यालय एक्लैले सो कार्यालयको कुल लक्ष्य रु. २ खर्ब ७३ अर्ब ३७ करोड मध्ये रु. २ खर्ब ४३ अर्ब ८२ करोड (लक्ष्यको ८९.१९ प्रतिशत) राजस्व सङ्कलन गर्यो । यो रकम भन्सार विभागको लक्ष्यको ४१.४५ प्रतिशत र देशभर सङ्कलित कुल भन्सार राजस्व (रु. ५१५.५७ अर्ब) को ४७.२९ प्रतिशत हो । एउटै भन्सार नाकामा देशको झन्डै आधा भन्सार राजस्व निर्भर हुनुले वीरगञ्ज-रक्सौल नाकामा हुने सामान्य अवरोध जस्तैः यातायात अवरोध, हडताल वा प्राविधिक समस्याले सिंगो राष्ट्रको ढुकुटी प्रभावित हुने संवेदनशीलता दर्शाउँछ ।
- अन्य नाका र उत्तरी नाकाको अवरोधः पूर्वी नाका मेची भन्सार कार्यालयले आ.व. २०८२/८३ मा रु. १८ अर्ब ८८ करोडको लक्ष्यमध्ये रु. १७ अर्ब ६७ करोड (९३.५९ प्रतिशत) राजस्व उठायो, जुन अघिल्लो वर्षको रु. १५ अर्ब ९३ करोडभन्दा १०.९२ प्रतिशतले बढी हो । अर्कोतर्फ, चालु आर्थिक वर्ष २०८३/८४ का लागि सरकारले भन्सार विभागलाई रु. ६ खर्ब २८ अर्ब ७ करोड (गत वर्षको वास्तविक सङ्कलनभन्दा करिब २२ प्रतिशत बढी) को महत्त्वाकाङ्क्षी लक्ष्य तोकेको छ । भोटेकोशी र त्रिशूली नदीमा हालै आएको बाढीपहिरोका कारण चीनतर्फका दुई प्रमुख नाकाहरू तातोपानी र रसुवा भन्सार पूर्ण रूपमा बन्द रहेको विषम परिस्थितिमा नाकागत पूर्वाधारको उत्थानशीलता र नीतिगत सुधार अनिवार्य छ ।

५. प्रविधि र कानुनी सुधारः कागजरहित र नगदरहित भन्सारतर्फको यात्रा

सन् १९९७/९८ मा त्रिभुवन विमानस्थल भन्सारबाट सुरु भएको ASYCUDA ++ सन् २०१६ मा वेबमा आधारित

ASYCUDA World (NECAS) मा स्तरोन्नति भई देशभर विस्तार गरियो । सन् २०२२ जनवरी (२०७८ माघ) देखि नेपाल राष्ट्रिय एकद्वार प्रणाली (NNSW) र अनलाइन भुक्तानी लागू भएसँगै भन्सार प्रशासन 'कागजरहित र नगदरहित' युगमा प्रवेश गरेको छ । भन्सार ऐन, २०८२ र नियमावली, २०८३ ले स्थापित गरेका सात आधुनिक स्तम्भहरू यसप्रकार छन्:

- राष्ट्रिय एकद्वार प्रणाली (NNSW): ४० भन्दा बढी सरकारी निकायका इजाजत र प्रमाणपत्र एउटै अनलाइन पोर्टलबाट प्राप्त भई स्वत: ASYCUDA World मा जोडिने व्यवस्था ।
- अधिकृत व्यवसायी (AEO): उच्च कर अनुपालन र पारदर्शी लेखा भएका व्यवसायीलाई जाँचपासमा विशेष प्राथमिकता र सरलीकृत सुविधा ।
- अग्रिम निर्णय (Advance Ruling): मालवस्तु आयातअघि नै HS Code वर्गीकरण र उत्पत्तिको नियमबारे भन्सार विभागबाट आधिकारिक पूर्वनिर्णय लिन पाउने सुविधा ।
- जोखिममा आधारित चार-लेन जाँचपास: उच्च जोखिमका वस्तुमा भौतिक र कागजी जाँच हुने 'रातो लेन', कागजी जाँच मात्र हुने 'पहेँलो लेन', जाँचपासपछिको परीक्षण (PCA) गर्ने सर्तमा नाकाबाट द्रुत जाँचपास हुने नयाँ 'नीलो लेन', र न्यून जोखिमका वस्तु तत्काल छुट्ने 'हरियो लेन' ।
- जाँचपासपछिको परीक्षण (PCA): नाकाबाट सामान छुटेपछि आयातकर्ताको गोदाम, बैंक स्टेटमेन्ट र खातापाताको विस्तृत परीक्षण गर्ने पद्धति ।
- कारोबार मूल्यमा आधारित मूल्याङ्कन: सन्दर्भ मूल्य पुस्तिकाको निर्भरता घटाई WTO सम्झौताअनुसार वास्तविक कारोबार मूल्य (Transaction Value) लाई मान्यता दिने व्यवस्था ।
- निजी भन्सार वेयरहाउस र व्यापार सहजीकरण समिति: निजी क्षेत्रले भन्सार वेयरहाउस सञ्चालन गर्न पाउने र केन्द्र तथा जिल्लास्तरमा व्यापार सहजीकरण समिति रहने व्यवस्था ।

६. भन्सार प्रशासन र बैंकिङ क्षेत्रबीचको बहुआयामिक अन्तरसम्बन्ध

आधुनिक अन्तर्राष्ट्रिय व्यापारमा भन्सार प्रशासन र बैंकिङ क्षेत्रबीचको सम्बन्ध नङ र मासुजस्तै अविभाज्य छ । मालवस्तुको अर्डर बुक भएदेखि भन्सार जाँचपास भई उपभोक्ताको हातमा पुग्दासम्मका प्रत्येक चरणमा बैंकहरूको प्रत्यक्ष संलग्नता रहन्छ। यस अन्तरसम्बन्धलाई देहायका चार मुख्य आयामबाट विश्लेषण गर्न सकिन्छ:

- विद्युतीय राजस्व भुक्तानी र प्रणालीको अविच्छिन्नता (System Uptime): ASYCUDA World, राष्ट्रिय एकद्वार प्रणाली र महालेखा नियन्त्रक कार्यालयको राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) बीचको अन्तर आबद्धतापछि आयातकर्ता वा भन्सार एजेन्टले प्रज्ञापनपत्र (Customs Declaration) दर्ता गर्नासाथ Connect IPS, RTGS वा कर्पोरेट नेट बैंकिङमार्फत सिधै बैंक खाताबाट भन्सार महसुल भुक्तानी गर्न सक्छन् । नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकलगायतका वाणिज्य बैंकहरूले देशभरका भन्सार विन्दुहरूमा राजस्व सङ्कलन काउन्टर र डिजिटल सेटलमेन्टको नेतृत्व गरिरहेका छन् ।

  तर, यहाँ प्रविधिको अविच्छिन्न सञ्चालन (System Uptime) सबैभन्दा संवेदनशील पक्ष हो । वीरगञ्ज वा भैरहवा नाकामा सयौँ मालबाहक ट्रक र कन्टेनर जाँचपासको प्रतीक्षामा रहँदा यदि बैंकको सर्भर, इन्टरनेट लिङ्क वा भुक्तानी गेटवेमा थोरै समय मात्र अवरोध आयो भने व्यवसायीले भारतीय कन्टेनर र रेल्वेको चर्को विलम्ब शुल्क (Demurrage / Detention Charge) विदेशी मुद्रामा तिर्नुपर्ने हुन्छ । तसर्थ, बैंकिङ क्षेत्रले भन्सार भुक्तानीका लागि चौबिसै घण्टा प्राविधिक सहायता कक्ष (२४/७ Helpdesk) र रियल-टाइम सेटलमेन्टको प्रत्याभूति गर्नु अपरिहार्य छ ।

- व्यापार वित्त (Trade Finance) र विदेशी विनिमय व्यवस्थापन: आ.व. २०८२/८३ मा सम्पन्न रु. २० खर्ब ९६ अर्ब ३७ करोडको आयात र रु. ३ खर्ब १५ अर्ब २९ करोडको निर्यातको सम्पूर्ण वित्तीय राफसाफ बैंकिङ प्रणालीमार्फत नै भएको हो । वाणिज्य बैंकहरूको गैरकोषमा आधारित (Non–Funded) आम्दानी र कर्जा पोर्टफोलियोको ठूलो हिस्सा प्रतीतपत्र, ट्रस्ट रिसिप्ट कर्जा, एक्स्पोर्ट क्रेडिट र बैंक जमानतले ओगटेको हुन्छ ।

  नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनअनुसार निश्चित रकमभन्दा माथिको आयात अनिवार्य रूपमा प्रतीतपत्र वा बैंकिङ माध्यम (DAP/DAA/

TT) बाट मात्र गर्नुपर्छ । वस्तु आयात गर्दा बैंकले जारी गरेको Biometric/Electronic Delivery Order (BDO/EDO) र प्रज्ञापनपत्रको विवरण ASYCUDA प्रणालीमा प्रविष्ट नभएसम्म भन्सार जाँचपास हुँदैन भने भन्सार कार्यालयले जारी गरेको जाँचपास प्रज्ञापनपत्र (भन्सार प्रति) बैंकमा पेस नभएसम्म आयातकर्ताको विदेशी मुद्रा भुक्तानीको दायित्व फछ्यौंट हुँदैन । त्यस्तै, रु. १७ खर्ब ८१ अर्बको विशाल व्यापार घाटाको अवस्थामा विदेशी मुद्राको सञ्चिति जोगाउन नेपाल राष्ट्र बैंकले समय-समयमा जारी गर्ने नीतिहरू (जस्तैः प्रतीतपत्र खोल्दा राख्नुपर्ने नगद मार्जिनको दर, उधारो आयातको सीमा आदि) को सफल कार्यान्वयन बैंक र भन्सारको संयुक्त निगरानीमा मात्र सम्भव हुन्छ ।

- न्यून/अधिक बीजकीकरण र व्यापारमा आधारित सम्पत्ति शुद्धीकरण (TBML): अन्तर्राष्ट्रिय व्यापारमा मूल्य घोषणासम्बन्धी दुईवटा गम्भीर वित्तीय अपराधको जोखिम रहन्छ:

१. न्यून बीजकीकरण (Under–invoicing): उच्च भन्सार दर भएका वस्तु आयात गर्दा भन्सार महसुल छल्ने उद्देश्यले वास्तविक मूल्यभन्दा कम मूल्यको बीजक पेस गर्ने प्रवृत्ति हो । यसमा बीजकमा देखाइएको रकम मात्र बैंकमार्फत पठाइन्छ भने बाँकी वास्तविक रकम हुन्डी वा अवैध माध्यमबाट भुक्तानी गरिन्छ, जसले भन्सार राजस्व र रेमिट्यान्स दुवैमा नकारात्मक असर गर्छ ।

२. अधिक बीजकीकरण (Over–invoicing): शून्य वा अति न्यून भन्सार महसुल लाग्ने वस्तुहरू (जस्तैः औद्योगिक मेसिनरी, कृषि कच्चा पदार्थ वा सूचना प्रविधि उपकरण) आयात गर्दा वास्तविक मूल्यभन्दा कैयौं गुणा बढी मूल्य देखाएर प्रतीतपत्र खोल्ने र सोही बहानामा देशभित्रको अवैध धन वा पुँजी विदेशी बैंकमा सार्ने (अवैध पुँजी पलायन / Capital Flight) प्रवृत्ति हो ।

यसलाई अन्तर्राष्ट्रिय वित्तीय शब्दावलीमा व्यापारमा आधारित सम्पत्ति शुद्धीकरण (Trade–Based Money Laundering – TBML) भनिन्छ । भन्सार नियमावली, २०८३ ले जोड दिएको 'कारोबार मूल्यमा आधारित मूल्याङ्कन' र 'जाँचपासपछिको परीक्षण' लाई सफल बनाउन भन्सारमा घोषित मूल्य र बैंकमार्फत भुक्तानी भएको रकमबीचको क्रस-भेरिफिकेसन अनिवार्य छ । यद्यपि बीजक मूल्य र बैंक भुक्तानीमा अन्तर देखिनासाथ त्यसलाई स्वतः अपराध मान्नु हुँदैन; अन्तर्राष्ट्रिय व्यापारका सर्तहरू (Incoterms जस्तै FOB, CIF, CIP), समुद्री ढुवानी र बीमा शुल्कको उतारचढाव, व्यापारिक छुट (Trade Discount) र भुक्तानीको समयावधि (Usance Period को ब्याज) जस्ता व्यावसायिक पक्षहरूको सूक्ष्म र वस्तुनिष्ठ विश्लेषण गरिनुपर्छ ।

- 'अधिकृत व्यवसायी' (AEO) र अनुपालनमा आधारित बैंकिङ सहुलियत : भन्सार नियमावली, २०८३ ले असल र इमानदार करदातालाई पुरस्कृत गर्न ल्याएको 'अधिकृत व्यवसायी' को अवधारणालाई बैंकिङ क्षेत्रले आफ्नो जोखिम मूल्याङ्कनसँग जोड्न सक्ने ठूलो अवसर छ । भन्सार विभागबाट AEO मान्यता पाएका वा लगातार हरियो/नीलो लेनबाट पारदर्शी कारोबार गरिरहेका व्यवसायीहरूलाई वाणिज्य बैंकहरूले प्रतीतपत्र खोल्दा कम कमिसन लिने, न्यून मार्जिनमा छिटो टीआर कर्जा उपलब्ध गराउने र 'ग्रीन च्यानल बैंकिङ' सुविधा दिने हो भने व्यवसायीहरूमा स्वतः कर र कानुन परिपालना गर्ने उत्प्रेरणा जागृत हुन्छ ।

७. विद्यमान चुनौती र रणनीतिक नीतिगत सुझावहरू

- 'कर खर्च' पुनरावलोकन र महसुल युक्तीकरण (Rationalization): बर्सेनि दिइने रु. ८५ अर्बभन्दा बढीको भन्सार छुटको लागत-लाभ विश्लेषण गरी बजेटसँगै संसदमा 'कर खर्च प्रतिवेदन' पेस गर्ने र स्वदेशी उद्योगको संरक्षणका लागि कच्चा पदार्थ र तयारी वस्तुबीच स्पष्ट महसुल अन्तर कायम गर्ने ।

- मूल्य अभिवृद्धियुक्त निर्यात प्रवर्द्धन र प्रयोगशाला प्रमाणीकरण: भटमासको तेलजस्तो अस्थिर व्यापारको सट्टा अलैंची, चिया, कफी, पश्मिना, गलैंचा र सिमेन्टजस्ता स्वदेशी उत्पादनको निर्यात बढाउन सीमानाकाका प्रयोगशालाको स्तरोन्नति गरी भारत र चीनसँग पारस्परिक मान्यता सम्झौता (MRA) हासिल गर्ने ।

- एकल नाका निर्भरताको अन्त्य र विपद्-उत्थानशील पूर्वाधार: वीरगञ्ज नाकाको ४७.२९ प्रतिशतको एकाधिकार घटाउन भैरहवा, विराटनगर, नेपालगञ्ज र दोधारा-चाँदनीका एकीकृत जाँच चौकी पूर्ण

क्षमतामा चलाउने तथा तातोपानी र रसुवा नाकामा विपद्-उत्थानशील पूर्वाधार निर्माण गर्ने ।

- जोखिम विश्लेषण र एक्सपोज को सबलीकरण: नीलो र हरियो लेनलाई प्रभावकारी बनाउन जोखिम व्यवस्थापनमा कृत्रिम बुद्धिमत्ता (AI) प्रयोग गर्ने, फरेन्सिक अडिट र चार्टर्ड एकाउन्टेन्टसहितको दक्ष PCA टोली बनाउने र आन्तरिक राजस्व विभागको भ्याट/आयकर प्रणालीसँग रियल-टाइम डेटा मिलान गर्ने ।
- अर्थमितीय मोडेलमा आधारित राजस्व लक्ष्य निर्धारण: मनोगत लक्ष्यको सट्टा आयातको वस्तुगत संरचना (EV र कच्चा पदार्थको हिस्सा), विनिमय दर र महसुल छुटको प्रभाव समेटेर यथार्थपरक लक्ष्य तोक्ने र वर्षान्तमा असल व्यवसायीलाई अनावश्यक मूल्याङ्कन विवादमा तान्ने प्रवृत्ति अन्त्य गर्ने ।
- भन्सार, केन्द्रीय बैंक र वाणिज्य बैंकबीच सुरक्षित API अन्तरआबद्धता: TBML र न्यून/अधिक बीजकीकरण रोक्न ASYCUDA World/NNSW, राष्ट्र बैंक र वाणिज्य बैंकहरूको प्रणालीबीच रियल-टाइम API विकास गरी LC मूल्य, अन्तर्राष्ट्रिय कमोडिटी मूल्य र प्रज्ञापनपत्रको मूल्य स्वत: तुलना भई असामान्य अन्तरमा 'रेड फ्ल्याग' देखाउने स्वचालित संयन्त्र बनाउने ।
- नियन्त्रण र सहजीकरणबीच गतिशील सन्तुलन: तस्करीमाथि कठोर प्रहार गर्दै वैध व्यवसायीलाई समयमै अग्रिम निर्णय (Advance Ruling) उपलब्ध गराउने, मूल्याङ्कन पुनरावलोकन समितिलाई छरितो बनाउने र भन्सार तथा बैंकका कर्मचारीलाई UCP ६००, Incoterms २०२० र भन्सार कानूनबारे संयुक्त तालिम दिने ।

८. निष्कर्ष

भन्सार प्रशासन नेपालको राजस्व परिचालन, वैदेशिक व्यापार व्यवस्थापन र आर्थिक सुरक्षाको प्रमुख आधारस्तम्भ हो । आर्थिक वर्ष २०८२/८३ मा वैदेशिक व्यापार रु. २४ खर्ब ११ अर्ब ६६ करोड पुग्नु र भन्सार विभागले रु. ५ खर्ब १५ अर्ब ५७ करोड राजस्व सङ्कलन गर्नुले अर्थतन्त्रमा भन्सारको भार र महत्त्वलाई पुष्टि गर्छ । तथापि, १६.२० प्रतिशतको आयात वृद्धिका बाबजुद भन्सार राजस्व वृद्धिदर ६.५१ प्रतिशतमा सीमित रहनु, व्यापार घाटा रु. १७ खर्ब ८१ अर्ब नाघ्नु र कुल राजस्वको झन्डै आधा हिस्सा वीरगञ्ज नाकामा मात्र केन्द्रित रहनुले हाम्रो व्यापार र राजस्व संरचनामा गम्भीर नीतिगत हस्तक्षेपको खाँचो औँल्याएका छन् ।

भन्सार ऐन, २०८२, भन्सार महसुल ऐन, २०८१, भन्सार महसुल नियमावली, २०८१ र भन्सार नियमावली, २०८३ को कार्यान्वयनले नेपालको भन्सार प्रशासनलाई विश्वव्यापी मापदण्ड अनुकूल आधुनिक, प्रविधिमैत्री र पारदर्शी बनाउने ऐतिहासिक अवसर प्रदान गरेको छ । राष्ट्रिय एकद्वार प्रणाली, अधिकृत व्यवसायी, अग्रिम निर्णय, नीलो र हरियो लेन तथा जाँचपास पछिको परीक्षणजस्ता प्रगतिशील व्यवस्थाहरूको सफलता अब कागजी प्रावधानमा होइन, तिनको निष्पक्ष र दक्षतापूर्वक गरिने कार्यान्वयनमा निर्भर रहन्छ ।

यस समग्र प्रक्रियामा बैंकिङ क्षेत्र भन्सार प्रशासनको अपरिहार्य रणनीतिक साझेदार हो । विद्युतीय राजस्व भुक्तानीको निरन्तरता, रु. २१ खर्बको आयात धान्ने व्यापार वित्तको व्यवस्थापन, विदेशी मुद्राको सदुपयोग र कारोबार मूल्यको पारदर्शिता कायम गर्ने कार्य भन्सार र बैंकहरूको घनिष्ठ सहकार्यविना सम्भव छैन । तसर्थ, कानूनी सीमा र गोपनीयताको परिधिभित्र रहेर भन्सार प्रशासन र बैंकिङ प्रणालीबीचको डिजिटल अन्तरआबद्धतालाई सुदृढ तुल्याउन सकेमा मात्र राज्यको राजस्व सुरक्षित गर्ने, अवैध पुँजी पलायन रोक्ने र वैध व्यावसायिक लागत घटाई राष्ट्रिय अर्थतन्त्रलाई गतिशील बनाउने साझा राष्ट्रिय लक्ष्य हासिल गर्ने अपेक्षा गर्न सकिन्छ ।

सन्दर्भ सामग्री

भन्सार ऐन, २०८२
भन्सार महसुल ऐन, २०८१
भन्सार महसुल नियमावली, २०८१
भन्सार नियमावली, २०८३

—※※※—

राष्ट्रिय लघुवित्त नीति २०६४ : समालोचना र नयाँ लघुवित्त नीतिको आवश्यकता



डा. बलराम दुवाल
उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय

यस लेखले नेपालमा लघुवित्तको ऐतिहासिक विकासक्रम राष्ट्रिय लघुवित्त नीति, २०६४ का प्रमुख उद्देश्य, उपलब्धि र कमजोरीहरूको समालोचनात्मक मूल्याङ्कन गर्दै नीतिगत कार्यान्वयनमा देखिएका चुनौतीहरूको विश्लेषण गर्नेछ । साथै लघुवित्त क्षेत्रलाई गरिबी न्यूनीकरण, जिम्मेवार कर्जा प्रवाह, वित्तीय समावेशिता र लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरणतर्फ प्रभावकारी रूपमा उन्मुख गराउन आवश्यक नयाँ लघुवित्त नीतिको आवश्यकता र भावी नीतिगत कार्यदिशाहरू प्रस्तुत गर्नेछ ।

१. परिचय

लघुवित्त आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, न्यून आय भएका, वित्तीय सेवाबाट वञ्चित तथा सीमान्तकृत व्यक्ति र समुदायलाई बचत, कर्जा, बीमा, विप्रेषणलगायतका वित्तीय सेवामा पहुँच उपलब्ध गराउने माध्यम हो । यसको उद्देश्य सानो आकारको कर्जा वितरणमा मात्र सीमित छैन । लक्षित वर्गको आयआर्जन क्षमता बढाउनु, उद्यमशीलता विकास गर्नु, आर्थिक तथा सामाजिक सशक्तीकरणलाई प्रोत्साहन गर्नु र गरिबी तथा वित्तीय असुरक्षा न्यूनीकरण गर्नु पनि यसको मूल उद्देश्य हो ।

नेपालमा लघुवित्त ग्रामीण तथा न्यून आय भएका नागरिकलाई औपचारिक वित्तीय सेवामा जोड्ने, साना उद्यम विकास गर्ने, महिलाको आर्थिक सहभागिता बढाई सशक्तीकरण गराउने, गरिबी निवारण गर्ने र वित्तीय समावेशिता विस्तार गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा विकसित भएको छ । परम्परागत बैंकिङ सेवाबाट टाढा रहेका परिवारलाई बचत, कर्जा तथा अन्य वित्तीय तथा सामाजिक सेवा उपलब्ध गराउनु यसको मूल उद्देश्य हो । पछिल्ला दशकमा लघुवित्त संस्थाको सङ्ख्या, शाखा, ग्राहक र कर्जा लगानी विस्तार भएको छ । तर यससँगै बहुसंस्थागत सदस्यता र कर्जा, ऋणीको अत्यधिक ऋणभार, निष्क्रिय कर्जाको वृद्धि, संस्थागत सुशासन, असुलीसम्बन्धी विवाद र ग्राहक संरक्षणसम्बन्धी समस्या पनि गम्भीर बनिरहेका छन् । यसले एउटा आधारभूत प्रश्न उठाएको छ : लघुवित्तको संस्थागत विस्तारले लक्षित समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था अपेक्षित सुधार भएको छ त ?

यस प्रश्नको उत्तर खोज्न नेपालको लघुवित्त विकासक्रम, राष्ट्रिय लघुवित्त नीति २०६४ का उद्देश्य तथा उपलब्धि, कार्यान्वयनका कमजोरी र वर्तमान चुनौतीको समालोचनात्मक समीक्षा आवश्यक छ । साथै बदलिँदो आर्थिक, सामाजिक र प्रविधिगत परिवेशअनुसार नयाँ राष्ट्रिय लघुवित्त नीति निर्माण गर्ने बहसलाई अघि बढाउनु आजको आवश्यकता बनेको छ ।

२. नेपालमा लघुवित्तको ऐतिहासिक विकासक्रम

२.१. नेपालमा लघुवित्तको औपचारिक आरम्भ र ग्रामीण वित्तीय पहुँच

नेपालमा औपचारिक लघुवित्त सेवाको विकास ग्रामीण गरिबी, कृषि निर्भरता र संस्थागत वित्तीय पहुँचको सीमिततासँग जोडिएको छ । सन् १९७० का दशकमा नेपालमा निरपेक्ष गरिबीको अवस्था ३६ प्रतिशत देखि ४२ प्रतिशतका हाराहारीमा रहेको देखिन्छ । ग्रामीण जनसङ्ख्या ९० प्रतिशतभन्दा माथि थियो भने सोही अनुपातमै मानिसहरू निर्वाहमुखी कृषिमा संलग्न रहेका थिए । सन् १९८० का समयमा नेपालको कुल गार्हस्थ्य उत्पादन १.९५ अर्ब अमेरिकी डलर (करिब २३ अर्ब ४० करोड रुपैयाँ) थियो । प्रतिव्यक्ति वार्षिक आय करिब १२५ अमेरिकी डलर थियो । कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र

(कृषि) को योगदान करिब ६५ प्रतिशत, द्वितीयक क्षेत्र (उद्योग) को करिब १० प्रतिशत र तृतीयक क्षेत्र (सेवा) को २५ प्रतिशत रहेको देखिन्छ । तत्कालीन समयमा वित्तीय पहुँचमा रहेका जनसङ्ख्या नगण्य थियो भने सरकारी स्वामित्वका ३ वटा वाणिज्य बैकहरूमात्र सञ्चालनमा थिए । नेपालले बन्द अर्थतन्त्रबाट पाँचौं पञ्चवर्षीय योजना (सन् १९७५-१९८०) मार्फत बजारमुखी र सेवाप्रधान अर्थतन्त्रतर्फ अगाडि बढाउने प्रस्थान बिन्दुको काम गऱ्यो । यही समयमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई पहिलो पटक ग्रामीण क्षेत्रमा केन्द्रित हुन प्रेरित गर्दै 'प्राथमिकता प्राप्त क्षेत्र कर्जा' को नीति अनुसरण गऱ्यो र सन् १९७५ मा कृषि विकास बैंकको नेतृत्वमा 'साना किसान विकास कार्यक्रम' मार्फत लक्षित कर्जा कार्यक्रम आरम्भ गऱ्यो । यस कार्यक्रमले साना किसानलाई समूहमा सङ्गठित गरी वित्तीय तथा विकाससम्बन्धी सेवा उपलब्ध गराउने अभ्यासलाई अघि बढायो । यही कार्यक्रमलाई नेपालमा औपचारिक लघुवित्त सेवाको प्रस्थान विन्दुका रूपमा मानिन्छ ।

सरकारले सन् १९८० को मध्यतिर आर्थिक उदारीकरण र संरचनात्मक सुधारका नीतिहरू अवलम्बन गरी सरकारले वित्तीय क्षेत्रलाई नियन्त्रणमुक्त गर्दै निजी लगानीमा बैंक स्थापना गर्न तथा विदेशी बैंकहरूलाई नेपाली बैंकहरूसँग संयुक्त लगानीमा काम गर्न अनुमति दियो ।

साथै सन् १९८१ मा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई कुल निक्षेपको ५ प्रतिशत न्यून आय भएका समुदायमा लगानी गर्न प्राथमिकता प्राप्त क्षेत्र कर्जा र सघन बैकिङ कार्यक्रम (ग्रामीण महिला उत्पादन कर्जा) लागु गऱ्यो । यस सघन बैंकिङ कार्यक्रमले लघुवित्तलाई महिलाहरूको सामाजिक सशक्तीकरणको आयाममा समेत एकीकृत गर्ने कार्यको थालनीसमेत गऱ्यो । यही प्राथमिकता प्राप्त क्षेत्र कर्जा नीति 'विपन्न वर्ग कर्जा नीति' का रूपमा हालसम्म कार्यान्वयनमा रहिआएको छ । प्राथमिकता प्राप्त क्षेत्र कर्जा र सघन बैंकिङ कार्यक्रमले ग्रामीण क्षेत्र तथा महिलाको वित्तीय पहुँच विस्तारमा योगदान पुऱ्याए । यसले कर्जालाई आयआर्जनसँग जोड्ने र समूहगत सहभागितामार्फत वित्तीय सेवाबाट वञ्चित वर्गलाई समेट्ने आधार तयार गऱ्यो ।

२.२. लघुवित्त क्षेत्रको संस्थागत विकास र नियमन

सन् १९९० का दशकमा गैरसरकारी संस्था, सरकारी निकाय र विकास साझेदारको संलग्नतामा लघुवित्त सेवाको विस्तार भयो । ग्रामीण विकास बैंकहरूको स्थापना, ग्रामीण स्वावलम्बन कोष तथा ग्रामीण लघुवित्त विकास केन्द्र जस्ता संस्थाको विकास र साना किसान सहकारीको विस्तारले लघुवित्तको संस्थागत आधार बलियो बनायो । वित्तीय मध्यस्थता ऐन, २०५५ ले गैरसरकारी संस्थामार्फत सञ्चालित वित्तीय मध्यस्थता गतिविधिलाई कानुनी दायरामा ल्याउन भूमिका खेल्यो ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ पछि 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाको विकास र नियमनले थप औपचारिकता प्राप्त गऱ्यो । नेपाल राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षणका दायरामा संस्थाहरू क्रमशः समेटिँदै गए । लघुवित्त क्षेत्रमा कार्य गर्ने संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने उद्देश्यले सन् १९९१ मा ग्रामीण स्वाबलम्बन कोषको समेत स्थापना भएबाट लघुवित्त क्षेत्रमा हुने कर्जा माग र आपूर्तिलाई व्यवस्थापन गर्ने कार्यसमेत अघि बढ्यो । साथै साना किसान विकास कार्यक्रमअन्तर्गतका कृषक समूहहरूलाई क्रमशः साना किसान सहकारी संस्थामा रूपान्तरण गर्ने र एसियाली विकास बैंकको सहयोगमा 'महिलाका लागि लघुवित्त' कार्यक्रमको थालनी भयो । यसै दशकका उत्तरार्धमा वित्तीय मध्यस्थता ऐन (२०५५) सन् १९९८ मा जारी भएपछि लघुवित्त सेवामा संलग्न सबै गैरसरकारी संस्थाहरूलाई कानुनी दायरामा समेट्ने कार्यबाट नेपालको लघुवित्त क्षेत्रमा अर्धऔपचारिक क्षेत्रलाई पनि संस्थागत गर्ने कार्य भयो । लघुवित्त संस्थाहरूको कर्जा माग व्यवस्थापन गर्न थोक कर्जा उपलब्ध गराउने रूरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि. सन् १९९८ स्थापना भयो अनि साना किसान विकास बैंक लि. सन् २००१ मा स्थापना भयो । यसबाट संस्थागत पुँजी, वित्तीय कारोबार र सेवा विस्तारका अवसर बढे तर संस्थागत विस्तारसँगै सामाजिक उद्देश्य कायम राख्ने, कर्जाको गुणस्तर सुनिश्चित गर्ने र ग्राहकको हित संरक्षण गर्ने चुनौती पनि बढ्दै गए ।

२.३. बिस्तार, व्यावसायीकरण र प्रतिस्पर्धा

सन् २००६ मा नेपालमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन जारी भएपछि औपचारिक रूपमा 'घ' वर्गको बैंकका रूपमा लघुवित्त विकास बैंक स्थापनाको बाटो खुल्नाका साथै वित्तीय क्षेत्रको नियामकीय संरचनामा थप परिवर्तन ल्यायो । सन् २००० पछिको लघुवित्त संस्थाको विस्तार, निजी पुँजीको प्रवेश, नेपाल राष्ट्र बैंकबाट इजाजत तथा नियमन र संस्थागत रूपान्तरणले क्षेत्रलाई थप व्यावसायिक बनायो । यसले ग्रामीण तथा न्यून आय भएका परिवारको वित्तीय पहुँच बढायो तर संस्थाहरूबीच प्रतिस्पर्धा र कर्जा विस्तारको दबाबसँगै नयाँ जोखिम पनि सिर्जना भए ।

यस समयमा लघुवित्त सेवा प्रदायकहरूको व्यापक वृद्धि भएसँगे वित्तीय स्थायित्व, लघुवित्त सेवा प्रदायक संस्थाहरूको स्थायित्व र संरचनागत विकासलाई प्राथमिकतामा राखेको देखियो । गैरसरकारी संस्थाअन्तर्गत सञ्चालित लघुवित्त कार्यक्रमहरूमा पुँजीको सीमितता, निक्षेप सङ्कलनको कानुनी अधिकार, कमजोर संस्थागत सुशासन, नियमन र सुपरिवेक्षणमा कठिनाइहरू देखिन थालेपछि नेपाल राष्ट्र बैंकले यी संस्थाहरूलाई अनिवार्य वा प्रोत्साहनमूलक रूपमा 'घ' वर्गको लघुवित्त वित्तीय संस्था वा बैंकमा रूपान्तरण गर्ने निर्णय सन् २००२ मा लियो । यसरी अर्धऔपचारिक क्षेत्रमा कार्यरत लघुवित्त क्षेत्रलाई औपचारिक क्षेत्रमा आबद्ध गर्दै बैंकिङ नियमनका दायरामा समेट्ने कार्यको थालनी भयो । यसले ग्राहक र सर्वसाधारणको बचत निक्षेपलाई पनि सुरक्षित बनाउन मदत गऱ्यो ।

नेपाल राष्ट्र बैंकले वित्तीय मध्यस्थता ऐन २०५५ लाई खारेज गर्ने प्रक्रिया अघि बढाउँदै आर्थिक वर्ष २०७२/७३ र २०७४/७५ को मौद्रिक नीतिमार्फत सबै लघुवित्त सेवा दिने गैरसरकारी संस्थाहरुलाई 'घ' वर्गको लघुवित्त वित्तीय संस्थामा रूपान्तरण गर्ने स्पष्ट र बाध्यकारी निर्देशन जारी गर्दै २०७७ असार मसान्त अर्थात् २०२० को मध्यभित्र अनिवार्य रूपमा 'घ' वर्गको लघुवित्त वित्तीय संस्थामा रूपान्तरण हुन वा इजाजत खारेज गर्न बाध्यकारी समयसीमा निर्धारण गरी रूपान्तरण प्रक्रिया सम्पन्न गऱ्यो । बैंकमा रूपान्तरणले लघुवित्त सेवा प्रदायकहरूको पुँजीगत आधार बलियो हुन थाल्यो । यस अवधिमा बैंकहरूबाट सजिलै विपन्न वर्गले कर्जा पाउन थालेपछि ग्रामीण क्षेत्रमा कर्जा प्रवाहमा उल्लेख वृद्धि भयो । महिलाको समूहगत सहभागिता र वित्तीय कारोबारमा संलग्नता बढ्यो अनि साना व्यवसाय, कृषि तथा स्वरोजगारका लागि कर्जा उपलब्ध हुन थाल्यो, वित्तीय पहुँचको भौगोलिक विस्तार भयो । लघुवित्त क्षेत्रमा आधुनिक बैंकिङ प्रविधि र व्यावसायिक जनशक्तिको आकर्षण बढ्यो ।

यस समयावधिमा संस्थागत विस्तारसँगै जोखिम पनि बढे । एउटै ऋणीलाई धेरै संस्थाले कर्जा दिनु, कर्जा उत्पादनशील प्रयोजनमा प्रयोग भए-नभएको पर्याप्त मूल्याङ्कन नगर्नु, व्यावसायिक लक्ष्यको दबाबमा कर्जा विस्तार गर्नु र ऋणीको वास्तविक भुक्तानी क्षमताभन्दा बढी ऋण दिनुजस्ता समस्याहरू देखिए । साथै कम्पनीमा रूपान्तरण भएका यी संस्थाहरू अब सामाजिक कल्याण, गरिबी निवारण र सशक्तिकरणको उद्देश्यबाट विचलित भई नाफामूलक गतिविधिहरूमा आकर्षित हुन थाले । सामाजिक अभियन्ताहरू क्रमशः सेयरधनी बन्दै लाभांशमा केन्द्रित हुन थाले । फलतः अस्वस्थ प्रतिस्पर्धा, बहुबैंकिङ अभ्यासहरू, ग्राहक पहिचानमा हेलचेक्याइँ र आयमूलक कर्जा प्रवाहमा चुक्न थालेपछि स्वभावतः अनुत्पादनशील क्षेत्रमा कर्जा बिस्तार भयो । फलस्वरूप कर्जा भुक्तानीमा समस्याहरू पनि देखिन थाले ।

२.४. लघुवित्तको वर्तमान अवस्था

सन् २०१० का दशकमा नेपालमा लघुवित्त संस्थाको सङ्ख्या तीव्र गतिमा बढेर करिब १०० पुगेको थियो । वित्तीय पहुँच विस्तारमा योगदान पुगे पनि पुँजी बजारमा प्रवेश, उच्च लाभांशको अपेक्षा र तीव्र प्रतिस्पर्धाले लघुवित्तको सामाजिक उद्देश्य ओझेलमा पर्ने जोखिम बढायो । व्यावसायिक लाभको आकर्षणमा बैंक तथा वित्तीय संस्थाहरूको लगानी बढ्दै जाँदा कतिपय संस्थामा कर्जा बिस्तार र सेयरधनीको प्रतिफललाई प्राथमिकता दिने प्रवृत्ति देखियो ।

संस्थागत जोखिम नियन्त्रण, पुँजीगत आधार सुदृढीकरण र नियमन प्रभावकारी बनाउने उद्देश्यले नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमार्फत पुँजी वृद्धि नीति अघि बढायो । नयाँ संस्था दर्तामा रोक तथा मर्जरसम्बन्धी नीतिगत

व्यवस्थापछि सन् २०२६ सम्म लघुवित्त संस्थाको सङ्ख्या करिब ५१ मा झरेको छ । यसले संस्थागत पुँजीको आधार बलियो बनाउन सहयोग गरे पनि सुशासन, कर्मचारी तथा शाखा व्यवस्थापन र सेवाको गुणस्तरमा अपेक्षित सुधार सुनिश्चित गर्न सकेको छैन ।

यसैबीच कोभिड महामारी, आर्थिक गतिविधिमा आएको सुस्तता, सहकारी क्षेत्रमा देखिएका समस्या र लघुवित्तविरुद्धका आन्दोलनले क्षेत्रप्रतिको जनविश्वास कमजोर बनाएको छ । बहुसंस्थागत कर्जा, ऋणीको अत्यधिक ऋणभार, कमजोर कर्जा मूल्याङ्कन र बढ्दो निष्क्रिय कर्जाले समस्या थप गम्भीर बन्न पुगेका छ । फलतः लघुवित्त संस्थाको सामाजिक छवि र औचित्यमाथि प्रश्न उठ्न थालेको छ ।

समग्रमा, नेपालको लघुवित्त क्षेत्र संस्थागत विस्तारबाट प्राप्त उपलब्धिलाई जोगाउँदै सामाजिक उद्देश्य, वित्तीय दिगोपन र सुशासनबीच सन्तुलन कायम गर्नुपर्ने निर्णायक मोडमा पुगेको छ । यस परिस्थितिमा लघुवित्त क्षेत्रको पुनर्संरचना, सेवा प्रवाहको सुधार र नयाँ राष्ट्रिय लघुवित्त नीतिको आवश्यकताबारे गम्भीर विमर्श अपरिहार्य बनेको छ ।

३. राष्ट्रिय लघुवित्त नीति २०६४ को समीक्षा

सन् २००३/०४ को जीवनस्तर निर्धारण सर्भेक्षणअनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनि ३०.८ प्रतिशत जनता रहेकाले दिगो, सरल एवं पहुँचयोग्य लघुवित्त सेवाका माध्यमबाट गरिबी न्यूनीकरणमा सघाउ पुऱ्याउन लक्ष्यसहित राष्ट्रिय लघुवित्त नीति-२०६४ जारी गऱ्यो ।

विपन्न र कमजोर आर्थिक स्थिति भएका परिवार र महिला वर्गमा लघुवित्त सेवाको पहुँच वृद्धि गरी आयमूलक र स्वरोजगारमूलक कार्यहरू संचालन गरी उद्यमशीलता विकास गर्ने, प्रभावकारी नियमन र सुपरिवेक्षण विकास गर्ने, संस्थागत दिगोपन सुनिश्चित गर्ने, दीर्घकालीन रूपमा लघुवित्त सेवाको सहज आपूर्तिका लागि स्रोत साधन उपलब्ध गराउन राष्ट्रिय लघुवित्त विकास कोषको स्थापना गर्ने जस्ता उद्देश्य लिएको थियो ।

३.१. नीतिगत व्यवस्था र मूल्याङ्कन

राष्ट्रिय लघुवित्त नीतिले तय गरेका नीतिगत व्यवस्था र मूल्याङ्कनलाई सङ्क्षिप्त रूपमा तालिकामा प्रस्तुत गरिएको छ :

नीतिगत व्यवस्था	उपलब्धि	मूल्याङ्कन
बचत, कर्जा, बीमा र विप्रेषण सेवाको पहुँच विस्तार	सन् २०१२ मा करिब ७.९३ लाख बचत खाता रहेकामा सन् २०२४ मा करिब ६०.१६ लाख पुगे	परिमाणात्मक विस्तार उल्लेखनीय
दुर्गम पहाडी क्षेत्र र अति विपन्न वर्गसम्म पहुँच	सन् २००९ को क्षेत्रीय प्रतिवेदनले दुर्गम पहाडी तथा हिमाली क्षेत्र र अति विपन्न समूहसम्म सेवा पुऱ्याउन कठिनाइ रहेको देखाएको थियो	कमजोर
एकीकृत कानुन र नियामकीय संरचना	औपचारिक नियमन विकास भए पनि लघुवित्त र सहकारी क्षेत्र समेट्ने एकीकृत संरचना र नियमनकारी निकायको स्थापना हुन नसकेको	आंशिक
संस्थागत दिगोपन र सुशासन	निष्क्रिय कर्जा, अनियमितता, कमजोर अनुगमन तथा नियामकीय कारबाहीका घटना	अपेक्षित परिणाम हासिल नभएको
राष्ट्रिय लघुवित्त विकास कोषको स्थापना	नभएको	हासिल नभएको

नीतिमा मापनयोग्य लक्ष्यहरूको अभाव थियो भने सेवाग्राही संरक्षण र नियामकीय संरचनासम्बन्धी विषयहरू पनि पर्याप्त रूपमा सम्बोधन गरिएका थिएनन् । स्वस्थ प्रतिस्पर्धा कायम गर्ने र एउटै क्षेत्रमा कर्जाको अनावश्यक दोहोरोपन रोक्ने उद्देश्य पूरा हुन सकेन । त्यस्तै, छुट्टै लघुवित्त ऐन तथा स्पष्ट नियामकीय संरचना विकास गर्ने परिकल्पनाले पनि पूर्णता पाउन सकेन । फलतः लघुवित्त अभियान बैंकिङ क्रियाकलाप र सोहीअनुरुपको नियमनको व्यवस्थाका सामाजिक उद्देश्य र प्रभाव ओझेलमा परे । अति विपन्न वर्ग, सीमान्तकृत समुदाय तथा दुर्गम पहाडी क्षेत्रका बासिन्दासम्म वित्तीय सेवाको पहुँच अपेक्षाकृत कमजोर रह्यो । अर्कातर्फ अत्यधिक ऋणग्रस्तता, उच्च प्रभावकारी ब्याजदर, कर्जा भुक्तानीमा चुनौती तथा संस्थागत सुशासनसम्बन्धी समस्याहरू देखापरे । आर्थिक

वर्ष २०२५/२६ मा मात्र २१ हजार ५०० भन्दा बढी ऋणी कालोसूचीमा परेको तथ्यले यस क्षेत्रका चुनौतीहरूको गम्भीरतालाई उजागर गर्छ ।

३.२. राष्ट्रिय लघुवित्त नीति र लघुवित्त अभ्यासमा देखिएका प्रमुख कमजोरीहरू

यस नीतिगत व्यवस्था र लघुवित्त अभ्यासमा देखिएका केही प्रमुख कमजोरीहरू यसप्रकार देखिन्छन् :

३.२.१ स्पष्ट र मापनयोग्य लक्ष्यको अभाव

नीतिले वित्तीय पहुँच विस्तार गर्ने उद्देश्य राखे पनि अति विपन्न परिवारको समावेशिता, सक्रिय ऋणीको सङ्ख्या, कर्जाको गुणस्तर, ऋणीको आम्दानीमा सुधार, उद्यमको दिगोपन र गरिबी न्यूनीकरण जस्ता विषयमा पर्याप्त स्पष्ट तथा समयबद्ध लक्ष्य निर्धारण गर्न सकेन । परिणामतः कर्जा प्रवाह, ग्राहक सङ्ख्या र शाखा विस्तारलाई सफलताको प्रमुख सूचक मान्ने प्रवृत्ति विकास भयो ।

लघुवित्तको वास्तविक सफलता कति कर्जा वितरण भयो भन्नेमा मात्र निर्भर हुँदैन । कर्जाबाट कति उत्पादन, रोजगारी र आम्दानी सिर्जना भयो, ऋणीको आर्थिक सुरक्षा कति बढ्यो र उनीहरू ऋणको चक्रबाट मुक्त हुन सके कि सकेनन् भन्ने जस्ता प्रश्नहरू पनि उत्तिकै महत्त्वपूर्ण छन् ।

३.२.२ सामाजिक उद्देश्य र व्यावसायिक प्रोत्साहनबीचको असन्तुलन

लघुवित्त संस्था वित्तीय रूपमा दिगो हुनु आवश्यक छ तर वित्तीय दिगोपनको मूल्याङ्कन नाफा, कर्जा विस्तार र असुलीका आधारमा मात्र गरिँदा सामाजिक उद्देश्य कमजोर हुन सक्छ । सेयरधनीको प्रतिफल र व्यावसायिक विस्तारको दबाबले लक्षित वर्गको आवश्यकता, कर्जाको गुणस्तर र दीर्घकालीन सामाजिक प्रभावलाई ओझेलमा पार्ने जोखिम हुन्छ ।

समस्या व्यावसायिकता हुनुमा होइन; व्यावसायिक सफलता र सामाजिक उद्देश्यबीच स्पष्ट सम्बन्ध स्थापित हुन नसक्नुमा हो । त्यसैले संस्थाको वित्तीय स्वास्थ्यसँगै ग्राहकको हित, जिम्मेवार कर्जा प्रवाह र सामाजिक प्रभावलाई पनि कार्यसम्पादन मूल्याङ्कनमा समावेश गर्नुपर्छ ।

३.२.३ ऋणी संरक्षण र बहुकर्जाको समस्या

ऋणीको कुल ऋणभार, भुक्तानी क्षमता, कर्जाको वास्तविक लागत, पारदर्शी शुल्क, कर्जा सूचना आदानप्रदान, गुनासो समाधान र जिम्मेवार असुली प्रक्रियालाई प्रभावकारी रूपमा सम्बोधन गर्न नसक्दा ग्राहक संरक्षण कमजोर हुन सक्छ । एउटै ऋणीलाई धेरै संस्थाले कर्जा दिने अभ्यासले ऋणीको भुक्तानी क्षमता कमजोर बनाउनाका साथै संस्थाको कर्जा जोखिम पनि बढाउँछ ।

यसैले नियमन ब्याजदर र पुँजीगत पर्याप्ततामा मात्र सीमित हुनुहुँदैन । कर्जासँग सम्बन्धित सबै शुल्कको पारदर्शिता, ग्राहकको सहमतिमा आधारित सूचना साझेदारी, गुनासो समाधान, ऋणभार मूल्याङ्कन र सम्मानजनक असुली प्रक्रिया पनि नियमनका अभिन्न अङ्ग हुनुपर्छ ।

३.२.४ अति विपन्न र दुर्गम समुदायसम्म पहुँचको सीमा

समूह जमानीमा आधारित कर्जा प्रणालीले धितो नभएका व्यक्तिलाई वित्तीय सेवामा जोड्न योगदान पुऱ्याएको छ । तर नियमित आम्दानी र किस्ता तिर्न सक्ने क्षमता भएका परिवारलाई प्राथमिकता दिँदा भूमिहीन, अस्थिर आय भएका र अति विपन्न परिवार पछि पर्न सक्छन् ।

यस्ता परिवारका लागि कर्जा मात्र पर्याप्त हुँदैन । उनीहरूलाई सीप विकास, वित्तीय साक्षरता, उत्पादनशील सम्पत्ति, सामाजिक सुरक्षा, सहुलियतपूर्ण वित्तीय सेवा र बजार पहुँचको आवश्यकता हुन सक्छ । दुर्गम पहाडी तथा हिमाली क्षेत्रमा सेवा प्रवाहको लागत र पहुँचसम्बन्धी कठिनाइलाई पनि नीतिले विशेष रूपमा सम्बोधन गर्नुपर्छ ।

३.२.५ वित्तीय र गैरवित्तीय सेवाबीच कमजोर समन्वय

कर्जा उपलब्ध गराउनु र त्यसलाई उत्पादनशील आयमा रूपान्तरण गर्नु फरक कुरा हुन् । किसानलाई कर्जा दिएर मात्र पुग्दैन; बीउ, सिँचाइ, प्राविधिक ज्ञान, भण्डारण र बजार पनि आवश्यक हुन्छ । साना उद्यमीलाई पुँजीसँगै व्यवसाय योजना, लेखा व्यवस्थापन, डिजिटल कारोबार र बजार विकाससम्बन्धी सीप चाहिन्छ ।

लघुवित्त संस्थाले तालिम आयोजना गरेको सङ्ख्याभन्दा तालिमपछि सदस्यको सीप, व्यवसाय, आम्दानी र रोजगारीमा आएको परिवर्तन मापन गर्नुपर्छ । यसका लागि संस्थाहरू, स्थानीय सरकार, प्राविधिक सेवा प्रदायक, सहकारी, निजी क्षेत्र र बजारसँग समन्वय आवश्यक हुन्छ ।

समग्रमा, राष्ट्रिय लघुवित्त नीति २०६४ ले वित्तीय पहुँच विस्तारका लागि आधार तयार गरे पनि परिणाम मापन, ग्राहक संरक्षण, अति विपन्न वर्गको प्रभावकारी समावेशिता र वित्तीय सेवासँग गैरवित्तीय सहयोगको एकीकरणमा अपेक्षित स्पष्टता तथा कार्यान्वयन हासिल गर्न सकेन ।

४. नयाँ राष्ट्रिय लघुवित्त नीतिको आवश्यकता र भावी कार्यदिशा

४.१ बदलिँदो आर्थिक तथा सामाजिक परिवेशअनुसार नीति पुनरावलोकन

नीति निर्माण हुँदाको नेपालको अर्थतन्त्र, ग्रामीण समाज र वित्तीय प्रविधि आजको अवस्थाभन्दा फरक छन् । त्यसैले अब प्रश्न केवल पुरानो नीतिको कार्यान्वयन भयो कि भएन भन्नेमा सीमित हुनुहुँदैन । आजको नेपालको आवश्यकता सुहाउँदो नयाँ राष्ट्रिय लघुवित्त दृष्टिकोण, नीति र कार्यदिशा के हुनुपर्छ ? भन्ने प्रश्नमा गम्भीर बहस सुरु गर्नुपर्छ ।

नेपाल राष्ट्र बैंकले पनि डिजिटल वित्तीय सेवाको प्रवर्द्धनलाई आफ्नो नीतिगत कार्यक्षेत्रको महत्त्वपर्ण भाग बनाएको छ । सरकारले पनि डिजिटलाइजेसनलाई प्रमुख प्राथमिकतामा राखेको छ । हिजोको ग्रामीण समाजमा आधारित समूह, सामूहिक दायित्व र सामाजिक सम्बन्धका स्वरूपहरू आज उस्तै छैनन् । सूचना प्रविधि र अर्थ सामाजिक अवस्थामा आएको परिवर्तनले सामूहिक दायित्व वहन गर्ने सन्दर्भमा मानिसहरूको रुचि देखिँदैन । सामाजिक बन्धन कमजोर बन्दै गइरहेको छ । सहरीकरण, वैदेशिक रोजगारी, विप्रेषण, बसाइँसराइ, मोबाइल बैंकिङ, डिजिटल भुक्तानी र सामाजिक सम्बन्धमा आएको परिवर्तनले वित्तीय सेवा उपभोग गर्ने व्यवहार बदलिएको छ । परम्परागत समूहगत जमानी र सामूहिक दायित्वमा आधारित अभ्यास सबै समुदायमा उस्तै प्रभावकारी नहुन सक्छ ।

त्यसैले नयाँ नीतिले गरिबी र वित्तीय बहिष्करणका वर्तमान स्वरूप पहिचान गरी लक्षित वर्गलाई पुनः परिभाषित गर्नुपर्छ । लघुवित्तको उद्देश्य कर्जा पहुँच विस्तारमा मात्र सीमित नभई आर्थिक अवसर सिर्जना, जोखिम न्यूनीकरण, उद्यम विकास र वित्तीय आत्मनिर्भरता बढाउने दिशामा स्पष्ट हुनुपर्छ ।

४.२ स्पष्ट राष्ट्रिय लक्ष्य र प्रभाव मापन

राष्ट्रिय लक्ष्य र योजना नै नभएपछि लघुवित्तका लगानीकर्ताहरू, लघुवित्तकर्मीहरू, लघुवित्त संस्थाहरूमा लक्ष्य र नीति निर्धारणमा अस्पष्टता देखिनु स्वाभाविक हो । त्यसैले लघुवित्त क्षेत्रलाई "लक्ष्यबाट विचलित भएको" मात्र भनेर हेर्नुभन्दा बदलिँदो परिवेशअनुसार लक्ष्य र कार्यदिशा पुनः निर्धारण गर्नुपर्ने अवस्थामा पुगेको क्षेत्रका रूपमा हेर्नु उपयुक्त हुन्छ । तसर्थ अब बहुआयामिक गरिबीको नयाँ परिभाषा, लघुवित्तका लक्षित वर्गको पुनः पहिचान, वित्तीय बहिष्करणका नयाँ स्वरूप र लघुवित्तको बदलिँदो भूमिकाको पुनर्मूल्यांकन गरी लघुवित्त संस्थाहरूलाई लक्ष्यउन्मुख बनाउनुपर्दछ । स्पष्ट राष्ट्रिय लक्ष्यसहित अघि बढ्न सकेमा लघुवित्तले आर्थिक मात्र होइन, सामाजिक, सांस्कृतिक र मानव पुँजी विकासमा समेत थप प्रभावकारी योगदान गर्न सक्नेछ ।

नयाँ नीतिले छोटो, मध्यम र दीर्घकालीन लक्ष्य निर्धारण गर्नुपर्छ । लक्ष्यमा वित्तीय सेवाको पहुँचसँगै कर्जाको गुणस्तर, ऋणीको ऋणभार, अति विपन्न वर्गको सहभागिता, उद्यमको निरन्तरता, आम्दानी तथा रोजगारीमा आएको परिवर्तन र ग्राहक सन्तुष्टिलाई समेट्नुपर्छ ।

संस्थाले कति कर्जा वितरण गऱ्यो भन्ने मात्र होइन, त्यसबाट कस्तो परिणाम हासिल भयो भन्ने प्रश्नको उत्तर दिन सक्ने तथ्याङ्क प्रणाली आवश्यक छ । आधाररेखा अध्ययन, नियमित अनुगमन, स्वतन्त्र प्रभाव मूल्याङ्कन र सार्वजनिक प्रतिवेदनले नीतिको प्रभावकारिता परीक्षण गर्न सहयोग पुऱ्याउँछन् ।

४.३ कर्जा, सीप, उद्यमशीलता र बजारको एकीकरण

नयाँ नीतिले 'कर्जा मात्र' भन्दा 'कर्जा र उत्पादनशील अवसर' को अवधारणालाई प्राथमिकता दिनुपर्छ । कृषि, पशुपालन, घरेलु उद्योग, सेवा व्यवसाय र स्थानीय स्रोतमा आधारित उद्यमका लागि कर्जा

उपलब्ध गराउँदा सम्बन्धित क्षेत्रको सम्भाव्यता, बजार माग र जोखिम मूल्याङ्कन गर्नुपर्छ । कर्जासँगै व्यवसाय योजना, वित्तीय साक्षरता, लेखा व्यवस्थापन, प्राविधिक तालिम, डिजिटल सीप र बजार सम्पर्क उपलब्ध गराउन संस्थागत साझेदारी विकास गर्नुपर्छ । तालिम तथा व्यवसाय सहयोगका कार्यक्रमलाई वार्षिक गतिविधिको सङ्ख्याबाट होइन, सदस्यको व्यवसाय र आम्दानीमा परेको प्रभावका आधारमा मूल्याङ्कन गर्नुपर्छ । लघुवित्तमा वित्तीय सेवासँगै गैरवित्तीय सेवाको प्रभावकारिता पनि मापन गरिनुपर्छ ।

नेपालका विश्वविद्यालयका विद्यार्थी तथा अनुसन्धानकर्ताहरूले विभिन्न स्थान र समूहमा गरेका स्वतन्त्र अध्ययनहरूमा लघुवित्त संस्थाबाट उपलब्ध गराइने तालिम तथा सीप विकाससम्बन्धी कार्यक्रमको प्रभावकारिताप्रति सदस्यहरूको सन्तुष्टि तुलनात्मक रूपमा कमजोर रहेको देखाउने निष्कर्षहरू भेटिन्छन् । यसले एउटा महत्त्वपूर्ण अनुसन्धानात्मक प्रश्न जन्माएको छ । लघुवित्तका सदस्यले कर्जा त पाइरहेका छन् तर त्यस कर्जालाई उत्पादनशील आयमा रूपान्तरण गर्न आवश्यक ज्ञान, सीप र व्यावसायिक सहयोग पनि पर्याप्त रूपमा पाइरहेका छन् कि छैनन् ? यस प्रश्नले परम्परागत र विशेषीकृत लघुवित्त संस्थाबीचको भिन्नता र लघुवित्त संस्थाको पृथक् अस्तित्वको सवाल पनि उठाएको छ ।

त्यसैले अब लघुवित्तको मूल्याङ्कन कति कर्जा प्रवाह भयो र कति सदस्य पुगे भन्ने मात्रबाट होइन, सदस्यको व्यवसाय, आय, रोजगारी, उत्पादकत्व र आर्थिक आत्मनिर्भरतामा कति सुधार भयो भन्ने परिणामबाट पनि गरिनुपर्छ । यसका लागि नियामक तथा सम्बन्धित संस्थाहरूले वित्तीय सूचकसँगै सामाजिक तथा ग्राहक-केन्द्रित कार्यसम्पादनका सूचकलाई पनि महत्त्व दिन आवश्यक छ ।

४.४ जिम्मेवार कर्जा प्रवाह र ग्राहक संरक्षण

नयाँ नीतिको केन्द्रमा ऋणीको हित र जिम्मेवार कर्जा प्रवाह हुनुपर्छ । यसका लागि निम्न व्यवस्था आवश्यक छन् :

- कर्जा दिनुअघि ऋणीको आम्दानी, विद्यमान ऋण र भुक्तानी क्षमताको यथार्थ मूल्याङ्कन ।
- ग्राहकको गोपनीयता र सहमतिसहित कर्जा सूचना आदानप्रदानलाई प्रभावकारी बनाउने व्यवस्था ।
- ब्याजदर, सेवाशुल्क र अन्य लागत स्पष्ट रूपमा खुलाउने ।
- ऋणीका गुनासो सुनुवाइ तथा निष्पक्ष समाधान संयन्त्र स्थापना ।
- असुली प्रक्रियामा सम्मानजनक व्यवहार र अनुचित दबाबको नियन्त्रण ।
- बहुकर्जा तथा अत्यधिक ऋणभार पहिचान गर्न प्रारम्भिक चेतावनी प्रणालीको विकास ।

ऋणीले कर्जा नतिरेको प्रत्येक घटनालाई जानाजानी गरिएको बेइमानीका रूपमा बुझ्नु उचित हुँदैन । वास्तविक आर्थिक कठिनाइ, व्यवसायमा भएको क्षति, ऋणको अत्यधिक भार र अनुचित कर्जा अभ्यासबीच भिन्नता पहिचान गरी न्यायोचित समाधानको उपाय अपनाउनुपर्छ । यसले ऋणीको अधिकार र संस्थाको वित्तीय अनुशासन दुवैलाई सहयोग पुऱ्याउँछ ।

४.५ लक्षित वर्ग र भौगोलिक अवस्थाअनुसार फरक कार्यक्रम

सबै ऋणीलाई एउटै प्रकारको कर्जा र एउटै किस्ता प्रणाली उपयुक्त हुँदैन । अति विपन्न परिवार, साना किसान, महिला उद्यमी, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति, स्थापित लघुउद्यमी र मौसमी आम्दानी भएका श्रमिकका आवश्यकता फरक फरक हुन्छन् । त्यसैले नीतिले लक्षित वर्गको अवस्था र आम्दानीको प्रकृतिअनुसार कर्जाको आकार, अवधि, भुक्तानी तालिका, बचत प्रोत्साहन र गैरवित्तीय सेवाको स्वरूप निर्धारण गर्न सक्ने लचिलो ढाँचा बनाउनुपर्छ । दुर्गम पहाडी तथा हिमाली क्षेत्र, विपन्न समुदाय र सेवाबाट वञ्चित समूहसम्म पहुँच पुऱ्याउन आवश्यकताअनुसार लक्षित कार्यक्रम तथा लागत साझेदारीको व्यवस्था गर्नुपर्छ ।

४.६ नवप्रवर्तन र डिजिटल रूपान्तरण

लघुवित्त संस्थाहरूले विगत १०-१५ वर्षमा आफ्ना तर्फबाट के नयाँ गरे ? कति नयाँ उत्पादन तथा सेवा विकास गरे ? कति नयाँ व्यावसायिक मोडल प्रयोगमा ल्याए ? कति अध्ययन-अनुसन्धानमा आधारित कार्यक्रम ल्याए ? सदस्यको बदलिँदो

आवश्यकता कति गहिरो रूपमा बुझे ? सेवा प्रवाहको लागत र समय कति घट्यो ? डिजिटल युगमा डिजिटल प्रविधिलाई कति प्रभावकारी रूपमा अपनाए ? यी प्रश्नहरूको उत्तर लघुवित्त संस्थाले पनि दिनुपर्छ ।

कतै हामी नियामकीय अनुपालनका प्रक्रियामै अत्यधिक केन्द्रित भयौं कि ? कतै संस्थागत वृद्धि, नाफा र सेयरधनीको प्रतिफलको दबाबले सदस्यको दीर्घकालीन हितलाई ओझेलमा पाऱ्यो कि ? यी प्रश्नहरूलाई निर्मम तर रचनात्मक आत्मसमीक्षाका रूपमा खोजिनुपर्छ ।

लघुवित्त क्षेत्रले बदलिँदो प्रविधि र ग्राहकको आवश्यकताअनुसार सेवा सुधार गर्नुपर्छ । मोबाइल बैंकिङ, डिजिटल भुक्तानी, डिजिटल ग्राहक अभिलेख, कागजरहित सेवा र सुरक्षित तथ्याङ्क व्यवस्थापनले सेवा प्रवाहको समय तथा लागत घटाउन सक्छन् । प्रविधिको प्रयोगले अनुगमन, जोखिम पहिचान र पारदर्शिता सुधार गर्न पनि मदत पुऱ्याउँछ ।

तर डिजिटल प्रविधि आफैंमा समाधान होइन । डिजिटल साक्षरताको कमी, साइबर जोखिम, व्यक्तिगत तथ्याङ्कको दुरुपयोग र प्रविधिमा पहुँच नभएका ग्राहक बहिष्कृत हुने जोखिमलाई पनि ध्यान दिनुपर्छ । त्यसैले प्रविधिको विस्तारसँगै ग्राहकको गोपनीयता, साइबर सुरक्षा, वित्तीय साक्षरता र वैकल्पिक सेवा पहुँच सुनिश्चित गर्नुपर्छ ।

४.७ कर्जा विस्तारको प्रश्नसँगै उत्पादनशील लगानीको वातावरण निर्माणको आवश्यकता

आज नेपालको वित्तीय प्रणालीमा अर्को महत्त्वपूर्ण विरोधाभास देखिएको छ । एकातिर वित्तीय प्रणालीमा पर्याप्त तरलता र ऐतिहासिक रूपमा न्यून ब्याजदरको अवस्था देखिन्छ भने अर्कातिर निजी क्षेत्रमा कर्जा विस्तारको गति कमजोर छ । साथै आम जनसमुदायमा लगानी गर्ने आत्मविश्वासको निकै कमी रहेको देखिन्छ । यसो हुनाका पछाडि देशमा व्यवसाय र उद्यममैत्री वातावरणको अभाव पनि हो । यसको उत्तर केवल ब्याजदरमा खोजेर पुग्दैन । व्यावसायिक वातावरण, बजारको माग, लगानीको प्रतिफल, नीतिगत अनिश्चितता, उद्यमशीलताको वातावरण, जोखिम वहन गर्ने क्षमता र भविष्यप्रतिको व्यावसायिक विश्वास पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन् ।

यस अवस्थाले देशमा उद्यमशीलताको इकोसिस्टम नबनिरहेको यथार्थलाई पनि चित्रित गर्छ । देश विप्रेषणमैत्री बनिरहेको छ । विप्रेषण प्राप्त गर्नेहरूको आर्थिक स्तर देशमै रोजगारी वा व्यवसाय गर्नेहरूको भन्दा राम्रो रहेको देखिन्छ । यसबाट उद्यम, व्यवसायमा लगानी गर्ने र जोखिम मोलेर नवप्रवर्तनमा लाग्न युवाहरू पन्छिरहेको देखिन्छ । यस्तो अवस्थामा लघुवित्तको कर्जा लगानी उत्पादनशील क्षेत्रमा कसरी पुग्न सक्ला ? उत्पादनशील क्षेत्र र आयमूलक क्षेत्रमा कर्जा लगानी हुन नसकेपछि लघुवित्त क्षेत्रको मात्र होइन समग्र बैंकिङ क्षेत्रमै प्रश्न उठ्ने वातावरण बन्न जान्छ । यस्तो अवस्थामा लघुवित्त संस्थाहरूका लागि प्रश्न अझ गम्भीर हुन्छ । लघुवित्तको कर्जा उत्पादनशील उद्यम, स्वरोजगार र आयमूलक गतिविधिमा कसरी प्रभावकारी रूपमा पुग्ने ?

यदि कर्जा उत्पादन, उद्यम र आयआर्जनसँग जोडिन सकेन भने कर्जा विस्तार मात्रले गरिबी न्यूनीकरण र आर्थिक रूपान्तरणको उद्देश्य पूरा गर्न सक्दैन । त्यसैले लघुवित्त संस्थाले कर्जा वितरणसँगै उद्यम छनोट, व्यवसाय विकास, बजार पहुँच, वित्तीय साक्षरता र जोखिम व्यवस्थापनमा पनि जोड दिनुपर्छ ।

५. निष्कर्ष

नेपालको लघुवित्त क्षेत्रले वित्तीय पहुँच विस्तार, महिलाको वित्तीय सहभागिता र ग्रामीण क्षेत्रमा कर्जाको उपलब्धता बढाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । तर संस्थागत विस्तारलाई मात्र सफलताको प्रमाण मान्न सकिँदैन । ऋणीको ऋणभार, कर्जाको उत्पादनशील उपयोग, उद्यमको दिगोपन, ग्राहक संरक्षण र सामाजिक प्रभावमा अपेक्षित सुधार हासिल गर्न अझै धेरै चुनौती छन् ।

राष्ट्रिय लघुवित्त नीति २०६४ ले आफ्नो समयको आवश्यकता सम्बोधन गर्न आधार तयार गरे पनि बदलिँदो आर्थिक, सामाजिक र प्रविधिगत परिवेशअनुसार त्यसको पुनरावलोकन आवश्यक छ । अबको नीति कर्जा विस्तारमा मात्र केन्द्रित नभई जिम्मेवार कर्जा प्रवाह, अति विपन्न वर्गको प्रभावकारी समावेशिता, वित्तीय तथा गैरवित्तीय सेवाको एकीकरण, डिजिटल रूपान्तरण र परिणाममा आधारित मूल्याङ्कनतर्फ उन्मुख हुनुपर्छ ।

लघुवित्तको भविष्य केवल 'कति कर्जा प्रवाह भयो ?' वा 'कति नाफा कमाइयो ?' भन्ने प्रश्नबाट निर्धारण हुनुहुँदैन । यसको सफलता 'कति परिवारको आर्थिक सुरक्षा बढ्यो ?, कति उद्यम दिगो बने ?, कति रोजगारी सिर्जना भयो र कति नागरिक वित्तीय रूपमा आत्मनिर्भर भए ?' भन्ने आधारमा मापन गरिनुपर्छ ।

लघुवित्तलाई पुनः सान्दर्भिक बनाउन यसका सामाजिक उद्देश्य र वित्तीय दिगोपनबीच सन्तुलन कायम गर्दै स्पष्ट राष्ट्रिय लक्ष्य, प्रभावकारी नियमन र प्रमाणमा आधारित कार्यान्वयन सुनिश्चित गर्नु आवश्यक छ । समयमै सुधारको प्रक्रिया सुरु नगरे लघुवित्त क्षेत्रले आफ्नै औचित्य प्रमाणित गर्न कठिनाइ भोग्न सक्छ । त्यसैले नयाँ राष्ट्रिय लघुवित्त नीति निर्माणलाई सरकारी औपचारिकतामा सीमित नराखी ऋणी, संस्था, नियामक, अनुसन्धानकर्ता र तीनै तहका सरकारको साझा राष्ट्रिय जिम्मेवारीका रूपमा अघि बढाउनुपर्छ । त्यसैले नयाँ राष्ट्रिय लघुवित्त नीति निर्माणलाई सरकारी औपचारिकतामा सीमित नराखी ऋणी, संस्था, नियामक, अनुसन्धानकर्ता र तीनै तहका सरकारको साझा राष्ट्रिय जिम्मेवारीका रूपमा अघि बढाउनुपर्छ ।

—※※※—

वित्तीय कारबाही कार्यदल र अनुगमन सूची (ग्रे लिस्ट)



वासुदेव भट्टराई
निर्देशक, नेपाल राष्ट्र बैंक
वित्तीय जानकारी एकाइ

विश्वव्यापी रूपमा सम्पत्ति शुद्धीकरण (मुद्रा निर्मलीकरण) र आतङ्कवादी कार्यमा वित्तीय लगानीको निगरानी गर्ने एक अन्तर-सरकारी संस्था वित्तीय कारबाही कार्यदल (फाइनान्सियल एक्सन टास्क फोर्स-FATF[1]) हो । यसले गैरकानुनी गतिविधिहरू र त्यस्ता गतिविधिले समाजमा निम्त्याउने हानिलाई रोक्नका लागि अन्तर्राष्ट्रिय मापदण्डहरू जारी गर्दछ जसलाई एफएटिएफका सिफारिस पनि भनिन्छ । कुनै पनि देशमा यी सिफारिसको अनुपालनमार्फत ती देशका विधायिकी तथा नियामकीय सुधार गर्ने र मुद्रा निर्मलीकरण र आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणका क्षेत्रमा उच्च राजनीतिक इच्छाशक्तिसमेत जागरुक गराउँदछ । यसरी यस संस्थाको मुख्य काम विशेषत: तीन मुख्य कार्य जस्तै: सम्पत्ति शुद्धीकरण (मुद्रा निर्मलीकरण) निवारण, आतङ्कारी कार्यमा वित्तीय लगानी नियन्त्रण र आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रणसँग सम्बन्धित विश्वव्यापी मापदण्ड विकास गर्ने (International Standard Setter) र त्यसको प्रभावकारी पालना भए नभएको यकिन गर्नु रहेको छ ।

एफएटिएफ (FATF) सन् १९८९ मा समूह ७ (G7) देशको सक्रियतामा स्थापना भएको हो । यस संस्थाको उद्देश्य गैरकानुनी क्रियाकलापबाट आर्जित रकम र आतङ्कारी गतिविधिमा वित्तीय लगानीबाट अन्तर्राष्ट्रिय वित्तीय प्रणालीलाई जोगाउनका लागि वित्तीय इमानदारिता र वित्तीय स्थायित्वलाई मजबुत बनाउन आवश्यक मानक, सिफारिस जारी गर्ने र सदस्य राष्ट्रमा त्यसको कार्यान्वयनका प्रभावकारिताको मूल्याङ्कन गर्नु रहेको पाइन्छ । विश्वका सबै मुलुक यसका सदस्य छैनन् । युरोपियन युनियन र गल्फ कोअपरेसन काउन्सिलसमेत गरी ४० सदस्य रहेको उक्त संस्थाले गतवर्ष रसियन फेडेरेसनको सदस्यता निलम्बनमा राखेको छ । संसारभरका देशमा यसले जारी गरेका सिफारिस कार्यान्वयनका लागि यो संस्था जस्तै देहाय बमोजिमका ९ संस्थाहरू क्षेत्रीय निकायका रूपमा स्थापना भई काम गरिरहेका छन् । यी संस्थालाई FATF-Style Regional Body (FSRB) पनि भनिन्छ ।

(१) एसिया प्यासिफक ग्रुप अन मनी लाउन्डरिङ (Asia Pacific Group on Money Laundering-APG),

(२) युरासियन ग्रुप (Eurasian Group on Combating Money Laundering and Financing of Terrorism-EAG),

(३) क्यारेबियन फाइनान्सियल एक्सन टास्क फोर्स (Caribbean Financial Action Task Force-CFATF),

(४) कमिटी अफ एक्सपर्ट अन द इभ्यालुएसन अफ एन्टी-मनी लाउन्डरिङ मिजर्स (Committee of Experts on the Evaluation of Anti-Money Laundering Measures-MONEYVAL),

(५) इस्टर्न एन्ड साउदर्न अफ्रिका एन्टी-मनी लाउन्डरिङ ग्रुप (Estern and Southern Africa Anti-Money Laundering Group-ESAAMLG),

(६) फाइनान्सियल एक्सन टास्क फोर्स अफ ल्याटिन अमेरिका (Financial Action Task Force of Lating America-GAFILAT),

(७) एक्सन ग्रुप अगेन्स्ट मनि लाउन्डरिङ इन सेन्ट्रल अफ्रिका (Action Group against Money Laundering in Central Africa-GABAC),

(८) इन्टर गभर्नमेन्टल एक्सन ग्रुप अगेन्स्ट मनी लाउन्डरिङ इन वेस्ट अफ्रिका (Inter-Governmental Action Group against Money Laundering in West Africa-GIABA) र

(९) मिडल इस्ट एन्ड नर्थ अफ्रिका फाइनान्सियल एक्सन टास्क फोर्स (Middle East and North Africa Financial Action Task Force-MENAFATF)

1 Financial Action Task Force

विभिन्न देशहरूले यी संस्थामध्ये आ-आफ्नो क्षेत्रीय संस्थाको सदस्यता प्राप्त गरेका हुन्छन् । कुनै देश एफएटिएफको सीधै सदस्य नभएका खण्डमा समेत उक्त क्षेत्रीय निकायको सदस्यतामार्फत अप्रत्यक्षरुपमा FATF सँग आबद्ध भएका हुन्छन् ।

एफएटिएफले यी संस्थाहरूसँगको संयुक्त टोली (Assessment Team) बनाई आफ्ना सदस्य राष्ट्रहरूको नियमित रूपमा स्थलगत मूल्याङ्कन गरी जारी भएका मापदण्डहरूको कार्यान्वयन प्रभावकारिता जाँच गर्ने र सोहीअनुरुप एफएटिएफमा प्रतिवेदन बुझाउने गर्दछन् । यसैका आधारमा एफएटिएफले कुन देशलाई खैरो सूची (ग्रे लिस्ट) वा कालो सूचीमा राख्ने वा नराख्ने सम्बन्धमा निर्णय गर्ने गर्दछ ।

त्यस्तै अन्तर्राष्ट्रिय मुद्राकोषले पनि वित्तीय इमानदारिता, पारदर्शिता र स्थायित्वका लागि सम्पत्ति शुद्धीकरण र आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी नीतिगत व्यवस्था र प्रभावकारी कार्यान्वयनले सदस्य राष्ट्रको अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउने उल्लेख गरेको छ । कोषले यस विषयको प्रभावकारितालाई कोषको नियमित मिसनमा जाँच गरी प्रतिवेदन दिने गरेको छ किनभने सम्पत्ति शुद्धीकरण र आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणमा हुने कमजोरीले मुख्यत: देशको वित्तीय क्षेत्र र बाह्य क्षेत्रलाई धक्का दिने गर्दछ । फलस्वरूप विदेशी मुद्रा प्रवाहमा अस्थिरता, बैंकिङ सङ्कट, अप्रभावकारी राजस्व सङ्कलन, कमजोर सुशासन, अन्तर्राष्ट्रिय वित्तीय केन्द्रसँग प्रतिष्ठा/ख्यातिको जोखिम र करेस्पोन्डिङ बैंकिङ आबद्धता वा सम्बन्धमा क्षति आदि हुने गर्दछ । यसका साथै सम्पत्तिको अस्वाभाविक मूल्य बढ्ने (एसेसट्स बबल), कर प्रणालीलाई असर, अनौपचारिक क्षेत्र मौलाउने र संस्थागत संरचनाको भूमिका कमजोर हुने समेत हुन्छ ।

के हो ग्रे लिस्ट ?

एफएटिएफले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि नीतिगत, संस्थागत र कार्यक्रमगत व्यवस्था तथा प्रयासको अवस्थाका सम्बन्धमा संसारभरका देशहरूको पहिचान गर्दछ । यसको वा यसमा आबद्ध यस्तै प्रकारका संस्थाहरूको सदस्यतामार्फत आबद्ध देशहरूको पारस्परिक मूल्याङ्कनका आधारमा ती देशले अपनाएको कानुनी व्यवस्था र सोको प्रभावकारिता मूल्याङ्कनका आधारमा कुनै पनि अनुगमनको सूचीमा रहने वा नरहने निर्णय हुन्छ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका मामिलामा बलियो तथा पर्याप्त कानुनी व्यवस्था र प्रभावकारिता भएका मूलुकलाई कुनै पनि सूचीमा राखेको हुँदैन अर्थात् यस्ता देश नियमित अनुगमनमा रहेको बुझिन्छ तर उक्त मामिलामा कमजोर वा रणनीतिक कमजोरी भएका देशलाई अनुगमनको स्तर वृद्धि भएको देश (Jurisdiction under Increased Monitorting) अन्तर्गत सूचीकृत गरी सार्वजनिक गर्ने गर्दछ । यसलाई नै बोलिचालीका भाषामा खैरो सूची वा ग्रे लिस्ट भनेर बुझिन्छ । खैरो सूचीमा परेको देशको सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणमा रणनीतिक कमजोरीहरू हुने र यिनलाई गहनतापूर्वक समाधान गर्ने कार्य योजनासहित एफएटिफसँग मिलेर सम्पत्ति शुद्धीकरण र आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण गर्न सक्रिय भई काम गर्ने प्रतिबद्धता जनाएका देश यस सूचीमा रहेका हुन्छन् । सन् २०२४ अक्टोबरमा विभिन्न २४ देशहरू यस्तो सूचीमा रहेकामा सन् २०२५ फेब्रुअरी १७ देखि २१ सम्म फ्रान्सको पेरिसमा सम्पन्न प्लेनरीको निर्णयबमोजिम फिलिपिन्स उक्त सूचीबाट बाहिर निस्केको थियो भने लाओस र नेपाल उक्त सूचीमा समावेश भई कुल २५ देशहरू यस सूचीमा रहेका छन् । FATF को प्लेनरी चौमासिक रूपमा हुने र यसबाट रणनीतिक कमजोरीहरू सुधारोन्मुख भएका देशहरूको स्तरोन्नति हुने, सुधार गरिसककेका देश सूचीबाट हट्ने र पारस्परिक मूल्याङ्कनबाट रणनीतिक कमजोरी देखिएका देशहरू त्यस्तो सूचीमा थपिने प्रक्रिया निरन्तर चलिरहेको हुन्छ ।

के हो कालोसूची ?

FATF ले औपचारिक रूपमा कुन देश कालोसूचीमा रहेको छ भन्ने जानकारी दिने गर्दैन वा यसले कुनै सूची पनि प्रकाशित गर्दैन तर सम्पत्ति शुद्धीकरण निवारण र आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणको समग्र प्रयासमा सहयोग नगर्ने र आमविनाशका हातहतियार निर्माणमा संलग्न देशलाई अप्रत्यक्ष वा साङ्केतिक रूपमा High Risk Jurisdiction subject to a Call for Action जस्ता वाक्यहरू प्रकाशित गरेको हुन्छ । यसैलाई नै बाह्य निकाय वा पक्षले वा अन्य सदस्य राष्ट्रहरूले कालोसूचीमा रहेको भनी बुझ्दछन् । सोहीअनुरुप अन्य देशहरूले यस्ता देशसँगको कारोबार निरुत्साहित गर्ने वा त्याग्ने, उच्च मूल्याङ्कन पद्धति अपनाउने र मनोवैज्ञानिक दबाब सृजना गरी Economic Sanction Impose गरेको पाइन्छ । यसका अतिरिक्त पारस्परिक मूल्याङ्कनका क्रममा गम्भीर रणनीतिक कमजोरीहरू भएका देश वा क्षेत्रहरूलाई पहिचान गर्दछ । यिनमा रहेको उच्च जोखिमका कारण FATF ले सबै सदस्यहरूलाई ती देशहरूप्रति Enhance Due Diligence अपनाउने र अन्तर्राष्ट्रिय वित्तीय प्रणालीको रक्षाका लागि Counter Measures समेत लागु गर्न आह्वान गरेको हुन्छ । हाल उत्तर कोरिया, इरान र म्यान्मार यस्तो सूचीमा रहेका छन् ।

नेपालको अवस्था कहिले कस्तो रहेको थियो ?

नेपालले २००२ मा एसिया प्यासिफिक ग्रुप अन मनी

लाउन्डरिङ, एफएटिएफ शैलीको क्षेत्रीय निकाय (FATF-Style Regional Body) को सदस्यता लिएको थियो । यसपश्चात् हालसम्म तीन पटक नेपालको पारस्परिक मूल्याङ्कन भइसकेको छ । पहिलो २००५, दोस्रो ६ देखि १७ सेप्टेम्बर, २०१० (प्रतिवेदन २०११ जुलाईमा सार्वजनिक) र तेस्रो पटक ५ देखि १६ डिसेम्बर २०२२ (प्रतिवेदन २०२३ सेप्टेम्बरमा सार्वजनिक) मा भएको हो । सन् २००५ मा आधार भूत कानुनी व्यवस्थाहरू नै नभएको हुँदा कुनै पनि सिफारिस पालना भएको अवस्था थिएन । तथापि सन् २००८ मा सम्पत्ति शुद्धीकरण निवारण ऐन जारी भएपश्चात् नेपालमा यसको पालना र कार्यान्वयन प्रभावकारिताको बेलाबेलामा मूल्याङ्कन हुने गरेको पाइन्छ । एफएटिएफले सन् २०१० देखि नेपालले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा गरेको प्रयासको मूल्याङ्कन गरी अवस्था सार्वजनिक गरेको पाइन्छ । FATF को चौमासिक रूपमा सम्पन्न हुने प्लेनरीमा ग्रे लिस्टमा परेको देशको समेत के कस्तो सुधार भयो सोको मुल्यांकन गरी अवस्था सार्वजनिक हुने गर्दछ । एफएटिएफको वेभसाइट (https://www.fatf-gafi.org/en/countries) मा प्रकाशित भएअनुसार नेपाल कहिले कहिले कस्तो कस्तो अवस्थामा रहेको थियो भन्ने जानकारी देहायबमोजिम रहेको छ:

(क) **फेब्रुअरी १८, २०१०**: नेपालको पालना स्थितिको निरन्तर समीक्षा भएको, यस बखतसम्म सम्पत्ति शुद्धीकारण निवारण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी नियन्त्रणमा देखिएका रणनीतिक कमजोरीहरू पाइएको, उक्त कमजोरीहरू समाधानका लागि कार्य योजनाको विकास गरेको र यी कमजोरी सुधार गर्नका लागि उच्च स्तरीय राजनीतिक प्रतिबद्धतासमेत प्राप्त भएको हुँदा उक्त प्रतिबद्धताको स्वागत गर्दै विश्वव्यापी सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी नियन्त्रणको पालनामा सुधार भएका देशअन्तर्गत निरन्तर समीक्षा (On-going Global AML/CFT Review Process) गर्नुपर्ने देशका रूपमा राखेको ।

"Nepal has demonstrated progress in improving its AML/CFT regime; however, the FATF has determined that certain strategic AML/CFT deficiencies remain. Nepal has made a high-level political commitment to work with the FATF and APG to address these deficiencies, including by:

(1) Adequately criminalising money laundering and terrorist financing (**Recommendation 1 and Special Recommendation II**);

(2) Establishing and implementing adequate procedures to identify and freeze terrorist assets (**Special Recommendation III**);

(3) Implementing adequate procedures for the confiscation of funds related to money laundering (Recommendation 3); and

(4) E\enacting and implementing appropriate mutual legal assistance legislation (**Recommendation 36**).

The FATF encourages Nepal to address its remaining deficiencies and continue the process of implementing its action plan."

यसपश्चात् २५ जुन र २२ अक्टोवर २०१०, २५ फेब्रुअरी, २४ जुन र २८ अक्टोबर २०११ मा भएको अद्यावधिक अवस्थामा समेत उपर्युक्त अवस्था विद्यमान रहेकाले नेपाल On-going Review मा रहेको उल्लेख छ । यस अवधिमा नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी पहिलो राष्ट्रिय रणनीति, २०६८-२०७३ कार्यान्वयनमा आएको थियो ।

(ख) **फेब्रुअरी १६, २०१२**: यसपटक जारी सूचना अनुसार नेपालले सहमति गरेको कार्य योजनामा केही कार्यहरू थप भएको देखिन्छ । जस्तै:

"….(5) ensuring a fully operational and effectively functioning Financial Intelligence Unit (Recommendation 26) and (6) establishing adequate STR reporting obligations for ML and FT (**Recommendation 13** and Special Recommendation IV)."

यस पटकको प्लेनरीबाट नेपाललाई पूर्ववत् कार्य योजनामा थप दुई कार्यहरू थपिएको पाइन्छ । Rec. 26 and Rec. 13 सँग सम्बन्धित वित्तीय जानकारी एकाइको पूर्ण र प्रभावकारी कार्य सञ्चालन र शङ्कास्पद कारोबार प्रतिवेदन गर्ने पर्याप्त संयन्त्रको स्थापना गर्ने ।

यसपश्चात् वित्तीय क्षेत्रका नियामकले शङ्कास्पद कारोबार प्रतिवेदन पेस गर्ने सम्बन्धमा स्पष्ट व्याख्या, तरिका, विधि र ढाँचा विकास गरी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा अन्य समग्र विषयसमेत समेटी निर्देशनलाई विस्तृत र व्यापक बनाएका थिए । नेपाल ग्रे लिस्टबाट निस्कनका लागि प्राप्त कार्ययोजना मुताबिक FATF को प्रत्येक प्लेनरीका अवधिमा भएका सुधारात्मक कार्यहरू देहायबमोजिम रहेका छन्:

क्र.सं.	प्लेनरीको समय	प्रगति अवस्था	के के काम भयो ?
१.	जुन, २०१२	▪ नभएको	▪ उल्लेख्य कार्य नभएको ।
२.	अक्टोबर, २०१२	▪ आंशिक तर अपर्याप्त	▪ जुन २०१२ पश्चात् अक्टोबरसम्ममा वित्तीय जानकारी एकाइमा प्राप्त हुने सूचना वा जानकारी सुरक्षित रूपमा राख्ने बाहेकको अन्य प्रगति नभएको, ▪ नेपालको On-going Review मा नै रहेको ।
३.	फेब्रुअरी, २०१३	▪ आंशिक तर अपर्याप्त	▪ सङ्गठित अपराध नियन्त्रण अध्यादेश जारी, ▪ बीमा र धितोपत्र क्षेत्रका सूचक संस्थाका लागि निर्देशन जारी ।
४.	जुन, २०१३	▪ केही प्रगति भएको ▪ तर अझै रणनीतिक कमजोरी कायमै	▪ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन संशोधन अध्यादेश, ▪ कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) अध्यादेश, ▪ निम्न तीन कार्यहरू बाँकी रहेको: (1) establishing and implementing adequate procedures to identify and freeze terrorist assets; (2) demonstrating adequate implementation of MLA[2] legislation; and (3) ensuring an effectively functioning FIU[3].
५.	अक्टोबर, २०१३	▪ नेपालले सहमति गरेका कार्यहरू अधिकांश सम्पन्न (Largely Address) भएका ▪ यकिनका लागि FATF ले स्थलगत भ्रमण (On-site Visit) गर्ने	▪ निम्न कार्यहरू Largely Address भएका: (1) adequately criminalising ML/TF; (2) establishing and implementing adequate procedures to identify and freeze terrorist assets; (3) implementing adequate procedures for the confiscation of funds related to ML; (4) enacting and implementing appropriate MLA legislation; (5) ensuring a fully operational and effectively functioning FIU; and (6) establishing adequate STR4 obligations for ML/TF
६.	फेब्रुअरी, २०१४	▪ स्थलगत भ्रमण भयो तर नेपाल ग्रे लिस्टमा रहिरह्यो ▪ विगतको अध्यादेशलाई संसद्ले पास गर्नुपर्ने भयो	▪ ग्रे लिष्टमा रहिरहनुको कारण: "…… However, Nepal's recently elected Parliament will need to consider the ordinances and ratify them as permanent parliamentary statutes. The FATF encourages Nepal to urgently enact the ordinances as Parliamentary statutes within the statutory timeframe. **Until then, the FATF will continue to monitor Nepal.**"
७.	जुन, २०१४	▪ Jurisdictions no longer subject to the FATF's on-going global AML/CFT complianceprocess	▪ विक्रम संवत् २०७३ मा संसदबाट अध्यादेश अनुमोदन भई ऐन बनेपश्चात् नेपाल ग्रे लिस्टबाट हटेको थियो । ▪ मुख्य कार्यहरूका रूपमा कानुन निर्माण, निर्देशनहरू जारी, वित्तीय जानकारी एकाइको प्रभावकारी कार्यसञ्चालन, शङ्कास्पद कारोबारको प्रतिवेदन प्रणालीको संस्थागतीकरण, पहिलो राष्ट्रिय जोखिम मूल्याङ्कन (NRA[5])को तयारी आदि ।

2 mutual legal assistance
3 financial intelligence unit
4 suspicious transaction reporting
5 national risk assessment on ML/TF

यसरी नेपालको दोस्रो पारस्परिक मूल्याङ्कनपश्चात् करिब चार वर्ष चार महिना ग्रे लिस्ट (Jurisdiction under FATF's on-going global AML/CFT compliance process) मा परेको थियो । उक्त समयमा मुख्य ६ वटा कार्यहरू नेपालले सम्पन्न गर्ने गरी समयसीमा उपलब्ध भएको थियो ।

अन्तर्राष्ट्रिय अनुगमनमा नेपालको दोस्रो यात्रा

FATF को ४० Recommendations को पालना र प्रभावकारिताको अवस्था जाँचका लागि नेपालको तेस्रो पारस्परिक मूल्याङ्कन ५ देखि १६ डिसेम्बर २०२२ मा सम्पन्न भयो । सन् २०२३ मा पारित नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदनले कानुनी संरचनामा उल्लेख्य सुधार भएको देखाउँदै सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बद्ध प्रणालीको प्रभावकारिता थप सुदृढ गर्नुपर्ने भनी औंल्याएको थियो । यसपछि नेपाल फेब्रुअरी २०२५ देखि FATF को सघन अनुगमन सूची (Jurisdiction under increased monitoring) अर्थात् ग्रे लिस्टमा रहेको छ । FATF को अनुगमनको सूचीमा नेपालको यो दोस्रो दुःखद यात्रा हो । यस सूचीबाट बाहिर निस्कनका लागि गरिने हरेक क्रियाकलापले देशमा सुशासनको पक्ष बलियो बनाउँदै लैजाने हुँदा गैरकानुनी आर्थिक अपराधलाई सजाय गर्न सक्ने संयन्त्रको विकास भई कालो धनलाई राज्यकोषमा फिर्ता ल्याउने कार्य सफल हुनुपर्दछ । त्यसैले कुनै संस्थाले नेपाललाई यस्ता सूचीमा पाऱ्यो वा राख्यो भन्नुभन्दा पनि देशभित्र वा बाह्य जगत्सँग हुने आर्थिक क्रियाकलापको स्पष्टता, स्वच्छता र इमानदारिता प्रदर्शन गर्नु महत्त्वपूर्ण विषय हुन आउँछ ।

देशलाई ग्रे लिस्टबाट बाहिर निकाल्ने सिलसिलामा FATF सँग सहमत कार्ययोजना पूरा गर्न नेपालले उच्च राजनीतिक प्रतिबद्धता व्यक्त गर्दै सम्बद्ध सबै निकायको सहभागितामा विस्तृत कार्ययोजना अप्रिल २०२५ देखि कार्यान्वयनमा ल्याएको छ । ती कार्ययोजनालाई विस्तृत रूपमा आठ फरक फरक विधामा विभाजन गरिएको छ । तिनको हालसम्मको कार्य प्रगति समेत देहायबमोजिम रहेको छ:

क्र.सं.	मुख्य क्षेत्र	प्रारम्भिक अवस्था	हालसम्मको प्रगति	अब बाँकी काम
१	जोखिमको पहिचान र बुझाइ	▪ राष्ट्रिय जोखिम मूल्याङ्कन अद्यावधिक गरी प्रतिवेदनमा कानुनी व्यक्ति, सीमापार कारोबार र उदीयमान जोखिमसमेत समेट्नुपर्ने । ▪ सरोकारवालाको जोखिमसम्बन्धी बुझाइमा एकरूपता ल्याउनुपर्ने ।	राष्ट्रिय जोखिम मूल्याङ्कन अद्यावधिक भएको ।	जेखिमप्रतिको साझा बुझाइको सचेतना कार्यक्रम बढाउनुपर्ने ।
२.	वित्तीय क्षेत्रको जोखिममा आधारित सुपरिवेक्षण	▪ सुपरिवेक्षकीय जनशक्ति, जोखिममा आधारित निरीक्षण ▪ अनुपालना नभएमा प्रभावकारी, समानुपातिक र निरोधात्मक कारबाही थप सुदृढ गर्नुपर्ने ।	▪ सुपरिवेक्षकीय जनशक्ति वृद्धि, सुपरिवेक्षणसम्बन्धी विनियम तयार, ▪ सहकारी क्षेत्रको सुपरिवेक्षण सुरु, ▪ अनुपालनामा देखिएको कमजोरीका आधारमा कारबाही भइरहेको ।	▪ जोखिममा आधारित सुपरिवेक्षण वृद्धि, ▪ समानुपातिक र निरोधात्मक कारबाही गर्ने ।
३.	गैरवित्तीय व्यवसाय तथा पेसाकर्मीको सुपरिवेक्षण	क्यासिनो, बहुमूल्य धातु कारोबारी र घरजग्गा व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण सुरु गर्नुपर्ने ।	सम्बन्धित नियामकबाट निरीक्षण तथा घरजग्गा एजेन्टका लागि इजाजतपत्र प्रदान ।	▪ जोखिममा आधारित सुपरिवेक्षण वृद्धि, ▪ समानुपातिक र निरोधात्मक कारबाही गर्ने ।

४.	हुन्डी तथा अवैध रकमान्तर नियन्त्रण	हुन्डीको पहिचान, अनुसन्धान र कारबाही थप प्रभावकारी बनाउनुपर्ने ।	▪ वित्तीय जानकारीका आधारमा अनुसन्धान र मुद्दा दायर, ▪ संयुक्त अनुसन्धान समिति गठन, ▪ विदेशस्थित नियोगमार्फत सूचना सङ्कलन, ▪ नगद बरामद ।	▪ वित्तीय सूचना बढाउने, ▪ अनुसन्धान र मुद्दा दायर बढाउँदै लैजाने ।
५.	निरोधात्मक उपाय तथा सूचक संस्थामा सचेतना	संशोधित कानुनअनुसार क्षेत्रगत निर्देशन अद्यावधिक गर्नुपर्ने र उच्च जोखिमका क्षेत्रमा लक्षित सचेतना बढाउनुपर्ने ।	▪ क्षेत्रगत निर्देशन अद्यावधिक, ▪ शङ्कास्पद कारोबार प्रतिवेदन मार्गदर्शन परिमार्जन, ▪ सचेतना कार्यक्रम सञ्चालन ।	निरन्तरता दिने ।
६.	वित्तीय जानकारीको प्रयोग, अनुसन्धान र अभियोजन	वित्तीय जानकारीको प्रयोगसहित अनुसन्धानको क्षमता र निकायगत समन्वय बढाउँदै जटिल प्रकृतिका मुद्दामा अनुसन्धान र अभियोजन बढाउनुपर्ने ।	▪ वित्तीय जानकारीको प्रवाहमा उल्लेख्य वृद्धि, ▪ निकायगत तालिम, ▪ अन्तरनिकाय समन्वय मार्गदर्शन तयारीको क्रममा ।	▪ अनुसन्धान र अभियोजनमा उल्लेख्य वृद्धि गर्ने, ▪ आगामी दिनमा स्वचालित हुने संयन्त्र तयार गर्ने ।
७.	अपराधजन्य सम्पत्तिको रोक्का र जफत	सम्पत्ति रोक्का, जफत र व्यवस्थापनको क्षमता तथा समन्वय बढाउनुपर्ने ।	▪ क्षमता अभिवृद्धि कार्यक्रम, ▪ कसुरजन्य सम्पत्ति रोक्का, जफतको एकीकृत विवरण व्यवस्थापन प्रणाली कार्यान्वयनमा ।	सबै सम्बद्ध निकायबाट विवरण अद्यावधिक हुने व्यवस्था र अनुगमन ।
८.	लक्षित वित्तीय कारबाही	संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावअनुसार लक्षित वित्तीय कारबाहीको प्राविधिक व्यवस्थामा सुधार गर्नुपर्ने ।	नियमावली संशोधन, निर्देशन जारी, अनलाइन पोर्टल सञ्चालन र समयमै रोक्का आदेशको व्यवस्था ।	सम्पन्न भइसकेको ।

यसरी नेपाल दोस्रो पटक ग्रे लिस्टमा परेको पनि करिब पौने दुई वर्ष भइसक्यो । यसबीचमा गरेका काम कारबाहीले कहिले ग्रे लिस्टबाट निस्कन सकिएला भन्ने स्पष्ट चित्र बन्न अझै बाँकी छ । दुई वर्षको समयावधिमा कार्ययोजनाबमोजिमका क्रियाकलाप सम्पन्न गरी सुधार गर्न नसकेमा थप कडा चेतावनीहरू आउन सक्ने सम्भावना रहन्छ । तथापि हालसम्म नेपालले जोखिम मूल्याङ्कन गरिसकेको, सुपरिवेक्षकीय स्रोत साधनको सुनिश्चितता गरिसकेको, क्षेत्रगत निर्देशनहरू जारी र ऐन नियमबमोजिम अद्यावधिक गरिसकेको, लक्षित वित्तीय कारबाहीसम्बन्धी मार्गदर्शन तथा अन्य आवश्यक मार्गदर्शनहरू जारी गरिसकेको, तथ्याङ्क र विवरणका लागि आवश्यक पर्ने स्वचालित विद्युतीय प्रणाली स्थापना र सञ्चालन गरेका आधारमा आगामी दिनमा थप नकारात्मक परिणाम आउने सम्भावना भने न्यून रहेको आँकलन गर्न सकिन्छ ।

अन्त्यमा,

सकेसम्म गल्ती गर्दै नगर्नु उत्तम मानिन्छ, गरिहालेमा गल्तीबाट गतिलो पाठ सिकेर त्यसलाई नदोहोऱ्याउनु मध्यम मानिन्छ तर पटक पटक गल्ती गर्नु अधम भइहाल्यो । हाम्रो अवस्था पनि यस्तै रह्यो । एक पटक ग्रे लिस्टको स्वाद चाखिसकेपछि पुनः त्यही बाटामा जानु भनेको नशामा डुबेसरह नै हो । त्यसबाट निस्कन कठिन सङ्घर्ष त गर्नैपर्छ । यस पटकको ग्रे लिस्टको भोगाइले संस्थागत र कार्यसञ्चालनगत संयन्त्रहरू स्थापना भई कार्य गरिरहेका छन् । अपराधको आर्जन उपर शङ्कास्पद नजर लगाउनेदेखि यसको पहिचान, विश्लेषण, अनुसन्धान, अभियोजन र अदालती छिनोफानोपश्चात् जफत बिगो राज्यकोषमा फिर्ता ल्याउने र तत्पश्चात् व्यवस्थापन गर्नेसम्मको दूरदर्शी संयन्त्रले स्वचालित रूपमा आ-आफ्नो जिम्मेबारी निभाउने अवस्था बनेको छ । तथापि अनुसन्धान, अभियोजन र रोक्का-जफतसम्बन्धी कार्यहरूमा एक फड्को मार्ने साथसाथै नियामकीय कारबाही प्रभावकारी, समानुपातिक र निरोधात्मक रूपमा सम्पन्न भएका छन् भन्नेमा अन्तर्राष्ट्रिय जगत्लाई आश्वस्त पार्न सकेका खण्डमा छिटो ग्रे लिस्टबाट निस्कन सक्ने देशहरूको सूचीमा हामी पनि सँगै हुने थियौं । हालसम्म बनेको सम्पत्ति शुद्धीकरण निवारण प्रणालीलाई एक Eco System मा चल्न दिई आगामी दिनमा ग्रे लिस्टमा कहिल्यै नपर्ने गरी अगाडि बढ्न सकिन्छ ।

त्यसैले सम्बद्ध सबै निकायले अन्तर्राष्ट्रिय वित्तीय अनुपालन र सम्पत्ति शुद्धीकरण निवारणमा हाल भइरहेको संयन्त्रलाई थप बलियो, स्वचालित आधारभूत प्रणालीमा रूपान्तरण गर्ने दीर्घकालीन रणनीतिक लक्ष्यलाई पछ्याई ग्रे लिस्टबाट सफलतापूर्वक बाहिर निस्किसकेपछि फेरि कहिल्यै पनि उक्त सूचीमा नपरौं (never again in ICRG) भन्ने महत्त्वाकाङ्क्षालाई यथार्थमा बदल्नुपर्दछ ।

—※※※—

सङ्घीय अर्थतन्त्रमा अन्तर सरकार वित्तीय सम्बन्धमा भएका व्यवस्था, व्यावहारिक चुनौती र सुधारका उपायहरू



रामबहादुर के.सी.
उपसचिव
अर्थ मन्त्रालय, सिंहदरबार

विषयप्रवेश

नेपालको संविधानले अन्तर सरकारका सम्बन्धमा राजनीतिक, प्रशासनिक, आर्थिक/वित्तीय र न्यायिक सम्बन्धको व्यवस्थापनबाट सङ्घीय शासनको पूर्ण कार्यान्वयन गर्ने परिकल्पना गरेको छ । वित्तीय अन्तरसम्बन्ध सङ्घीय शासन प्रणालीको मियो हो । यसले Vertical तथा Horizontal रूपमा सङ्घ, प्रदेश र स्थानीय तहका बीचमा सम्बन्ध कायम गरी आर्थिक पहुँच, पहिचान, प्रतिनिधित्व र प्रतिफलको बाँडफाँट गर्ने योजना वित्तीय सम्बन्ध स्थापित गर्दछ । सङ्घीय एकाइहरूबीच हुने खर्च, राजस्व, वित्त हस्तान्तरण र ऋणबीच तादात्म्य कायम गर्ने आर्थिक ढाँचा नै अन्तर सरकार वित्तीय सम्बन्ध हो । यसले खर्च वा कार्यको जिम्मेवारी बाँडफाँट, सङ्घीय एकाइहरूको राजस्वको अधिकार, अनुदान तथा राजस्व बाँडफाँटका माध्यमबाट वित्त हस्तान्तरण र घाटा बजेट पूर्तिका लागि ऋणको अधिकारलाई व्यवस्थित गरेको हुन्छ । अन्तर सरकार वित्तीय सम्बन्ध वित्तीय सङ्घीयता कार्यान्वयनको प्रमुख आधार हो । यसको कार्यान्वयनका लागि व्यवस्थित गरिएका नीतिगत तथा संस्थागत व्यवस्थाको अक्षरशः कार्यान्वयन गर्न नसक्दा अन्तर सरकार वित्तीय सम्बन्धमा केही समस्या तथा चुनौतीहरू देखिएका छन् ।

वित्तीय सङ्घीयताको वैश्विक अवधारणा र नेपाल

अमेरिकी अर्थशास्त्री रिचर्ड मस्ग्रेभको 'सार्वजनिक वित्तको सिद्धान्त' सार्वजनिक अर्थ व्यवस्थाको अध्ययन पुस्तक प्रकाशन भएसँगै वित्तीय सङ्घीयताको अवधारणा सार्वजनिक तथा सुरुवात भएको देखिन्छ । अर्थशास्त्री मस्ग्रेभले वित्तीय सङ्घीयतामा खर्चको जिम्मेवारी, राजस्व अधिकार, वित्त हस्तान्तरण र ऋण सम्बन्धमा तहगत सरकारहरूबीचको व्यवस्थापनलाई प्राथमिकताका साथ सतहमा लिएदेखि यस अवधारणाले सार्थकता पाएको हो । वैश्विक रूपमा सङ्घीय शासन प्रणाली अवलम्बन गर्ने मुलुकहरूले यसै अवधारणाका वरिपरि रहेर आफ्नो वित्तीय सङ्घीयतासम्बन्धी व्यवस्थापन संवैधानिक तथा कानुनी रूपमा गरेका छन् । मौजुदा नेपालको संविधान कार्यान्वयनमा आएपश्चात् नेपालले आफ्नो विशिष्ट मौलिकपनसहितको वित्तीय सङ्घीयता व्यवस्थापन र कार्यान्वयन गर्दै आएको छ ।

अन्तर सरकार वित्तीय सम्बन्ध र यसका अवयवहरू

नेपालको संविधानको धारा ५६ (२) ले नेपालको राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने व्यवस्था गरेको छ । वित्तीय सङ्घीयताको व्यवस्थापन सम्बन्धमा नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्म एकल तथा साझा अधिकारको सूचीसम्बन्धी व्यवस्था रहेको छ। यी अनुसूचीहरूमा खर्च तथा कार्यको जिम्मेवारी र राजस्वको अधिकारको किटान गरिएको छ । साथै संविधानको धारा ५९ ले ऋण र वैदेशिक सहायतासम्बन्धी व्यवस्था गरेको छ भने धारा ६० मा राजस्वको बाँडफाँट र वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्था गरिएको छ । वित्तीय सङ्घीयताको कार्यान्वयनमा नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनी व्यवस्थासमेत रहेको छ । वित्तीय सङ्घीयताका प्रमुख व्यवस्थाहरू देहायअनुसार छन् :

(१) **खर्चको जिम्मेवारी:** नेपालको संविधानबमोजिम तीन तहका सरकारको एकल तथा साझा अधिकारका विषयमा रहेका कामहरू, कामहरूको मापदण्ड र काम सम्पादन गर्दा लाग्ने खर्चको फेहरिस्त खर्चको जिम्मेवारी हो । नेपालको संविधानको अनुसूचीमा रहेका कामहरूलाई कार्य विस्तृतीकरण प्रतिवेदनले थप स्पष्ट गरेको छ । खर्चको जिम्मेवारीले खर्च आवश्यकताको निर्क्यौलको माग गर्दछ। खर्चको जिम्मेवारी निर्धारण गर्दा संविधानको एकल तथा साझा अधिकारको थप व्याख्या, दोहोरोपनाको अन्त्य, सरकारका तहहरूका काममा अहस्तक्षेप र सरकारको कामको स्पष्ट आवश्यकता र जिम्मेवारी यकिन गर्न सकिएमा खर्चमा सुशासन कायम गर्न सहज हुन्छ ।

(२) **राजस्व अधिकार:** संविधानले सुम्पेको अधिकार, दायित्व र जिम्मेवारी पूरा गर्न तीनै तहका सरकारलाई आवश्यक पर्ने स्रोतको मूल आधार राजस्व अधिकार हो । बाह्य सहायता र आन्तरिक ऋण जस्ता स्रोतहरूको दीर्घकालीन बोझ सदैव राज्यका हितमा नदेखिने हुँदा राजस्व परिचालन नै तीन तहका सरकारको दिगो र भरपर्दो स्रोत मान्न सकिन्छ । सैद्धान्तिक रूपमा राजस्वका विज्ञहरू स्थानीय तहमा सेवा शुल्क र सम्पत्ति कर, प्रदेशमा वस्तु तथा सेवामा आधारित कर र सङ्घमा आयकर, भन्सार र अन्त:शुल्क पचिालन हुँदा स्रोत परिचालनको व्यवस्थापकीय दृष्टिबाट उपयुक्त हुने धारणा राख्दछन् ।

(क) सङ्घीय एकाइहरूको राजस्व अधिकार

(अ) सङ्घीय सरकारको राजस्वसम्बन्धी अधिकार: व्यक्तिगत र संस्थागत आयकर, पारिश्रमिक कर, भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क र गैरकरहरू ।

(आ) प्रदेश सरकारको राजस्वसम्बन्धी अधिकार: कृषि आयमा कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर, सवारी साधन कर, विज्ञापन कर, नदीजन्य र खानीजन्य र गैरकरहरू ।

(इ) स्थानीय तहको राजस्व अधिकार: सम्पत्ति कर, घरबहाल कर, व्यवसाय कर, भूमि कर (मालपोत), कवाडी कर, पार्किङ शुल्क, जडिबुटी कर, मरेका जीवजन्तु कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर, सवारी साधन कर, विज्ञापन कर, नदीजन्य र खानीजन्य र गैरकरहरू ।

वित्तीय सङ्घीयता अवलम्बन गरेका मुलुकहरूमा प्राय: कुल राजस्वको करिब ९५ प्रतिशत हिस्सा सङ्घीय सरकारमार्फत सङ्कलन हुने गरेको छ भने ५ प्रतिशत हिस्सा उपराष्ट्रिय सरकारहरूबाट परिचालन हुने सैद्धान्तिक आधारमा नेपालको राजस्व अधिकारसमेत सोही ढाँचामै व्यवस्थापन गरिएको देखिन्छ ।

(ख) राजस्वको बाँडफाँट: अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ ले मूल्य अभिवृद्धि कर र अन्त:शुल्क (आन्तरिक) बाट उठेको करमध्ये ७० प्रतिशत सङ्घ र १५/१५ प्रतिशत प्रदेश सरकार र स्थानीय तहमा बाँडफाँट गर्ने कानुनी व्यवस्था रहेको छ । सोही ऐनको दफा ६ (क) ले प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका राजस्व अधिकार एकल कर प्रशासनको विधिबाट सङ्कलन गरी सवारी साधन कर प्रदेश सरकारले सङ्कलन गरी ६० प्रतिशत आफैंले राखी ४० प्रतिशत प्रदेश सरकारमा बाँडफाँट गर्ने र घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर, नदीजन्य र खानीजन्य पदार्थको बिक्रीबाट प्राप्त कर स्थानीय तहले सङ्कलन गरी ६० प्रतिशत आफैंले राख्ने र ४० प्रतिशत प्रदेश सरकारमा बाँडफाँट गर्ने कानुनी व्यवस्था रहेको छ ।

(ग) प्राकृतिक स्रोतको सलामी दस्तुर (रोयल्टी) बाँडफाँट: नेपालको संविधानको अनुसूची ९ मा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी तीनै तहका सरकारको साझा अधिकारको सूचीमा राखिएको छ । अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ र अनुसूची ४ अनुसार प्राकृतिक स्रोत (पर्वतारोहण, विद्युत्, वन, खानी र खनिज, पानी र अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी नेपाल सरकारको ७० प्रतिशत, सम्बन्धित प्रदेशको १५ प्रतिशत र सम्बन्धित स्थानीय तहको १५ प्रतिशत हुने गरी बाँडफाँट गरिने कानुनी व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको परिचालन गर्दा सङ्घ, प्रदेश र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणका आधार तय गर्ने र प्राकृतिक स्रोतबाट प्राप्त गर्ने रोयल्टी बाँडफाँट गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुन्छ ।

(३) **वित्तीय हस्तान्तरण:** सरकारका तहहरूबीच हुने वित्तीय असन्तुलन र वित्तीय खाडललाई कम गर्ने र स्रोत/साधनको समतापूर्ण वितरणका लागि संरचनात्मक प्रबन्ध गर्ने कार्य नै अन्तर सरकार वित्तीय हस्तान्तरण हो । राजस्व स्रोत सबै तह र स्थानमा एकैनास वा सन्तुलित रूपमा वितरित नहुने, खर्च आवश्यकता एवम् सेवाको लागत फरक हुने र व्यवस्थापकीय क्षमतामा हुने असमानताले अन्तरसरकारी वित्तीय हस्तान्तरण आवश्यक पर्दछ । वित्तीय असन्तुलन र वित्तीय खाडल देहायका कारणले फरक पर्दछ:

(क) Vertical Fiscal Gap: खर्चको आवश्यकता र राजस्व सम्भाव्यताका कारण ठाडो वित्तीय खाडलको सिर्जना हुने गर्दछ ।

(ख) Horizontal Fiscal Gap: फरक फरक वित्तीय क्षमताका कारण क्षितिजीय वित्तीय खाडको सृजना हुने गर्दछ ।

उपरोक्त खाडल हटाउनका लागि सङ्घीय सरकारबाट वस्तुनिष्ठ, आधारसम्मत, वैज्ञानिक, सूचना र तथ्याङ्कका आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम अन्तर सरकार वित्त हस्तान्तरण गर्नुपर्दछ । अन्तर सरकार वित्तीय हस्तान्तरण निम्नबमोजिम गरिने संवैधानिक प्रावधान रहेको छ:

(क) वित्तीय समानीकरण अनुदान: सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ ।

(अ) न्यूनतम वित्तीय समानीकरण अनुदान: दश हजारभन्दा कम जनसङ्ख्या भएकामा कम्तीमा रु. २ करोड पचास लाख र हरेक प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने न्यूनतम सीमा निर्धारण गरी जनसङ्ख्या र क्षेत्रफललाई पचास/पचास प्रतिशत भार दिई अनुदान रकम थप गर्दै जाने व्यवस्था रहेको छ । यस आधारमा हेर्दा न्यूनतम वित्तीय समानीकरण अनुदान वितरणमा जनसङ्ख्या र क्षेत्रफललाई प्रमुख सूचकका रूपमा लिइएको छ ।

(आ) सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान: सङ्घबाट प्रदेश र स्थानीय तह तथा प्रदेशबाट स्थानीय तहमा वितरण हुने यस अनुदान देहायका आधारहरूमा वितरण हुन्छ:

१ मानव विकास सूचकाङ्क

२ आर्थिक सामाजिक असमानता

३ पूर्वाधार विकासको अवस्था: सडक, विद्युत्, सूचना प्रविधि, खानेपानी र सरसफाइ

४ राजस्वको अवस्था

५ खर्चको आवश्यकता र राजस्व सङ्कलन गर्न सक्ने क्षमता

(इ) कार्यसम्पादन मूल्याङ्कनका आधारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान: यस प्रकारको अनुदान वितरण देहायका आधारमा हुन्छ:

१ प्रक्रियागत रूपमा कार्यसम्पादन गरेको वा नगरेको

२ कानुन तर्जुमा गरेको वा नगरेको

३ उद्देश्यबमोजिम खर्च गरेको वा नगरेको

४ गत आर्थिक वर्षको खर्च प्रगतिको अवस्था

(ख) ससर्त अनुदान: राष्ट्रिय नीति, योजना तथा कार्यक्रम, राष्ट्रिय मानक, अन्तर्राष्ट्रिय प्रतिबद्धता र पूर्वाधार क्षेत्रहरू कार्यान्वयन गर्न ससर्त अनुदान महत्त्वपूर्ण रहेको हुन्छ । सङ्घीय सरकारका प्राथमिकताहरू ससर्त अनुदानमार्फत कार्यान्वयन गरिन्छ । यो प्रदेश सरकार र स्थानीय तहको अधिकारको अनुदान होइन । यो अनुदान वितरण गर्दा देहायका सर्तहरू स्पष्ट गरी वितरण हुन्छ:

१ निवेशमा आधारित (Input Based): खर्चको क्षेत्र तोक्ने जस्तै: शिक्षा, स्वास्थ्य

२ प्रतिफलमा आधारित (Output Based): प्रतिफल तोकिएका क्षेत्रहरू जस्तै: १० किमि सडक

(ग) समपूरक अनुदान: सङ्घीय सरकारले प्रदेश सरकार र स्थानीय तह तथा प्रदेश सरकारले स्थानीय तहलाई लागत साझेदारीका आधारमा पूर्वाधार विकाससम्बन्धी योजना कार्यान्वयन गर्न वितरण गरिने अनुदान समपूरक अनुदान हो । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले समपूरक अनुदान वितरण गर्दा योजनाको सम्भाव्यता, लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजनाको कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति, योजनाको आवश्यकता र प्राथमिकता जस्ता पक्षहरूमा ध्यान दिनुपर्ने गरी आधार तोकेको छ । समपूरक अनुदान वितरण गर्दा स्पष्ट, वैज्ञानिक सूचना र तथ्याङ्कका अभावमा समपूरक अनुदान हचुवामा वितरण भए वित्तीय खाडल थप बढ्न सक्ने हुनाले यसतर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

(घ) विशेष अनुदान: सामाजिक पूर्वाधारका क्षेत्रहरू जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी, अन्तर प्रदेश तथा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने, आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्न प्रदेश र स्थानीय तहबाट प्रस्तावित योजनामा सङ्घबाट प्रदेश सरकार तथा स्थानीय तहमा र प्रदेशबाट स्थानीय तहमा हुने वितरण विशेष अनुदान हो । कुनै प्रदेश सरकार तथा स्थानीय तहको क्षमता विकास हुन नसकी विशेष अनुदानका लागि योजना प्रस्ताव

हुन नसकेमा यसले Horizontal and Vertical वित्तीय खाडल थप बढाउन सक्ने हुँदा तत् तत् निकायको क्षमता विकास गर्न समेत आवश्यक रहेको छ ।

(४) **ऋण अधिकार:** नेपालको संविधान र अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४ बमोजिम बाह्य ऋण र वैदेशिक सहायता परिचालनको अधिकार सार्वभौम जनतालाई आधार मानी नेपाल सरकारलाई रहेको छ । समष्टिगत आर्थिक सूचकको विश्लेषण गरी तीनै तहको सरकारले लिन सक्ने र आन्तरिक ऋणको सीमा सिफारिस गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था नेपालको संविधानले गरेको छ । सङ्घीय एकाइहरूले ऋण परिचालन गर्दा देहायका पक्षमा विशेष ध्यान दिनुपर्दछ:

(क) आन्तरिक ऋणले अर्थतन्त्रको गतिशिलता, तरलता व्यवस्थापन, निजी क्षेत्रमा प्रवाह हुने कर्जालगायतका क्षेत्रमा प्रभाव पार्ने हुनाले निश्चित सीमाभन्दा बढी ऋण परिचालन गर्नुहुँदैन ।

(ख) ऋण परिचालन गर्दा कुल गार्हस्थ उत्पादनसँगको अनुपातमा तुलना गर्नुपर्दछ ।

(ग) सङ्घीय सरकारले नियमन र नियन्त्रण आवश्यकतानुसार गर्नुपर्दछ ।

(घ) सार्वजनिक ऋणको उपयोग लाभदायी क्षेत्रमा प्रयोग गरी यसको लाभ र लागतको भावी र वर्तमान पुस्ताबीच समन्यायिक वितरण गर्नुपर्दछ ।

(ङ) सङ्घीय कानुनबमोजिम बाहेक प्रदेश र स्थानीय सरकारले कुनै ऋण लिन र जमानत दिन नपाउने व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रममा वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्था

वित्त हस्तान्तरणसम्बन्धी वैश्विक रूपमा कुल बजेटको ३२ प्रतिशतसम्म हस्तान्तरण हुने गरेको भए पनि आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल बजेट रु. २१ खर्ब २४ अर्बको प्रदेश र स्थानीय तहमा रु. ६ खर्व अर्थात् २८.२४ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०८३।८४ का लागि अनुमानित वित्तीय हस्तान्तरणसम्बन्धी बजेटमा भएको व्यवस्था

अनुदान शीर्षक	प्रदेश सरकार	स्थानीय तह
वित्तीय समानीकरण	६१ अर्ब ५० करोड	९० अर्ब २० करोड
ससर्त	३९ अर्व ७२ करोड	२०६ अर्ब ८ करोड
समपूरक	४ अर्ब ६० करोड	८ अर्ब ९३ करोड
विशेष	३ अर्ब ८२ करोड	९ अर्ब ४० करोड
राजस्व बाँडफाँटबाट	१७५ अर्ब	प्रदेश र स्थानीय तहमा

स्रोत: बजेट वक्तव्य (आ.व. २०८३।०८४), अर्थ मन्त्रालय ।

विगत दुई आर्थिक वर्षको वित्तीय हस्तान्तरणसम्बन्धी यथार्थ प्रगति विवरण

आ.व. २०८१/८२				आ.व. २०८२/८३			
क्र.सं.	वित्त हस्तान्तरणको विवरण	विनियोजन	हस्तान्तरण	प्रगति %	विनियोजन	हस्तान्तरण	प्रगति %
१	वित्तीय समानीकरण	८८ अर्ब	८० अर्ब ७४ करोड	९१.७५	८९ अर्ब ४ करोड	८१ अर्ब ४० करोड	९१.४१
२	ससर्त (चालु)	१ खर्ब ७८ अर्ब	१ खर्ब ५८ अर्ब	८९.१८	१ खर्ब ८५ अर्ब	१ खर्ब ७६ अर्ब	९५.०२
३	ससर्त (पुँजीगत)	३१ अर्ब ५९ करोड	२२ अर्ब ४४ करोड	७१.०५	३० अर्ब	२२ अर्ब	७३.५०
४	विशेष (चालु)	१ अर्ब ५९ करोड	८४ करोड	७२.८४	४ अर्ब ७ करोड	२ अर्ब ९४ करोड	७२.२९
५	विशेष (पुँजीगत)	७ अर्ब ३४ करोड	५ अर्ब १४ करोड	७०.१०	५ अर्ब ६९ करोड	३ अर्ब ६७ करोड	६४.५८
६	समपूरक	७ अर्व	१८ करोड	२.६७	१० अर्ब ६ करोड	५ अर्ब ६९ करोड	५६.५५
	जम्मा	३ खर्ब १३ अर्ब	२ खर्ब ६८ अर्ब	८५.६३	३ खर्ब २५ अर्ब	२ खर्ब ९२अर्ब	९०

स्रोत: महालेखा नियन्त्रक कार्यालय, अनामनगर ।

उपरोक्त तथ्याङ्क हेर्दा राजस्व सङ्कलनमा परेको चाप एवं प्रदेश र स्थानीय तहले आफ्नो परिभाषित कार्यसम्पादन राम्रोसँग गर्न नसक्दा विनियोजन भएअनुसारको रकमसमेत हस्तान्तरण हुन नसकेको देखिन्छ तथापि आर्थिक वर्ष २०८१/८२ भन्दा २०८२।८३ मा हस्तान्तरणको प्रतिशतमा सामान्य सुधार भएको देखिएको छ ।

अन्तर सरकार वित्तीय सम्बन्ध कायम गर्न तर्जुमा भएका संस्थागत व्यवस्थाहरू

वित्तीय सङ्घीयताको पूर्ण कार्यान्वयनका लागि नेपालको संविधानको भाग २६ धारा ६० मा संवैधानिक आयोगका रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था रहेको छ । यसले समानीकरण र सर्तसहितको अनुदानको ढाँचा र रकम सिफारिस, रोयल्टी बाँडफाँटको आधार तय, तहहरूबीचमा वित्तीय विवाद उत्पन्न भएमा समाधानमा सहयोग र तथ्याङ्क तथा सूत्रलाई सार्वजनिक एवं पारदर्शी बनाउने कार्य गर्दछ । साथै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ९ मा नेपाल सरकारको अर्थमन्त्रीका संयोजकत्वमा अन्तर सरकारी वित्त परिषद्को व्यवस्था गरेको छ । यी संस्थागत व्यवस्थाले अन्तर सरकारी वित्त सम्बन्धको महत्त्वलाई थप जोड दिएको देखिन्छ ।

अन्तर सरकार वित्तीय सम्बन्धमा देखिएका व्यावहारिक चुनौतीहरू

(१) अन्तर सरकार वित्तीय सम्बन्धलाई सुदृढ बनाउने कानुन निर्माण हुन नसक्दा वित्तीय सङ्घीयताको सन्तुलित, पारदर्शी र न्यायपूर्ण ढङ्गबाट अन्तर सरकार वित्तीय व्यवस्थापन र कार्न्यान्वयन गर्नु ।

(२) समयमा वित्तीय हस्तान्तरण गरी विगत आ.व.को भन्दा खर्च प्रगति वृद्धि गर्नु ।

(३) सबै सङ्घीय एकाइहरूको संविधानअनुसार योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम, यथार्थतामा आधारित/वास्तविक वार्षिक बजेट तथा कार्यक्रम समयमै तर्जुमा, कार्यान्वयन र प्रतिवेदन गरी वित्तीय सुशासन कायम गर्नु ।

(४) सङ्घीय एकाइहरूको समग्र राजस्व सम्भाव्यताको अध्ययन, दोहोरो परेका राजस्व सम्बन्धमा नीतिगत स्पष्टता, प्रदेश सरकार र स्थानीय तहबाट राजस्वको आधार र दायरा विस्तार गरी राजस्वको दर न्यून कायम गरी व्यावसायिक तथा करदातामैत्री राजस्व नीति अवलम्बन गरी आन्तरिक राजस्व स्रोत परिचालनको विस्तार गर्नु ।

(५) प्रदेश सरकार र स्थानीय तहको साझा राजस्वको अधिकार क्षेत्रमा रहेका करहरू एकल कर प्रशासनको विधिबाट आधुनिक प्रविधिको प्रयोग बढाई राजस्व चुहावट नियन्त्रण गरी सङ्कलन र समयमै बाँडफाँट गर्नु ।

(६) कडा सर्तसहित बढ्दो अनुदानको हिस्साले सङ्घीय शासन प्रणालीलाई सङ्कुचित बनाउनु ।

(७) अनुदान वितरण सूत्रभन्दा राजनीतिक प्रभाव हावी हुँदै जाँदा जोखिम बढ्नु ।

(८) ठाडो र क्षितिजीय वित्तीय खाडल न्यून गर्न सङ्घीय एकाइहरूको एकीकृत तथा खण्डीकृत सूचना तथा तथ्याङ्क प्राप्ति र उपयोग गर्नु ।

(९) प्रदेश सरकार तथा स्थानीय तहबाट आन्तरिक स्रोत र ऋणको परिचालन गरी लगानी, प्रतिफल, उत्पादन वृद्धि, रोजगारी सिर्जना गर्दै आर्थिक वृद्धि र विकास गर्नु ।

सम्बन्ध प्रभावकारी बनाउनका लागि सुझावहरू

(१) राजनीतिक र प्रशासनिक रूपमा केन्द्रीकृत धड्धडीबाट सबै राजनीतिक पात्र तथा कर्मचारीहरूलाई सङ्घीय सोंचमा रूपान्तरण गर्न स्वदेशी तथा वैदेशिक तालिम र प्रोत्साहनको व्यवस्था गरी क्षमता विकास गर्ने ।

(२) प्रशासनिक सङ्घीयता कार्यान्वयनका रूपमा रहेका अत्यन्तै महत्त्वपूर्ण कानुनहरू, मापदण्ड तथा नीतिहरू जस्तै सङ्घीय निजामती सेवा ऐन, सार्वजनिक ऋण ऐन, सङ्घीय प्रहरी ऐन, मालपोत ऐन जस्ता कानुन तर्जुमा अविलम्ब गर्ने ।

(३) नेपालको संविधानले व्यवस्था गरेको एकल तथा साझा अधिकारका रूपमा रहेका काम (खर्च) को जिम्मेवारी स्पष्ट गर्न तयार गरिएको कार्यविस्तृतीकरण प्रतिवेदनको थप व्याख्या र परिभाषा गरी सबै सङ्घीय एकाइहरूको काम (खर्च) को स्पष्ट विभाजन गर्ने ।

(४) सबै सङ्घीय एकाइहरूले संविधानअनुसार योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम, यथार्थतामा आधारित/वास्तविक वार्षिक बजेट तथा कार्यक्रम समयमै तर्जुमा, कार्यान्वयन र प्रतिवेदन तयार गरी वित्तीय सुशासन कायम गर्ने ।

(५) सङ्घीय एकाइहरूको समग्र राजस्व सम्भाव्यताको अध्ययन, दोहोरो परेका राजस्व सम्बन्धमा नीतिगत

स्पष्टता, प्रदेश र स्थानीय तहबाट राजस्वको आधार र दायरा विस्तार गरी राजस्वको दर न्यून कायम गरी व्यावसायिक तथा करदातामैत्री राजस्व नीति अवलम्बन गरी आन्तरिक राजस्व स्रोत परिचालनको विस्तार गर्न निजी क्षेत्र, सहकारी क्षेत्र, स्थानीय समुदाय, नागरिक समाज र विज्ञसमेतको रायका आधारमा समन्वयात्मक रूपमा राजस्व नीति तर्जुमा गर्ने ।

(६) प्रदेश सरकार र स्थानीय तहको साझा राजस्वको अधिकार क्षेत्रमा रहेका करहरू एकल कर प्रशासनका विधिबाट आधुनिक प्रविधिको प्रयोग बढाई राजस्व चुहावट नियन्त्रण गरी सङ्कलन र समयमै बाँडफाँट गर्न PLMBIS, SuTRA, CIGAS, TSA बीच Interface Integration कायम गरी एकीकृत रूपमा सञ्चालन, प्रतिवेदन र स्वचालित रूपमा बाँडफाँट हुने व्यवस्थापन गर्ने ।

(७) प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने राजस्वको अधिकांश हिस्सा स्पष्ट रूपमा प्रभावी क्षेत्र र Inroute मा समेत वैज्ञानिक रूपमा वितरण हुने गरी आधार तयार र जलवायु परिवर्तनको असरबाट हुन सक्ने क्षति र नोक्सानीबाट समेत संरक्षण गर्दै प्राकृतिक स्रोतको दिगो उपयोग गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई संविधानको मर्मअनुसार अधिकार सम्पन्न बनाउने अनि खोज, अध्ययन र अनुसन्धानमा आधारित प्रतिवेदन र सुझावको पूर्ण कार्यान्वयन गर्ने ।

(८) अन्तर सरकारी वित्त हस्तान्तरण गर्दा वित्तीय समानीकरण अनुदानको हिस्सा बढाउन Basket/Block System मा अनुदान हस्तान्तरण गरी प्रदेश र स्थानीय तहले आफ्नो आवश्यकता र प्राथमिकताका आधारमा योजना र वार्षिक बजेट निर्माण गर्नेमा जोड दिने ।

(९) प्रदेश तथा स्थानीय तहबाट आन्तरिक स्रोत र ऋणको परिचालन गरी लगानी, प्रतिफल, उत्पादन वृद्धि, रोजगारी सिर्जना गर्दै आर्थिक वृद्धि र विकास गर्न Instrument तर्जुमा गर्ने ।

(१०) ठाडो र क्षितिजीय वित्तीय खाडल न्यून गर्न सङ्घीय एकाइहरूको एकीकृत तथा खण्डीकृत सूचना तथा तथ्याङ्क प्राप्ति र उपयोग गर्न स्थानीय तहबाट नियमित रूपमा सूचना तथा तथ्याङ्क सङ्कलन, अद्यावधिक र उपयोग गर्ने ।

(११) तीन तहका सरकारबीच उत्तरदायित्व तथा जवाफदेहिता अभिवृद्धि गरी सङ्घीय एकाइहरूबीच समन्वय, सहकार्य, सहअस्तित्व र पारस्परिकताको सिद्धान्तलाई आत्मबोध गर्ने ।

(१२) सम्बन्ध सुमधुर बनाउन निरन्तर शोध, खोज, अध्ययन र अनुसन्धान गरी असल अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा मुलुकको वित्तीय सङ्घीयतालाई थप परिमार्जन र अझ उत्कृष्ट बनाउँदै अघि बढ्ने ।

(१३) संवैधानिक संरचनाहरूको स्थायी सचिवालय खडा गरी सक्रिय बनाउने, बैठक तथा छलफल गर्ने, विवाद तथा समस्याहरू सतहमा ल्याउने र निष्कर्ष तथा टुङ्गामा पुग्नुपर्ने ।

निष्कर्ष

अन्तर सरकार वित्तीय सम्बन्ध वित्तीय सङ्घीयताको उच्च प्राविधिक विषय हो । हालको राजस्व सङ्कलनमा देखिएको चापका कारण वित्तीय हस्तान्तरणमा समेत प्रत्यक्ष असर परेको देखिन्छ । प्रदेश सरकार र स्थानीय तहका लागि आवश्यक खर्चको स्पष्ट विभाजन, राजस्वको दोहोरोपना हटाई प्राकृतिक स्रोत परिचालनमा देखिएका समस्या समाधान गर्न, वित्तीय हस्तान्तरणमा ससर्त अनुदानको मात्रा क्रमशः घटाउँदै गई समानीकरण अनुदानमा वृद्धि र ऋणसम्बन्धी अधिकारको पूर्ण कार्यान्वयन गर्न वित्त परिषद्को सक्रियता एवं NNRFC लाई अधिकार सम्पन्न बनाउनुपर्ने देखिन्छ । वित्तीय सङ्घीयताको ओज, अर्थ र परिभाषा संविधानमा रहेका व्यवस्थाको अक्षरशः प्रबन्ध गरी तीन तहका सरकारले एकल र साझा अधिकारका विषयमा इमानदारीपूर्वक समन्वय, सहकार्य, सहअस्तित्व स्वीकार गरी अगाडि बढ्दा सर्वसाधारणले अनुभूति गर्ने गरी वित्तीय सङ्घीयताको पूर्ण कार्यान्वयन हुनेछ । यसका लागि प्रदेश र स्थानीय तहको क्षमता विकास, सङ्घीय सरकारका पदाधिकारीको सोंचमा रूपान्तरण र सङ्घीय एकाइहरूबीचमा असल अन्तर वित्तीय सम्बन्ध हुन आवश्यक छ ।

सन्दर्भ सामग्री

नेपालको संविधान, कानुन किताव व्यवस्था समिति ।

आर्थिक वर्ष २०८३।०८४ को बजेट वक्तव्य, अर्थ मन्त्रालय ।

Musgrave, Richard, Public Finance in Theory and Practice, MC Graw–Hill, Kogakusa

Sardar Yilmaz & Farah Zahir, Intergovernmental Transfers in Federations, World Bank, USA

Robin Boadway & Anwar Shah, Intergovernmental Fiscal Transfers, World Bank, USA

—※※※—

सार्वजनिक खरिद ऐन, २०६३ (सं.स) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (सं.स) का मुख्य मुख्य प्रावधानको विश्लेषण



रामचन्द्र दंगाल
पूर्व सहसचिव
नेपाल सरकार

१. कार्यकारी सारांश (Executive Summary)

नेपालको सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र प्रतिफलमुखी बनाउने ध्येयका साथ सार्वजनिक खरिद कानुनको संशोधन सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३ (२०८३/०३/२५) र सार्वजनिक खरिद (सोह्रौं संशोधन) नियमावली, २०८३ (२०८३/०५/०३) मा नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् । विगत लामो समयदेखि सार्वजनिक खरिद प्रक्रियामा देखा परेका व्यावहारिक अड्चन, आयोजना कार्यान्वयनमा हुने अनपेक्षित ढिलाइ, असामान्य घटाघट (Abnormally Low Bidding) को चक्र तथा फितलो सम्झौता कार्यान्वयनको व्यवस्थापन जस्ता गम्भीर चुनौतीलाई सम्बोधन गर्नु यस संशोधनको मुख्य ध्येय रहेको देखिन्छ ।

ऐनका मुख्य परिवर्तनहरू:

- परिभाषाको विस्तार गर्दै स्वदेशी मालसामान (कम्तीमा ३०% स्वदेशी मूल्य अभिवृद्धि हुनुपर्ने) र अन्य सेवा सेवामा केही विषय थप गरिएको छ (दफा २)
- बजेट, जग्गा, रुख कटान, मुआब्जा र वातावरणीय अध्ययनको व्यवस्थापन एवं स्वीकृत नभई बोलपत्र आह्वान गर्न नपाइने गरी पूर्वतयारी अनिवार्य गरिएको छ (दफा ४क)
- सरकारी ई-मार्केटप्लेस (Government e-Marketplace) (दफा ४१क) र रिभर्स अक्सन (Reverse Auction) प्रणाली (दफा ८) मा खरिद विधिको थप व्यवस्था गरिएको छ ।
- असामान्य घटाघटलाई नियन्त्रण गर्न औसत अङ्क मूल्याङ्कन (Average Bidding) विधि र लागत अनुमानको ३०% भन्दा बढी घट्ने बोलपत्रदातालाई सार्वजनिक खरिदको मूल्याङ्कन प्रक्रियाबाटै हटाइने प्रावधान ल्याइएको छ (दफा २५)
- श्रमिकको हितका लागि सामाजिक सुरक्षा कोषमा आबद्धतालाई अनिवार्य बनाइएको छ भने राष्ट्रिय गौरवका आयोजनामा राम्रो काम गर्नेलाई पुरस्कार र ढिलाइ गर्ने सार्वजनिक निकायका पदाधिकारीलाई विभागीय कारबाहीको कानुनी दायरा तोकिनाका साथै निर्माण व्यवसायीलाई पुरस्कार, बोनस तथा प्रशंसापत्र प्रदान गर्न सक्ने प्रावधान थपिएको छ (दफा ६१क, ६१ख, ६२ख)

नियमावलीका मुख्य परिवर्तनहरू:

- खरिद गुरुयोजना र लागत अनुमान स्वीकृतिको अधिकार क्षेत्र तल्ला तहका कार्यालय प्रमुखसम्म विकेन्द्रीकरण गरिएको छ (नियम ७ र १४)
- औसत अङ्क यकिन गर्ने, रिभर्स अक्सनको कार्यविधि र सरकारी ई-मार्केटप्लेस थप गरिएको छ (नियम ३१झ, ३१ञ, ८६क)
- रू. १ अर्ब ५० करोडभन्दा माथिका ठूला निर्माण कार्यमा प्राविधिक (५० अङ्क) र आर्थिक (५० अङ्क) अङ्कभार तोकी संयुक्त मूल्याङ्कन गर्ने व्यवस्था थपिएको छ (नियम २६क, ६५ख)
- निर्माण कार्य र मालसामानको सोझै खरिदको सीमा रू. १५ लाख पुऱ्याउनाका साथै सूचना प्रविधिअन्तर्गतको मर्मत कार्यका लागि रू. ५ लाख राखिएको छ (नियम ८५)
- सम्झौता अवधि थप गर्दा ५०% सम्म कार्यालय प्रमुखले गर्न पाउने र काम सकिएपछि एज बिल्ट

ड्रइङसहितको कार्य सम्पन्न प्रतिवेदन अनिवार्य गरिएको छ (नियम १२० र नियम १२५)।

प्रक्रियागत प्रभाव र चुनौतीः यी संशोधनले खरिदको पूर्वतयारी सुनिश्चित गरी बोलपत्रको समय घटाउने, गुणस्तर सुधार्ने र गैर-जिम्मेवार ठेक्काप्रथा अन्त्य गर्ने अपेक्षा गरिएको छ। तर इ-प्रणालीको प्राविधिक सञ्चालन, औसत अङ्क मूल्याङ्कनमा हुन सक्ने मिलोमतो (Collusion/Cartelism) रोक्न र प्राविधिक जनशक्तिको क्षमता विकास गर्नु कार्यान्वयनका मुख्य चुनौती हुनेछन्।

२. पृष्ठभूमि तथा परिचय

सार्वजनिक कोषको ठूलो हिस्सा भौतिक पूर्वाधार निर्माण, मालसामान आपूर्ति र परामर्श तथा अन्य सेवा खरिदमा खर्च हुने कुरामा कुनै दुई मत छैन। यसरी खर्च हुने राष्ट्रिय धनको उपयोग मितव्ययी, दक्षतापूर्ण, पारदर्शी र प्रतिस्पर्धी माध्यमबाट होस् भन्ने सुनिश्चितताका लागि नेपालमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ कार्यान्वयनमा ल्याइएका थिए तथापि ऐन-नियमावली लागु भएको दुई दशक पुग्न लाग्दा पनि नेपालको खरिद प्रणाली अपेक्षित रूपमा दूत र नतिजामुखी हुन सकेको छैन। पूर्वतयारीविना ठेक्का आह्वान गर्दा निर्माणस्थल उपलब्ध नहुनु, निर्माणस्थलबाट रुखहरू नहटाइनु, जग्गा व्यवस्थापनका लागि बजेट नहुनु, वातावरणीय अध्ययन पूरा गरी स्वीकृत नहुनु, अत्यधिक घटाघट गरी ठेक्का लिने तर काम अधुरै छाड्ने परिपाटी बढ्नु, सार्वजनिक निकायका पदाधिकारीहरू निर्णय लिन हच्किनु र निर्माण व्यवसायी तथा सार्वजनिक निकायबीच सम्झौता पालनामा असन्तुलन हुनु खरिद प्रणाली प्रभावकारी नहुनाका प्रमुख कारक हुन् भनेर मान्न सकिन्छ।

यस पृष्ठभूमिमा मिति २०८३/०३/२५ मा सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३ र मिति २०८३/०५/०३ मा सार्वजनिक खरिद (सोह्रौँ संशोधन) नियमावली, २०८३ स्वीकृत गरी लागु गरिएको छ। यो लेख उक्त दुवै संशोधनमा गरिएका कानुनी प्रावधानहरूको विश्लेषण, तिनको आवश्यकता र सार्वजनिक खरिद चक्रका विभिन्न चरणमा पर्ने व्यावहारिक प्रभावमा केन्द्रित छ।

३. संशोधनका आवश्यकता तथा कारणहरू

नेपालको सार्वजनिक खरिद प्रणालीमा विगतमा देखिएका असफलता र जटिलतालाई सम्बोधन गर्न यो संशोधनलाई जड मानिएको छ। ऐन र नियमावलीमा भएका संशोधनका प्रावधानहरूलाई सूक्ष्म रूपमा हेर्दा संशोधनका मुख्य कारणहरू निम्न बमोजिम हुन सक्ने देखिन्छ।

३.१ असामान्य घटाघट (Abnormally Low Bidding) को समस्या समाधान

पुरानो व्यवस्थामा लागत अनुमानभन्दा अत्यधिक घटेर (कतिपय अवस्थामा ४०% देखि ६०% सम्म) बोलपत्र पेस गर्ने व्यवसायीलाई "न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही" मान्दै ठेक्का दिनुपर्ने कानुनी बाध्यता थियो। यस्ता ठेक्काहरूमा पछि व्यवसायीले काम छाड्ने, गुणस्तरहीन सामग्री प्रयोग गर्ने वा म्याद थप मात्र गराइरहने प्रवृत्ति थियो। नयाँ संशोधनमा ३०% भन्दा बढी घटेका बोलपत्रलाई स्वतः हटाउने र औसत अङ्कको सबैभन्दा नजिकको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने नयाँ संशोधनको व्यवस्था गरी आयोजनाको गुणस्तरमा सुधार ल्याउन खोजेको देखिन्छ।

३.२ आयोजनाको पूर्वतयारी सुनिश्चितता

विगतमा बजेटको स्पष्ट खाका नभई, जग्गा प्राप्ति नभई वा रुख कटानको स्वीकृति नलिई बोलपत्र आह्वान गर्ने र पछि वर्षौंसम्म काम सुरु हुन नसकी निर्माण व्यवसायीले लिएको राज्यको पेस्की रकम अड्काएर दुरुपयोग गर्ने स्थिति थियो। यस संशोधनको दफा ४ क ले बजेट, निर्माणस्थल, मुआब्जा र वातावरणीय स्वीकृति नभई खरिद प्रक्रिया सुरु गर्नै नपाइने बाध्यकारी नियम ल्याएको छ।

३.३ नवीन प्रविधि र आधुनिक खरिद पद्धतिको प्रयोग

डिजिटल प्रविधिको प्रयोगबाट खरिद प्रक्रियालाई दूत बनाउन 'सरकारी ई-मार्केटप्लेस (GeM)' र 'रिभर्स अक्सन (Reverse Auction)' जस्ता आधुनिक अवधारणा कानुनमा समावेश गरिएको हुँदा सार्वजनिक निकायमा हुने साना खरिदमा आउने प्रशासनिक झन्झट एवं समयको बचत गराउने देखिन्छ।

३.४ जवाफदेहिता र सुशासन अभिवृद्धि

सार्वजनिक निकायका अधिकारीहरूले समयमा निर्णय नगरिदिँदा आयोजना रोकिने वा ढिलाइ हुने र व्यवसायीले काम नगर्दा समेत कालोसूची वा हर्जाना जस्ता कारबाहीबाट उम्किने स्थिति थियो । हाल ऐनको दफा ६१ क मार्फत कर्तव्यपालन नगर्ने पदाधिकारीलाई विभागीय कारबाहीको स्पष्ट दायरा तोकिएको छ भने राम्रो काम गर्ने व्यवसायी तथा कर्मचारीलाई पुरस्कार र बोनसको व्यवस्था (दफा ६१ख, ६२ख) समेत गरिएको छ ।

३.५ सामाजिक सुरक्षा र श्रमिक अधिकारको रक्षा

निर्माण क्षेत्रका श्रमिकहरू जोखिमपूर्ण वातावरणमा काम गर्ने तर उनीहरूको सामाजिक सुरक्षा नहुने समस्या सम्बोधन गर्न ठेक्का पाएपछि अनिवार्य रूपमा श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुपर्ने र बैंकमार्फत भुक्तानी गर्नुपर्ने प्रावधान ल्याइएको छ ।

४. सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधन, २०८३ का प्रमुख परिवर्तनहरू

ऐनमा गरिएका दूरगामी महत्त्वका प्रमुख परिवर्तनहरूको विस्तृत विश्लेषण:

४.१ परिभाषामा स्पष्टता र दायरा विस्तार (दफा २)

- पुरानो व्यवस्था: स्वदेशी मालसामान र अन्य सेवाका परिभाषा संक्षिप्त थिए।
- नयाँ व्यवस्था: "स्वदेशी मालसामान" भन्नाले स्वदेशी श्रम र कच्चा पदार्थ प्रयोग भई वा आयातीत कच्चा पदार्थमा कम्तीमा ३०% स्वदेशी मूल्य अभिवृद्धि (Value Addition) भएको हुनुपर्नेछ । तर विदेशबाट आयात गरी ब्रान्डिङ मात्र गरिएकालाई स्वदेशी मानिने छैन । यस्तै "अन्य सेवा" भित्र सवारी/उपकरण भाडा, ढुवानी, मर्मतसम्भार, विज्ञापन, सुरक्षा, सरसफाइ, हवाई टिकट र सफ्टवेयर/सूचना प्रणाली सञ्चालन जस्ता गैर-परामर्श सेवालाई प्रस्ट पारिएको छ ।
- व्यावहारिक प्रभाव: यसले वास्तविक स्वदेशी उद्योगलाई प्रोत्साहन गर्छ भने अन्य सेवा खरिद गर्दा परामर्श सेवा वा मालसामान खरिद कुन विधि अपनाउने भन्ने दुविधा अन्त्य गर्छ ।

४.२ पूर्वतयारीका कडा सर्त (दफा ४क - थप)

- नयाँ व्यवस्था: बजेट व्यवस्थापन (बहुवर्षीय हकमा स्रोत सुनिश्चितता), निर्माणस्थलको व्यवस्था, रुख-बिरुवा हटाउने सुनिश्चितता, मुआब्जा/क्षतिपूर्ति वितरण र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नभई बोलपत्र आह्वान गर्न पाइने छैन ।
- व्यावहारिक प्रभाव: तयारीबिना सस्तो लोकप्रियताका लागि ठेक्का खुलाउने परिपाटी बन्द हुनेछ । ठेक्का सम्झौता भइसकेपछि साइट नपाएर हुने म्याद थप र क्षतिपूर्तिको विवाद घट्नेछ ।
- निर्माण कार्य (दफा ५) : नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको नर्म्सअनुसार तर खास किसिमको कामका लागि विभागीय प्रमुखले स्वीकृत गरेको हुनु पर्नेछ ।
- परामर्श सेवा वा अन्य सेवा : दफा (२) को खण्ड (ख) को उपखण्ड (१) का हकमा सम्बन्धित मन्त्रालयबाट र अन्य सार्वजनिक निकायका हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले स्वीकृत गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ ।
- व्यावहारिक प्रभाव: लागत अनुमान तयारीमा एकरुपता हुनाका साथै लागत वास्तविक हुनेछ ।
- सार्वजनिक निकायको प्रमुखको कर्तव्य (दफा ७) - नियमित सुपरिवेक्षण र अनुगमन गर्नु गराउनु तथा सम्झौताका सर्तहरूको परिपालना गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु ।
- खरिद कार्यको सम्झौतामा उल्लेख गरिएबमोजिम स्पेसिफिकेसन तथा मापदण्डबमोजिमको गुणस्तर कायम गरी निर्धारित परिमाणको कार्य निर्धारित समयमा सम्पन्न गर्ने मुख्य जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको हुने ।
- प्राविधिक तथा आर्थिक औचित्यतासम्बन्धी मुख्य जिम्मेवारी सम्बन्धित परामर्शदाताको डिजाइन, लागत अनुमान तथा प्राविधिक प्रतिवेदन तयार गर्दा सुरक्षित, व्यावहारिक, मितव्ययी, कार्यान्वयनयोग्य र आर्थिक रूपमा औचित्यपूर्ण हुने गरी तयार गर्ने ।
- व्यावहारिक प्रभाव: खरिद कार्य समयमै गुणस्तरयुक्त रूपमा सम्पन्न गर्ने जिम्मेवारी स्पष्ट देखिन्छ ।

४.३ रिभर्स अक्सन (Reverse Auction) को सुरुआत (दफा ८ - थप)

- नयाँ व्यवस्था: मालसामान वा अन्य सेवा खरिद गर्दा सार्वजनिक निकायको लागत अनुमानलाई अधिकतम रकम मानी अनलाइन प्लेटफर्ममा तोकिएको समयभित्र बोलपत्रदाताहरूले एक-आपसमा प्रतिस्पर्धा गरी दर घटाघट गर्ने (Reverse Auction) विधि थप गरिएको छ।
- व्यावहारिक प्रभाव: यसले सानातिना खरिदका खरिद प्रक्रियालाई स्वच्छ, पारदर्शी र न्यूनतम लागतमा सम्पन्न गर्न मदत पुर्‍याउँछ ।

४.४ बोलपत्र सूचना प्रकाशनको अवधिमा कटौती (दफा १४)

- पुरानो व्यवस्था: राष्ट्रियस्तरको बोलपत्रका लागि कम्तीमा ३० दिन र पुनः आह्वान गर्दा कम्तीमा १५ दिनुपर्ने थियो ।
- नयाँ व्यवस्था: राष्ट्रिय बोलपत्रका लागि ३० दिनका सट्टा २१ दिन, दोस्रोपटक आह्वान गर्दा १५ दिनका सट्टा ७ दिन र पुनः आह्वान गर्दा ३ दिनको अवधि दिइनेछ । अन्तर्राष्ट्रिय बोलपत्रमा ४५ दिनका सट्टा ३० दिन र पुनः आह्वानमा २१ दिनका सट्टा १५ दिन कायम गरिएको छ ।
- व्यावहारिक प्रभाव: ठेक्का प्रक्रियामा लाग्ने प्रशासनिक समय उल्लेख्य रूपमा घट्नेछ, जसले आयोजना अघि बढाउन शीघ्रता ल्याउँछ ।

४.५ मूल्याङ्कनमा 'औसत अङ्क' विधि र असामान्य घटाघट नियन्त्रण (दफा २५)

- नयाँ व्यवस्था

१) एक खाम प्रणाली: सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताहरूले कबुल गरेको अङ्कको 'औसत अङ्क' (Average Price) निकालिनेछ । सो औसत अङ्कसँग सबैभन्दा नजिक रहेको र लागत अनुमानभन्दा सारभूत रूपमा बढी नभएको बोलपत्र स्वीकृतिका लागि छनोट गर्नुपर्नेछ ।

२) दुई खाम प्रणाली: दुई खाम विधिबमोजिम बोलपत्र आह्वान गरिएकामा आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताहरूले कबुल गरेको अङ्कको 'औसत अङ्क' (Average Price) निकाली सो औसत अङ्कसँग सबैभन्दा नजिक रहेको र लागत अनुमानभन्दा सारभूत रूपमा बढी नभएको बोलपत्र स्वीकृतिका लागि छनोट गर्नुपर्नेछ ।

३) ३० प्रतिशतभन्दा बढी घटेमा स्वत रद्दः स्वीकृत लागतको ३० प्रतिशतभन्दा बढी घटेर कबुल गर्ने बोलपत्रदातालाई मूल्याङ्कन प्रक्रियाबाट हटाउनुपर्नेछ । (दफा २५ उपदफा ७ख) ।

४) बराबर भए गोलाप्रथा: दुई वा सोभन्दा बढी बोलपत्रदाताको अङ्क औसत अङ्कसँग बराबर दूरीमा परेमा वा अङ्कभार समान भएमा गोलाप्रथा (Lottery) बाट छनोट गरिनेछ । दुई वा दुईभन्दा बढी बोलपत्रदाताले कबुल गरेको अङ्क औसत अङ्कभन्दा कम वा बढी हुने गरी समान रूपले नजिक भएमा औसत अङ्कभन्दा कम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृतीका लागि छनोट गर्नु पर्नेछ । (दफा २७ उपदफा १क र १ख)

- व्यावहारिक प्रभाव: यो नेपालको खरिद कानुनको सबैभन्दा ठूलो र क्रान्तिकारी परिवर्तन हो । यसले ज्यादै सस्तो मोल हालेर ठेक्का पार्ने तर काम नगर्ने विकृति (Predatory Bidding) लाई सधैँका लागि रोक्ने उद्देश्य राखेको छ ।
- सबै बोलपत्रदाताको बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूत रूपमा बढी भएमा खरिद रद्द गर्न सकिने तर सार्वजनिक निकायले त्यस्तो बोलपत्रदातासँग वार्ता गरेर बोल अङ्क घटाई स्वीकृत लागत अनुमानभित्र पार्नका लागि एकमुस्ट छुट प्रतिशतमा सहमति गरी खरिद कारबाही अघि बढाउन सकिने व्यवस्था छ ।
- घटाउने सहमति गर्दा बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित स्पेसिफिकेसनमा संशोधन तथा गुणस्तरमा कमी हुने गरी कुनै सहमति गर्न नपाइने व्यवस्था छ ।
- कबोल अङ्कको पाँच प्रतिशत मात्र कार्यसम्पादन जमानत राख्ने व्यवस्था गरिएको छ । (दफा २७)
- व्यावहारिक प्रभाव: खरिद कार्यबाही दोहोर्याउनु परेका अवस्थामा समय बढी लागी सेवा प्रवाहमा ढिलाइ हुने कुराबाट मुक्त हुनेछ ।
- परामर्श खरिदमा समेत पाँच प्रतिशत कार्यसम्पादन जमानत दाखिला गरी सम्झौता गर्नुपर्नेछ । (दफा ३८)

- सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तिस दिनभित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेसागत दायित्व बीमा (PLI) पेस गर्नुपर्ने थप व्यवस्था गरिएको छ ।
- व्यावहारिक प्रभाव: यस व्यवस्थाले परामर्श सेवा खरिदबाट सार्वजनिक निकायले भरपर्दो सहयोग प्राप्त गर्ने देखिन्छ ।
- भेरिएसन आदेश (दफा ५४): पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको प्रमुखले,
- दश प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले,
- पन्ध्र प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले र
- पन्ध्र प्रतिशतभन्दा माथिको भेरिएसन विभागीय प्रमुखले ।
- व्यावहारिक प्रभाव: भेरिएसन आदेश जारी गर्न सक्ने अधिकारको विकेन्द्रीकरणले गर्दा निर्णय छिटो र जवाफदेहीपूर्ण हुनाका साथै फायल माथिल्लो निकायमा पठाउँदा हुने ढिलासुस्ती कम भई कार्यान्वयन छिटो हुने देखिन्छ ।

४.६ सरकारी इ-मार्केटप्लेस (Government e–Marketplace – GeM) (दफा ४१क - थप)

- नयाँ व्यवस्था: सार्वजनिक खरिद अनुगमन कार्यालयले सरकारी इ-मार्केटप्लेस सञ्चालन गर्नेछ । उत्पादक, आपूर्तिकर्ता वा सेवाप्रदायकले आफ्ना वस्तु तथा सेवाको विवरण र मूल्य सो पोर्टलमा सूचीकृत गर्नेछन् । सार्वजनिक निकायले तोकिएको रकमसम्म सोझै खरिद गर्न सक्नेछन् ।
- व्यावहारिक प्रभाव: दैनिक कार्यालय सञ्चालनका साना खरिदहरूमा हुने कागजी झन्झट, कोटेसन माग गर्ने झन्झट र ढिलाइ अन्त्य भई प्रविधिमार्फत सोझै पारदर्शी खरिद सम्भव हुनेछ ।

४.७ पदाधिकारीलाई विभागीय कारबाही (दफा ६१क - संशोधन)

- नयाँ व्यवस्था: निर्धारित समयभित्र खरिद प्रक्रिया सुरु नगर्ने, समयमा निर्णय नगर्ने, सम्झौताअनुसारको साइट, डिजाइन वा भेरिएसन आदेश नदिने, बिलको भुक्तानी रोक्ने वा कालोसूचीमा सिफारिस नगर्ने सार्वजनिक अधिकारीलाई विभागीय कारबाही गर्न अख्तियार प्राप्त अधिकारीसमक्ष लेखी पठाइउनुपर्नेछ।
- व्यावहारिक प्रभाव: निर्णयहीनताका कारण आयोजना अड्काउने प्रशासनिक प्रवृत्तिमाथि कानुनी अंकुश लागेको छ ।

५. सार्वजनिक खरिद नियमावली, २०६४ को सोह्रौं संशोधन, २०८३ का प्रमुख परिवर्तनहरू

नियमावलीमा गरिएका कार्यविधिगत तथा वित्तीय अधिकारका प्रमुख संशोधनहरू:

५.१ खरिद गुरुयोजना र लागत अनुमान स्वीकृतिको विकेन्द्रीकरण (नियम ७ र १४)

नियमावलीले प्रशासनिक अधिकारको तल्ला तहसम्म प्रत्यायोजन गरेको छ:

- खरिद गुरुयोजना स्वीकृत गर्ने अधिकारी (नियम ७):
  - पच्चिस करोड रुपैयाँसम्म: राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव) को कार्यालय प्रमुख
  - पच्चिस करोड रुपैयाँदेखि पचास करोड रुपैयाँसम्म: राजपत्राङ्कित प्रथम श्रेणी (सहसचिव) को कार्यालय प्रमुख
  - पचास करोड रुपैयाँदेखि १ अर्ब रुपैयाँसम्म: विभागीय प्रमुख
  - एक अर्ब रुपैयाँभन्दा माथि: सम्बन्धित मन्त्रालयको सचिव
- निर्माण कार्य, मालसामान खरिद वा अन्य सेवाको लागत अनुमान स्वीकृत गर्ने अधिकारी (नियम १४):
  - पन्ध्र करोड रुपैयाँसम्म: रा.प.तृतीय श्रेणी (शाखा अधिकृत) को कार्यालय प्रमुख
  - पच्चिस करोड रुपैयाँसम्म: रा.प.द्वितीय श्रेणीको कार्यालय प्रमुख

- एक अर्ब रुपैयाँसम्म: रा.प.प्रथम श्रेणीको कार्यालय प्रमुख
- एक अर्ब रुपैयाँभन्दा माथि: विभागीय प्रमुख
- व्यावहारिक प्रभाव: स-साना आयोजनाका फाइलहरू स्वीकृतिका लागि विभाग वा मन्त्रालय धाइरहनुपर्ने बाध्यता हटेको छ ।

५.२ आन्तरिक प्राविधिक क्षमताको उपयोग र भत्ता (नियम १२क - थप)

- नयाँ व्यवस्था: सार्वजनिक निकायमा रहेका दक्ष प्राविधिक कर्मचारीबाटै आयोजनाको डिजाइन गराउन वा परामर्शदाताको सुपरिवेक्षण टोलीमा खटाउन सकिनेछ । यसरी काम गर्ने कर्मचारीलाई स्वीकृत कार्यविधिअनुसार अतिरिक्त प्रोत्साहन सुविधा/भत्ता दिन सकिनेछ ।
- व्यावहारिक प्रभाव: परामर्शदातालाई दिइने ठूलो रकम बचत हुनेछ र सरकारी इन्जिनियरहरूको क्षमता तथा मनोबल वृद्धि हुनेछ ।

५.३ ठूला निर्माण कार्यमा अङ्कभार प्रणाली (नियम २६क र ६५ख - थप)

- नयाँ व्यवस्था: एक अर्ब पचास करोड रुपैयाँभन्दा माथिका जटिल निर्माण कार्यमा प्राविधिक प्रस्तावका लागि ५० अङ्क र आर्थिक प्रस्तावका लागि ५० अङ्कभार तोकिनेछ । प्राविधिक मूल्याङ्कन गर्दा कुल अङ्कलाई एक सय मानी कार्य सम्पादनको दृष्टिकोण तथा कार्यविधि (५अङ्क), विगतको कार्यसम्पादन (७५ अङ्क), जनशक्ति (१० अङ्क) र उपकरण (१० अङ्क) का आधारमा मूल्याङ्कन गरिनेछ ।
- व्यावहारिक प्रभाव: ठूला राष्ट्रिय पूर्वाधारमा केवल कम मूल्य तोक्ने नभई उच्च प्राविधिक अनुभव र स्रोत-साधन भएका निर्माण व्यवसायीले मात्र प्रतिस्पर्धा गर्न पाउने व्यवश्था गरिएको छ ।

५.४ सोझै खरिद र GeM को सीमा (नियम ८५ र ८६क)

- सोझै खरिद सीमा (नियम ८५): निर्माण वा मालसामान खरिदमा सोझै खरिद गर्न सकिने सीमा दश लाख रुपैयाँबाट बढाएर पन्ध्र लाख रुपैयाँ पुर् याइएको छ । सूचना प्रविधिसम्बन्धी मर्मत तथा प्राविधिक सहायता सोझै पाँच लाख रुपैयाँसम्म गर्न सकिनेछ ।
- GeM को सीमा (नियम ८६क)

क) दश लाख रुपैयाँसम्म: एउटा मात्र उत्पादक/आपूर्तिकर्तासँग सोझै खरिद ।

ख) बीस लाख रुपैयाँसम्म: कम्तीमा ३ वटा आपूर्तिकर्तासँग दरभाउपत्र माग गरी ।

ग) पचास लाख रुपैयाँसम्म: रिभर्स अक्सन (Reverse Auction) विधिद्वारा ।

५.५ म्याद थप र जरिबाना (नियम १२०)

- थप नयाँ व्यवस्था
- सालबसाली ठेक्काका हकमा बढीमा अर्को एक आर्थिक वर्षसम्म कार्यालय प्रमुखले म्याद थप गर्न सक्ने ।
- अन्य खरिद सम्झौताका हकमा सुरु सम्झौता अवधिको पचास प्रतिशतसम्म कार्यालय प्रमुखले र सोभन्दा बढी अवधि थप गर्नुपरेमा एक तह माथिल्लो अधिकारीले गर्नेछ ।
- म्याद थप भएको जानकारी पाएको १५ दिनभित्र व्यवसायीले बैंक जमानत र बीमाको म्याद नथपेमा दैनिक ०.०१ प्रतिशतका दरले जरिबाना लाग्नेछ र थप १५ दिनसम्म पनि नबुझाए सम्झौता अन्त्य गर्न सकिनेछ ।

५.६ एज बिल्ट ड्रइङ र कार्य सम्पन्न प्रतिवेदन (नियम १२५ - संशोधन)

- नयाँ व्यवस्था: निर्माण कार्य सकिएको ३० दिनभित्र व्यवसायीले एज बिल्ट ड्रइङ पेस गर्नुपर्नेछ । त्रुटि सच्याउने अवधि सकिएपछि सार्वजनिक निकायका प्रमुखले स्वीकृत ड्रइङ, डिजाइन र स्पेसिफिकेसनअनुसार काम भए/नभएको जाँच गरी कार्य सम्पन्न प्रतिवेदन अनिवार्य स्वीकृत गर्नुपर्नेछ ।

६. खरिद प्रक्रियाका विभिन्न चरणमा खरिद ऐन नियम संशोधनको प्रभाव

खरिद प्रक्रियाका चरणहरू संशोधनअघिको समस्या संशोधनपछिको नयाँ व्यवस्था खरिद कार्यमा प्रभाव र सुधार

A. Procurement Planning (खरिद तयारी चरण)

- तयारीविना नै ठेक्का खुलाउने चलन ।
- स्वीकृत नभएका डिजाइन र बजेटमा समेत बोलपत्र आह्वान ।
- दफा ४क अनुसार जग्गा, बजेट, रुख कटान, मुआब्जा र EIA/IEE स्वीकृत अनिवार्य ।
- सरकारी प्राविधिकबाटै डिजाइन र सुपरिवेक्षण गराउन तथा अतिरिक्त प्रोत्साहन सुविधा दिन सकिने (नियम १२क) ।
- आयोजना बीचमै रोकिने जोखिम अन्त्य ।
- परामर्शदातामा हुने खर्चमा कटौती ।

B. Bidding (बोलपत्र चरण)

- सूचना अवधि ३०/४५ दिन ।
- कागजी/विद्युतीय दुवैमा शुल्क लाग्ने ।
- साना खरिदमा पनि परम्परागत झन्झट ।
- सूचना अवधि २१/३० दिनमा घट्यो; पुनः आह्वान ७/३ दिन ।
- e-GP मार्फत बोलपत्र पेस गर्दा दस्तुर नलाग्ने ।
- GeM र Reverse Auction लागु ।
- बोलपत्र प्रक्रिया छिटो हुने ।
- बोलपत्रदाताको खर्च घट्ने ।
- साना खरिद छरितो हुने ।

C. Evaluation (मूल्याङ्कन चरण)

- सस्तो (न्यूनतम कबुल गर्ने) लाई ठेक्का दिनुपर्ने बाध्यता ।
- असामान्य घटाघट नियन्त्रणमा बाधा ।
- 'औसत अङ्क' (Average Bidding) विधि लागू ।
- ३०% भन्दा बढी घट्ने स्वतः रद्द ।
- एक अर्ब पचास करोड रुपैयाँ भन्दा माथिका ठेक्कामा प्राविधिक र आर्थिक प्रस्तावमा ५०/५० अङ्कभार लागु ।
- Predatory Bidding को अन्त्य ।
- गुणस्तरीय र सक्षम व्यवसायीको छनोट ।
- अस्वस्थ प्रतिस्पर्धामा रोक।

D. Contract Implementation (कार्यान्वयन चरण)

- साइट नपाएर म्याद थपको विवाद ।
- भेरिएसन आदेशमा ढिलाइ ।
- सब-कन्ट्रयाक्टरलाई सिधै भुक्तानी नहुने ।
- म्याद थपको ५०% सम्मको अधिकार कार्यालय प्रमुखलाई ।
- सब-कन्ट्रयाक्टरलाई भुक्तानी नगरे धरौटीबाट कट्टा गरी भुक्तानी गरिने ।
- निर्णय नगर्ने कर्मचारीलाई विभागीय कारबाही ।
- सम्झौता व्यवस्थापन चुस्त हुने ।
- पेस भएका बिलको समयमै भुक्तानी हुने ।
- निर्माण कार्यमा गति बढ्ने ।

E. Post-Procurement (अन्य चरण)

- कार्य सम्पन्न प्रतिवेदन औपचारिक मात्र ।
- त्रुटि सच्याउने अवधिपछि अभिलेखाङ्कन कमजोर ।
- ३० दिनभित्र एज बिल्ट ड्रइङ अनिवार्य ।
- त्रुटि सच्याउने अवधि सकिएपछि कार्य सम्पन्न प्रतिवेदन स्वीकृत हुनुपर्ने ।
- संरचनाको दिगोपन र सरकारी सम्पत्तिको अभिलेखाङ्कन पारदर्शी हुने ।

७. संशोधनबाट पर्न सक्ने सकारात्मक प्रभाव तथा सम्भावित चुनौतीहरू

७.१ सकारात्मक प्रभावहरू (Positive Impacts)

१. Value for Money को सिद्धान्त अंगीकार हुनाका साथै गुणस्तरमा सुधारः अत्यधिक न्यून दर कबोल गरेर ठेक्का हत्याउने र पछि काम नगरी अलपत्र पार्ने परिपाटीलाई औसत अङ्क विधि र लागत अनुमानको ३०% भन्दा घट्न रोकावट लगाउने यस व्यवश्थाले आयोजनाको गुणस्तरमा सुधार ल्याउने छ ।

२. समय र लागतको बचत: बोलपत्रको समय अवधि घटाइनु, सोझै खरिदको सीमा रु. १५ लाख पुऱ्याइनु र GeM तथा Reverse Auction लागु हुनाले सार्वजनिक निकायको समय र खर्च बचत भई खरिद कार्यमा प्रभावकारिता बढ्ने छ ।

३. निर्णय प्रक्रियामा शीघ्रता: वित्तीय अधिकार तल्ला तहसम्म हस्तान्तरण गरिएकाले फाइलहरू माथिल्लो निकायमा थुप्रिने समस्या हट्नेछ ।

४. सामाजिक सुरक्षा र श्रमिक हित: श्रमिकहरूलाई अनिवार्य सामाजिक सुरक्षा कोषमा दर्ता गराउनुपर्ने नियमले नेपालको निर्माण क्षेत्रमा कार्यरत लाखौँ श्रमिकको सामाजिक-आर्थिक सुरक्षा सुनिश्चित गर्नेछ ।

५. अनुशासित सम्झौता व्यवस्थापन: समयमा निर्णय नगर्ने सरकारी कर्मचारीलाई विभागीय कारबाही र समयमा काम सम्पन्न गर्ने व्यवसायीलाई बोनसको व्यवस्थाले दुवै पक्षलाई आ-आफ्नो दायित्वप्रति जिम्मेवार बनाउनेछ ।

७.२ सम्भावित चुनौतीहरू (Potential Challenges)

१. औसत अङ्क विधिमा कार्टेलिङ (Collusion Risk): औसत अङ्क निकाल्दा निर्माण व्यवसायीहरूले आपसमा मिलेमतो (Cartelism) गरी सबैले उच्च दर वा निश्चित अङ्कको वरपर बोलपत्र पेस गरेर राज्यलाई नोक्सानी पुऱ्याउन सक्ने जोखिम रहन्छ । यसको सूक्ष्म अनुगमन आवश्यक छ ।

२. प्रविधि र पूर्वाधारको तयारी: सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गर्ने सरकारी ई-मार्केटप्लेस तथा रिभर्स अक्सन सफ्टवेयर प्राविधिक रूपमा सुरक्षित, सरल र २४ सै घण्टा चल्ने बनाई प्रयोगमा ल्याउनुपर्छ । प्रविधिमा अवरोध आए खरिद ठप्प हुनसक्छ ।

३. कर्मचारीको क्षमता र मनोबल: प्राविधिक अङ्कभार मूल्याङ्कन (५०/५० को नियम) र दर विश्लेषण गर्न सार्वजनिक निकायका इन्जिनियर र मूल्याङ्कन समितिको क्षमता अभिवृद्धि जस्ता तालिम गर्नु अत्यावश्यक छ ।

४. पूर्वतयारीको कडा पालना: बजेट र साइट उपलब्ध नभई बोलपत्र आह्वान गर्न नपाइने नियमले गर्दा सुरुआती चरणमा आयोजनाहरूको सङ्ख्या वा बजेट खर्चको गति केही सुस्त देखिए जस्तो हुन सक्छ ।

८. निष्कर्ष

सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०६३ र सार्वजनिक खरिद (सोह्रौँ संशोधन) नियमावली, २०६४ ले नेपालको सार्वजनिक खरिद प्रणालीलाई पुरानो, परम्परागत र झन्झटिलो प्रकृयाबाट मुक्त गरी आधुनिक, प्रविधिमैत्री, पारदर्शी र नतिजामुखी बनाउने स्पष्ट दिशा समातेको देखिन्छ ।

घटी दररेट हालेर ठेक्का ओगट्ने विकृति अन्त्य गर्न ल्याइएको 'औसत अङ्क विधि', आयोजनाको 'पूर्वतयारीको बाध्यकारी व्यवस्था', 'इ-मार्केटप्लेस' र निर्णय नगर्ने पदाधिकारीलाई 'विभागीय कारबाही' जस्ता प्रावधानहरूले सार्वजनिक खरिदमा सुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ । यी संशोधनहरूको सफलता अब सार्वजनिक खरिद अनुगमन कार्यालयको प्राविधिक तयारी, सार्वजनिक निकायको निष्पक्ष कार्यान्वयन र बोलपत्रदाताहरूको स्वच्छ प्रतिस्पर्धामा निर्भर रहनेछ ।

सन्दर्भ सामग्री

नेपाल राजपत्र, खण्ड ७६, अतिरिक्ताङ्क २२, भाग २, मिति २०८३/०३/२५ ("सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३" ।

नेपाल राजपत्र, खण्ड ७६, अतिरिक्ताङ्क ३६, भाग ३, मिति २०८३/०५/०३ ("सार्वजनिक खरिद (सोह्रौँ संशोधन) नियमावली, २०८३") ।

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (मूल कानुनहरू) ।

सुशासनका सन्दर्भमा नेपाली अभ्यास



सफल पोर्तेल
सहसचिव, लोक सेवा आयोग
बुटवल कार्यालय, बुटवल

हालै नेपालमा भएको राजनीतिक परिवर्तनको परिणामस्वरूप शासकीय प्रणालीहरूमा लोक कल्याणकारी र नवप्रवर्तनकारी सुशासनको सिद्धान्तमा जोड दिनका लागि कदम चालिएको छ । शासकीय चरित्रहरूलाई जनमुखी र उत्तरदायी बनाउने सङ्कल्पका साथ राष्ट्रिय अभियान सुरु भएको छ । छिमेकी देश भारतमा जनहितकारी सुशासन, अमेरिकामा गभर्नमेन्ट एफिसिएन्सी डिपार्टमेन्ट (सरकारी दक्षता विभाग) को स्थापना जस्ता कदमहरू सुशासन प्राप्तिका विश्वस्तरीय कदमहरू हुन् । यी प्रयासहरूले अझ उम्दा र जनमुखी प्रशासनको बढ्दो आवश्यकतालाई दर्साउँछन् । निष्पक्ष न्याय प्रणाली र सुधारक राजा बनेर कुशल राजकाज गर्ने कुलीन नेपाली सभ्यताका आलोकमा सुशासनलाई बुझ्न नेपालका प्राचीन परम्पराहरूलाई पुनः विश्लेषण गर्न आवश्यक भएको छ; जसमा न्याय, निष्पक्षता र जनकल्याणमा आधारित गोर्खा न्यायको अवधारणा निहित थियो ।

सुशासन (Good Governance) शासन सत्ता सञ्चालनका क्रममा नागरिकका पक्षमा निर्णय लिने र सोको कार्यान्वयन गर्ने त्यस्तो तरिका हो जसले देशको आर्थिक र सामाजिक स्रोतहरूको विकासका लागि कसरी उपयोग गरिन्छ भन्ने कुरा तय गर्दछ। शासकीय सन्दर्भमा सुशासनलाई अत्यन्तै व्यापक दृष्टिकोणमा हेर्नुपर्ने हुन्छ, जसको उद्देश्य शासनका सर्वाङ्गीण पक्षहरूमा पारदर्शिता, जनसहभागिता र जवाफदेहिता अभिवृद्धि गर्नु हो । समाजको सबैभन्दा कमजोर वर्गको आवाज सुनिने र वर्तमान तथा भविष्यका आवश्यकताहरूलाई ध्यानमा राखेर लिइने असल निर्णयहरूको सुनिश्चतता गर्नु हो ।

सुशासनको वैदिककालीन र पौराणिक अवधारणा

वैदिककालीन शासन-प्रणाली मुख्यतया लोकतान्त्रिक मूल्य, नैतिक नियम (ऋत) र प्रजा कल्याणमा आधारित थियो । ऋग्वेदअनुसार शासनको मूल आधार ऋत (सत्य र प्राकृतिक नियम) हो । वरुण देवतालाई ऋतको संरक्षक मानिन्छ । राजाले न्याय गर्दा सत्य र धर्मको पालना गर्नुपर्ने, जसले गर्दा शासक आफैँ पनि नियमभन्दा माथि हुन नपाउने उल्लेख छ ।

यजुर्वेदमा राजा निरङ्कुश शासक नभई धर्म, सत्य र नियम (ऋत) का अधीनमा रहेर शासन सञ्चालन गर्नुपर्ने राजाका नैतिक र कानुनी सीमाको व्यवस्था गरिएको छ ।

सामवेदमा धर्म र न्यायमा आधारित शासन गर्नुपर्ने साथै शासक आफैँ सर्वोपरि नभई ऋत (सत्य र ब्रहमाण्डीय नियम) र धर्मका अधीनमा रहनुपर्ने उल्लेख छ । न्याय सम्पादन गर्दा निष्पक्षता र सत्यको मार्ग अपनाउनु नै राजाको धर्म मानिएको छ ।

अथर्ववेदले लोकप्रिय धर्मको प्रतिनिधित्व गर्दछ, जसमा केवल तन्त्र-मन्त्र मात्र नभई दैनिक जीवनका संस्कारहरू (जस्तै उपनयन, विवाह र अन्त्येष्टिका विधिहरू) पनि समावेश छन् । यसमा राजकीय अनुष्ठान र राजपुरोहितका कर्तव्यहरूको पनि उल्लेख गरिएको छ । भूमि सूक्तम् नामक मन्त्र जुन पृथ्वीप्रति समर्पित छ । यस मन्त्रमा पृथ्वीलाई सार्वभौमिक आमाका रूपमा चित्रण गरिएको छ, जसले सबै प्राणीहरूको पालनपोषण गर्दछिन् । यो मन्त्रले प्रकृतिसँग सामञ्जस्य कायम गर्ने आवश्यकतामा जोड दिन्छ ।

पौराणिक समयमा शासनमा सत्य न्याय र लोकप्रिय शासनका कसीमा नै सुशासनलाई हेर्ने गरिन्थ्यो । त्रेतायुगीन राजनगरीहरू अयोध्या, मिथिला र आश्रम पञ्चवटीमा राजधर्म र धर्मशास्त्रका नियमहरूद्वारा शासनको अभ्यास गरिन्थ्यो । द्वापरयुगीन भरतवर्षको क्षेत्रफलमा आदर्श राज्य र शासकमा कर्तव्य एवम् मर्यादा अनिवार्य हुनुपर्ने भन्ने शास्त्रीय प्रमाणहरू भेटिन्छन् ।

मृत्युलोकमा मानवजातिलाई आदर्श जीवनका लागि मार्गदर्शन दिने ग्रन्थ रामायणमा रामराज्यको अवधारणा प्रस्तुत गरिएको छ, जुन आदर्श शासनको प्रतीक हो । रामायणको अयोध्या काण्डमा शासन, प्रशासन र सुशासनसँग सम्बन्धित विभिन्न मुद्दाहरूको व्याख्या गरिएको छ । रामराज्यमा प्रजाको कल्याण नै शासकको कर्तव्य हो भन्ने कुराको वर्णन गरिएको छ ।

मोक्षशास्त्रका रूपमा लिइएको श्रीमद्भगवद गीतामा शासनभित्र सत्य र असत्यबिच जहिल्यै पनि लडाइँ भइरहेकै हुन्छ जसमा शासकले असत्यलाई परास्त गर्न युद्ध जस्तो निर्मम निर्णय लिन पनि पछि पर्नुहुँदैन भन्ने सुशासकीय दार्शनिक दृष्टिकोण रहेको छ । कर्म, ज्ञान र भक्ति मार्ग (जहाँबाट मोक्ष प्राप्त गर्न सकिन्छ) को अर्थ योग विधिबाट आत्मसाक्षात्कारसहितको हृदय, राज्य र समाजप्रतिको निस्वार्थ योगदानका साथै नेतृत्वप्रतिको अटल विश्वास, ताकि असल नागरिकको साथमा दिव्य शासन गर्न सकियोस् भन्ने राजकीय अभ्यासहरू भएका पाइन्छन् ।

पूर्वीय अर्थशास्त्रका ज्ञाता कौटिल्यले राजकाजका दृष्टिले शासकका व्यवहार र कर्तव्य, राजमण्डलका अधिकारीहरूको आचरण, राज्यका प्रमुख प्राधिकारीहरूको काम र कर्तव्यलाई उल्लेख गर्दै राज्यका प्रकृतिहरूलाई आदर्श बनाउने विधिहरू वर्णन गरेका छन् । राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध, छिमेकी राष्ट्रसँगको भूराजनैतिक नीति र कूटनीतिक चातुर्यबारे उनले आफ्नो अर्थशास्त्रमा वर्णन गरेका छन् जसबाट राज्यमा सुशासनको स्थान कत्तिको हुन्छ भन्ने सान्दर्भिक तथ्यबारे विश्लेषण गर्न सकिन्छ ।

मनुस्मृतिको अध्याय ८, श्लोक १२६ (८।१२६) मा राजा वा न्यायाधीशले अपराधको प्रकृति र गम्भीरताअनुसार दण्ड (सजाय) निर्धारण गर्दा ध्यान दिनुपर्ने मुख्य सिद्धान्तको वर्णन गरिएको छ ।

अनुबन्धं प्ररिज्ञाप्य देशकालौ च तत्वतः ।
सारापराधौ चालोक्य दण्डं दण्ड्येषु पातयेत् ॥

अपराधमा प्रवृत्त हुनाको कारण, स्थान तथा समय वास्तविक रूपमा बुझेर अपराधीको सार राम्ररी विचार गरेर दण्डनीय योग्य व्यक्तिमा दण्डविधान गर्नुपर्छ ।

सुशासनको नेपाली अभ्यास

नेपाललाई सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन र द्वापर युगमा मुक्तिसोपान भनेर चिनिन्थ्यो । हिमवत्खण्डका रूपमा रहेको यस पावन भूमिलाई पापमोचन र मोक्षप्राप्तिको अनुपम दैवी भूगोलका रूपमा समेत चिनिन्छ । मानव जीवनको अन्तिम सत्य मुक्ति भएकाले पनि यस भूमिलाई तपोभूमि र शान्तिभूमिका रूपमा लिइन्छ ।

प्रागऐतिहासिक तथा पौराणिक कालको अध्ययन गर्दा नेपाल मण्डल सेरोफेरो कबिलामा आधारित गोपाल र महिषपाल वंशको शासनकालमा कुल धर्म र नैतिक मान्यतामा पञ्च भलादमीको निर्णय र दिव्य परीक्षामा आधारित शासकीय सुशासनको परिकल्पना गरिएको थियो ।

किरातकालीन नेपालको शासन प्रशासनमा कबिला व्यवस्थाबाट संस्थागत राजतन्त्रमा रूपान्तरित भई कुथेर, मापचोक, लिङ्गवल, शोल्ल जस्ता प्रशासनिक संयन्त्रहरूमार्फत असल शासनको परिकल्पना गरिएको थियो । त्यस समयमा विभिन्न धार्मिक तथा सामाजिक चाडपर्वहरूमार्फत विविधताको सम्मान र एकतामा आधारित सामाजिक सत्ताको अभ्यास गरिएको थियो ।

लिच्छवि शासनकालमा जनहितलाई बढी स्थान दिने प्रचलन थियो । सङ्गठित जनजीवन, उन्नत आर्थिक अवस्था, आकर्षक कलाकृतिको निर्माण र लिखित अभिलेखहरूको प्राप्तिका कारण त्यस समयमा उन्नत शासन थियो भन्ने विश्वास गरिन्छ ।

मल्लहरूको शासनकाल कला संस्कृति र वास्तुकलामा अगाडि रहेको थियो । न्याय निसाफको राम्रो व्यवस्था, पेसागत हकहितको संरक्षण, सामाजिक सुधार एवम् काममा आधारित जातप्रथा, काठमाडौँलाई भारत र तिब्बतबीचको व्यापारिक क्षेत्र बनाउने जस्ता सामाजिक र वाणिज्य प्रशासनसम्बन्धी सुधार उक्त समयमा भएको थियो ।

आधुनिक नेपालका राष्ट्रका निर्माता पृथ्वीनारायण शाहका पालमा आन्तरिक नीति, विदेश नीति र आर्थिक नीतिको राम्रो बन्दोबस्त थियो । दिव्योपदेशमा "अन्याय मुलुकमा हुन नदिनू । निआनिसाप विर्गान्र्या भन्याको घुस दिन्या र घुस षान्या हुन् । ईन दुईको ता धन जीव गरी लियाको पनि पाप छैन, ई राजाका महासतुर हुन् ।" उल्लेख भएबाट नै उनको शासनकालमा सुशासनको जग बसिसकेको थियो भन्न सकिन्छ ।

एकीकरणपछि नेपालको शासन व्यवस्थामा न्याय र प्रशासन क्षेत्रमा सुधार गर्ने प्रयासहरू भएका थिए । अपराध गर्नेलाई मृत्युदण्डका साथै अङ्गभङ्ग गर्ने र जेल सजायको व्यवस्था हुन्थ्यो । बहादुर शाहले कानुनी गुरु पुरोहित, धर्माधिकारी, धर्मशास्त्र पढेका पण्डित भारदार, भलादमी र महाजन राखी धर्मशास्त्र र देशकाल एवम् परिस्थिति हेरेर ताम्रपत्रमा लेखाएर राख्नू भन्ने आदेश दिएका थिए । यिनको पालामा राज्य विस्तार नीति,

निष्पक्ष न्याय सम्पादन नीति, मितव्ययी राज्यकोष परिचालन नीति, सामाजिक सुधारका नीति र कूटनीति परिचालनका नीति जस्ता राज्य प्रशासन र कुशल शासनका नीतिहरू अवलम्न गर्दारिएका थिए । यद्यपि त्यस समयमा धार्मिक र न्यायसङ्गत राजाज्ञा मात्र प्रचलनमा थियो ।

सामाजिक व्यवहार सुधार ऐन, २०३२ ले विवाहलगायतका संस्कारमा फजुल खर्च, दाइजो, तडकभडक जस्ता विकृतिहरूलाई नियन्त्रण गर्ने प्रयास गरेको थियो जसबाट सामाजिक समता र राज्य नियमको पालना गर्नुपर्ने चेतनाको विकास हुँदै गएको पाइन्छ ।

नेपालमा आधुनिक सुशासनको सुरुवात भने प्रजातन्त्रको स्थापनापश्चात् सुरु भएको हो । नेपाल अधिराज्यको संविधान, २०४७ बाट नेपालमा संवैधानिक रूपमा सुशासन स्थापनाको सुरुवात भएको मान्न सकिन्छ । उक्त संविधानमा राज्यशक्तिको स्रोत जनता, लोकसम्मति अनुकूल शासन व्यवस्था सञ्चालन, आधारभूत मानव अधिकार, बालिग मताधिकार, संसदीय शासन प्रणाली, बहुदलीय प्रजातन्त्र, स्वतन्त्र एवम् सक्षम न्याय प्रणाली, कानुनी राज्यको अवधारणा जस्ता प्रावधानले शासकीय प्रणलीमा सुशासनको परिकल्पना भएको देखिन्छ ।

लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान, देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक आदि समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिबद्धता, लोकतन्त्र, शान्ति र समृद्धिसहितको शासकीय सुशासनको उद्देश्य नेपालको अन्तरिम संविधान, २०६३ ले लिएको थियो ।

जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकार, सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषताको आत्मसात्, विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावको संरक्षण एवं प्रवर्द्धन, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य, आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध समृद्ध राष्ट्र निर्माण गर्ने सुशासकीय सूचकहरूको परिकल्पना वर्तमान नेपालको संविधानले गरेको छ ।

सुशासनको नेपाली अवधारणाको वर्तमान सान्दर्भिकता

अयं निजः परो वेति गणना लघुचेतसाम् ।
उदारचरितानां तु वसुधैव कुटुम्बकम् ॥

(सम्पूर्ण विश्व एक परिवार हो) उपनिषद्को यस विचारले विश्वबन्धुत्व र परोपकारलाई बढावा दिएको छ ।

सर्वजन हिताय-सर्वजन सुखाय (सबैको हित र सबैको सुख) को अभ्यासस्वरूप प्राचीन किरातकालीन कविला प्रथा र लिच्छविकालीन पाञ्चाली प्रथा आधुनिक समावेशी विकास (Inclusive Development) को अवधारणाअनुरूप नै छ । उदाहरणका लागि समता, लक्षित कार्यक्रमहरू र बृहतर समावेशीकरण योजनाहरू सीमान्तकृत समुदायको जीवनस्तर उकास्न सहायक छन् ।

'प्रजा बलिया भए दरबार बलियो हुन्छ' भन्दै पृथ्वीनारायण शाहले प्रजाको हितलाई शासनको मूलभूत उद्देश्यका रूपमा स्पष्ट गरेका थिए जसले जनताको प्रत्यक्ष सहभागिता र उदार शासकीय प्रणालीलाई महत्त्व दिएको छ ।

केही आन्तरिक अवगुण भए तापनि सैद्धान्तिक रूपमा स्थानीय प्रशासनको अनुगमन, जनगुनासो सुनुवाइ र तत्काल स्थलगत न्याय प्रदानका निमित्त राजा महेन्द्रका पालाको दौडाहा टोलीको अभ्यासलाई पनि सुशासनको अवयवका रूपमा लिन सकिन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाको लोकतान्त्रिक समाजवाद र मदन भण्डारीको जनताको बहुदलीय जनवादको अवधारणा पनि लोककल्याणकारी राज्य, समावेशी विकास र गरिबी निवारणका नीतिहरूका लागि एउटा मार्गदर्शनस्वरूप सुशासनकै अर्को रूप मानिन्छ ।

लोकतन्त्रको स्थापनापश्चात् शासकीय शैलीहरूमा व्यापक हेरफेर गरेर संवैधानिक र नीतिगत व्यवस्थामार्फत प्रशासकीय

प्रणालीहरूको क्षमता निर्माणका लागि सूचनामा खुलापन अभियान सुरु गरिएको छ ।

सुशासन, सामाजिक न्याय र समृद्धि प्रमुख उद्देश्य लिएको सोह्रौं योजनाले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्ने दीर्घकालीन सोच तय गरेको छ ।

शासकीय चरित्रहरूमा व्यापक असन्तुष्टिका बीच सुरु भएको नवयुवाहरूको विद्रोह र सो विद्रोहपश्चात् जनअनुमोदन प्राप्त गरी निर्माण भएको वर्तमान सरकारले डिजिटलाइजेसन र सुशासनलाई प्रमुख लक्ष्य बनाई सार्वजनिक प्रशासनमा व्यापक हेरफेरसमेतको अभियान सुरु गरिसकेको छ ।

वर्तमानमा सुशासनको अवधारणाका आधारभूत विशेषताहरू प्राचीन नेपाली शासकीय अभ्यास, प्रथा, परम्परा राजाका सनद/सवालहरूमा उल्लिखित प्रशासनिक संरचना र दर्शनसँग मेल खान्छन् । कुनै पनि प्रशासनको प्राथमिक उद्देश्य जनताको खुसी र कल्याण हो तसर्थ प्राचीन अभ्यासहरूबाट ज्ञान प्राप्त गर्नु आवश्यक छ ताकि पारदर्शी, नैतिक, सदाचारी र जनउत्तरदायी शासन/प्रशासनको निर्माण गर्न सकियोस् ।

सुशासनको आधुनिक अवधारणा

वास्तवमा सुशासनको अवधारणा मानव सभ्यताको विकाससँगै मानवीय नैतिकतासँग जोडिएर विकसित भएको हो । प्लेटोले आफ्नो प्रसिद्ध कृति 'द रिपब्लिक' मा राज्य सञ्चालनका लागि नियुक्त राजामा विवेकमा आधारित दार्शनिक चेत हुनुपर्ने कुरा उल्लेख गरेका छन् । दर्शनको भावना र नैतिक शक्तिको तेजबलमा मात्र राज्यहरू आफ्ना खराबीहरूबाट मुक्त हुने सुशासनसम्बन्धी दार्शनिक दृष्टिकोण उनले उल्लेख गरेका छन् । त्यस्तै अरस्तुले आफ्नो प्रसिद्ध कृति 'राजनीति' मा असल गुणयुक्त सद्गुणी शासनको परिकल्पना गर्दे सामूहिक भलाइमा आधारित उत्कृष्ट शासनको व्याख्या गरेका छन् ।

सन् १९७० का दशकको अन्त्यतिर विश्वमा धेरै परिवर्तनका लहरहरू देखिन थाले जसले विश्वमा राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक क्षेत्रको परिवर्तनसँगै आमूल परिवर्तन ल्याइदियो । स्वतन्त्रता, सामाजिक न्याय र समन्याय, दिगो विकास, उदारीकरण र विश्वव्यापीकरण, सरकारको कार्यक्षेत्रमा न्यूनीकरण तथा भूमिकामा सबलीकरण, मानव अधिकार र नागरिक स्वतन्त्रताको अभिवृद्धिसँगै सुशासनको आधुनिक विषय पनि सुरुवात भएको हो । पूर्वार्धमा विकास व्यवस्थापनका सन्दर्भमा यसको अवधारणा विकास भए पनि हाल सार्वजनिक क्षेत्र सुधारको महत्त्वपूर्ण रणनीतिका रूपमा सुशासनको अभ्यास थालिको छ ।

सुशासनको अवधारणा कुनै न कुनै रूपमा मानव सभ्यतामा परिकल्पित भए तापनि शाब्दिक रूपमा सन् १९९० को दशकको सुरुदेखि पश्चिमी देश तथा सहायता प्रदान गर्ने संस्थाहरूद्वारा तेस्रो विश्वका देशहरूको शासन व्यवस्थामा सुधार ल्याउने प्रयोजनका लागि सहायता सर्तका रूपमा अघि सारिएको हो । यसरी वैदेशिक सहायताको सर्तका रूपमा अघि सारिएको यो विचार आज आएर विश्वव्यापी एजेन्डाका रूपमा विकसित भएको छ ।

सुशासन शासन र सरकारभन्दा बृहत् अर्थ बोक्ने त्यस्तो सामाजिक व्यवस्था हो जसअन्तर्गत शासनको प्रभावकारिता एवम् नागरिकको क्रियाशीलताको नैतिक अनुबन्ध रहेको हुन्छ । कुनै पनि मुलुकको शासन कत्तिको असल वा खराब छ भन्ने मापनका लागि लामो समयको अध्ययन अनुसन्धानबाट विश्व बैंकले Worldwide Governance Indicators बहसमा ल्यायो र यसले सुशासनको आधुनिक अवधारणाको सूत्रपात गऱ्यो । बृहतर एवम् बहुप्रभावजन्य विषयका रूपमा रहेको सुशासनलाई विश्व बैङ्कले आयामिक रूपमा निम्न ६ स्वरूपमा व्याख्या गरेको छ :

- **आवाज र उत्तरदायित्व:** नागरिक स्वतन्त्रता, सरकार छनोटमा रहने सहभागिता
- **राजनीतिक स्थायित्व:** गैर-संवैधानिक वा हिंसात्मक माध्यम (जस्तैः राजनीतिक हिंसा, आतङ्कवाद) बाट सरकार विस्थापित वा असन्तुलित हुने सम्भावनाको नाप
- **सरकारको प्रभावकारिता:** नीति निर्माण र सार्वजनिक सेवा प्रवाहको गुणस्तर
- **नियमनको गुणस्तर:** बजारमैत्री नीति तथा नियमहरू बनाउने र लागु गर्ने सरकारको क्षमता
- **कानुनको शासन:** समाजमा कानुनप्रति निष्ठा र पालना, सम्पत्ति अधिकारको संरक्षण समावेश
- **भ्रष्टाचारमा नियन्त्रण:** व्यक्तिगत लाभका लागि राज्यशक्तिका स्रोतहरूको दुरुपयोग रोक्ने शासकीय क्षमता

समन्याय र समविकासको सिद्धान्तमा आधारित सुशासनका क्षेत्रगत आधुनिक अवधारणाहरू निम्न छन् :

- **राजनीतिक आयाम:** विकेन्द्रीकरण, अधिकारको निक्षेप, स्थानीय स्वायत्तता, बहुलवाद, स्थिर र इच्छाप्रेरित राजनीतिक व्यवस्था, निष्पक्ष कानुन र कानुनको सर्वोच्चता सार्वजनिक जवाफदेहिता
- **सामाजिक आयाम:** सामाजिक न्याय र भेदभावरहित समाज, सामाजिक समावेशीकरण, अवसरहरूको न्यायोचित वितरण तथा अर्थपूर्ण प्रतिनिधित्व, विशेषाधिकारसहितको नागरिक पहुँच
- **आर्थिक आयाम:** स्वाधीन र दिगो आर्थिक व्यवस्थाको निर्माण, प्रभावकारी नैतिक राजनीतिक तथा प्रशासनिक संयन्त्र, दृढ सङ्कल्पित आर्थिक अनुशासन
- **नैतिक आयाम:** जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व, स्वच्छ एवम् नागरिकमैत्री प्रशासन, अनुचित कार्य तथा भ्रष्टाचार विहीनता
- **व्यवस्थापकीय आयाम:** छरितो र सक्षम सरकार, व्यावसायिक कर्मचारीतन्त्र, जवाफदेही राजनीतिक संयन्त्र

गभर्निङ एन्ड गभर्नेन्स (Governing and Governance) नामक कृतिमा जान कुइमान (Jan Kooiman) ले शासन सञ्चालन (governing), शासन (governance) र शासन-क्षमता (governability) का समकालीन स्वरूपहरूलाई बुझ्नका लागि सामाजिक-राजनीतिक दृष्टिकोणको उपयोगितालाई स्पष्ट पारेका छन् । विभिन्न सामाजिक तथा राजनीतिक पात्रहरूबिचको अन्तर्क्रियाको प्रक्रियाका रूपमा शासनलाई हेर्नु र आधुनिक समाजहरू अधिक जटिल, गतिशील तथा विविधतापूर्ण बन्दै जाँदा ती पात्रहरूबीच बढ्दै गएको अन्तरनिर्भरतालाई उजागर गर्दै विस्तृत वैचारिक ढाँचा प्रस्तुत गरेका छन् । आधुनिक शासनका विविध संरचना र तहहरूलाई स्पष्ट पार्न राज्यका संयन्त्रहरू र राज्यभन्दा बाहिर रहेका संयन्त्रहरू पनि सार्वजनिक सेवा प्रवाहका सन्दर्भमा संयुक्त रूपमा संलन हुने मान्यता सह-शासन, नागरिकहरू आफ्नो सेवा उत्पादनमा आफैँ संलग्न हुने पद्धति सह-निर्माण तथा सह-उत्पादन, बहुपक्षीय साझेदारी र सहकार्यमा आधारित विश्व शासन, सार्वजनिक प्रशासनमा नवीनताको पर्याय नवप्रवर्तन जस्ता शासन, प्रशासन र सुशासनका आधुनिक अभ्यासहरू प्रयोगमा आएको तथ्यलाई उजागर गरेका छन् । उनले सुशासनलाई आधुनिक राज्यको एक प्रमुख आधारस्तम्भका रूपमा दाबी गरेका छन् ।

सुशासनका लागि भएका नेपाली प्रयासहरू

